# कोशी प्रदेशको प्रथम आवधिक योजना

(आर्थिक वर्ष २०७६/७७-२०८०/८१)

## कार्यान्वयनको समीक्षा

# प्रतिवेदन

मुख्यमन्त्री
कोशी प्रदेश , वराटनगर

# मन्तव्य

ऐतिहासिक संविधान सभाबाट नेपालको संविधान निर्माणसँगै नेपाल संघीय मुलुकमा रुपान्तरण भएको छ । संविधानले संघ, प्रदेश र स्थानीय गरी तीनै तहका जिम्मेवारी, अधिकारक्षेत्र, दायित्वहरु निर्धारण गरेको छ । जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षालाई पूरा गर्ने अठोट संविधानले गरेको छ ।

संविधानले निर्दिष्ट गरेका जिम्मेवारी र दायित्वहरु पूरा गर्न तीनै तहका सरकारले योजनाबद्ध विकासको अवधारणलाई आत्मसात् गर्दै अगाडि बढिरहेका छन् ।नेपालमा वि.स. २०१३ साल देखि शुरु भएको योजनाबद्ध विकास अहिले वि.स. २०८० मा आइपुग्दा संघको सोह्रौं आवधिक योजना र कोशी प्रदेशको दोस्रो आवधिक योजनाको संघारमा हामी छौं । योजना बन्दै गर्दा यसको प्रभावकारी कार्यान्वयनमा निकै समस्याहरु देखिएका छन् । योजना र वार्षिक बजेट बीच तालमेल नहुनु, योजना अनुरुप कार्यक्रम नबन्नु, सरकार परिवर्तनसँगै योजना अलपत्र पर्नु, पुराना योजनाहरु पूरा गर्नु भन्दा नयाँ योजनाहरु थप्नतिर ध्यान जानु जस्ता कमजोरीहरु देखिएका छन् ।

प्रथम आवधिक योजनाले **"समृद्ध नेपाल-सुखी नेपाली"** को राष्ट्रिय दृष्टिकोण आत्मसात गरी, दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) हासिल गर्न, प्रदेश सरकारको **"स्वच्छ, सुखी र समुन्नत प्रदेश"** को दीर्घकालीन सोचलाई कार्यान्वयन गर्न महत्वपूर्ण आधार तयार पारेको थियो। **सामाजिक न्यायसहितको समृद्ध प्रदेश निर्माण** गर्ने लक्ष्यलाई साकार बनाउन आवश्यक रणनीति, उद्देश्य र कार्ययोजना समेत तयार गरिएको थियो ।

प्रदेश सरकारको प्रथम आवधिक योजनाले कृषि, उद्योग, पूर्वाधार विकास, मानवीय विकास र सुशासनलाई उच्च प्राथमिकतामा राखेको छ ।यसको माध्यमबाट रोजगारी सिर्जना, गरिबी निवारण, समावेशी आर्थिक विकासमा सघाउ पुग्ने अपेक्षा गरिएको छ । विश्वमा नविन आयामका रुपमा देखा परेको जलवायु परिवर्तनको नकारात्मक प्रभाव न्यूनीकरण गर्न, स्रोतको दिगो उपयोग तथा वातावरण संरक्षणलाई समेत यस योजनामा महत्व दिइएको छ ।

प्रथम आवधिक योजनाको ४ वर्षे उपलब्धिको समीक्षा गर्दा यसै बीचमा विश्वव्यापी रुपमा देखापरेको Covid-19 को महामारी, रुस-युक्रेन युद्धको प्रभावका बावजुद पनि ४० प्रतिशत हाराहारीमा योजनाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्य हासिल गर्न सकेको देखिन्छ । योजना बनाउनु मात्र ठूलो कुरा होइन, त्यसको प्रभावकारी कार्यान्वयन अहिलेको मूल चुनौती हो । सीमित स्रोत साधनको अधिकतम उपयोग गर्दै तथा जनताका विकासका असीमित आंकाक्षाहरुलाई पूरा गर्दै अगाडि बढ्नु अहिलेको आवश्यकता हो।योजना कार्यान्वयन हुने निश्चितता, योजना र वार्षिक वजेट बीचको तादत्म्यता, खेर गइरहेका साधन स्रोतको उचित व्यवस्थापन, भष्टाचार नियन्त्रण र सुशासनको प्रत्याभूति अहिलेको महत्वपूर्ण सवालहरु हुन् ।यस समीक्षाबाट प्राप्त पृष्ठपोषणले हाल तर्जुमा हुँदै गरेको दोस्रो आवधिक योजना यथार्थपरक, कार्यान्वयनयोग्य, जनमुखी र परिणाममुखी बनाउन मद्दत पुग्नेछ भन्ने विश्वास लिएको छ ।

केदार कार्की
मुख्यमन्त्री
एवम्
अध्यक्ष, प्रदेश योजना आयोग

## उपाध्यक्ष

प्रदेश योजना आयोग, कोशी प्रदेश

# मन्तव्य

नेपालको योजनावद्ध आर्थिक विकासको सात दशक लामो यात्रामा प्रदेश योजना आयोग, कोशी प्रदेशले पनि आफ्नो प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) निर्माण गरेको छ र यसै आर्थिक बर्षमा यसको अवधि समाप्त हुने भएकोले दोस्रो आवधिक योजना निर्माणको चरणमा प्रवेश गरेको छ। यसै क्रममा प्रथम आवधिक योजना कार्यान्वयनको समीक्षालाई कोशी प्रदेश सरकारले मन्त्री परिषद्को बैठकवाट पारित गरेको छ। प्रथम आवधिक योजनाको वस्तुनिष्ठ समीक्षा र मुल्याङ्कन गरेर सार्वभौम नेपाली जनताको लागि सर्वसुलभ होस भनी कोशी प्रदेश योजना आयोगको वेभसाईटमा राखिएको छ। हाम्रा विकासका प्रयासहरुमा आम नेपाली जनताको चिन्तन र चासो बढाउनुपर्ने आजको चुनौती भएकोले समीक्षा कार्यान्यनमा सुझावको अपेक्षा गरिएको हो। प्रथम आवधिक योजना समीक्षा गर्दा यसका उपलव्धीहरुको मात्र व्याख्यान गरिएको छैन, हाम्रा कमी कमजोरीहरु बारे पनि यथेष्ट मुल्याङ्कन गर्ने आवश्यकता बोध भएको छ ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने प्रतिवद्धता व्यक्त गरेको छ। वर्तमान संविधानद्वारा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारी संरचनाको निर्माण गरिएको छ, यसमा प्रदेश सरकार नेपाली समाजको लागि नयाँ ढाँचा हो। समुन्नत कोशी प्रदेशको मार्गचित्रलाई समीक्षा र मुल्याङ्कन गरेर दोस्रो आवधिक योजनामा नवीनता सहितको निरन्तरता दिने हाम्रो ध्येय रहेको छ ।

नेपालको आधुनिक अर्थतन्त्रको अवधारणागत र संरचनात्मक आधारशिला निर्माण गरी लोकतान्त्रिक पद्धतिबाट समाजवादी अर्थव्यवस्थाको स्थापना गर्दै समान अवसर र समान स्वतन्त्रता भएको नेपाल निर्माणको लक्ष्य अनुरूप कोशी प्रदेशको प्रथम आवधिक योजना निर्माण भएको थियो। आर्थिक सामर्थ्य बढाएर सामाजिक न्यायउन्मुख लोक कल्याणकारी प्रदेशको जग बसाल्ने सोचतर्फ प्रदेशको प्रथम आवधिक योजनाले कदम बढाएको थियो । निजी क्षेत्र, गैरसरकारी संस्था, सहकारी, स्थानीय निकाय र सामुदायिक क्षेत्रलाई परिचालन गरी प्रदेशको आर्थिक वृद्धिमा टेवा पुग्ने विश्वास लिएको थियो ।

" स्वच्छ, सुखी र समुन्नत प्रदेश" को दीर्घकालीन सोचलाई अगाडि बढाउन प्रत्येक स्तम्भका ४-४ वटा क्षेत्रगत आधारहरु र ६६ वटा गन्तव्य सूचक निर्धारण गरिएको थियो । यी सबै सूचकहरुमा कोशी प्रदेशले योजना अवधिमा के-कस्तो सफलता प्राप्त गर्यो त्यसको समिचिन व्याख्या कार्यान्वयनको समीक्षामा विस्तृत रूपमा गरिएको छ । कोशी प्रदेशको प्रथम आवधिक योजनाको समीक्षा र मुल्याङ्कन गर्दा यीनै सूचकहरुको परिमाणात्मक उपलब्धि र प्राप्त गर्न नसकेका क्षेत्रलाई के-कस्ता कारणले उपलब्धि प्राप्त गर्न सकिएन भन्ने समीक्षा गर्न खोजिएको छ ।

प्रदेशको गार्हस्थ उत्पादनमा मूख्य भूमिका खेल्ने संरचनात्मक रुपान्तरणमा आवधिक योजना अवधिमा खासै उल्लेख्य सुधार हुन सकेन । तर पनि कूल गार्हस्थ उत्पादनको लक्ष्य योजना अवधिको चौथो वर्षमा नै प्राप्त गरेर कोशी प्रदेशको अर्थतन्त्रको आकार ८ खरब माथि पुगेको छ। योजना कार्यान्वयनको यो महत्वपूर्ण उपलब्धि हो।

कोशी प्रदेशको राजनीतिक अस्थिर अवस्था, विश्वव्यापी रूपमा आएको कोरोना महामारी र पछिल्लो अवस्थामा देखिएको खाद्यन्न आपूर्तिमा आएको गडबडीले नेपालको विकासमा गम्भीर असर गर्यो। कोशी प्रदेश पनि त्यसवाट अछुतो रहन सकेन। प्रदेशको विकास प्रशासनमा अस्थिरता पनि त्यतिकै रह्यो। त्यसको मार गरिबीको रेखामुनी रहेको जनसंख्यालाई

घटाउन सम्भव भएन । लगानीको वातावरण बन्न नसकेर रोजगारी सिर्जना हुन सकेन । योजना अवधिभरमा १४ खर्ब ४२ अर्ब बढी लगानी गर्ने लक्ष्य लिएकोमा गैरसार्वजनिक क्षेत्रवाट थोरै अंश पनि प्रतिवद्धता अनुरुप श्रोत परिचालन भएको पाईएन। कोशी प्रदेशलाई लगानीकर्ताहरुको आकर्षक थलो बनाउनुपर्ने चुनौती छ ।

प्रदेशको सामाजिक र भौतिक पूर्वाधार राष्ट्रिय सूचकहरु भन्दा पछाडि छैन, तर पनि महिला र पुरुष बीचको साक्षरतामा देखिएको अन्तर घटाउन विशेष ध्यान दिनुपर्ने देखिन्छ। खानेपानी तथा सरसफाईतर्फ धेरै सुधार भए तापनि अझै पनि यस्ता आधारभूत कुरावाट केही जनता बञ्चित छन, त्यस्तै विजुलीको आपूर्ति शतप्रतिशत नागरिकमा पुग्न सकेको छैन । कोशी प्रदेशको प्रथम आवधिक योजना जुन परिवेश, पृष्ठभूमि र व्यूहरचनावाट निर्माण भयो त्यो अवस्था सामान्य थिएन । अनेकन प्रतिकूल अवस्था खेपेर निर्माण गरिएको प्रथम आवधिक योजना निर्माण गर्दा कैयन महत्वकांक्षी सोचहरु अगाडि आउनु स्वभाविक हो । प्रदेशको सोच अनुरुप सम्पूर्ण कुरा कार्यान्वयन गर्ने अवस्थामा थिएन , अझ कैयन कानून र ऐनहरुको अभावमा विकासले गति लिन सकेन । पूँजीगत खर्चको क्षेत्रमा देखिएको प्रमुख समस्यालाई केही हदसम्म कोशी प्रदेशले सम्बोधन गर्ने प्रयत्न गरेको छ। विपद् व्यवस्थापनतर्फ पनि केही कामहरु अगाडि बढेका छन् । प्रथम आवधिक योजनाले समुन्नतिका सैद्धान्तिक र क्षेत्रगत आधारहरु निर्माण गर्न ठोस सोच अगाडि बढाएको छ । समावेशी आर्थिक सामर्थ्य बढाएर समन्यायिक समाज र सांस्कृतिक सहअस्तित्वको सोचवाट दोस्रो आवधिक योजना अगाडि बढाउने तयारी छ । जलवायु परिवर्तनलाई सम्बोधन गर्दै वातावरण र विपद् व्यवस्थापन विकासको केन्द्रमा राख्नुपर्ने चुनौती छ । आयातको प्रतिस्थापन गर्न अनुत्पादनक क्षेत्रमा जाने कर्जालाई उत्पादनतर्फ आकर्षित गर्न औद्योगिक पूर्वाधार, नेपाली उत्पादन प्रवर्धन, स्वच्छ उर्जाको क्षेत्रीय खपत गर्ने पूर्वाधारहरु तयार भएका छन्। लगानीकर्ताको विश्वास जित्न कठिन भैरहेको अवस्थामा कोशी प्रदेश लगानी सम्मेलनले लगानी वातावरण निर्माणमा ठोस पहल गर्नेछ भन्ने विश्वास गर्न सकिन्छ । यातायत, उर्जा, सिंचाई र सञ्चार क्षेत्र विकासका पूर्वाधार ठानी यिनको स्तरोन्नति गर्दै प्रदेशको मुहार फेर्न सम्भव छ।

कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयनको समीक्षा र मुल्याङ्कन गर्ने कार्यमा प्रत्यक्ष सहयोग गर्नुहुने राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा.जगदिशचन्द्र पोखेल, प्रदेश योजना आयोग, कोशी प्रदेशका पूर्व उपाध्यक्ष श्री सुबोधराज प्याकुरेल, कोशी प्रदेश स्थिति मन्त्रालय/निकायका पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारी साथै प्रदेश योजना आयोगका सम्पूर्ण कर्मचारी हरुप्रति हार्दिक आभार प्रकट गर्दछु । आर्थिक तथा प्राविधिक रुपमा सहयोग गर्ने संस्था नेपाल शहरी तथा क्षेत्रीय अध्ययन प्रतिष्ठान **(NIURS)** प्रति बिशेष धन्यवाद ज्ञापन गर्दछु ।

**पुरञ्जन आचार्य**
**उपाध्यक्ष**

# कार्यकारी सारांश

- संविधान प्रदत्त जिम्मेवारी पूरा गर्न, प्रदेशले व्यक्त गरेको प्रतिवद्धता एवम् नागरिक आकाङ्क्षा पूरा गर्न, विकासको राष्ट्रिय लक्ष्य तथा पन्ध्रौं योजना कार्यान्वयनमा सहयोग गर्न, दिगो विकास लक्ष्य हासिल गर्न र प्रदेशलाई समृद्धिको मार्गमा हिँडाउनका लागि कोशी प्रदेश सरकारले प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) कार्यान्वयनमा ल्याएको छ ।
- प्रथम आवधिक योजनामा प्रदेशले राष्ट्रले तय गरेको दीर्घकालीन सोचसँग तादात्म्यताकायम हुने गरी **"स्वच्छ, सुखी र समुन्नत प्रदेश"** को दीर्घकालीन सोच लिएको छ । दीर्घकालीन सोचलाई स्वच्छ, सुखी र समुन्नत गरी तीन मूल स्तम्भमा वर्गीकरण गरेको छ भने प्रत्येक स्तम्भका ४/४ वटा क्षेत्रगत आधार तय गरी स्वच्छताका १०, सुखको २५ र समुन्नतको ३१ सूचक गरी जम्मा ६६ वटा गन्तव्य सूचक निर्धारण गरेको छ ।
- प्रथम आवधिक योजनाले **"सामाजिक न्याय सहितको समृद्ध प्रदेश निर्माण हुने"** समष्टिगत लक्ष्य लिएको छ । दीर्घकालीन सोच र योजनाको लक्ष्य हासिल गर्नका लागि उत्पादनमूखी क्षेत्रमा लगानी वृद्धि गरी रोजगारी बढाउने, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा सुधार गरी मानव संसाधन विकास तथा समतामूलक समाज निर्माण गर्ने, गुणस्तरीय एवम् दिगो भौतिक पूर्वाधारको विकास गर्ने, वन, वातावरण र जैविक विविधताको संरक्षण गर्ने, सुशासन अभिवृद्धि गर्ने जस्ता पाँच उद्देश्यहरू योजनाले कार्यान्वयनमा ल्याएको छ ।
- आवधिक योजनाले आर्थिक, सामाजिक, भौतिक र शासकीय सुधार जस्ता चार क्षेत्रमा २३ वटा परिमाणात्मक लक्ष्य निर्धारण गरी योजनाको प्रभावकारिता मापनलाई सहज बनाईदिएको छ । आर्थिक क्षेत्रतर्फ ६ लक्ष्य, सामाजिक क्षेत्रका १० लक्ष्य, भौतिक क्षेत्रका ४ लक्ष्य र शासकीय सूधारतर्फका ३ लक्ष्य पहिचान गरेको छ । योजनाको प्रभावकारिता मापनका लागि निर्धारण गरिएका परिमाणात्मक लक्ष्यहरूको बनौट सन्तुलित पाईएन भने उपलब्धिहरू मापन गर्न सकिने गरी वार्षिक समीक्षा तथा विश्लेषण गरेको देखिएन ।
- योजनाले राखेका कुल २३ वटा परिमाणात्मक लक्ष्य मध्ये आर्थिकतर्फका ६ वटा लक्ष्य मध्ये १ वटा प्राप्त भई  सकेको, १ वटा प्राप्त हुने अवस्थामा रहेको, ३ वटा प्राप्त हुन कठिन र १ वटाको तथ्याङ्क उपलब्ध नभएको अवस्था छ । सामाजिकतर्फका १० वटा लक्ष्य मध्ये १ वटा प्राप्त भएको ५ वटा प्राप्त हुने अवस्थाका, ३ वटा प्राप्त गर्न कठिन र १ वटाको तथ्याङ्क उपलब्ध हुन सकेन । भौतिकतर्फका ४ वटा लक्ष्य मध्ये १ वटा प्राप्त गर्न सकिने अवस्थाको,

१ वटा प्राप्त गर्न कठिन र २ वटाको विवरण प्राप्त भएन । त्यस्तै शासकीय सुधारतर्फका ३ वटा लक्ष्यहरू मध्ये २ वटा हासिल गर्न कठिन र १ वटाको विवरण उपलब्ध हुन सकेन । यसरी आवधिक योजनाले राखेका २३ वटा परिमाणात्मक लक्ष्यमा तथ्याङ्क उपलब्ध भएका मध्ये लक्ष्य हासिल भई सकेका र प्राप्त हुने सम्भावना रहेका ५० प्रतिशत देखिन्छ ।

- योजनाले राखेका ६६ वटा गन्तव्य सूचकहरू मध्ये स्वच्छका गन्तव्य सूचक १० वटा मध्ये २ वटा प्राप्त भएको, २ वटा प्राप्त हुने र २ वटा प्राप्त गर्न कठिन देखिन्छ भने ४ वटाको विवरण उपलब्ध हुन सकेन । त्यस्तै सुखका २५ वटा गन्तव्य सूचक मध्ये ५ वटा प्राप्त भएका, ६ वटा प्राप्त गर्न सकिने र ९ वटा प्राप्त गर्न नसकिने छन् भने ५ वटाको विवरण उपलब्ध भएन । त्यस्तै समुन्नतका ३१ वटा सूचक मध्ये ३ वटा प्राप्त भएका, ४ वटा प्राप्त हुन सक्ने र २२ वटा प्राप्त हुन नसक्ने छन् भने २ वटाको तथ्याङ्क उपलब्ध हुन सकेन । यसरी योजनाले राखेका स्वच्छ, सुख र समुन्नतका ६६ वटा गन्तव्य सूचक मध्ये विवरण उपलब्ध भएका ५५ गन्तव्य सूचकमा लक्ष्य हासिल भएका र हासिल हुने सम्भावना भएका जम्मा २२ अर्थात ४० प्रतिशत र लक्ष्य हासिल नहुने जम्मा ३३ अर्थात ६० प्रतिशत देखिन्छ ।
- दिगो विकास लक्ष्यसँग आवद्ध विभिन्न २९ वटा सूचकहरूको अवस्था विश्लेषण गर्दा ६ वटा प्राप्त भई सकेका, ८ वटा प्राप्त गर्न सकिने र १५ वटा प्राप्त गर्न नसकिने प्रकृतिको देखिन्छ । अर्थात प्राप्त भएका वा हुन सक्ने ४८ प्रतिशत र प्राप्त गर्न कठिन ५२ प्रतिशत छन् ।
- योजनाले निर्धारण गरेका उद्देश्यहरू हासिल गर्नका लागि ७ रणनीति तय गरेको छ । यसले कृषि र गैरकृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, समावेशी र न्यायपूर्ण समाज निर्माण गर्ने, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवामा नागरिकको पहुँच अभिवृद्धि गर्ने, रणनीतिक महत्वका पूर्वाधारको विकास गर्ने, जैविक विविधताको विकास एवम् संरक्षण गर्ने, विपद व्यवस्थापन गर्ने र सुशासन प्रवर्द्धन गर्ने रणनीति लिएको छ ।
- समष्टिगत आर्थिक क्षेत्रतर्फ योजनाको अन्त्यसम्ममा प्रदेशको गार्हस्थ उत्पादनको आकार ८ खर्ब ३ अर्ब ५६ करोड पुऱ्याउने लक्ष्य लिएकोमा योजना कार्यान्वयनको चौँथो वर्ष आर्थिक वर्ष २०७९।८० मा आई पुग्दा प्रदेशको अर्थतन्त्रको आकार पाँच वर्षको लक्ष्यलाई उछिन्दै ८ खर्ब ४९ अर्ब ६५ करोड पुगेको छ । कोभिड महामारीले सिर्जना गरेको विषम परिस्थितिमा पनि प्रदेशको गार्हस्थ उत्पादनमा प्राप्त भएको यो उपलब्धिलाई योजना कार्यान्वयनको महत्वपूर्ण सफलताका रूपमा लिन सकिन्छ ।

- प्रथम आवधिक योजनाले औषत आर्थिक वृद्धिदर ९.७ प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोमा विगत चार वर्षमा प्राप्त भएको उपलब्धि समेत विश्लेषण गर्दा यो लक्ष्य हासिल हुने सम्भावना देखिदैन ।
- गार्हस्थ उत्पादनको संरचनात्मक रूपान्तरणमा आवधिक योजनाले अपेक्षित नतिजा हासिल गर्न सक्ने देखिएन । प्रदेशको अर्थतन्त्रमा उद्योगको योगदान बढाउने, कृषिको योगदान घटाउने तथा सेवा क्षेत्रको योगदानलाई सन्तुलनमा राख्ने लक्ष्य हासिल हुने अवस्था छैन । प्रदेशको गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाई २३.६१ प्रतिशत बनाउने लक्ष्य लिएकोमा यो योगदान आधार वर्षकोभन्दा पनि खुम्चनुले उद्योगको विस्तारमा प्रदेशले विशेष प्रयास गर्नुपर्ने देखिन्छ ।
- कोशी प्रदेशको गार्हस्थ उत्पादनमा देखिएको उत्साहजनक वृद्धिले राष्ट्रिय अर्थतन्त्रमा कोशी प्रदेशको योगदान १५.७९ प्रतिशत पुगेको छ । यो बागमती प्रदेशपछिको ठूलो योगदान हो । त्यस्तै राष्ट्रिय कृषि उत्पादनमा कोशी प्रदेशको योगदान २२ प्रतिशत छ । यो अन्य सबै प्रदेशको भन्दा बढि हो । यसैगरी उत्पादनमूलक उद्योगको क्षेत्रमा कोशी प्रदेशको योगदान २१.९ प्रतिशत छ । यो बागमती प्रदेशपछिको दोस्रो ठूलो हिस्सा हो ।
- योजना आवधिभरमा जम्मा १४ खर्ब ४२ अर्ब ८ करोड लगानी गर्ने लक्ष्य लिएकोमा समग्र लगानीमा ६१.३ प्रतिशत स्रोत सार्वजनिक क्षेत्रभन्दा बाहिरबाट प्राप्त हुने अनुमान गरिएको छ । सार्वजनिक क्षेत्रको प्रतिवद्धता पूरा हुने गरी स्रोत परिचालन भएको पाईएन भने गैरसार्वजनिक क्षेत्रबाट योजनाले अपेक्षा गरेबमोजिम लगानी परिचालन भए नभएको सम्बन्धमा आधिकारिक अध्ययन पाउन सकिएन । योजनाको दस्तावेजमा निजी क्षेत्रबाट ठूलो लगानीको अपेक्षा गरिएको छ सोबमोजिम स्रोत आकर्षित गर्ने गरी कुनै आकर्षक कार्यक्रम तथा नीतिगत व्यवस्था पनि नभएको र निजी क्षेत्रमा लगानीमा खासै उत्साह नदेखिएको वर्तमान यथार्थतालाई विश्लेषण गर्दा योजनाले अपेक्षा गरेबमोजिमको स्रोत परिचालन हुन सकेको आधार फेला पार्न सकिएन ।
- योजनाले गरिबीको रेखामुनी रहेको जनसङ्ख्या १२.४ प्रतिशतबाट ११ प्रतिशतमा झार्ने लक्ष्य लिएकोमा त्यसमा सुधार भएको पाईएन । कोभिडपश्चात गरिबीको मापन नगरिएको भए तापनि उपलब्ध तथ्याङ्कले गरिबी यथावत् रहेको देखाएको छ । बहुआयामिक गरिबी भने १९.७ प्रतिशतबाट घटेर १४.२ प्रतिशतमा झरेको छ, जबकी योजनाको लक्ष्य १४ प्रतिशतमा झार्ने थियो । त्यस्तै मानव विकास सूचकाङ्क ०.६० को स्तरमा पुऱ्याउने भनिएकोमा ०.५८

मा पुगेको छ । कोभिड महामारीको समयमा समेत निरपेक्ष गरिबी नबढनु, बहुआयमिक गरिबीले करिब लक्ष्य भेट्टाउने अवस्था देखिनु तथा मानव विकास सुचकाङ्क पनि लक्ष्यको नजिक पुग्नुलाई योजनाको सफलताको रूपमा लिन सकिन्छ ।

- योजना कार्यान्वयनको चार वर्षमा रोजगारी सिर्जनाको क्षेत्रमा पर्याप्त सुधार हुन सकेको देखिएन । रोजगारी सिर्जना र गरिबी निवारण गर्ने क्षेत्रमा प्राथमिकताका साथ लगानी गर्ने भन्ने रणनीति लिएको भए तापनि रोजगारीमा योजनाको उत्साहजनक प्रभाव पर्न सकेन । योजनाले बेरोजगारी ५.४ प्रतिशतमा झार्ने र श्रम सहभागिता दर ६० प्रतिशत पुऱ्याउने लक्ष्य लिए तापनि उक्त लक्ष्य हासिल गर्ने अवस्था देखिएन ।
- विनियोजित पुँजीगत खर्च बजेटको ठूलो अंश खर्च हुन सकेको छैन । योजना कार्यान्वयनले पहिलो तीन आर्थिक वर्षमा खर्च भएको बजेटमा पुँजीगत खर्चको अंश क्रमशः घट्दै गएको छ । प्रदेशको चालु खर्चमा कमी आउन सकेको छैन । प्रदेशको आन्तरिक राजस्वमा निरन्तर वृद्धि हुदै गए तापनि यसको सानो आकारले गर्दा आवधिक योजनाले परिकल्पना गरे जस्तो प्रदेशको चालु खर्च आन्तरिक राजस्वले धान्न सक्ने अवस्था देखिएन ।
- प्रदेशको गार्हस्थ उत्पादनको ३३.२ प्रतिशत योगदान कृषिको छ । कृषिको राष्ट्रिय उत्पादनमा कोशी प्रदेशको योगदान अन्य प्रदेशको तुलनामा उच्च छ । कृषिको वार्षिक वृद्धिदर आवधिक योजनाले राखेको लक्ष्यभन्दा कम छ । खाद्य सुरक्षा र पोषणको स्थितिमा क्रमशः सुधार हुदै गएको छ । खाद्यान्नमा आत्मनिर्भर प्रदेश भएता पनि खाद्य जोखिममा रहेका नागरिकको सङ्ख्या उच्च हुनुले वितरण प्रणालीमा प्रश्न सिर्जना गरेको छ ।
- योजनाले पर्यटन क्षेत्रको योगदान कुलगार्हस्थ उत्पादनमा ५ प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोमा यस्तो योगदान १.९ प्रतिशत मात्र पुग्नुले घोषित लक्ष्य हासिल हुने देखिदैन ।
- प्रदेशको साक्षरता दर ७९.७ प्रतिशत छ । जसमा पुरुष साक्षरता ८६.१८ र महिला साक्षरता ७३.६ प्रतिशत छ । साक्षरता दरमा राम्रो सुधार भए तापनि शिक्षामा लैङ्गिक असन्तुलन तथा जिल्लागत असन्तुलन उच्च छ ।
- प्रदेशमा ९० प्रतिशतले आधारभूत खानेपानी सुविधा प्राप्त गरेका छन् जब कि योजनाले ९९ प्रतिशत जनसङ्ख्यामा यस्तो सुविधा पुऱ्याउने लक्ष्य राखेको छ। योजनाको लक्ष्य यसै अवधिमा हासिल हुने अवस्था छैन र भविष्यमा पनि यो लक्ष्य हासिल गर्नका लागि उल्लेख्य स्रोत साधनको प्रबन्ध गर्नुपर्ने देखिन्छ । साथै सुरक्षित खानेपानी सुविधा विस्तारमा विशेष पहल आवश्यक छ ।

- सरसफाई सुविधा ९० प्रतिशत घर परिवारमा पुगेको छ। यसले योजनाको लक्ष्यलाई पूरा गर्न सफल भएको भएता पनि सरसफाईजन्य आनिबानी सुधारमा विशेष पहल गरिनु आवश्यक छ।
- नेपालको जलस्रोतको २८ प्रतिशत क्षेत्र कोशी प्रदेशले ओगट्दछ। योजनाको अन्त्यसम्म २५०० मेगावाट उत्पादन गर्ने भनिएकोमा जम्मा ५१४.२ मेगावाट उत्पादन भएको छ। प्राप्त उपलब्धि हेर्दा योजनाको लक्ष्य हासिल हुने देखिदैन।
- कोशी प्रदेशले देशको कुल सडकको २०.४३ प्रतिशत ओगटेको छ। प्रदेशको सडक घनत्व प्रति वर्ग कि.मि. ०.५२ छ जब की राष्ट्रिय सडक घनत्व जम्मा ०.४५ प्रति व.कि.मि. छ।
- आवधिक योजनाका लक्ष्यहरू निर्धारण गर्दा त्यसलाई हासिल गर्नका लागि आवश्यकपर्ने स्रोत, साधन तथा संस्थागत क्षमता र त्यस्ता लक्ष्य हासिल गर्नका लागि आवश्यक कार्यक्रम प्रस्ताव गर्नु आवश्यक छ।
- गरिबी निवारण, रोजगारी सिर्जना तथा आयआर्जनमा मद्धत गर्ने क्षेत्रमा प्राथमिकताका साथ लगानी गर्ने भन्ने ध्येय राखिए तापनि सोबमोजिमको प्रबन्ध योजनामा नहुँदा गरिबी निवारण र रोजगारी सिर्जनामा आशातित सफलता हासिल हुन नसकेकाले आगामी दिनमा त्यसतर्फ विशेष ध्यान दिनुपर्ने हुन्छ।
- आवधिक योजनाले तय गरेका लक्ष्य हासिल गर्न, प्रदेशको समग्र अर्थतन्त्रको नेतृत्व गर्न, वित्तीय स्थायित्व कायम गर्न तथा विकासको राष्ट्रिय लक्ष्यमा योगदान गर्नका लागि सार्वजनिक वित्तको व्यवस्थापनमा प्रदेश सरकारले विशेष ध्यान दिनु पर्दछ।
- आन्तरिक स्रोत परिचालन क्षमता अभिवृद्धि गर्ने र आगामी दस वर्षमा कम्तीमा प्रदेशको चालु खर्च प्रदेश आफैले व्यवस्थापन गर्न सक्ने गरी आर्थिक गतिविधि बढाउँदै लगि फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने गरी काम गर्नु आवश्यक छ।
- चालु खर्च कम गर्दै प्रदेशको पुँजीगत खर्च क्षमता बढाउनुपर्ने छ। प्रदेशमा एकातिर सम्पन्न भएका योजनालाई भुक्तानी गर्न नसकिएको र अर्कोतर्फ पुँजीगत बजेट खर्च हुन नसकेको अवस्था विद्यमान रहेकाले प्रदेशले विनियोजित कुशलता बढाउनुपर्ने देखिन्छ।
- आवधिक योजनाले निजी क्षेत्र, सहकारी र समुदायको स्रोत समेत परिचालन गरी योजनाका लक्ष्य हासिल गर्ने प्रस्ताव गरेको तर निजी, सहकारी र समुदायको स्रोत परिचालन गर्ने प्रष्ट

दृष्टिकोण नहुँदा स्रोत परिचालनमा समस्या देखिएको छ। त्यसैले निजी, सहकारी र समुदायको स्रोत परिचालनको लागि ठोस कार्यक्रम प्रस्ताव गर्नु आवश्यक छ।

- स्थानीय तह प्रदेशको एक मुख्य विकास साझेदार हो तर स्थानीय तहसँगको सहकार्यको प्रष्ट मार्गचित्र नहुँदा स्थानीय तहको विकास क्षमतालाई सहि ढङ्गबाट परिचालन गर्न सकिएको छैन। यसतर्फ आगामी योजनाले विशेष ध्यान दिनु पर्दछ।
- समाजवाद्‌उन्मुख अर्थतन्त्र निर्माण गर्नका लागि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने र त्यस्तो उत्पादनको समुचित एवं न्यायिक वितरणमा ध्यान दिनु आवश्यक हुन्छ। तर योजनाले उत्पादन र उत्पादकत्व वृद्धिको उद्देश्य राखे तापनि उत्पादन तथा उत्पादकत्व वृद्धिका योजना प्रस्ताव गर्न सकेको छैन भने प्राप्त उपलब्धिको समुचित तथा न्यायिक वितरणको प्रबन्ध पनि मिलाएको देखिएन। यसतर्फ आगामी योजनाले विशेष ध्यान दिनुपर्ने देखिन्छ।
- बढ्दो सहरीकरण, केही क्षेत्रमा बढ्दै गएको बसाईसराई, जग्गाको अस्वभाविक कित्ताकाट र प्लटिङ्ग आदि जस्ता कारणबाट जमिनको खण्डिकरण तिब्र रूपमा बढेको छ। त्यसैले भूमिको वैज्ञानिक व्यवस्थापनका लागि उचित नीति बनाई कार्यान्वयन गर्नु आवश्यक छ।
- गैरसरकारी संस्थाको सङ्ख्या र प्रभाव कमशः विस्तार हुदै गएको छ। प्रदेशको प्राथमिकताको क्षेत्रमा लगानी गर्ने र गैरसरकारी संस्थाका कार्यक्रमहरू प्रदेशको योजनामा आन्तरिकीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ। गैरसरकारी संस्थाको व्यवस्थापनका लागि उचित नीतिगत व्यवस्था गरिनु पर्दछ।
- प्रदेशमा महिला सहभागिता र सशक्तिकरणमा उल्लेख्य सुधार हुदै गएको छ। स्थानीय तह, प्रदेश सभा, निजामती सेवा लगायतका क्षेत्रमा महिलाको सहभागिता बढ्दो छ। सामाजिक विकासका क्षेत्रमा महिला नेतृत्व र संलग्नतामा ऋमशः वृद्धि हुदै गएको छ। यस्ता उपलब्धिलाई संस्थागत गर्ने र प्रदेशमा देखिएको महिला हिंसा, महिला माथिका विभिन्न प्रकारका विभेदहरूको अन्त्य गरी महिलालाई विकासको मूल प्रवाहमा ल्याउनका लागि ठोस कदम चाल्नु आवश्यक छ।
- सामाजिक सुरक्षा राज्यको दायित्वको विषय हो, यसको दायरा दिन प्रतिदिन फराकिलो हुँदै गएको छ। सामाजिक सुरक्षाका कार्यक्रमलाई एकीकृत गर्ने र लक्षित वर्गको हातमा सहजै सहयोग पुग्ने नीतिगत तथा संस्थागत प्रबन्ध गर्ने तर्फ जोड दिनु आवश्यक छ।

- २०६८ को जनगणना र २०७८ को जनगणनाको बीचमा हिमाली तथा पहाडी क्षेत्रमा जनसङ्ख्या घटेको देखिन्छ भने तराई क्षेत्रमा जनसङ्ख्या वृद्धिदर राष्ट्रिय औषत (०.९२ प्रतिशत) भन्दा बढी (१.८२ प्रतिशत) देखिन्छ। यसले हिमाल तथा पहाडबाट तराईतिर बसाई सर्ने क्रमलाई सङ्केत गर्दछ । यस्तो बढ्दो बसाईसराईलाई सन्तुलनमा राख्ने तथा १० जिल्लामा देखिएको ऋणात्मक जनसङ्ख्या वृद्धिलाई सुधार्ने तर्फ प्रदेशको ध्यान जानु पर्दछ । प्रदेशको जनसङ्ख्या वृद्धिदर सन्तुलनस्तर भन्दा न्यून भएकाले यसमा सुधार, बढ्दो युवा जनशक्तिको परिचालन तथा समग्र जनसङ्ख्या व्यवस्थापन र जनसङ्ख्या र विकासको अन्तरसम्बन्ध स्थापना गर्ने तर्फ ठोस योजना तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ ध्यान कम पुगेको देखिन्छ। ।

# विषय सूची


## कार्यकारी सारांश

## परिच्छेद-एकः परिचय

१. पृष्ठभूमि

१.१. समीक्षाका उद्देश्य

१.२. समीक्षा विधि

१.३. अध्ययन व्यवस्थापन

१.४. समीक्षाका सीमा

## परिच्छेद-दुईः समष्टिगत समीक्षा

२. पृष्ठभूमि

२.१. दीर्घकालीन सोच

२.२. समष्टिगत लक्ष्य

२.३. समष्टिगत उद्देश्य

२.४. परिमाणात्मक लक्ष्य तथा उपलब्धि

२.५.समष्टिगत रणनीति

२.६.दीर्घकालीन सोचका गन्तव्य सूचक र उपलब्धि

२.७. दिगो विकास लक्ष्य

२.८. उपसंहार

## परिच्छेद-तीनः उपलब्धिको एकीकृत विश्लेषण

३. उपलब्धिको एकीकृत विश्लेषण

३.१. उपलब्धिको समीक्षा तालिका र विश्लेषण

**परिच्छेद-चारः समष्टिगत आर्थिक क्षेत्रको समीक्षा**

४. पृष्ठभूमि

४.१. गार्हस्थ उत्पादन

४.२. आर्थिक वृद्धिदर

४.३. आर्थिक संरचना

४.४. राष्ट्रिय उत्पादनमा कोशी प्रदेशको योगदान

४.५. बचत र लगानी

४.६. सार्वजनिक वित्त

४.६.१. राजस्व परिचालन

४.६.२. सरकारी खर्च

४.७. उपसंहार

**परिच्छेद-पाँचः क्षेत्रगत समीक्षा**

५.१. आर्थिक क्षेत्र

५.२. सामाजिक क्षेत्र

५.३. पूर्वाधार क्षेत्र

५.४. अन्तर्सम्बन्धित क्षेत्र तथा अन्य क्षेत्र

**परिच्छेद-छः निष्कर्ष तथा सुझाव**

६. निष्कर्ष

७. सुझाव

***सन्दर्भ सामग्री***

# कोशी प्रदेशको प्रथम आवधिक योजना
# कार्यान्वयनको समीक्षा प्रतिवेदन

## परिच्छेद-एक
## परिचय

### १. पृष्ठभूमि

नेपालको संविधानले सङघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा परा गर्ने प्रतिवद्धता व्यक्त गरेको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको बनाईयो । राज्यको पुन:संरचनाबमोजिम स्थापित प्रदेश संरचना नितान्त नयाँ र राज्य पुन:संरचनाको मुख्य उपलब्धि हो । राज्यशक्तिको बाँडफाँटका क्रममा संविधानको अनुसूची–६ मा प्रदेशको अधिकार सूचीको व्यवस्था गरिएको छ । त्यसै गरी अनुसूची-७ मा सङ्घ र प्रदेशको साझा अधिकार तथा अनुसूची-९ मा तीन तहका सरकारबीचको साझा अधिकारको सूचीको व्यवस्था रहेको छ । यसरी संविधानको अनुसूचीमा तोकिएबमोजिमका जिम्मेवारी पूरा गर्नका लागि प्रदेशले कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने अधिकार संविधानत: प्राप्त गरेको छ ।

संविधानले प्रदान गरेका जिम्मेवारी पूरा गर्न, प्रदेश संरचनाप्रति प्रदेशबासीले राखेको आकाङ्क्षा सम्बोधन गर्न तथा प्रदेशलाई योजनावद्ध ढङ्गबाट समृद्धिको मार्गमा हिँडाउनका लागि कोशी प्रदेश सरकार, प्रदेश योजना आयोगले प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) बनाई कार्यान्वयनमा ल्याएको छ । प्रदेशको दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्यका अतिरिक्त विकासका राष्ट्रिय लक्ष्य पूरा गर्नका लागि मुलुकको पन्ध्रौं आवधिक योजना, दिगो विकास लक्ष्यको मार्गदर्शन बमोजिम यो योजना तर्जुमा भई कार्यान्वयन हुदै आएको छ । तीन तहका सरकार मध्ये बीचको सरकार भएकाले विकासका राष्ट्रिय लक्ष्य हासिल गर्न मद्धत गर्नुका अतिरिक्त स्थानीय तहलाई सक्षम बनाउनका लागि सहयोग समेत उपलब्ध गराउने गरी प्रदेशको आवधिक योजना अन्तिम वर्षमा कार्यान्वयन भई रहेको छ ।

यो प्रतिवेदनमा आवधिक योजना कार्यान्वयनको चार वर्षमा प्राप्त भएका मुख्य उपलब्धि र योजना कार्यान्वयन गर्दा देखिएका चुनौतीको समीक्षा गरिएको छ । यसले योजनाको बाँकी अवधिमा प्रभावकारी

कार्यान्वयन कसरी सुनिश्चित गर्न सकिन्छ त्यसमा समेत मार्गदर्शन गर्ने छ । दिगो विकास लक्ष्य हासिल गर्न पुऱ्याएको योगदान, पन्ध्रौं आवधिक योजनाका लक्ष्य हासिल गर्न गरिएको मद्धत तथा स्थानीय तहसँगको समन्वय र सहकार्यको अभ्यास समेत चर्चा गरिएको छ । पहिलो आवधिक योजनाको सिकाईबाट दोस्रो आवधिक योजनाका लागि सुझाव उपलब्ध गराउने गरी यो प्रतिवेदन तयार पारिएको छ ।

## १.१. समीक्षाका उद्देश्य

प्रदेशको प्रथम आवधिक योजना कार्यान्वयनमा आएको चार वर्ष बितिसकेको सन्दर्भमा योजना कार्यान्वयनबाट प्राप्त उपलब्धि, कार्यान्वयनका क्रममा देखिएका चुनौती तथा सिकाईहरू केलाउनुका साथै योजनाको बाँकी अवधिको प्रभावकारी कार्यान्वयन र नयाँ आवधिक योजना तर्जुमामा सहयोग पुग्ने गरी सुझाव पेस गर्नु यस समीक्षाको उद्देश्य रहेको छ। यसका अतिरिक्त समीक्षाका देहायबमोजिम विशिष्टिकृत उद्देश्यहरू रहेका छन् ।

(क) पहिलो आवधिक योजनाको लक्ष्यसँगको तुलनामा चार वर्षका उपलब्धि तथा न्यूनता र तिनका कारणहरूको समीक्षा गर्नु ।

(ख) योजनाको बाँकी अवधिको प्रभावकारी कार्यान्वयनका लागि पृष्ठपोषण उपलब्ध गराउनु ।

(ग) प्रदेशको दोस्रो आवधिक योजना तर्जुमाका लागि वस्तुपरक सुझाव प्रदान गर्नु ।

## १.२. समीक्षा विधि

प्रथम आवधिक योजनाको हालसम्मको अवधिको कार्यान्वयनको अवस्था समीक्षाका लागि सङ्ख्यात्मक र गुणात्मक दुवै विधि प्रयोगमा ल्याईएको छ । यो सङ्क्षिप्त समीक्षा भएकाले मूलतः द्धितीय स्रोतबाट उपलब्ध हुने तथ्याङ्क तथा सूचनाहरूको प्रयोग गरिएको छ । विगतको अध्ययन, प्रकाशन र विश्लेषणले मात्र अपर्याप्त हुने गहन विषयहरूमा विज्ञहरू, सरोकारवाला तथा साझेदारसँग अर्न्तक्रिया, छलफल एवं परामर्श गरिएको छ । यस समीक्षाका क्रममा देहायबमोजिमका विधिहरूलाई प्रयोगमा ल्याईएको छ ।

### (क) सन्दर्भ सामग्रीको अध्ययन

प्रदेशको प्रथम आवधिक योजनाले विगत चार वर्षको कार्यान्वयनका क्रममा प्राप्त गरेका उपलब्धि समीक्षा गर्नका लागि प्रदेश योजना आयोगबाट प्रकाशित प्रथम आवधिक योजना, विभिन्न वर्षका

मध्यमकालीन खर्च संरचना, आर्थिक सर्वेक्षण, प्रदेश सरकारका वार्षिक तथा आवधिक उपलब्धि पुस्तिकाहरू, प्रदेशको दिगो विकास लक्ष्यसँग सम्बन्धित सामग्रीहरू, विभिन्न मन्त्रालयका वार्षिक प्रगति प्रतिवेदन, स्थिति पत्रका साथै प्रदेश सरकारका अन्य प्रकाशनहरू, अध्ययन प्रतिवेदन तथा तथ्याङ्क आदिको अध्ययन तथा उपयोग गरिएको छ ।

**(ख) सरोकारवालाहरूसँग परामर्श**

प्रदेशको प्रथम आवधिक योजनाको कार्यान्वयनको सङ्क्षिप्त समीक्षाका क्रममा आवश्यकताबमोजिम सरोकारवाला तथा साझेदारहरूलाई सहभागी गराईएको थियो । सम्बद्ध पक्षको संलग्नतामा अध्ययनको विधि निर्धारण, समूह छलफलका नमूना विकास, सङ्ख्यात्मक विश्लेषणका उपकरण तथा गुणात्मक विश्लेषणका विधिहरू विकास गरिएको थियो । सम्भव भएसम्म धेरै सरोकारवालासँग परामर्श गरी समीक्षा प्रतिवेदनलाई अन्तिम रुप प्रदान गरिएको छ ।

**(ग) तथ्याङ्क विश्लेषण**

आवधिक योजनामा समावेश भएका आधार तथ्याङ्क, वार्षिक लक्ष्यहरू र हालसम्म प्राप्त भएका उपलब्धिहरू समेटिएको तथ्याङ्क द्धितिय स्रोतबाट सङ्कलन गरिएको हो । प्रदेशका प्रकाशित तथा अप्रकाशित यस्ता तथ्याङ्कबाट आवधिक योजनाको लक्ष्यको आधारमा तुलनात्मक तालिकाहरू तयार पारिएको छ । यसरी प्राप्त भएका तथ्याङ्कहरूको विश्लेषण गरी उपलब्धिको समीक्षा गरिएको छ ।

## १.३. अध्ययन व्यवस्थापन

समग्र समीक्षा प्रतिवेदनको सारांश प्रस्तुत गरिएको छ । प्रतिवेदनलाई छ परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा परिचयात्मक विषय समावेश गरिएको छ । यस परिच्छेदमा समीक्षाको पृष्ठभूमि, उद्देश्य, अध्ययन विधि, अध्ययन व्यवस्थापन र अध्ययनको सीमा समावेश छ । परिच्छेद दुईमा समष्टिगत समीक्षा समेटिएको छ । परिच्छेद तीनमा समग्र उपलब्धिहरूको तुलनात्मक तालिका तयार पारी त्यसको विश्लेषण गरिएको छ । आवधिक योजनाका मुख्य सूचकहरूको उपलब्धिको अवस्था यसमा राखिएको छ । पुरै उपलब्धि प्राप्त भएको, सन्तोषजनक उपलब्धि भएको, आंशिक उपलब्धि प्राप्त भएको र हासिल नहुने गरी विभिन्न सूचकमा यसलाई तार्किक ढङ्गबाट चर्चा गरिएको छ । यो परिच्छेदले योजना कार्यान्वयनको अवस्थाको सङ्क्षिप्त चित्र प्रस्तुत गरेको छ । परिच्छेद चारमा समष्टिगत आर्थिक क्षेत्रको विश्लेषण गरिएको छ । यो परिच्छेदमा बचत, लगानी, उत्पादन, सार्वजनिक

वित्त तथा वित्तीय व्यवस्था आदिको विश्लेषण गरिएको छ। परिच्छेद पाँचमा क्षेत्रगत विश्लेषण गरिएको छ। यस परिच्छेदमा आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र, अर्न्तसम्बन्धित क्षेत्रको समीक्षात्मक विश्लेषण गरिएको छ। परिच्छेद छ मा अध्ययनको निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ।

## १.४. समीक्षाका सीमा

सीमित समय तथा स्रोतका कारण प्रथम आवधिक योजनाको कार्यान्वयनको समीक्षा प्रतिवेदन तयार पार्दा कतिपय विषयहरूमा सम्झौता गर्नु परेको छ। आवधिक योजनाको समीक्षामा द्धितिय स्रोतबाट प्राप्त तथ्याङ्कको मात्र उपयोग भएको छ। लाभग्राही, स्थानीय तह तथा फराकिलो गरी सबै तहका सरोकारवालासँग छलफल गर्न सकिएन। प्रदेश राजधानीमा उपलब्ध विज्ञ तथा सरोकारवालासँग मात्र छलफल गर्ने अनुकूलता रह्यो। प्रतिवेदन तयारीका क्रममा आवधिक योजनाका सबै पक्षलाई समेट्न सकिएन। मूलत प्रदेशको समष्टिगत विषय र विविध क्षेत्रहरूका पनि मुख्यमुख्य विषयलाई मात्र समेटिएको छ। अर्न्तसम्बन्धित क्षेत्रमा गरिबी निवारण, श्रम तथा रोजगारी, सुशासन तथा तथ्याङ्क प्रणाली जस्ता विषय मात्र समेटिएको छ।

# परिच्छेद-दुई
# समष्टिगत समीक्षा

## २. पृष्ठभूमि

समृद्धिको चाहना नेपाल र नेपालीको लागि लामो समयदेखि प्रतिक्षाको विषय रहदै आएको छ । यसै पृष्ठभूमिमा कोशी प्रदेश सरकारले प्रदेशको विकासलाई व्यवस्थित ढङ्गबाट अगाडि बढाउन प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) कार्यान्वयनमा ल्याएको छ । राज्यको पुर्नसंरचनाको मुख्य उपलब्धि नै प्रदेश संरचनाको स्थापना हो । राज्य पुर्नसंरचना वा प्रदेश स्थापनाको औचित्य पुष्टि गर्न तथा जनअपेक्षा पूरा गर्नका लागि पनि प्रदेशले थप मेहनत गर्नु आवश्यक छ । प्रदेशमा उपलब्ध स्रोत साधनको अधिकतम उपयोग तथा उचित रुपमा परिचालन गरी प्रदेशबासीको आकांक्षा पूरा गर्नुका साथै विकासको राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि सहयोग गर्ने उद्देश्यले पनि आवधिक योजना कार्यान्वयनमा छ ।

प्रदेशको पहिलो आवधिक योजनाले राखेका दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य प्राप्तिको अवस्था, निर्धारित लक्ष्य हासिल गर्नका लागि प्रयोगमा आएका रणनीति तथा कार्यनीतिहरूको प्रभावकारिताको समष्टिगत पाटोलाई यस परिच्छेदमा केलाईने छ । यो आवधिक योजनाले राष्ट्रिय लक्ष्य हासिल गर्न गरेको योगदान तथा राष्ट्रिय सूचकमा कोशी प्रदेशको अवस्था समेत यहाँ उजागर गरिएको छ । समष्टिगत लक्ष्यहरू कति हासिल भए, कति भएनन् । हासिल हुनु र नहुनुका पछाडिका कारणहरू के कस्ता छन् वृहत चर्चा गरिएको छ ।

## २.१. दीर्घकालीन सोच

प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) ले मुलुकले तय गरेको दीर्घकालीन सोचसँग तादात्म्यता कायम हुने गरी दीर्घकालीन सोच प्रस्ताव गरेको छ । सम्बत् २१०० सम्ममा हासिल गर्ने गरी **"समृद्ध नेपाल, सुखी नेपाली"** को दीर्घकालीन सोच पन्ध्रौं योजना (२०७६।७७-२०८०।८१) ले लिए जस्तै **"स्वच्छ, सुखी र समुन्नत प्रदेश"** को दीर्घकालीन सोच प्रदेशको पहिलो आवधिक योजनाले लिएको छ । अर्थात कोशी प्रदेशको आवधिक योजना विकासको राष्ट्रिय सोचलाई पछ्याउँदै अगाडि बढेको छ ।

दीर्घकालीन सोचलाई देहायबमोजिमका तीन मूल स्तम्भमा वर्गीकरण गरिएको छ :

| **स्वच्छ** | **सुखी** | **समुन्नत** |
|---|---|---|
| स्वस्थ र सन्तुलित पर्यावरण | परिष्कृत तथा मर्यादित जीवन | उच्च र समतामूलक आय |
| आधारभूत सरसफाई सुविधा | सभ्य र न्यायपूर्ण समाज | मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्णउपयोग |
| नवीकरणीय उर्जा | सुशासन | सर्वसुलभ तथा आधुनिक पूर्वाधार एवम् सघन अन्तरआबद्धता |
| जैविक कृषि | जीवनस्तर | उच्च र दिगो उत्पादन तथा उत्पादकत्व |

## २.२. समष्टिगत लक्ष्य

आवधिक योजनाको समष्टिगत लक्ष्य **"सामाजिक न्याय सहितको समृद्ध प्रदेश निर्माण हुने"** निर्धारण गरिएको छ। दीर्घकालीन सोच हासिल गर्न सहज हुने गरी लक्ष्य तय गरिएको छ। प्रदेशको आवधिक योजनाले दीर्घकालीन सोच प्रस्ताव गरे तापनि मध्यमकालीन र दीर्घकालीन लक्ष्य भने प्रत्यक्ष रूपमा निर्धारण गरेको छैन । तर, पन्ध्रौ आवधिक योजनासँग प्रदेश आवधिक योजनाको आवद्धतालाई मूल रूपमा योजनाको दस्तावेजले सुरूदेखि नै स्वीकार गरेकाले २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्न मद्धत गर्ने र २१०० सम्ममा नेपाललाई उच्च आय भएको मुलुक बनाउनका लागि योगदान गर्ने गरी प्रदेशका समष्टिगत लक्ष्यहरू निर्धारण भएका छन् भनि तर्क गर्ने आधार भने छ। यसरी आवधिक योजनाको समष्टिगत लक्ष्यमा आवधिक योजनाको अवधिभित्रका वार्षिक लक्ष्यलाई अल्पकालीन लक्ष्यको रूपमा ग्रहण गर्न सकिन्छ भने दिगो विकास लक्ष्य हासिल गर्दै मध्यम आयस्तर हासिल गर्ने मध्यमकालीन लक्ष्य हो भने उच्च आयस्तरमा उक्लने प्रतिवद्धता दीर्घकालीन लक्ष्य हो ।

## २.३.समष्टिगत उद्देश्य

योजनाले पाँच वटा समष्टिगत उद्देश्य तय गरेको छ । प्रदेशको दीर्घकालीन सोच र आवधिक योजनाको लक्ष्य हासिल गर्नका लागि देहायबमोजिम उद्देश्यहरू निर्धारण गरेको छ ।

(क) उत्पादनमूखी क्षेत्रमा लगानी वृद्धि गरी आय र मर्यादित रोजगारीका अवसरमा वृद्धि गर्नु ।

(ख) शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा गुणात्मक सुधार गर्दै उन्नत मानव संसाधन विकास

एवम् समतामूलक समाजको आधार निर्माण गर्नु ।

(ग) गुणस्तरीय दिगो भौतिक पूर्वाधारको विकास गर्नु ।

(घ) जलवायु अनुकूलन गर्दै वन, वातावरण, जलाधार र जैविक विविधताको संरक्षण गर्नु ।

(ङ) सुशासनको अभिवृद्धि गर्नु ।

## २.४. परिमाणात्मक लक्ष्य र उपलब्धि

**तालिका-१:प्रथम आवधिक योजनाको परिमाणात्मक लक्ष्य तथा उपलब्धि**

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०७९/८० को यथार्थ | योजना अव धको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| आ र्थक क्षेत्र | | | | | | | | |
| १ | आर्थक बृ धदर | प्रतिशत (स्थिर मूल्य) | ७.०५ | -१.५३ | ४.६७ | ५.१० | २.३८ | ९.७ |
| २ | कु ल गाहस्थ्र्य उत्पादन (उत्पादकको मूल्यमा) | रु. (दशलाख) (प्रच लत मूल्य) | ५९९२४२ | ६१६३४६ | ६९३१४८ | ७८०९५० | ८४९६४९ | ८०,३५६ |
| ३ | कृ ष क्षेत्रको वा र्षक औसत वृद् धदर | प्रतिशत | ६.१५ | ३.५० | २.९८ | २.१६ | २.४९ | ५.६ |
| ४ | गैरकृ ष क्षेत्रको वा र्षक औसत वृद् ध दर | प्रतिशत | ५.२ | ३.५० | २.६० | २.१६ | २.३१ | ११.५ |
| | (क) उद्योग क्षेत्र | प्रतिशत | ७.८ | -४.३२ | ७.३ | ११.६ | १.८ | १४.२ |
| | (ख) सेवा क्षेत्र | प्रतिशत | ७.४ | -४.९ | ५.२ | ५.० | २.६ | १०.२ |
| ५ | प्रतिव्यक्ति कूल ग्राहस्थ उत्पादन | अमेरिकी डलर | १०९७ | १०८६ | ११९४ | १३०२ | १२९९ | १,६२० |
| ६ | मुद्रास्फीति * | प्रतिशत | ५.५ | | | | | ६ |
| सामाजिक क्षेत्र | | | | | | | | |
| ७ | गरिबीको रेखा मुनि रहेको | प्रतिशत | १२.४ | | | | १२.४ | ११ |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०७९/८० को यथार्थ | योजना अव धको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| | जनसंख्या | | | | | | | |
| ८ | बहुआया मक गरिबीको जनसंख्या | प्रतिशत | १९.७ | १८.६० | १७ | १५.९ | १४.२ | १४ |
| ९ | मानव वकास सूचकांक (सन् २०१४) | सूचकांक | ०.५०४ | ०.५८७ | | ०.६०२ | | ०.६०० |
| १० | आ र्थक असमानता- सम्पतिमा (Gini) | सूचकांक | ०.३५ | ०.३८ | ०.३४ | ०.३२ | ०.३१ | ०.३२ |
| ११ | आम्दानीमा मा थल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (Palma Index) | अनुपात | १.०१ | ०.९९ | १.०० | १.३४ | १.३० | ०.९० |
| १२ | लै गंक वकास सूचकांक | सूचकांक | ०.९२५ | | | ०.९०१ | | ०.९६३ |
| १३ | साक्षरता दर | प्रतिशत | ७९.१ | | | | ८१.२० | ९९ |
| १४ | खुद भनार् दर (आधारभूत तह | प्रतिशत | ९५ | | | ९५.९ | ९६ | ९९ |
| १५ | अपे क्षत आयु (जन्मेको समयमा) | वर्ष | ७०.७ | ७१ | ७१.७५ | ७१.८ | ७२ | ७३.१ |
| १६ | बाल मृत्युदर (प्रति हजार जी वत जन्ममा) | संख्या | ३६ | ३३ | ३० | ३४ | ३३ | २२ |
| भौतिक क्षेत्र | | | | | | | | |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७५/७६ को यथार्थ | आ.व. २०७६/७७ को यथार्थ | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०७९/८० को यथार्थ | योजना अव धको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| १७ | कु ल सडकमा कालोपत्रे सडक | क. म. | १,५४४ | ५२.२१ | ४०.६१ | ९८.७२ | २०६.४८ | ५,००० जम्मा (४२४.२१) |
| * आधार वर्षमा प्रदेशको कालो पत्रे सडकको कूल लम्वाई राखिएको र त्यस पछिका वर्षहरुमा प्रदेशले निर्माण गरेको कालोपत्रे सडकको विवरण मात्र राखिएको छ । | | | | | | | | |
| १८ | सँचाइ योग्य भू ममा सँचाइ | प्रतिशत | ५३ | ४२.२ | ४१.४ | ४२.६ | ४३.८ | ८० |
| १९ | खानेपानी सेवा पुगेको जनसंख्या | प्रतिशत | ९० | ९५ | ९२ | ८९ | ९० | ९९ |
| २० | वद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९१.४ | ९३.४ | ९५.५ | ९७ | ९८ | ९९.५ |
| शासकीय सुधार | | | | | | | | |
| २१ | कानुनी शासन सूचकांक | सूचकांक | ०.५३ | | | | | ०.५८ |
| २२ | सुशासन सूचकांक (-२.५ दे ख २.५ सम्म) | सूचकांक | -०.७८ | -०.४० | ० | ०.७८ | ०.५० | १ |
| २३ | भ्रष्टाचार न्यूनता अनुभूति सूचकांक | सूचकांक | ३१ | ३४.८ | ३३ | ३३ | ३४ | ४१ |

*स्रोतः- प्रथम आवधिक योजना, आर्थिक सर्वेक्षणका विभिन्न अङ्क, मध्यमकालीन खर्च संरचनाका वार्षिक प्रतिवेदनहरु*

*नोटः- माथि उल्लिखित कतिपय तथ्याङ्कहरु प्रत्येक बर्ष मापन नहुनेको हकमा खाली ठाउँ छोडिएको र कतिपय तथ्याङ्क राष्ट्रियस्तरको मात्र मापन गरिने हुँदा प्रदेशको तथ्याङ्कमा सोही तथ्याङ्क उल्लेख गरिएको छ ।*

आवधिक योजनाले राखेको परिमाणात्मक लक्ष्य तथा उपलब्धिमा थोरै लक्ष्यहरु हासिल भइसकेका छन् केही हासिल हुने अवस्थामा छन् भने केही हासिल गर्न कठिन देखिन्छ। प्रदेशले कुल गार्हस्थ उत्पादनको लक्ष्य चौँथो वर्षमा नै हासिल गरिसकेको छ । कोभिड-१९को विषम परिस्थितिमा हासिल भएको यो उपलब्धि निकै महत्वपूर्ण छ । साथै यसले अन्य आर्थिक सूचकमा पनि सकारात्मक प्रभाव पारेको छ । गार्हस्थ उत्पादनको संरचनामा कृषि, उद्योग र सेवा कुनै पनि क्षेत्रले लक्ष्य हासिल गर्ने अवस्था

देखिदैन । सबै क्षेत्रको प्रगति लक्ष्य भन्दा निकै कम छ । प्रतिव्यक्ति आय निरन्तर वृद्धि हुदै गएको छ । हालको प्रतिव्यक्ति आय १२९९ अमेरिकी डलर मात्र रहेकाले योजनाले राखेको लक्ष्य १६२० प्राप्त गर्न कठिन छ तर गार्हस्थ उत्पादनको बढ्दो आकार र जनसङ्ख्याको वृद्धिदरको समीक्षा गर्दा योजनाको अन्त्यसम्ममा लक्ष्यको नजिक पुग्ने अवस्था छ ।

योजनाले गरिबीको रेखामुनी रहेको जनसङ्ख्या ११ प्रतिशतमा झार्ने भने तापनि यो आधार वर्षको १२.४ प्रतिशतमा नै कायम देखिन्छ । कोभिड-१९ ले सिर्जना गरेको विषम परिस्थितिमा पनि निरपेक्ष गरिबी नबढ्नुलाई सन्तोषजनक मान्न सकिन्छ । तर यसै अवधिमा बहुआयामिक गरिबी १९.७ प्रतिशतबाट घटेर १४.२ प्रतिशत कायम भएको छ । योजनाले राखेको १४ प्रतिशतको लक्ष्य हासिल हुने अवस्था छ । योजनाले अपेक्षित आयु ७३.१ वर्ष पुऱ्याउने लक्ष्य लिएकोमा यसमा राम्रो सुधार भएर ७२ वर्ष पुगेको छ । योजनाको अन्त्यसम्ममा यो लक्ष्य हासिल हुने सम्भावना छ । बालमृत्युदर प्रतिहजार जीवित जन्ममा २२ मा झार्ने लक्ष्य रहेको तर यसतर्फको प्रगति सुस्त भई जम्मा ३३ मा झरेकोले लक्ष्य हासिल हुने अवस्था देखिदैन ।

आधारभूत खानेपानीको सुविधा पुगेको जनसङ्ख्या ९९ प्रतिशत पुऱ्याउने लक्ष्य आवधिक योजनामा भए तापनि आधार वर्षमा ९० प्रतिशत रहेको यो सुविधा हाल पनि ९० प्रतिशत मात्र देखिनुले लक्ष्य हासिल हुने अवस्था छैन भने यस क्षेत्रको तथ्य व्यवस्थापनमा समेत समस्या रहेको देखिन्छ । प्रदेशमा विद्युतमा पहुँच पुगेको परिवार ९९.५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा योजनाको चौँथो वर्षसम्ममा ९८ प्रतिशतमा परिवारको पहुँचमा विद्युत सुविधा पुग्नुले लक्ष्य हासिल हुने अवस्था छ । सुशासन तथा भ्रष्टाचार न्यूनीकरणका सूचकमा सकारात्मक सुधार देखिए तापनि योजनाले राखेको लक्ष्य भने हासिल हुने अवस्था देखिएन ।

## २.५ समष्टिगत रणनीति

योजनाले निर्धारित उद्देश्य हासिल गर्नका लागि सात रणनीति तय गरेको छ । रणनीतिको प्रयोग समष्टिगत लक्ष्यका साथै क्षेत्रगत लक्ष्य हासिल गर्नका लागि पनि उपयोगी हुनेछन् ।

१. कृषि तथा गैरकृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

२. समावेशी विकास सहितको न्यायपूर्ण समाज निर्माण गर्ने ।

३. शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवा सुविधाको पहुँच विस्तार गर्ने ।

४. यातायात, विद्युत, सिंचाई आदि रणनीतिक महत्वका पूर्वाधारहरूको विकास गर्ने ।

५. वन, वातावरण, जैविक विविधिताको विकास एवम् संरक्षण गर्ने ।

६. जलवायु परिवर्तन अनुकूलता अभिवृद्धि एवम् प्रभावकारी विपद् व्यवस्थापन गर्ने ।

७. दक्ष, उत्तरदायी, पारदर्शी तथा नतिजामूलक प्रशासनको विकास गरी सुशासन प्रवर्द्धन गर्ने ।

रणनीतिले उत्पादनमूलक क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिलाई महत्व दिएको छ। कृषि र गैरकृषि क्षेत्रमा उत्पादन तथा  उत्पादकत्व वृद्धिले प्रदेशलाई आत्मनिर्भर मात्र नभै समृद्ध बनाउन मद्धत गर्ने र यसले राष्ट्रिय लक्ष्य हासिल गर्नलाई पनि योगदान गर्ने विश्वास लिएको छ । उत्पादन बृद्धिमात्र नभै उत्पादनको वितरणको रणनीति समेत योजनाले लिएको छ । रणनीतिले समावेशी र न्यायपूर्ण समाज निर्माणमा ध्यान दिएको छ । सामाजिक क्षेत्र शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रलाई आधारभूत सेवा मान्दै यस्ता सेवामा सबै नागरिकको पहुँच वृद्धि गर्नेतर्फ पर्याप्त महत्व दिएको छ। यातायात, विद्युत, सिंचाई जस्ता रणनीतिक महत्वका पूर्वाधार विकासमा प्रदेशबासीको संलग्नता अभिवृद्धि गर्ने र यस्ता ठूला पूर्वाधारमा स्रोतको व्यवस्थापन सबै पक्षबाट गर्ने रणनीति योजनाले लिएको छ । प्रदेशमा उपलब्ध वन, वातावरण, जैविक विविधताको संरक्षण एवम् विकास र जलवायु परिवर्तन अनुकूलनता तथा विपद् व्यवस्थापनलाई प्राथमिकताका साथ रणनीतिले समेटेको छ । सुशासन प्रवर्द्धन गर्नका लागि सक्षम, उत्तरदायी, पारदर्शी तथा नतिजामूलक प्रशासनको विकास गर्नेमा विशेष जोड दिइएको छ । आवधिक योजनाले स्रोतको व्यवस्थापनमा संविधानको मर्मबमोजिम सार्वजनिक, निजी र सहकारीका साथै समुदायको संलग्नताको समेत सोच राखेको देखिन्छ। साथै रणनीतिले गैरसरकारी संस्थाको परिचालनमा पनि उचित जोड दिएको छ।

आवधिक योजनाले लिएका रणनीति पूरा गर्नका लागि ठूलो मात्रामा लगानी आवश्यक पर्ने र लगानीका लागि निजी क्षेत्रको स्रोत सबैभन्दा महत्वपूर्ण रहेको सन्दर्भमा निजी क्षेत्रलाई आकर्षित गर्नका लागि भने पर्याप्त आधार प्रस्ताव गरिएको छैन। सार्वजनिक क्षेत्रको लगानीमा स्थानीय तहको लगानी समेत समावेश गरिएको छ तर स्थानीय तहको स्रोतसँग प्रदेशको प्राथमिकता र स्रोतको संयोजन कसरी गर्ने भन्ने सबालमा आवधिक योजनामा प्रष्टता छैन। विकास निर्माणमा आम नागरिकको संलग्नताले खासै महत्व नपाउँदा विकासको अपनत्व तथा दिगोपनामा प्रश्न उब्जिएको छ । आवधिक योजनाले पनि विकासमा नागरिक संलग्नता अभिवृद्धिको वस्तुगत आधार प्रस्तुत गर्न सकेको छैन। आवधिक योजनाले सीमान्तकृत समुदायको सर्वाङ्गिण विकासमा स्रोतको प्रबन्ध, क्षमता अभिवृद्धिका कार्यक्रम तथा मूल प्रवाहिकरणको आधार तयार पार्न सकेको छैन । साथै स्थानीय तहको विकास संलग्नताको महत्वलाई योजनाले पर्याप्त ध्यान दिन सकेको छैन । उत्पादन र उत्पादकत्व वृद्धिको चर्चा गरिरहँदा त्यसको वैज्ञानिक तथा न्यायिक वितरणको पाटोमा उचित ध्यान दिएको अवस्था छैन। रणनीतिले केही पक्षलाई

छाडेको र केहीलाई कम महत्व दिएको भए तापनि समग्रतामा प्रस्तावित रणनीति आवधिक योजनाको घोषित लक्ष्य हासिल गर्नका लागि सान्दर्भिक रहेको छ ।

## २.६.दीर्घकालीन सोचका गन्तव्य सूचक र उपलब्धि

**"स्वच्छ, सुखी र समुन्नत प्रदेश"** को दीर्घकालीन सोचलाई योजनाले तीन मूल स्तम्भ **स्वच्छता, सुखी र समुन्नत**मा वर्गीकरण गरेको छ । प्रत्येक स्तम्भमा चारचार वटा क्षेत्रगत आधारहरू तय गरी स्वच्छताको १० गन्तव्य सूचक, सुखको २५ गन्तव्य सूचक र समुन्नतको ३१ गन्तव्य सूचक गरी जम्मा ६६ वटा गन्तव्य सूचक निर्धारण गरिएको छ ।

प्रदेशका नागरिकको विकास चाहनालाई यिनै गन्तव्य सूचकहरूमार्फत सम्बोधन गर्ने ध्येय योजनाले राखेको छ । प्रदेशको समग्र समृद्धिको लागि तीन पक्षको संयोजनलाई उचित महत्व दिइएको छ । स्वच्छतामा वन, वातावरण, वायु प्रदुषण, हरित गृह ग्यास उत्सर्जन, जैविक विविधताको संरक्षण, विपद् व्यवस्थापन, हरित उर्जा,  सरसफाई, सन्तुलित विकास आदि जस्ता विषयलाई समेटिएको छ । अर्थात स्वच्छतामा वातावरण सन्तुलन, विविधताको रक्षा तथा दिगो विकासको विषयलाई व्यवस्थित गर्न खोजिएको छ । त्यस्तै नागरिक सुखमा जोड दिदै सुशासन, नतिजामुखी प्रशासन, भ्रष्टाचार न्यूनता, पारदर्शिता, उत्तरदायित्व समावेश गरेको छ । त्यस्तै नागरिक सन्तुष्टि जस्ता सुचकांक, मानव अधिकार, बाल विकास र बाल अधिकार, शान्ति सुरक्षा, लैङ्गिक समानता, राजनीतिक, आर्थिक र सामाजिक सशक्तिकरण, किशोरी प्रजनन्, सामाजिक सुरक्षा जस्ता गन्तव्यलाई समेटेको छ । यो स्तम्भले मुख्य गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त र नागरिकमैत्री बनाउनुका साथै सुशासन तथा भ्रष्टाचाररहित समाज, सामाजिक सुरक्षा, मानव अधिकारको रक्षामार्फत नागरिकको सुखमा बढोत्तरी ल्याउने प्रयत्न गर्न खाजेको छ । यसरी नै तेस्रो र महत्वपूर्ण स्तम्भका रूपमा समुन्नतका गन्तव्य सूचक राखिएको छ । यसमा गार्हस्थ उत्पादन, आर्थिक वृद्धिदर, प्रतिव्यक्ति आय, गार्हस्थ उत्पादनमा क्षेत्रगत योगदान, गरिबी, बेरोजगारी, श्रम सहभागिता दर, असमानता, औसतआयु, बालबालिकाको आधाभूत स्वास्थ्य तथा मृत्युदर, विद्युतमा पहुँच, सडक घनत्व, आधारभूत खानेपानीमा पहुँच, साक्षरता, उत्पादकत्व आदि जस्ता गन्तव्यहरू निर्धारण गरिएको छ । ६६ वटा गन्तव्य सूचक र तिनको प्रकृति विश्लेषण गर्दा यिनलाई अध्यावधिक गर्ने र उपलब्धि मापन गर्ने कार्यमा विशेष प्रयत्न गर्नु पर्ने देखिन्छ ।

(क) स्वच्छताका गन्तब्य सूचक

## ता लका-२: स्वच्छताका गन्तब्य सूचक

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७५/७६ आधार वर्ष | २०७६/७७ अनुमान | २०७६/७७ यथार्थ | २०७७/७८ अनुमान | २०७७/७८ यथार्थ | २०७८/७९ अनुमान | २०७८/७९ यथार्थ | २०७९/८० अनुमान | २०७९/८० यथार्थ | २०८०/८१ अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वनले ढाकेको क्षेत्रफल | प्रतिशत | ४३.२४ | ४३.५० | ४३.५० | ४३.७५ | ४३.७५ | ४४.०० | ४३.७५ | ४४.३५ | ४४.४४ | ४४.७४ |
| २ | वायु प्रदूषणको मात्रा ( प.एम. २.५) | μg/m³ | ५२.९५ | ५०.०० | ५०.०० | ४६.५० | ४६.५० | ४४.०० | ५१.४६ | ४२.०० | ५०.२५ | ४०.०० |
| ३ | हरित गृह ग्याँस उत्सजर्न (यातायात तथा उद्योग क्षेत्र) | प्रतिशत | १२ | ११ | ११ | १० | १० | ९ | | ८.० | | ८.० |
| ४ | वा णज्य क्षेत्रबाट हरितगृह ग्याँस उत्सजर्न | प्रतिशत | ५.०० | ४.८० | ४.८० | ४.५० | ४.५० | ४.३० | | ४.१० | | ३.८३ |
| ५ | कृ ष क्षेत्रबाट हरितगृह ग्याँस उत्सजर्नको परिमाण | गेगाजुल | ३,३०२ | ३,२५० | ३२५० | ३,२०० | ३,२०० | ३,१५० | | ३,१०० | | २,९५० |
| ६ | आधारभूत सरसफाइ सु वधा पुगेको जनसंख्या | प्रतिशत | ६२ | ६५ | ६५ | ७० | ७० | ७३ | ८८.० | ७६ | ९०.० | ८० |
| ७ | ऊर्जा उपभोगमा सौर्य तथा अन्य नवीकरणीय ऊर्जाको अनुपात | प्रतिशत | २ | २.२ | २.२० | २.४ | २.४ | २.६ | १.८४ | २.८ | २.०० | २.३ |
| ८ | ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अनुपात | परिवार संख्या | ९,००० | ९,५०० | ९५०० | १०,००० | १०,००० | १०,५०० | | ११,००० | | ११,५०० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७५/७६ आधार वर्ष | २०७६/७७ अनुमान | २०७६/७७ यथार्थ | २०७७/७८ अनुमान | २०७७/७८ यथार्थ | २०७८/७९ अनुमान | २०७८/७९ यथार्थ | २०७९/८० अनुमान | २०७९/८० यथार्थ | २०८०/८१ अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | कुल गार्हस्थ उत्पादनमा विपद्बाट भएको क्षतिको अनुपात (Disaster loss as percent of GDP) | प्रतिशत | ०.८१ | ०.७ | ०.७० | ०.६ | ०.६ | ०.५ | ०.८० | ०.३५ | ०.७६ | ०.२० |
| १० | जैविक बालीको अनुपात | प्रतिशत | १.९६ | २.०० | २.०० | २.१० | २.१० | २.२० | ६.०० | २.३५ | ६.२५ | २.५० |

स्रोत: मध्यमकालीन खर्च संरचनाको वा र्षक प्रकाशनहरु, कोशी प्रदेश सरकार र प्रदेश पार्श्व चत्र, २०८०, कोशी प्रदेश, प्रदेश योजना आयोग

## (ख) सुखका गन्तब्य सूचक

### ता लका-३: सुखका गन्तब्य सूचक

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७५/७६ आधार वर्ष | २०७६/७७ अनुमान | २०७६/७७ यथार्थ | २०७७/७८ अनुमान | २०७७/७८ यथार्थ | २०७८/७९ अनुमान | २०७८/७९ यथार्थ | २०७९/८० अनुमान | २०७९/८० यथार्थ | २०८०/८१ अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुशासनमा आधारित नतिजामुखी प्रशासन | सूचकांक (-२.५दे ख २.५ सम्म) | -०.७८ | -०.४ | -०.४० | ० | ० | ०.४० | ०.८७ | ०.८० | ०.५० | १.२५ |
| २ | भ्रष्टाचार न्यूनता अनुभूति | सूचकांक (०दे ख१००) | ३१ | ३४.८ | ३४.८ | ३८.६ | ३३ | ४२.४ | ३३.०० | ४६.२ | ३४.० | ५० |
| ३ | उत्तरदायित्व, पारदर्शिता र भ्रष्टाचार न्यूनीकरण सूचकांक | सूचकांक (१ देखि६ सम्म) | ३.० | ३.२ | ३.२० | ३.४ | ३.४० | ३.६ | ३.०० | ३.८ | ३.५० | ४.० |
| | | | | | | | | | | | | |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७५/७६ आधार वर्ष | २०७६/७७ अनुमान | २०७६/७७ यथार्थ | २०७७/७८ अनुमान | २०७७/७८ यथार्थ | २०७८/७९ अनुमान | २०७८/७९ यथार्थ | २०७९/८० अनुमान | २०७९/८० यथार्थ | २०८०/८१ अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | विपद्बाट मृत्यु | प्रति लाख | ३ | २.५ | २.५० | २. | ५१ जना | १.८ | २८२ जना | १.७ | १९३ जना | १.५ |
| ५ | विपद्बाट सम्पतिमा क्षति | रु. करोडमा | ६२ | ५० | ५० | ४० | ४० | ३० | ६२५.०० | २५ | ६४६ | २० |
| ६ | नागरिक सन्तुष्टि अनुभूतिको सूचकांक | सूचकांक | ४.७ | ४.९ | ४.९० | ५.० | ५ | ५.२ | ५.२० | ५.३ | ५.३० | ५.५ |
| ७ | दर्ता भएका अपराध उजुरिको फर्छयौंट | प्रतिशत | ६७५ | ७२.० | ७२ | ७७० | ७७ | ८१.० | ६८.४८ | ८६ | ६९.२ | ९० |
| ८ | मानव अधिकार उल्लंघनका घटना | संख्या | ८४८ | ७६३ | ७६३ | ६७८ | ६७८ | ५९३ | ३९९ | ५०८ | ३७५ | ४२४ |
| ९ | शान्ति सुरक्षाका लागि प्रतिव्यक्ति बजेट | रुपैयाँ | ७४ | १७६ | १७६ | १८१ | १८१ | १८६ | १५०८ | १९५ | १५९८ | २०० |
| १० | लैगिंक सशक्तिकरण | सूचकांक | ०.५७ | ०.५९ | ०.५९ | ०.६२ | ०.६२ | ०.६४ | ०.६२ | ०.६७ | ०.६४ | ०.६९ |
| ११ | लैगिंक हिंसा न्यूनीकरण | प्रतिशत | २२.२ | २१ | २१ | २० | २० | १९ | | १८ | | १७ |
| १२ | लैगिंक असमानता न्यूनीकरण | सूचकांक | ०.३८ | ०.३६ | ०.३६ | ०.३४ | ०.३४ | ०.३२ | ०.४६ | ०.३० | ०.४२ | ०.२८ |
| १३ | राजनीतिक सशक्तिकरण सूचकांक | सूचकांक | ०.७० | ०.७१ | ०.७१ | ०.७२ | ०.७२ | ०.७३ | | ०.७४ | | ०.७५ |
| १४ | सामाजिक सशक्तिरण सूचकांक | सूचकांक | ०.४८ | ०.४९ | ०.४९ | ०.५ | ०.५ | ०.५२ | | ०.५४ | | ०.५५ |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७५/७६ आधार वर्ष | २०७६/७७ अनुमान | २०७६/७७ यथार्थ | २०७७/७८ अनुमान | २०७७/७८ यथार्थ | २०७८/७९ अनुमान | २०७८/७९ यथार्थ | २०७९/८० अनुमान | २०७९/८० यथार्थ | २०८०/८१ अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | आर्थिक सशक्तिकरण सूचकांक | सूचकांक | ०.४३ | ०.४४ | ०.४४ | ०.४६ | ०.४६ | ०.४८ | | ०.५० | | ०.५२ |
| १६ | बालबालिकाको जन्मदर्ता | संख्या | ६१ | ६५ | ६५ | ७० | ७० | ७३ | ७९ | ८० | ७३ | ८५ |
| १७ | किशोरी अवस्थाको प्रजनन दर न्यूनीकरण | प्रतिशत | १६ | १२ | १२ | ८ | ८ | ६ | ६.० | ५ | ५.० | ४ |
| १८ | पुड्कोपना भएका बालबालिका | प्रतिशत | ३२.६ | ३२ | ३२.० | ३१.५ | ३१.५ | ३१ | २४.९० | ३०.५ | २०.० | ३० |
| १९ | कम तौल भएका बालबालिका | प्रतिशत | २४.४ | २४ | २४ | २३ | २३ | २२ | १९.८० | २१ | १३.० | २० |
| २० | बालबालिकामा रक्तअल्पता | प्रतिशत | ५५.२ | ५२ | ५२ | ४८ | ४८ | ४५ | ३४.० | ४२ | ३३.९ | ४० |
| २१ | महिलामा रक्तअल्पता | प्रतिशत | ४३.३ | ४० | ४० | ३६ | ३६ | ३४ | ३४.०० | ३२ | २५.६ | ३० |
| २२ | सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रममा आबद्ध जनसंख्या | प्रतिशत | २७ | ३० | ३० | ३३ | ३३ | ३६ | ११.८६ | ३९ | १२.१ | ४२ |
| २३ | प्रादेशिक बजेटमा सामाजिक सुरक्षामा भएको खर्च | प्रतिशत | ११.३ | १२ | १२.० | १२ | १२ | १२. ५ | १३.८ | १३ | ११.९ | १३.७ |
| २४ | सामाजिक सुरक्षाको अनुभूति | सूचकांक | ४.७ | ४.८ | ४.८० | ४.९ | ४.९ | ५.० | | ५.१ | | ५.२ |
| २५ | सुरिक्षत र सम्मान जनक जीवनयापन गरिरहेका जेष्ठ नागरिक | प्रतिशत | - | ४० | ४० | ४५ | ४५ | ५० | ३५.०० | ५५ | ४० | ६० |

स्रोत: मध्यमकालीन खर्च संरचनाको वार्षिक प्रकाशनहरु, कोशी प्रदेश सरकार र प्रदेश पार्श्वचित्र, २०८०, कोशी प्रदेश, प्रदेश योजना आयोग

## (ग) समुन्नतिका गन्तब्य सूचक

## ता लका-४: समुन्नतिका गन्तब्य सूचक

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७५/७६ आधार वर्ष | २०७६/७७ अनुमान | २०७६/७७ यथार्थ | २०७७/७८ अनुमान | २०७७/७८ यथार्थ | २०७८/७९ अनुमान | २०७८/७९ यथार्थ | २०७९/८० अनुमान | २०७९/८० यथार्थ | २०८०/८१ अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कुल गाहर्स्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | दश लाखमा | ५,०५,८४८ | ५,५०,२९१ | ६१२३६५ | ६,०२,६६१ | ६७५६१४ | ६,६२,४०६ | ७८०९५० | ७२७१७० | ८४९६४९ | ८,०३,०५३ |
| २ | कृषि क्षेत्रको कुल गाहर्स्थ्य उत्पादनमा योगदान | प्रतिशत | ३६.७५ | ३५.५७ | ३५.५३ | ३४.३६ | ३४.६० | ३३.०९ | ३३.८० | ३१.९३ | ३३.२ | ३०.६९ |
| ३ | उद्योग क्षेत्रको कुल गाहर्स्थ्य उत्पादनमा योगदान | प्रतिशत | १९.०६ | १९.९२ | १६.३८ | २०.७८ | १६.८० | २१.६९ | १७४७ | २२.०६ | १६.८ | २३.६१ |
| ४ | सेवा क्षेत्रको कुल गाहर्स्थ्य उत्पादनमा योगदान | प्रतिशत | ४४.१७ | ४४.४९ | ४८.०९ | ४४.८५ | ४८.६० | ४५.२१ | ४८.६४ | ४५.९९ | ५०.० | ४५.६८ |
| ५ | वार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ६.५ | ८.७ | -१.५३ | ९.५ | ४.६७ | ९.९ | ५.१ | १०.१ | २.३८ | १०.४३ |
| ६ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | ९३४ | १,०६२ | १०७९ | १,१९५ | ११४९ | १,३३६ | १२६७ | १,४६९ | १२९९ | १,६२० |
| ७ | कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | ३.७ | ५.१ | २.५० | ५.४ | २.६० | ५.५ | २.१६ | ५.७ | २.४९ | ५.९ |
| ८ | गैर कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | ५.२ | १०.७ | ३.९० | ११.२ | ४.५७ | ११.७ | ७०६ | ११.५ | २.३१ | १२.१८ |
| ९ | सम्पतिमा आधारित असमानता जनाउने Gini coefficient | Coefficient (०-१) | ०.३५० | ०.३४४ | ०.३४ | ०.३३८ | ०.३४ | ०.३३२ | ०.३२ | ०.३२६ | ०.३१ | ०.३२० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७५/७६<br>आधार वर्ष | २०७६/७७<br>अनुमान | २०७६/७७<br>यथार्थ | २०७७/७८<br>अनुमान | २०७७/७८<br>यथार्थ | २०७८/७९<br>अनुमान | २०७८/७९<br>यथार्थ | २०७९/८०<br>अनुमान | २०७९/८०<br>यथार्थ | २०८०/८१<br>अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको आम्दानीको अनुपात (PALMA Ratio) | अनुपात | १.०१० | ०.९८८ | ०.९९ | ०.९६६ | १.०० | ०.९४४ | १.३४ | ०.९२२ | १.३० | ०.९०० |
| ११ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६८.७९ | ६९ | ७१.०० | ७० | ७१.७५ | ७१ | ७१.८ | ७२.५ | ७२ | ७३.१ |
| १२ | ५ वर्ष मुनिको बाल मृत्युदर | प्रति हजार जी वत जन्ममा | | ३३ | ३३ | ३० | ३० | २७ | ३४.०० | २४ | ३३.०० | २२ |
| १३ | शिशु मृत्युदर | प्रति हजार जीजित जन्ममा | ३१ | २९ | २९ | २७ | २७ | २४ | २८.०० | २२ | २७.०० | २० |
| १४ | नवजात शिशु मृत्युदर | प्रति हजार जी वत जन्ममा | २२ | २१ | २१ | २० | २० | १९ | २० | १८ | १९.०० | १७ |
| १५ | आधा घण्टाको दूरिमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने परिवार | प्रतिशत | ७१ | ५७ | ५७ | ६५ | ६५ | ७० | ६८.८० | ७३ | ६९.०० | ८० |
| १६ | कूल गाहर्स्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | रुपैयाँ अबर्मा | १७५.१ | १८४.१३ | १९५.०० | १९४.२१ | १९८.२० | २०५.०५ | २२६ | २१६.८८ | २४५.८२ | २२९.६८ |
| १७ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | १९.७ | १८ | १८.६० | १७ | १७ | १६ | १५.९ | १५.१ | १४.२ | १४ |
| १८ | विधुतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९१.४ | ९३.४ | ९३.४० | ९५.५ | ९५.५ | ९८ | ९७ | १०० | ९८.० | १०० |
| १९ | आधारभूत खानेपानी पुगेको जनसख्या | प्रतिशत | ९७.१ | ९८ | ९८ | ९८ | ९८ | ९९ | ८९ | ९९ | ९०.० | ९९ |
| २० | सुरक्षित खानेपानी पुगेको जनसंख्या | प्रतिशत | १५ | १७ | १७ | १९ | १९ | २१ | १८.० | २३ | १९.० | २५ |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७५/७६ आधार वर्ष | २०७६/७७ अनुमान | २०७६/७७ यथार्थ | २०७७/७८ अनुमान | २०७७/७८ यथार्थ | २०७८/७९ अनुमान | २०७८/७९ यथार्थ | २०७९/८० अनुमान | २०७९/८० यथार्थ | २०८०/८१ अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | आधा घण्टाको दूरिम यातायातको पहुँच भएको जनसंख्या | प्रतिशत | ७८ | ८२ | ८२ | ८६ | ८६ | ८९ | | ९२ | | ९५ |
| २२ | सडक घनत्व | प्रति व. क. म. | ०.४५६९ | ०.४८ | ०.४८ | ०.५१ | ०.५१ | ०.५४ | ०.५१ | ०.५७ | ०.५२ | ०.६० |
| २३ | बेरोजगारी दर | प्रतिशत | १०.२ | ९.२० | ९.२० | ८.३० | ८.३० | ७३० | १०.२ | ६.४० | ९.८० | ५.४० |
| २४ | श्रम सहभागिता दर | प्रतिशत | ३७८० | ४२.२० | ४२.२० | ४६.७० | ४६.७० | ५१.१० | ३७.८० | ५५.६० | ३८.२० | ६०.० |
| २५ | श्रमको उत्पादकत्व | रु. हजारमा | १८९.५० | २०८.३० | २०८.३० | २२७०० | २२७०० | २४५.८० | १८९.५० | २६४.५ | २०८.३० | २८३.३० |
| २६ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.७० | ३८.९० | ३८.९० | ४१.२३ | ४१.२३ | ४३.७० | ३७.७० | ४६.३३ | ३८.९० | ५०.०० |
| २७ | कुल साक्षरता दर | प्रतिशत | ७९.१ | ८४ | ८४ | ८८ | ८८ | ९३ | ७९.७ | ९६ | ८१.२० | ९९ |
| | (क) आधारभूत तहको खुद भर्ना दर (NER) | प्रतिशत | ९१.८५ | ९३ | ९३.०० | ९५ | ९५ | ९७ | ९५.९ | ९९ | ९६.०० | १०० |
| | (ख) माध्यमिक तहको खुद भर्ना दर पहुँच (NER) | प्रतिशत | ४५ | ५४ | ५४ | ६० | ६० | ६५ | ५५.२० | ६७ | ५५.७० | ७० |
| २८ | काम गर्ने उमेरका प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त जनसंख्या | प्रतिशत | २५ | ३० | ३० | ३५ | ३५ | ४१ | | ४६ | | ५० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७५/७६ आधार वर्ष | २०७६/७७ अनुमान | २०७६/७७ यथार्थ | २०७७/७८ अनुमान | २०७७/७८ यथार्थ | २०७८/७९ अनुमान | २०७८/७९ यथार्थ | २०७९/८० अनुमान | २०७९/८० यथार्थ | २०८०/८१ अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २९ | उच्च शिक्षामा कुल भर्ना दर | प्रतिशत | १५.५७ | १६.५ | १६.५० | १७५ | १७५ | १९ | १२.४ | १९.५ | १२.८० | २० |
| ३० | कृषि भूमिको उत्पादकत्व (प्रमुख बाली) | मे.ट. प्रति हे. | ३.०३ | ३.४ | ३.४० | ३.७ | ३.७ | ४.१ | ३.३३ | ४.५ | ३.४९ | ४.८ |
| ३१ | रोजगार आम्दानीमा लैगिंक असमानता (पुरुष : महिला) | अनुपात | ०.५८:०.४२ | ०.५७:०.४२ | ०.५७:०.४२ | ०.५७:०.४३ | ०.५७:०.४३ | ०.५६:०.४४ | ०.६६ | ०.५५:०.४४ | ०.७२ | ०.५५:०.४५ |

स्रोत: मध्यमकालीन खर्च संरचनाको वा र्षक प्रकाशनहरु, कोशी प्रदेश सरकार र प्रदेश पार्श्व चत्र, २०८०, कोशी प्रदेश, प्रदेश योजना आयोग

तालिका २, ३ र ४ मा मध्यमकालीन खर्च संरचनाका प्रकाशित वार्षिक प्रतिवेदनका आधारमा दीर्घकालीन सोचका गन्तव्य सूचक र उपलब्धिको तथ्यलाई राखिएको छ। अन्य विभिन्न प्रकाशनमा भन्दा मध्यमकालीन खर्च संरचनामा गन्तव्य सूचकको विस्तृत उपलब्धि समावेश भएको पाईयो । तर प्रदेशबाट प्रकाशन भएका सामग्रीमा केही तथ्यगत अन्तरहरू भेटिंदा कुन अङ्कलाई आधिकारिक मान्ने त्यसमा केही असहजता रहे तापनि माथिका तालिकामा  मध्यमकालीन खर्च संरचना र कोशी प्रदेशको पार्श्वचित्रलाई उपयोग गरिएको छ । केही सूचकको पूर्ण तथ्याङ्क भने पाउन सकिएन । यस प्रतिवेदनमा तथ्यहरू समावेश गर्दा प्राप्त भएसम्म आधार तथ्याङ्क प्रथम आवधिक योजनाबाट र अन्य तथ्याङकहरू प्रदेशको आर्थिक सर्वेक्षण तथा प्रगति प्रतिवेदनबाट समावेश गर्ने प्रयत्न गरिएको छ । अन्य स्रोतबाट प्राप्त हुन नसकेका तथ्याङ्कहरु मध्यमकालीन खर्च संरचनाबाट लिइएको छ । आवधिक योजनाले राखेको ६६ वटा गन्तव्य सूचकमा स्वच्छताका १०, सुखका २५ र समुन्नतिका ३१ वटा सूचक रहेका छन् । स्वच्छकता १० सूचक मध्ये २ प्राप्त भई सकेका, २ प्राप्त हुने अवस्थाको र २ प्राप्त नहुने पाईयो । विभिन्न ४ सूचकको पूर्ण विवरण पाउन सकिएन । सुखका २५ सूचक मध्ये प्राप्त भएका ५, प्राप्त हुने सम्भावना भएका ६ र प्राप्त हुन नसक्ने ९ तथा तथ्याङ्क उपलब्ध नभएका ५ सूचक पाईयो । यसै गरी समुन्नतिका ३१ सूचक मध्ये प्राप्त भई सकेको ३, प्राप्त हुने सम्भावना रहेका ४ र प्राप्त हुन नसक्ने २२ तथा तथ्याङ्क उपलब्ध नभएका २ सूचक देखिन्छ । यसरी विवरण प्राप्त भएका सूचकहरूमा उपलब्धि भई सकेका र हुने सम्भावना रहेका ४० प्रतिशत छन् भने योजनाले राखेको ६० प्रतिशत लक्ष्य हासिल गर्न यसै योजना अवधिमा कठिन छ । योजना कार्यान्वयनमा आउना साथ भोग्नु परेको कोभिड-१९ लगायतका महामारी, प्रदेशको पहिलो अनुभव र अन्य शासकीय अप्ठ्याराहरुलाई ध्यानमा राख्दा यो उपलब्धिलाई अत्यन्त सकारात्मक मान्नु पर्दछ । त्यसैले प्रथम आवधिक योजनाको कार्यान्वयनमा प्रदेश सरकारले राम्रो प्रयत्न गरी सन्तोषजनक उपलब्धि हासिल गरेको देखिन्छ ।

## २.७. दिगो विकास लक्ष्य

विकासमा विश्व दृष्टिकोण बदलिएको छ । विकास अन्तर्सम्बन्धित हुन्छ भन्ने समकालीन विश्व सहमत भएकाले नै सहस्राब्दी विकास लक्ष्यको पन्ध्र वर्ष लामो सहयात्रालाई सफलतापूर्वक पार गर्दै संयुक्त राष्ट्रसङ्घको नेतृत्वमा विश्वले विश्व विकासको एउटै मार्गचित्र दिगो विकास लक्ष्य कार्यान्वयनमा ल्याएको छ । नेपालले पनि दिगो विकास लक्ष्यलाई आत्मसात गरेको छ । नेपालको आवधिक योजना र अन्य सम्बन्धित क्षेत्रमा दिगो विकास लक्ष्यका विषयलाई आन्तरिकीकरण गरिएको

छ । दिगो विकास लक्ष्यका १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य र २३४ वटा सूचकहरू रहेका छन् । यी लक्ष्य हासिल गर्नका लागि तीन तह कै सरकारको भूमिका उत्तिकै महत्वपूर्ण रहन्छ । कोशी प्रदेश सरकारले पनि आफ्नो प्रथम आवधिक योजनामा दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरेको छ । प्रदेशमा रहेका स्थानीय तहमा पनि यसको प्रभावकारी कार्यान्वयनका लागि प्रयत्न गरिएको छ ।

प्रथम आवधिक योजनाका ६६ वटा गन्तव्य सूचक मध्ये दिगो विकास लक्ष्यसँग सम्बन्धित केही सूचकहरूलाई पहिचान गरी उक्त सूचकहरूको उपलब्धिको अवस्थालाई समीक्षा गरिएको छ ।

**तालिका-५: दिगो विकास लक्ष्यसँग सम्बन्धित सूचकहरूको स्थिति**

| क्र.सं. | सूचक | योजना अवधिको लक्ष्य | हाल सम्मको उपलब्धि | अवस्थाको समीक्षा | | |
|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य प्राप्त भै सकेको | लक्ष्य प्राप्त गर्न सकिने | लक्ष्य प्राप्त नहुने |
| **स्वच्छता तर्फका सूचक** | | | | | | |
| १. | आधारभूत सरसफाई पुगेको जनसङ्ख्या | ८० % | ९१.५% | √ | | |
| २. | वनले ढाकेको क्षेत्रफल | ४४.७४ % | ४४.४४% | | √ | |
| ३. | उर्जा उपभोगमा नवीकरणीय उर्जाको अनुपात | २.३ | २ | | √ | |
| **सुख तर्फका सूचक** | | | | | | |
| १. | सुशासनमा आधारित नतिजामूखी प्रशासन | १.२५ % | ०.५० % | | | √ |
| २. | उत्तरदायित्व, पारदर्शिता र भ्रष्टाचार न्यूनीकरण सूचकाङ्क | ४ % | ३.२ % | | √ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | दर्ता भएका अपराध उजुरीको फर्छयौट | ९०% | ६९.२ % | | | √ |
| ४. | मानव अधिकार उल्लङ्घनका घटना | ४२४ | ३७५ | √ | | |
| ५. | लैगिक सशक्तिकरण सुचकाङ्क | ०.६९ | ०.६४ | | | √ |
| ६. | जन्मदर्ता | ८५% | ७०.८५% | | | √ |
| ७. | किशोरी अवस्थाको प्रजनन्दर न्यूनीकरण | ४% | ५% | | √ | |
| ८. | पुडकोपना भएका बालबालिका | ३०% | २०% | √ | | |
| ९. | कमतौल भएका बालबालिका | २०% | १३% | √ | | |
| १०. | सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रममा आवद्ध जनसङ्ख्या | ४२% | १२.१% | | | √ |
| **समुन्नति तर्फका सूचक** | | | | | | |
| १. | कुल गार्हस्थ उत्पादन (रु. लाखमा) | ८०३०५३ | ८४९६४९ | √ | | |
| २. | वार्षिक आर्थिक वृद्धिदर | ९.५ | २.३८ | | | √ |
| ३. | प्रतिव्यक्ति आय | १६२० | १२९९ | | √ | |
| ४. | जिनी कोफिसियन्ट | ०.३२० | ०.३१ | √ | | |
| ५. | माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको | ०.९० | १.३० | | | √ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आम्दानी अनुपात | | | | | |
| ६. | अपेक्षित आयु (वर्ष) | ७३.१ | ७२ | | √ | |
| ७. | बाल मृत्युदर | २२ | ३३ | | | √ |
| ८. | शिशु मृत्युदर | २० | २७ | | | √ |
| ९. | आधा घण्टाको दूरीमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने परिवार | ८०% | ६९% | | | √ |
| १०. | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | १४ % | १४.२% | | √ | |
| ११. | विद्युतमा पहुँच प्राप्त परिवार | १०० % | ९८% | | √ | |
| १२. | आधारभूत खानेपानी पुगेको जनसङ्ख्या | ९९% | ९०% | | | √ |
| १३. | सुरक्षित खानेपानी पुगेको जनसङ्ख्या | २५ % | १९ % | | | √ |
| १४. | सडक घनत्व ( कि.मि./व.कि.मि.) | ६० | ५२ | | | √ |
| १५. | बेरोजगारी दर | ५.४ | ९.८० | | | √ |
| १६. | कुल साक्षरता दर | ९९ | ७९.६ | | | √ |

*स्रोतः- प्रथम आवधिक योजना, आर्थिक सर्वेक्षण, मध्यमकालीन खर्च संरचना, प्रदेश पार्श्व चित्र, २०८० कोशी प्रदेश सरकार*

प्रदेशको दिगो विकास लक्ष्यसँग सम्बन्धित रहेर केही सूचकहरूलाई माथिको तालिकामार्फत विश्लेषण गर्ने प्रयास गरिएको छ । प्रदेशको ६६ गन्तव्य सूचक मध्ये स्वच्छतातर्फका ३, सुखतर्फका १० र समुन्नतितर्फका १६ सूचकलाई यहाँ समावेश गरिएको छ। स्वच्छतातर्फका ३ सूचक मध्ये आधारभूत सरसफाई पुगेको घरपरिवारको लक्ष्य हासिल भई सकेको छ । वन क्षेत्रले ढाकेको क्षेत्रफलको लक्ष्य र कुल उर्जा उपभोगमा नविकरणीय उर्जाको अनुपातको लक्ष्य प्राप्त गर्न थप मेहनत गर्नुपर्ने अवस्था

छ ।

सुखका गन्तव्य सूचकमा ३ वटा मानव अधिकार उल्लङ्घनका घटना, पुड्कोपना भएका बालबालिका, र कमतौल भएका बालबालिकासम्बन्धी सूचक प्राप्त भई सकेका छन् । २ वटा प्राप्त गर्न थप मेहनत गर्नुपर्ने छन् भने ५ वटा गन्तव्य सूचक प्राप्त गर्न कठिन देखिन्छ । उत्तरदायित्व, पारदर्शिता र भ्रष्टाचार न्यूनीकरण सूचक र किशोरी अवस्थाको प्रजनन् न्यूनीकरण सूचक हासिल गर्नका लागि अतिरिक्त मेहनत आवश्यक छ । सुशासनमा आधारित नतिजामूखी प्रशासन, दर्ता भएका उजुरीको फर्छ्यौट, लैङ्गिक सशक्तिकरण सूचकाङ्क, जन्मदर्ता, सामाजिक सुरक्षा तथा संरक्षण र कार्यक्रममा आवद्ध जनसङ्ख्या जस्ता गन्तव्य सूचकको लक्ष्य प्राप्ति गर्न सकिने अवस्था देखिएन ।

समुन्नतिका १६ वटा गन्तव्य सूचकलाई दिगो विकास लक्ष्यसँग आवद्ध गरेर हेरिएको छ । २ वटा सूचक प्राप्त भएका , ४ वटा अतिरिक्त मेहनतबाट हासिल गर्न सकिने र १० वटा सूचकको लक्ष्य प्राप्त गर्न नसकिने देखिएको छ । गार्हस्थ उत्पादनको लक्ष्य र जिनी कोफिसियन्टको लक्ष्य प्राप्त भई सकेको छ । प्रतिव्यक्ति आय, अपेक्षित आयु, बहुआयामिक गरिबी र विद्युतमा पहुँच पुगेको परिवारको लक्ष्य प्राप्त हुने देखिन्छ । आधारभूत खानेपानी पुगेको जनसङ्ख्या, सुरक्षित खानेपानी पुगेको जनसङ्ख्या र सडक घनत्वको लक्ष्य हासिल गर्न विशेष प्रयत्न आवश्यक छ । त्यस्तै वार्षिक आर्थिक वृद्धिदर, आम्दानी अनुपात, बालमृत्युदर, शिशुमृत्युदर, आधा घण्टाको दूरीमा आधारभूत स्वास्थ्य सेवा पाउने परिवार, बेरोजगारी दर र कुल साक्षरता दरको लक्ष्य हासिल हुने अवस्था देखिएन ।

## २.८. उपसंहार

आवधिक योजनाले दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलापहरू निर्धारण गरेको छ । कोशी प्रदेशको आवधिक योजनाले विकासको प्रादेशिक आवश्यकता पूरा गर्ने, स्थानीय तहलाई पनि साथमा लिएर समुन्नतितर्फको यात्रा तय गर्ने र प्रदेशका उपलब्धिबाट राष्ट्रिय लक्ष्य हासिल गर्नलाई समेत सहयोग हुने गरी प्रयास अगाडि बढाएको छ । पन्ध्रौ आवधिक योजनाका मुलभूत विषयलाई आत्मसात गरेको छ भने दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरेको छ । दीर्घकालीन सोचलाई तीन मुख्य स्तम्भ स्वच्छता, सुखी र समुन्नतिमा वर्गिकरण गरी प्रत्येक स्तम्भको चार चार वटै क्षेत्रगत आधारहरू तयार गरिएको छ । प्रत्येक क्षेत्रगत आधारलाई विभिन्न ६६ वटा गन्तव्य सूचक निर्धारण गरी प्रदेशको विविध क्षेत्रको गन्तव्य निर्धारण गरि प्रष्टता ल्याईएको छ । प्रत्येक गन्तव्यको हालसम्मको उपलब्धिको समीक्षा गरिएको छ ।

सामाजिक न्याय सहितको समृद्ध प्रदेश निर्माण गर्ने लक्ष्य किटान गरिएको छ । यसले समृद्धिलाई प्रदेशले जति महत्व दिएको छ त्यति नै महत्व सामाजिक न्याय र समानतालाई दिएर विकासलाई फराकिलो गरी परिभाषित गरेको छ । समष्टिगत लक्ष्यअन्तर्गत विभिन्न चार क्षेत्रमा प्रदेशको मुख्य परिमाणात्मक लक्ष्य र २३ वटा सूचकहरू तोकिएको छ । यसमा आर्थिक क्षेत्रतर्फ ६ वटा सूचक, सामाजिक क्षेत्रतर्फ १० वटा सूचक, भौतिक क्षेत्रतर्फ ४ वटा र शासकीय सुधारतर्फ ३ वटा सूचकहरू निर्धारण गरिएको छ । प्रत्येक सूचकको आधार तथ्याङ्क र योजनाको अन्त्यमा प्राप्त गर्ने औसतलक्ष्य किटान हुनुले आवधिक योजनाको क्षेत्रगत उपलब्धि मापनमा सहजता आउने छ । तर यसमा वार्षिक लक्ष्यहरू भने निर्धारण गरिएको छैन । गन्तव्य सूचक र समष्टिगत लक्ष्यका सूचकमा सन्तुलित विभाजन भने देखिदैन ।

योजनाले निर्धारण गरेको लक्ष्य प्राप्त गर्न सहयोग हुने  गरी ५ समष्टिगत उद्देश्य राखिएको छ । उत्पादन वृद्धि, रोजगारी सिर्जना,  शिक्षा, स्वास्थ्य, सामाजिक विकासमा गुणात्मक सुधार, मानव संसाधन विकास र समतामूलक समाज बनाउने उद्देश्य छन् । त्यस्तै भौतिक पूर्वाधार गुणस्तरीय र दिगो बनाउने, जलवायु अनुकूलन अवस्था सिर्जना, जैविक विविधता संरक्षण र सुशासन अभिवृद्धि गर्नु नै आवधिक योजनाका उद्देश्य छन् ।

आवधिक योजनाले लिएका सातवटा समष्टिगत रणनीतिको समीक्षा गर्दा कृषिको उत्पादन र उत्पादकत्व वृद्धिको रणनीति लिईएको र कृषि क्षेत्रमा कोशी प्रदेशको राष्ट्रिय योगदान उच्च हुनु सकारात्मक विषय भए तापनि योजनाले अपेक्षा गरेबमोजिमको कृषि उत्पादन र उत्पादकत्व वृद्धि भएको छैन । सरकारका हरेक गतिविधिले समावेशी र न्यायपूर्ण समाज स्थापनाका लागि योगदान गर्दै आएको छ । शिक्षा, स्वास्थ्य लगायतका आधारभूत सेवा सुविधाको पहुँच विस्तारका लागि निरन्तर काम भएको पाउन सकिन्छ । रणनीतिक महत्वका पूर्वाधार विकासमा विशेष प्राथमिकता दिंदै प्रदेशले उल्लेख्य स्रोत खर्च गर्दै  गएको देखिन्छ । वन, वातावरण र जैविक विविधताको विकास एवं संरक्षणमा सकारात्मक हस्तक्षेप भई राम्रो नतिजा प्राप्त भएको छ । सुशासन प्रवर्द्धनको प्रयास निकै सकारात्मक छ । समष्टिगत रणनीतिले योजनाका उद्देश्य हासिल गर्नका लागि मद्धत गरेको छ ।

उत्पादनमूखी क्षेत्रमा लगानी वृद्धि गरी आय र रोजगारी सिर्जना गर्ने उद्देश्य रहेकोमा प्रदेशको गार्हस्थ उत्पादनमा निकै राम्रो सुधार भएको छ, प्रतिव्यक्ति आम्दानी वृद्धिको अनुपात पनि सन्तोषजनक छ तर रोजगारी सिर्जनामा खासै फड्को मार्न सकेको देखिएन । शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा गुणात्मक सुधार गर्दै मानव संसाधन विकास एवम् समतामूलक समाजको आधार निर्माण गर्ने उद्देश्य

हासिल गर्ने सबालमा प्रदेशलाई पूर्णसाक्षर घोषणा गरिएको छ, विश्व विद्यालय स्थापना भएको र प्रदेशमा भएका उच्च शिक्षा प्रदायक संस्थासँगको सहकार्य राम्रो छ, मानव विकास सूचकाङ्कमा पनि राम्रो अवस्था छ, विकासमा सबैको संलग्नता, सहभागिता तथा प्रतिफल सबैले पाउने अवस्था सिर्जनाका लागि काम भएका छन् । तर यो उद्देश्य हासिल गर्नका लागि थप स्रोत परिचालन गर्नुपर्ने, नीतिगत स्पष्टता रहनुपर्ने तथा विकासमा सहभागिता तथा लाभको समुचित बाडफाँटमा ठोस प्रयत्न गर्नुपर्ने देखिन्छ। गुणस्तरीय र दिगो भौतिक पूर्वाधारको विकासको उद्देश्य हासिल गर्नका लागि प्रदेशले निकै मेहनत गरेको छ । स्रोत प्रवाहमा यस क्षेत्रलाई उच्च प्राथमिकता दिईएको छ । सडक, विद्युत, खानेपानी लगायतका पूर्वाधारमा राम्रो उपलब्धि हासिल भए तापनि आयोजनामा स्रोतको व्यवस्थापन, समयमा कार्य सम्पन्न गर्ने विषय तथा यसको गुणस्तर सुधारमा अतिरिक्त प्रयत्नको आवश्यकता छ । आवधिक योजनाको जलवायु अनुकूलन व्यवस्थापन र विकासमा राम्रो प्रयत्न र उपलब्धि भएको देखिन्छ । सुशासनको क्षेत्रमा भएका प्रयत्नले सकारात्मक नतिजा दिए तापनि यो क्षेत्रमा धेरै ठूलो सुधारको खाँचो छ ।

माथिका तालिकाहरूमा राखिएका तथ्यको आधारमा समीक्षा गर्दा प्रदेशको दीर्घकालीन सोच हासिल गर्नेतर्फको प्रयत्न सकारात्मक छ । यसले पन्ध्रौ आवधिक योजना र दिगो विकास लक्ष्यलाई पनि सकारात्मक योगदान गरेको छ। साथै योजना कार्यान्वयनका क्रममा समष्टिगत लक्ष्य हासिल गर्नेतर्फ पनि सकारात्मक प्रयास भएको देखिन्छ। तर दीर्घकालीन सोच र समष्टित लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि थप प्रयास आवश्यक छ ।

# परिच्छेद-तीन

# उपलब्धिको एकीकृत विश्लेषण

## ३. उपलब्धिको एकीकृत विश्लेषण

आवधिक योजनाको सम्पूर्ण समीक्षाको एकीकृत झलकले सहजताका साथ योजना कार्यान्वयनको अवस्था बुझ्न सहज हुने भएकाले यस परिच्छेदमा मुख्यमुख्य सूचकहरूको लक्ष्य, उपलब्धि र अन्तिम लक्ष्य हासिल हुने, नहुने अवस्था र त्यसको कारण तथा सुझावलाई एकै ठाउँमा राखेर विश्लेषण गरिएको छ।

## ३.१. उपलब्धि समीक्षा तालिका

प्रथम आवधिक योजनाले राखेको समष्टिगत लक्ष्य, गन्तव्य सूचक तथा अन्य मुख्य सूचकहरूको उपलब्धिको विश्लेषण सहज बनाउन तथा तथ्याङ्कीय उपलब्धिको विश्लेषण गर्नका लागि उपलब्धि म्याट्रिक्स प्रयोगमा ल्याईएको छ । यसमा लक्ष्य र उपलब्धिको तुलनात्मक विवरण एकै ठाउँमा देखाउनुका साथै उपलब्धिको समीक्षा पनि गरिएको छ। निर्धारित लक्ष्य हासिल हुनु र नहुनुको कारण तथा लक्ष्य हासिल गर्नका लागि गर्नुपर्ने सुधारहरू समेत सङ्क्षिप्तमा राख्ने प्रयत्न गरिएको छ । सूचकहरू छनौट गर्दा सबै क्षेत्रहरू समेट्ने प्रयास गरिएको छ। समष्टिगत सूचकतर्फ आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, भौतिक क्षेत्र तथा शासकीय सुधार र दीर्घकालीन सोचसँग सम्बन्धित गन्तव्य सूचकतर्फ स्वच्छताका, सुखका तथा समुन्नतिका सूचकहरू समावेश गरिएको छ। यसरी सूचकहरू छनौट गरी आधार वर्ष र लक्ष्यको सन्दर्भमा विगत चार वर्षको योजना कार्यान्वयनको क्रममा प्राप्त भएको उपलब्धि समावेश गरिएको छ। यसरी तोकिएको लक्ष्य र प्राप्त उपलब्धिको आधार विश्लेषण गरिएको छ। हालसम्म भएको प्रगतिको आधारमा योजनाको अन्त्यसम्ममा निर्धारित लक्ष्य हासिल भई सकेको छ, हासिल हुन सक्छ तर कठिन छ र लक्ष्य हासिल हुदैन भनी तीन स्तरमा वर्गीकरण गरिने छ । यसरी प्रत्येक सूचकको वर्गीकरण गरेपश्चात प्रत्येक सूचकको लक्ष्य हासिल हुनु र नहुनुको कारण विश्लेषण गरिएको छ। योजनाको बाँकी अवधि कार्यान्वयनमा प्रभावकारिता ल्याउन तथा दोस्रो आवधिक योजना तर्जुमा गर्न सहयोग पुग्ने गरी सुझावहरू समावेश गरिएको छ। यसै म्याट्रिक्सको सहायताबाट आवधिक योजनाको समग्र अवस्थाको सङ्क्षिप्त जानकारी हासिल गर्न सकिने छ।

# तालिका-६: उपलब्धि समीक्षा तालिका

<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">सूचक</th><th rowspan="2">योजना अवधिको लक्ष्य</th><th rowspan="2">हालसम्म हासिल उपलब्धि</th><th colspan="3">योजनाको अन्त्य सम्म लक्ष्य प्राप्तिको अवस्था</th><th rowspan="2">कारण</th><th rowspan="2">सुझाव</th></tr>
<tr><th>भए को</th><th>हुने तर थप मेहनत गर्नु पर्ने</th><th>नहुने</th></tr>
<tr><td>१.</td><td>आर्थिक वृद्धिदर</td><td>९.७</td><td>२.४</td><td></td><td></td><td>√</td><td>• कोभिड महामारी<br>• स्रोतको न्यूनता<br>• निजी क्षेत्रको कम क्रियाशिलता<br>• कृषिमा उत्पादकत्व वृद्धि नहुनु<br>• उद्योगमा लगानी नभित्रनु</td><td>• लक्ष्य हासिल गर्न योजनामा स्रोत र कार्यक्रम पर्याप्त तयार पार्ने<br>• प्रतिफलयुक्त क्षेत्रमा लगानी बढाउने<br>• निज क्षेत्रलाई विश्वासमा लिने<br>• संरचनात्मक रुपान्तरणको प्रष्ट योनजा बनाई कार्यान्वयनमा ल्याउने</td></tr>
<tr><td>२.</td><td>कुल गार्हस्थ उत्पादन</td><td>८ खर्ब ३० अर्ब</td><td>८ खर्ब ४९ अर्ब</td><td>√</td><td></td><td></td><td>• कृषि उत्पादनमा वृद्धि<br>• सेवा क्षेत्रमा न्यूनता नआउनु<br>•</td><td>• दिगो बनाई राख्नका लागि कृषिको आधुनिकीकरण र उत्पादनमूलक उद्योगमा लगानी बढाउने<br>• उत्पादनमा आधारित अनुदान प्रणाली प्रयोगमा ल्याउने<br>• उत्पादन बढाउन मद्धत गर्ने पूर्वाधार विकासमा जोड दिने</td></tr>
<tr><td>३.</td><td colspan="8">गार्हस्थ उत्पादनको संरचना</td></tr>
</table>

| क.सं. | सूचक | योजना अवधिको लक्ष्य | हालसम्म हासिल उपलब्धि | योजनाको अन्त्य सम्म लक्ष्य प्राप्तिको अवस्था | | | कारण | सुझाव |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भए को | हुने तर थप मेहनत गर्नु पर्ने | नहुने | | |
| क | गार्हस्थ उत्पादनमा प्राथमिक क्षेत्रको योगदान | ३०.६९ | ३३.५. | | | √ | • कृषिमा निर्भर जनसंख्या ठूलो<br>• उत्पादकत्व न्यून भएकाले अन्य क्षेत्रका लागि स्रोत प्राप्त हुन सकेन<br>• नीतिगत अपर्याप्तता<br>• | • कृषिलाई उद्यमको रुपमा विकास गर्ने<br>• कृषि पूर्वाधार सुधार्ने<br>• उत्पादन बढाउन मद्धत गर्ने गरी अनुदान दिने<br>• |
| ख | गार्हस्थ उत्पादनमा द्वितिय क्षेत्रको योगदान | २३.६१ | १६.५ | | | √ | • उद्यममा भन्दा व्यापारमा रुची<br>• बैकले उद्यमलाई भन्दा व्यापारमा सहजै ऋण दिने<br>• निजी क्षेत्र आश्वस्त छैन<br>• पूर्वाधार, प्रविधि र सक्षम जनशक्तिको न्यूनता<br>• लगानीकर्तालाई आकर्षित गर्न छुट तथा सहुलियत दिने क्षमता तथा कानुनी आधार प्रदेश सरकारसँग नहुनु | • उद्योगमा लागनी बढाउन विशेष पहल लिने तथा आकर्षक प्याकेज प्रयोगमा ल्याउनेनीतिगत स्थायित्व र राज्यको संरक्षण र सुविधा उद्यमले पाउनु पर्ने |
| ग | गार्हस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान | ४५.६८ | ५०.० | | | √ | • बाह्य बजारसँग प्रतिस्पर्धा गर्ने क्षमता अझै विकास भएको छैन<br>• छिटो प्रतिफल दिन्छ<br>• युवा पुस्ताको आकर्षण यो क्षेत्रमा बढी छ | • दिगो बनाउन राज्यले मद्धत गर्ने<br>• आधुनिक सीप र प्रविधि विस्तारमा जोड दिने<br>• विशेष अनुदानका प्याकेज ल्याउने<br>• स्थानीय समुदायको सीप र |

| क.सं. | सूचक | योजना अवधिको लक्ष्य | हालसम्म हासिल उपलब्धि | योजनाको अन्त्य सम्म लक्ष्य प्राप्तिको अवस्था | | | कारण | सुझाव |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भए को | हुने तर थप मेहनत गर्नु पर्ने | नहुने | | |
| | | | | | | | | सम्भावनालाई अधिक प्रयोग गर्ने |
| ४. | प्रतिव्यक्ति आय ( अमेरिकी डलर) | १६२० | १२९९ | | √ | | • गार्हस्थ उत्पादन बढनु र जनसंख्यामा ठूलो वृद्धि नहुँदा सकारात्मक प्रभाव देखिएको<br>• आय आर्जनका दिगो र बैकल्पिक स्रोतहरू प्राप्त नहुँदा यसलाई जोगाउन र बढाउन कठिन | • आय आर्जनका क्षेत्रमा प्राथमिकताकासाथ लगानी बढाउने |
| ५. | गरिबीको रेखामुनी रहेको जनसङ्ख्या | ११ | १२.४ | | √ | | • सामाजिक सुरक्षाका कार्यक्रम बढनु, शिक्षा स्वास्थ्य जस्ता आधारभूत विषयमा राज्यको ध्यान पुग्नु, रोजगारी बढनु र लक्षित कार्यक्रमले गरिबी घटाउन योगादन गरेको<br>• गरिबी न्यूनिकरण केन्द्रित कार्यक्रमको न्यूनता भएकाले लक्ष्य हासिलमा कठिनाई<br>• लगानीबाट के प्रतिफल आयो र कुन निकायले यसमा कति प्रगति गरे मापन गर्ने प्रणाली विकास भएको छैन<br>• अनुगमन र प्रतिवेदन प्रणाली प्रभावकारी छैन | • गरिबी न्यूनिकरण लक्षित कार्यक्रम योजनामा राख्नु पर्दछ<br>• विपन्न परिवार र व्यक्ति पहिचान गरी गरिब केन्द्रित कार्यक्रम संचालन गर्ने<br>• लगानीको प्रतिफल आयो आएन मापन गर्ने विधि विकास गर्ने |

| क्र.सं. | सूचक | योजना अवधिको लक्ष्य | हालसम्म हासिल उपलब्धि | योजनाको अन्त्य सम्म लक्ष्य प्राप्तिको अवस्था | | | कारण | सुझाव |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भए को | हुने तर थप मेहनत गर्नु पर्ने | नहुने | | |
| ६. | मावन विकास सूचकाङ्क | ०.६० | ०.५८ | | √ | | • शिक्षा, स्वास्थ्य, आम्दानी आदिमा सुधार भएकाले लक्ष्यको नजिक पुगिएको<br>• शिक्षा, स्वास्थ्य तथा अन्य अवसरमा निकै ठूलो असमानता बाँकी छ | • मानव विकासका सुचकहरूमा लगानी बढाउने<br>• सन्तुलित र न्यायिक विकासमा जोड दिने<br>• राष्ट्रिय औषत भन्दा माथि जाने गरी काम गर्नु पर्ने |
| ७. | साक्षरता दर | ९९ | ७९.७ | | | √ | • महिला र पुरुष बीचको साक्षरतादरमा उच्च अन्तर<br>• जिल्लागत र पालिकागतरुपमा ठूलो अन्तर<br>• विद्यालय बाहिरका बालबालिकालाई समेटने कार्यक्रम देखिएन | • सबै लिङ्ग, बर्ग र क्षेत्रको समानुपातिक विकासमा जोड दिने<br>• विद्यालय नजाने बालबालिका लाई लक्षित गरी विशेष कार्यक्रम संचालन गर्ने |
| ८. | अपेक्षित आयु | ७३.१ | ७२ | | √ | | • विगत वर्षहरुमा प्रदेशले प्राप्त गरेको पोषण, स्वास्थ्य र सरसफाईका उपलब्धि राम्रा भएकाले यसमा योगदान पुग्ने<br>• खाद्यान्न आपुर्ति लगायतका अन्य पूर्वाधारमा भएको सुधारको सकारात्मक प्रभाव पर्ने | • बालमृत्युदर सुधार्न विशेष ध्यान दिने<br>• स्वास्थ्य संस्थाको पहुँच र गुणस्तर वृद्धिमा जोड दिने<br>• ज्येष्ठ नागरिक सेवामा सुधार गर्ने |
| ९. | सडक घनत्व(प्रति व.कि.मि.) | ०.६० | ०.५२ | | | √ | • सडक पूर्वाधारमा अपेक्षित लक्ष्य हासिल नभएको। योजनाहरू समयमा सम्पन्न हुन नसकेका। | • आवश्यकताको आधारमा प्राथमिकता तय गरेर कार्यान्वयन गर्न |

| क्र.सं. | सूचक | योजना अवधिको लक्ष्य | हालसम्म हासिल उपलब्धि | योजनाको अन्त्य सम्म लक्ष्य प्राप्तिको अवस्था | | | कारण | सुझाव |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भए को | हुने तर थप मेहनत गर्नु पर्ने | नहुने | | |
| | | | | | | | • लगानीको लागि पर्याप्त स्रोत उपलब्ध नहुनु<br>• दीर्घकालीन योजना बमोजिम काम नहुनु | सक्ने योजनालाई आवश्यक बजेट व्यवस्था गर्ने<br>• नियमित मर्मतसंभारको प्रबन्ध गर्ने<br>• सडक निर्माणमा निजी क्षेत्रको लगानी आकर्षित गर्ने |
| १०. | आधारभूत खानेपानी सुविधा पुगेको जनसङ्ख्या( प्रतिशत) | ९९ | ९० | | | √ | • खानेपानी सुविधा पुऱ्याउन बाँकी स्थलहरू प्राविधिक, भौगोलिक र आर्थिक दृष्टिबाट अप्ठ्यारा भएकाले धेरै स्रोत र मेहनत आवश्यक पर्ने<br>• अध्यावधिक तथ्यांकको अभाव<br>• काममा दोहोरोपना र योजना अलपत्र रहने अवस्था | • तथ्यांक नियमित अध्यावधिक हुने प्रणाली विकास गर्ने<br>• स्थानीय तहलाई निर्माण र मर्मतसंभारमा जवाफदेही बनाउने<br>• अपुरा योजना सक्ने गरी बजेट व्यवस्था गर्ने<br>• स्थान विशेषको दररेट फरक फरक निर्धारण गर्ने |
| ११. | सरसफाई सुविधा पुगेको घरधुरी ( प्रतिशत) | ८० | ९० | √ | | | • नागरिकको बढदो चेतना<br>• विगत देखिका अभियानले सहयोग गरेको | • बाँकी घर परिवारमा सुविधा पुऱ्याउन कठिन हुने भएकाले विशेष अभियान चलाउनुपर्ने |

| क्र.सं. | सूचक | योजना अवधिको लक्ष्य | हालसम्म हासिल उपलब्धि | योजनाको अन्त्य सम्म लक्ष्य प्राप्तिको अवस्था | | | कारण | सुझाव |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भएको | हुने तर थप मेहनत गर्नु पर्ने | नहुने | | |
| | | | | | | | | • पूर्ण सरसफाई योजना बनाई कार्यान्वयन गर्नु पर्ने |
| १२. | विद्युत सुविधा पुगेको घर परिवार(प्रतिशत) | १०० | ९७ | | √ | | • विद्युत उत्पादन वृद्धि भएको<br>• वैकल्पिक तथा नवीकरणीय उर्जाको बढ्दो प्रयोग<br>• प्रदेश सरकारको विशेष कार्यक्रम | • विद्युत नपुगेको वा पुऱ्याउन नसक्ने ठाउँमा अन्य उर्जाको प्रयोगमा ध्यान दिने<br>• ग्रामीण विद्युतको गुणस्तर सुधार गर्ने<br>• विद्युत धेरै खपत गर्न पूर्वाधार सुधार तथा नागरिक सचेतना बढाउने र त्यसका लागि प्रदेशले प्रोत्साहन गर्ने |
| १३. | वन क्षेत्रले ढाकेको क्षेत्रफल(प्रतिशत) | ४४.७४ | ४४.४४ | | √ | | • सामुदायिक वनको अभ्यासले वनको गुणस्तर र क्षेत्रफल बढेको<br>• कानुनको प्रभावकारी प्रयोग<br>• बसाइँसराइले गर्दा निजी जमिनमा समेत वन बढ्नु र उपभोग समेत कम हुनुले वन वृद्धिमा मद्धत पुगेको | • निजी जमिनको वनको व्यवसायिक प्रयोगलाई सहज बनाउने<br>• गरिबी निवारण र रोजगारी सिर्जना तथा अर्थोपार्जनमा वनको प्रयोग बढाउने<br>• विकास निर्माणमा वन र अन्य क्षेत्रको सहज सहकार्यको वातावरण तयार पार्ने |

| क्र.सं. | सूचक | योजना अवधिको लक्ष्य | हालसम्म हासिल उपलब्धि | योजनाको अन्त्य सम्म लक्ष्य प्राप्तिको अवस्था | | | कारण | सुझाव |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भए को | हुने तर थप मेहनत गर्नु पर्ने | नहुने | | |
| १४. | उर्जा उपभोगमा नवीकरणीय उर्जाको अनुपात | २.३ | २ | | √ | | • परम्परागत उर्जाको सहज उपलब्धता र अनुभवले नवीकरणीय उर्जामा अझै नागरिक अभ्यस्त नभएको अवस्था रहनु<br>• सहज उपलब्धता नहुन<br>• सचेतनाको अभाव<br>• सरकारी नीतिको कम प्रभावकारिता | • समुदायको लगानीमा नवीकरणीय उर्जाको उत्पादन बढाउने<br>• नवीकरणीय उर्जाको उपभोग बढाउन सचेतना र प्रोत्साहन प्रदान गर्ने |
| १५. | लैङ्गिक सशक्तिकरण सूचकाङ्क | ०.६९ | ०.६४ | | | √ | • परम्परागत सोच<br>• कानुनको फितलो अभ्यास<br>• सशक्तिकरणका आधार पक्ष (शिक्षा, स्वास्थ्य, रोजगारीमा) मा राज्यको कम ध्यान जानु | • शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षामा समतामूलक हस्तक्षेप बढाउने<br>• सरकारको क्रियाशिलता वृद्धि<br>• समुदायलाई यसका लागि तयार पार्ने |
| १६. | राजनीतिक सशक्तिकरण सूचकाङ्क | ०.७५ | ०.७३ | | √ | | • सङ्घीय प्रणालीले गर्दा धेरैले राजनीतिको अभ्यास गर्ने मौका पाएका<br>• शिक्षा, प्राविधि र अन्तर्राष्ट्रिय पहुँचले गर्दा बढ्दो राजनीतिक चेतना | • राजनीतिलाई सेवा प्रवाहको मूल आधार हो भन्ने मान्यता विकास गर्ने<br>• युवालाई राजनीतिमा लाग्न प्रेरित गर्ने<br>• पिछडिएको लिङ्ग, वर्ग र समुदायको संलग्नता राजनीतिमा बढाउन थप प्रयत्न गर्ने |

| क्र.सं. | सूचक | योजना अवधिको लक्ष्य | हालसम्म हासिल उपलब्धि | योजनाको अन्त्य सम्म लक्ष्य प्राप्तिको अवस्था | | | कारण | सुझाव |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भए को | हुने तर थप मेहनत गर्नु पर्ने | नहुने | | |
| १७. | आर्थिक सशक्तिकरण सूचकाङ्क | ०.५२ | ०.४६ | | | √ | • पुँजी पलायन, निजी क्षेत्रको निस्कृयता<br>• बढदो निराशा<br>• सुशासनको पाटो कमजोर, बढदो भ्रष्टाचार र जवाफदेहिताको कमी | • लगानीको वातावरण बनाउने<br>• युवा पुस्तालाई उद्यममा लाग्न प्रेरित गर्ने<br>• विद्यमान शिक्षा प्रणालीमा सधुार गर्ने |
| १८. | कमतौल भएका बालबालिका ( प्रतिशत) | २० | १३ | √ | | | • पोषणमा भएको सुधार र लक्षित कार्यक्रमको प्रभाव<br>• स्वास्थ्य सुविधा तथा सेवामा सुधार<br>• खाद्य उपलब्धता र घटदो गरिबी<br>• नागरिक चेतनामा वृद्धि | • तथ्याङ्क अध्यावधिक गरी लक्षित कार्यक्रम सञ्चालन गर्ने<br>• विद्यालय तहको शिक्षमा पोषणका विषयमा विशेष जोड दिने<br>• सचेतना अभियान संचालन गर्ने |
| १९. | पुड्कोपना भएका बालबालिका( प्रतिशत) | ३० | २० | √ | | | • पोषणमा भएको सुधार र लक्षित कार्यक्रमको प्रभाव<br>• स्वास्थ्य सुविधा तथा सेवामा सुधार<br>• खाद्य उपलब्धता र घट्दो गरिबी<br>• नागरिक चेतनामा वृद्धि | • तथ्याङ्क अध्यावधिक गरी लक्षित कार्यक्रम सञ्चालन गर्ने<br>• विद्यालय तहको शिक्षामा पोषणका विषयमा विशेष जोड दिने<br>• सचेतना अभियान संचालन गर्ने |

| क्र.सं. | सूचक | योजना अवधिको लक्ष्य | हालसम्म हासिल उपलब्धि | योजनाको अन्त्य सम्म लक्ष्य प्राप्तिको अवस्था | | | कारण | सुझाव |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भएको | हुने तर थप मेहनत गर्नु पर्ने | नहुने | | |
| २०. | सम्पत्तिमा आधारित असमानता जनाउने गिनी कोफिसियन्ट | ०.३२ | ०.३१ | √ | | | • सरकारका प्रभावकारी नीति<br>• सबै वर्ग समुदायले आय आर्जन र रोजगारीमा बढाउदै लगेको पहुँच | • वितरण न्यायमूखी हुने गरी नीति कार्यक्रम बन्नुपर्ने<br>• पीछडिएको वर्ग समुदायलाई मूल प्रवाहिकरण गर्ने<br>• पुर्नवितरणका नीति लिने |
| २१. | आधा घण्टाको दूरीमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने परिवार (प्रतिशत) | ८० | ६९.० | | | √ | • योजनाले लक्ष्य गरे बमोजिम स्वास्थ्य संस्था निर्माण नहुनु<br>• चिकित्सकको कमी<br>• स्वास्थ्यमा स्रोतको न्यूनता | • विद्यमान स्वास्थ्य संस्थाको विस्तार तथा स्तरोन्नति गर्ने<br>• स्वास्थ्यकर्मी टिकाईराख्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने |
| २२. | श्रमको उत्पादकत्व (रु हजारमा) | २८३.३० | २०८.३० | | | √ | • प्राविधिक जनशक्ति विकास नहुनु<br>• सीप तालिमको न्यूनता<br>• प्रविधिको न्यून प्रयोग<br>• उत्पादकत्व बढाउन मद्धत गर्ने अन्य पूर्वाधारको कमी | • उत्पादनशील क्षेत्र पहिचान गरी त्यस्ता क्षेत्रमा लगानी बढाउने<br>• श्रमिकलाई सीप तालिम प्रदान गर्ने<br>• प्रविधिसंग श्रमिकलाई साक्षात्कार गराउने |
| २३. | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा(प्रतिशत) | ५० | ३८.९० | | | √ | • औपचारिक रुपमा संचालिक उद्यम व्यवसायको न्यूनता | • सरकारी तथ्याङ्क प्रणालीलाई सुधार गर्ने |

| क्र.सं. | सूचक | योजना अवधिको लक्ष्य | हालसम्म हासिल उपलब्धि | योजनाको अन्त्य सम्म लक्ष्य प्राप्तिको अवस्था | | | कारण | सुझाव |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भएको | हुने तर थप मेहनत गर्नु पर्ने | नहुने | | |
| | | | | | | | • सरकारको कम क्रियाशिलता तथा उद्यमी सरकारलाई सूचना दिन इच्छुक नहुनु | • मूलप्रवाहमा आउनका लागि उद्यम व्यवसायलाई प्रेरित गर्ने नीति लिने |
| २४. | बेरोजगारी दर | ५.४० | ९.८० | | | √ | • रोजगारीको अवसरको न्यूनता<br>• उद्यम व्यवसासयको अभाव<br>• सीपयुक्त जनशक्तिको न्यूनता<br>• श्रम प्रतिको सम्मान भाव नहुनु<br>• शिक्षा प्रणालीले श्रम गर्न नसिकाउनु | • प्राविधिक तथा व्यसायिक शिक्षामा सबैको पहुँच सहज स्थापित हुने वातावरण बनाउने<br>• उद्यम स्थापना र सञ्चालनमा सहजता ल्याउने<br>• जे भए पनि काम समान हो भन्ने भावना समाजमा जागृत गराउन सचेतना अभियान चलाउने |

## परिच्छेद-चार

# समष्टिगत आर्थिक क्षेत्रको समीक्षा

## ४. पृष्ठभूमि

उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने, प्राप्त प्रतिफलको समतामूलक वितरणमा जोड दिने, आर्थिक गतिविधिलाई चलायमान बनाई दिगो र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य प्रथम योजनाले लिएको छ । संविधानले निर्दिष्ट गरेबमोजिम सार्वजनिक, निजी तथा सहकारी क्षेत्र एक अर्काको परिपूरक र सहयोगी तथा साझेदारको रुपमा रहने विषय उल्लेख छ । प्रदेशमा औद्योगिक वातावरण तयार पारी स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने तर्फ ध्यान दिइएको छ । आर्थिक वृद्धि, रोजगारी सिर्जना, गरिबी निवारणमा उच्च योगदान दिने कृषि, उद्योग व्यापार, भौतिक विकास, पर्यटन प्रवर्द्धन, सहरी विकास तथा सामाजिक विकासमा लगानी केन्द्रित गर्ने रणनीति रहेको छ । प्रदेशले लिएको दिगो तथा फराकिलो आर्थिक वृद्धिका लागि स्रोतको व्यवस्थापन गर्ने, उपलब्ध स्रोतको उचित तरिकाले विनियोजन गर्ने, विनियोजित स्रोतको प्रभावकारी रूपमा खर्च गर्ने र प्राप्त प्रतिफलको समुचित बाँडफाँट गर्ने ध्येय आवधिक योजनाले लिएको छ । यस परिच्छेदमा प्रदेशले लिएको उत्पादन तथा उत्पादकत्वको लक्ष्य तथा विधि, बचत, लगानी, राजस्व, सरकारको खर्च लगायतका विषयमा विस्तारमा चर्चा गरिएको छ ।

## ४.१. गार्हस्थ उत्पादन

कोशी प्रदेशको आर्थिक वर्ष २०७५।७६ मा कुल गार्हस्थ उत्पादन ५०५८५ करोड (उत्पादकको मूल्यमा) रहेकोमा आवधिक योजनाको अन्तिम वर्ष २०८०।८१ सम्ममा औसतलक्ष्य ८०३५६ करोड पुर्‍याउने रहेकोमा गत आर्थिक वर्ष २०७९।८० को प्रारम्भिक अनुमानमा गार्हस्थ उत्पादन ८४९६५ करोड पुगेको छ । योजनाको चौँथो वर्षमा नै गार्हस्थ उत्पादनमा अनुमान गरेभन्दा बढी उपलब्धि हासिल भएको छ । त्यस्तै आधारभूत मूल्यमा पनि गत आर्थिक वर्ष २०७९।८० मा गार्हस्थ उत्पादन ७४१५३ करोड पुगेको देखिन्छ । यसरी कुल अङ्कको आधारमा समीक्षा गर्दा गार्हस्थ उत्पादनले लक्षित उपलब्धि हासिल भै सकेको सुखद अवस्था देखाएको छ । प्रदेश स्थापनाको प्रारम्भ, आवधिक योजना कार्यान्वयनको पहिलो अनुभव तथा कोभिड-१९ महामारीका कारण उत्पन्न भएको विषम परिस्थितिमा प्रदेशले गार्हस्थ उत्पादनमा हासिल गरेको यो उपलब्धि अत्यन्त उत्साहजनक हो ।

**तालिका-७: गार्हस्थ उत्पादन (रु. दस लाखमा)**

| गार्हस्थ उत्पादनको प्रकार | २०७५।७६ | २०७६।७७ | | २०७७।७८ | | २०७८।७९ | | २०७९।८० | | २०८०।८१को लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | उपलब्धि | लक्ष्य | उपलब्धि | लक्ष्य | उपलब्धि | लक्ष्य | उपलब्धि | |
| कुल गार्हस्थ उत्पादन ( आधारभूत मूल्य) | ५२८५०० | ५१४०५७ | ५४३७६० | ५६१८९८ | ५९२२१० | ६१६६२८ | ६६७०४० | ६७६४९४ | ७४१५३० | ७४६०९३ |
| कुल गार्हस्थ उत्पादन ( उत्पादकको मूल्य) | ५९९२४० | ५५०२९१ | ६१६३५० | ६०२६६१ | ६८९५४० | ६६२४०६ | ७८०९५० | ७२७१७० | ८४९६५० | ८०३०५३ |

*स्रोतः प्रथम आवधिक योजना र प्रादेशिक आर्थिक सर्वेक्षण २०७९।८०, कोशी प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालय*

## ४.२. आर्थिक वृद्धिदर

प्रदेशले योजना अवधिको अन्तिम आर्थिक वर्ष २०८०।८१ सम्मको औसत आर्थिक वृद्धिदर ९.५ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ। योजना कार्यान्वयनको क्रममा पहिलो आर्थिक वर्ष २०७६।७७ मा ऋणात्मक आर्थिक वृद्धि हासिल भएको छ । मुलुक कोभिड-१९ ले आक्रान्त भएको समयमा सम्पूर्ण आर्थिक क्रियाकलापहरू खुम्चिएर कोशी प्रदेशको आर्थिक वृद्धि ऋणात्मक १.५३ प्रतिशत हुन पुग्यो । आर्थिक वर्ष २०७७।७८ मा ४.६७ प्रतिशत आर्थिक वृद्धि हासिल भयो भने आर्थिक वर्ष २०७८।७९ मा ५.१० आर्थिक वृद्धिदर हासिल भएको छ । त्यस्तै आर्थिक वर्ष २०७९।८० मा आर्थिक वृद्धिदर २.३८ पुग्ने अनुमान छ। मुलुकको औसतआर्थिक वृद्धिदरसँग तुलना गर्दा कोशी प्रदेशको आर्थिक वृद्धिदर राम्रो छ । योजना कार्यान्वयनको विगत चार वर्षको आर्थिक वृद्धिदर समीक्षा गर्दा वार्षिक औसत उपलब्धि २.६५ मात्र देखिएकोले प्रदेशको ९.७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुने सम्भावना देखिदैन ।

## ४.३. आर्थिक संरचना

प्रदेशको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदानलाई आधार वर्ष २०७५।७६ को ३६.७५ प्रतिशतबाट घटाउँदै लगि योजनाको अन्त्य सम्ममा ३०.६९ प्रतिशतमा सीमित गर्ने लक्ष्य छ। विगत चार वर्षमा गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान क्रमशः घटदै गई आर्थिक वर्ष २०७९।८० मा ३३.६ प्रतिशतमा झरेको छ। प्रत्येक वर्ष कृषिको योगदान गार्हस्थ उत्पदनमा घट्दै गएकाले योजनाको अन्त्य वर्षमा राखिएको लक्ष्य ठ्याक्कै हासिल नभए तापनि अर्थतन्त्र लक्ष्य उन्मुख भने देखिन्छ । गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउँदै लगि आधार वर्षको १९.०६ प्रतिशतबाट योजनाको अन्त्यसम्म २३.६१ पुऱ्याउने लक्ष्य छ । योजना कार्यान्वयनका विगत चार वर्षमा उद्योग क्षेत्रको योगदान प्रदेशको अर्थतन्त्रमा खासै वृद्धि हुन सकेको छैन। आधार वर्षको तुलनामा त झन योगदान

कम भएको छ। आर्थिक वर्ष २०७८।७९ मा प्रदेशमा उद्योग क्षेत्रको योगदान १७ प्रतिशत पुगेकोमा आर्थिक वर्ष २०७९।८० मा फेरि १६.५ प्रतिशतमा झरेको छ। यसरी विगत चार वर्ष मध्ये कुनै वर्षमा पनि उद्योग क्षेत्रले योजनाको लक्ष्य भेट्टाउन नसकेका कारण योजनाको अन्त्यमा प्राप्त गर्ने भनिएको लक्ष्य हासिल हुने अवस्था छैन। प्रदेशको अर्थतन्त्रको मुख्य अंश सेवा क्षेत्रले ओगटेको छ। आधार वर्षमा गार्हस्थ उत्पादनमा ४४.०६ प्रतिशत योगदान गरेको सेवा क्षेत्रको आकार योजनाको अन्त्यसम्ममा गार्हस्थ उत्पादनमा योगदान ४५.६८ प्रतिशतमा सीमित राख्ने लक्ष्य योजनाले लिएको छ। आर्थिक वर्ष २०७७।७८ मा गार्हस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान केही घटेकोमा आर्थिक वर्ष २०७८।७९ र २०७९।८० मा क्रमशः वृद्धि हुदै गएर ४८.६ र ५० प्रतिशत पुगेको छ। आवधिक योजनाले सेवा क्षेत्रको योगदान गार्हस्थ उत्पादनमा ४५.६८ राख्ने लक्ष्य लिएकोमा सो प्राप्त हुन उद्योग क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिमा विशेष जोड दिनुपर्ने देखिन्छ।

**तालिका-८: गार्हस्थ उत्पादनको संरचना**

| गार्हस्थ उत्पादनमा क्षेत्रगत योगदान | २०७५।७६ | २०७६।७७ | | २०७७।७८ | | २०७८।७९ | | २०७९।८० | | २०८०।८१को लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | उपलब्धि | लक्ष्य | उपलब्धि | लक्ष्य | उपलब्धि | लक्ष्य | उपलब्धि | |
| कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनमा योगदान (प्रतिशत) | ३६.७५ | ३५.५७ | ३५ | ३४.३६ | ३५.६ | ३३.०९ | ३४.३ | ३१.९३ | ३३.६ | ३०.६९ |
| उद्योग क्षेत्रको कुल गार्हस्थ उत्पादनमा योगदान (प्रतिशत) | १९.०६ | १९.९२ | १६.२ | २०.७८ | १६.६ | २१.६९ | १७ | २२.०६ | १६.५ | २३.६१ |
| सेवा क्षेत्रको कुल गार्हस्थ उत्पादनमा योगदान (प्रतिशत) | ४४.०६ | ४४.४९ | ४८.८ | ४४.८५ | ४७.८ | ४५.२१ | ४८.६ | ४५.९९ | ५०.० | ४५.६८ |

*स्रोतः प्रथम आवधिक योजना र प्रादेशिक आर्थिक सर्वेक्षण २०७९।८०, कोशी प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालय*

राष्ट्रिय अर्थतन्त्रमा देखिएको संरचनात्मक समस्या कोशी प्रदेशमा पनि प्रतिबिम्वित भएको छ। उद्योग क्षेत्रको योगदान अर्थतन्त्रमा बढन नसक्नु, प्राथमिक क्षेत्रबाट अर्थतन्त्र सेवा क्षेत्रतर्फ संक्रमण हुनु र सेवा क्षेत्रमा छिटो उतारचढाब आउने सम्भावनाले प्रथम आवधिक योजनाले चाहेजस्तो कोशी प्रदेशको अर्थतन्त्र पनि दिगो र सन्तुतिल बनाउन थप मेहनत गर्नुपर्ने देखिन्छ।

## ४.४. राष्ट्रिय उत्पादनमा कोशी प्रदेशको योगदान

कोशी प्रदेशको अर्थतन्त्रको आकार आर्थिक वर्ष २०७५।७६ मा ५ खर्ब ५ अर्ब ८४ करोड थियो ( उत्पादकको मूल्यमा) सोही अवधि देशको अर्थतन्त्रको आकार ३८ खर्ब ५८ अर्ब ९३ करोड रहेको थियो । आर्थिक वर्ष २०७९।८० मा प्रदेशको गार्हस्थ उत्पादनमा ८ खर्ब ४९ अर्ब ६५ करोड छ भने देशको गार्हस्थ उत्पादन ५३ खर्ब ८१ अर्ब ३४ करोड रहेको छ । गत आर्थिक वर्षमा कोशी प्रदेशको योगदान राष्ट्रिय अर्थतन्त्रमा १५.७९ पुगेको छ । आर्थिक वर्ष २०७६।७७ मा १५.८५, आर्थिक वर्ष २०७७।७८ मा १५.४९ र आर्थिक वर्ष २०७८।७९ मा १५.८४ प्रतिशत योगदान रहेको थियो । कोशी प्रदेशको मुलुकको गार्हस्थ उत्पादनमा योगदान बागमती पछिको दोस्रो स्थान रहेको छ । कृषि उत्पादनमा कोशी प्रदेशको हिस्सा अन्य प्रदेशको भन्दा बढी रहेको छ अर्थात कृषि क्षेत्रमा कोशी प्रदेशले देशलाई सबैभन्दा बढी योगदान गर्दछ । नेपालको कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि मध्ये आर्थिक वर्ष २०७९।८० मा कोशी प्रदेशको हिस्सा २२ प्रतिशत पुगेको छ। दोस्रो स्थानमा रहेको मधेश प्रदेशको योगदान १९ प्रतिशत मात्र छ। त्यस्तै देशको उत्पादनमूलक उद्योगको क्षेत्रमा कोशी प्रदेशले २१.९ प्रतिशत योगदान गरेको छ। यो हिस्सा बागमती प्रदेशको ३५.८ प्रतिशत पछिको दोस्रो हो ।

## ४.५. बचत र लगानी

आवधिक योजनामा बचत अभिवृद्धि गर्ने सम्बन्धमा लक्ष्यहरू निर्धारण गरेको देखिएन । प्रदेशको गार्हस्थ उत्पादन र बचतको अनुपात आधार वर्षमा ३१ प्रतिशत रहेको सन्दर्भमा त्यसैको आधारमा प्रदेशको बचत अनुमान गर्न सकिन्छ। त्यसका अतिरिक्त देशको गार्हस्थ उत्पादन र बचतको अनुपात नियमित अध्यावधिक हुदै आएकोमा त्यसैको आधारमा पनि बचत अनुमान गर्न सकिन्छ। प्रदेशस्तरका वित्तीय संस्थाको नियमनको अधिकार प्रदेश सकारलाई छ। यस्ता संस्थाबाट परिचालित पुँजी बचतको एक मुख्य आधार रहने छ। त्यस्तै सहकारी संस्थाले बचत सङ्कलन क्षमता बढाउँदै लगेका छन् । २०८० असार मसान्तासम्ममा बैङ्क तथा वित्तीय संस्थाले प्रदेशमा ४ खर्ब २१ अर्ब ५२ करोड निक्षेप सङकलन गरेको देखिन्छ। सोही अवधिमा कर्जा सापटी ५ खर्ब ५७ अर्ब ६८ करोड प्रवाह गरिएको देखिन्छ। कोशी प्रदेशबाट ठूलो सङ्ख्यामा नागरिक वैदेशिक रोजगारमा गएकाले उल्लेख्य मात्रामा विप्रेषण भित्रन्छ। प्रदेशमा प्रतिघरपरिवार विप्रेषण आय औषतमा ६५,६२९ रहेको र त्यसले पनि बचतमा योगदान गर्ने अपेक्षा गरिएको छ। प्रदेशमा पुँजी बजारको पनि क्रमशः विकास हुँदै गएको छ, यसले पनि बचतमा सकारात्मक प्रभाव पार्ने छ। नागरिकलाई बचत गर्न प्रेरित गर्ने गरी विभिन्न

नीतिहरू आवधिक योजनामा राखिएको छ त्यस्ता नीतिले बचत बढाउनमा मद्धत गर्ने अपेक्षा गर्न सकिन्छ ।

आवधिक योजनाले योजना अवधिभरमा जम्मा १४ खर्ब ४२ अर्ब ८ करोड लगानी गर्ने लक्ष्य लिएको छ। यसको लागि सार्वजनिक, निजी, सहकारी र समुदायको लगानीलाई परिचालन गर्ने सोच बनाएको छ। कुल अपेक्षित लगानी मध्ये सार्वजनिक क्षेत्रको लगानी ३८.७ प्रतिशत, निजी क्षेत्रको लगानी ५३.८ प्रतिशत, सहकारीको ५.५ प्रतिशत र सामुदायिक लगानी २ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। यसरी समग्र लगानीमा ६१.३ प्रतिशत सार्वजनिक क्षेत्रभन्दा बाहिरबाट प्राप्त गर्ने लक्ष्य राखिएको छ। योजना अवधिमा प्रदेशलाई सङ्घबाट १ खर्ब ६३ अर्ब अनुदान प्राप्त हुने अनुमान गरिएको छ । विगतमा देशमा भित्रिएको वैदेशिक लगानीको ६.२७ प्रतिशत कोशी प्रदेशमा लगानी भएको सन्दर्भमा प्रदेश सरकारले लगानीको अनुकूल वातावरण बनाउँदै लैजाँदा वैदेशिक लगानी पनि बढ्दै जाने अपेक्षा आवधिक योजनाले गरेको छ। प्रदेशमा गार्हस्थ उत्पादनमा वृद्धि हुँदै जाँदा बचतमा पनि निरन्तर वृद्धि हुदै गएको छ भन्ने अनुमानको आधारमा आर्थिक वर्ष २०७९।८० मा बचत २ खर्ब ६३ अर्ब ३९ करोड पुगेको छ ।

**तालिका-९: बचत**

| शीर्षक/आर्थिक वर्ष | २०७५।७६ | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | २०७९।८० |
|---|---|---|---|---|---|
| बचत रू १० लाखमा (गार्हस्थ उत्पादनका ३१ प्रतिशत छ **भन्ने आधारमा**) | १८५७६४ | १९१००६ | २१३७५७ | २४२०९४ | २६३३९१ |

## ४.६. सार्वजनिक वित्त

प्रदेशको नियमित तथा विकासका समग्र गतिविधि सञ्चालनको दायित्व प्रदेश सरकारको रहन्छ । यसका लागि प्रदेश सरकारले स्रोत प्राप्त गर्ने र त्यसको परिचालन गर्ने अधिकार कानुनतः प्राप्त गरेको छ । सरकारको जिम्मेवारी निरन्तर बढ्दै जाँदा उपलब्ध स्रोत साधनले खर्च व्यवस्थापन गर्ने कार्य निकै चुनौतीपूर्ण रहन्छ । स्रोत प्राप्त गर्ने माध्यमहरू सीमित हुने र खर्चको जिम्मेवारी निरन्तर बढ्ने हुँदा प्रदेश सरकारको सार्वजनिक वित्त व्यवस्थापनमा धेरै उर्जा खर्च हुने गर्दछ। स्रोत जुटाउनका लागि प्रदेश सरकारले आन्तरिक स्रोत परिचालनका अतिरिक्त सङ्घीय सरकार, वैदेशिक सहायता परिचालन तथा ऋण प्राप्तिसम्मको प्रयत्न गर्ने गर्दछ । सार्वजनिक खर्चले अर्थतन्त्रलाई चलायमान

बनाउने, अन्य क्षेत्रलाई निर्देशित गर्ने, बजार नियमन गर्ने र भविष्यका लागि थप स्रोत सिर्जना गर्नका लागि अनुकूलता सिर्जना गर्ने गर्दछ । त्यसैले सार्वजनिक खर्चलाई निकै महत्वका साथ हेर्ने गरिन्छ । आवधिक योजनाले तय गरेका लक्ष्य हासिल गर्न, प्रदेशको समग्र अर्थतन्त्रको नेतृत्व गर्न, वित्तीय स्थायित्व कायम गर्न तथा विकासको राष्ट्रिय लक्ष्यमा योगदान गर्नका लागि सार्वजनिक वित्तको व्यवस्थापनमा प्रदेश सरकारले विशेष ध्यान दिनु पर्दछ ।

### ४.६.१. राजस्व परिचालन

राजस्व प्रदेश सरकार सञ्चालनको मुख्य आधार हो । सार्वजनिक खर्च धान्नका लागि यसैलाई सबै भन्दा भरपर्दो स्रोतको रूपमा लिने गरिन्छ । कानुनतः प्रदेश सरकारका वित्तीय स्रोतका आधारहरू अत्यन्त सीमित छन् । प्रदेश सरकारको आन्तरिक कर राजस्वमा कर, सेवा शुल्क, दण्ड जरिवानाबाट प्राप्त रकम पर्दछ । त्यस्तै प्रदेश सरकारलाई राजस्व बाँडफाँटबाट पनि रकम प्राप्त हुन्छ । यसमा सङ्घ सरकारले मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट प्राप्त गरेको रकम प्रदेश सरकारलाई उपलब्ध गराउँदछ । रोयल्टी प्रदेशको आम्दानीको अर्को स्रोत हो । प्राकृतिक स्रोत साधनको परिचालनबाट सङ्कलन हुने रकम यस शीर्षकअन्तर्गत प्राप्त हुन्छ । त्यस्तै कानुन बनाएर प्रदेश सरकारले आन्तरिक ऋण लिन सक्छ । यसमा प्रदेशले नेपाल सरकार र देशभित्रका अन्य निकायबाट ऋण उठाउन सक्छ । स्रोत परिचालनको अर्को महत्वपूर्ण आधार वित्तीय हस्तान्तरण हो । यसमा नेपाल सरकारबाट प्राप्त हुने विभिन्न शीर्षकका अनुदान पर्दछन् जस्तै वित्तीय समानीकरण, समपुरक, सशर्त र विशेष अनुदान । माथि उल्लिखित स्रोतमा आवधिक योजनाले राखेको लक्ष्य र प्राप्त भएको उपलब्धिको सङ्क्षिप्त समीक्षा गरिने छ ।

## तालिका-१०: प्रदेशको राजस्व स्थिति (रु. लाखमा)

| गार्हस्थ उत्पादनमा क्षेत्रगत विवरण | २०७५।७६ को लक्ष्य | २०७६।७७ | | २०७७।७८ | | २०७८।७९ | | २०७९।.८० | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | उपलब्धि | लक्ष्य | उपलब्धि | लक्ष्य | उपलब्धि | लक्ष्य | उपलब्धि |
| प्रदेशको आन्तरिक राजस्व | ३६६८० | ३९८३० | २९६८८ | ४३४५० | ४२४१९ | ४७८४० | ४४८४९ | ५३०४० | ३८१६३ |
| सङ्घबाट प्राप्त हुने अनुदान | २२८७७० | २५१५४० | १७९८९९ | २८०९२० | १७६१०३ | ३१९९६० | १८४६५५ | ३६३८५० | १५७८६० |
| सङ्घबाट बाँडफाँट भै आउने राजस्व | ८१९१० | १०००४० | ७७३७८ | १०९८३० | ८९१३० | १२१४५० | १००२३६ | १३६५१० | ९१५०४ |

*स्रोतः प्रथम आवधिक योजना र प्रादेशिक आर्थिक सर्वेक्षण २०७९।८०, कोशी प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालय, एकीकृत आर्थिक विवरण आ.व.२०७९।८०*

प्रदेशको आन्तरिक राजस्वमा सामान्य वृद्धि हुदै गएको छ तर आवधिक योजनाले राखेको लक्ष्य भने भेट्टाउन सकेको छैन । आर्थिक वर्ष २०७६।७७ मा राजस्वको लक्ष्य र उपलब्धिका बिच उल्लेख्य अन्तर छ । आर्थिक वर्ष २०७७।७८ र २०७८।७९ मा त्यस्तो अन्तर कम भएको छ । आर्थिक वर्ष २०७९।८० को अनुमान  र उपलब्धिका बिचमा खाडल बढन पुगेको छ । यसले राजस्व प्रक्षेपणमा थप सावधानी अपनाउनु पर्ने देखिन्छ। आवधिक योजनाले सङ्घबाट प्राप्त गर्ने अपेक्षा गरेको अनुदान र वास्तवमा प्राप्त भएको अनुदानका बिचको अन्तर क्रमशः वृद्धि हुदै गएको छ। आर्थिक वर्ष २०७६।७७ मा अनुमान र प्राप्तिमा तुलनात्मकरुपले  कम अन्तर रहेकोमा आर्थिक वर्ष २०७९।८० मा आईपुग्दा आधा भन्दा बढीको  फरक पर्न गएको अवस्था छ। यसबाट एकातिर प्रदेश आवधिक योजनाले राखेका विकासका लक्ष्य समेत प्रभावित हुने देखिन्छ भने अर्कोतिर अनुदानमा यात प्रदेशले अनपेक्षित अपेक्षा गऱ्यो वा सङ्घ धेरै अनुदार भयो भन्ने निस्कर्ष निकाल्न सकिन्छ । आवधिक योजनाले सङघबाट बाँडफाँट भै आउने राजस्वको वार्षिक अनुमान गरेको छ। तर उक्त अनुमान र वास्तविक प्राप्तिका बिचमा उल्लेख्य अन्तर रहेको छ। यसरी प्रदेश आवधिक योजना कार्यान्वयनका लागि प्रयोगमा ल्याईने मुख्य स्रोतहरुः आन्तरिक राजस्व, सङ्घबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सबैमा लक्ष्यको तुलनामा उपलब्धि निकै कम रहेकाले आवधिक योजनाको कार्यान्वयनमा स्रोतको अभाव भई लक्ष्य हासिल हुन कठिन भएको हो भन्ने अनुमान लगाउन पनि सकिन्छ ।

प्रदेशको कुल आय आर्थिक वर्ष २०७६।७७ मा ३१ अर्ब १४ करोड रहेकोमा आर्थिक वर्ष २०७७।७८ मा ३२ अर्ब ५ करोड पुग्यो र आर्थिक वर्ष २०७८।७९ मा कुल आयमा वृद्धि भै ३७ अर्ब १३ करोड पुगेको छ । प्रदेशको कुल आयको तुलनामा राजस्वको अनुपात आर्थिक वर्ष २०७६।७७ मा ३४.४

प्रतिशत, आर्थिक वर्ष २०७७।७८ मा ४१ प्रतिशत र आर्थिक वर्ष २०७८।७९ मा ३१.१ प्रतिशत पुगेको छ । प्रदेशको कुल आयमा आन्तरिक राजस्वको अनुपात आर्थिक वर्ष २०७७।७८ मा १३.२ प्रतिशत र आर्थिक वर्ष २०७८।७९ मा १२.१ प्रतिशतमा झरेको छ । कुल राजस्वमा सङ्घबाट बाँडफाँट भई प्राप्त हुने राजस्वको अंश आर्थिक वर्ष २०७७।७८ मा ६७.७५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा ६९.१ प्रतिशत पुगेको छ । प्रदेश आवधिक योजनाले परिकल्पना गरेजस्तो प्रदेशको चालु खर्च आन्तरिक राजस्वले धान्न सक्ने अवस्था भने देखिएको छैन ।

### ४.६.२. सरकारी खर्च

नागरिकले तिरेको करबाट प्रदेश कोष निर्माण हुने भएकाले यसको प्रभावकारी परिचालनमा प्रदेश सरकारले विशेष ध्यान दिएको छ । प्रादेशिक अर्थतन्त्रलाई ठिक बाटोमा हिँडाउन, विकासका लक्ष्य पूरा गर्न, नागरिक अपेक्षालाई सम्बोधन गर्न तथा नियमित कार्य सञ्चालनका लागि सरकारले निरन्तर खर्च गर्नु पर्दछ । यही खर्चले प्रदेश अर्थतन्त्र चलायमान हुनुका साथै प्रदेशका अन्य साझेदार समेत सरकारको खर्चबाट निर्देशित हुने भएकाले सरकारको खर्चको विशेष महत्व रहन्छ । स्रोत साधनको दक्षतापूर्ण विनियोजन तथा  कुशल परिचालनबाट प्रदेशमा दिगो तथा उच्च आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य आवधिक योजनाले राखेको छ । आवधिक योजनामार्फत सरकारी खर्चलाई उत्पादनशिल क्षेत्र, धेरै रोजगारी सिर्जना गर्न सहयोग गर्ने क्षेत्र तथा गरिबी निवारणमा धेरै योगदान गर्न सक्ने क्षेत्रमा परिचालित गर्ने ध्येय  प्रदेश सरकारले राखेको छ । आवधिक योजनाको दीर्घकालीन सोच, निर्धारित लक्ष्य तथा घोषित उद्देश्यहरू पूरा गर्ने गरी विशेष रणनीतिका साथ प्रदेश सरकारले आफ्नो स्रोत खर्चको प्रबन्ध गरेको छ ।

**तालिका-११: विभिन्न आर्थिक वर्षमा बजेट विनियोजन र खर्चको अवस्था (रु. लाखमा)**

| २०७६।७७ | | २०७७।७८ | | २०७८।७९ | | २०७९।८० | |
|---|---|---|---|---|---|---|---|
| विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च | विनियोजन | खर्च |
| ४३७१७३ | २९८३३२ | ४३४०८६ | २७९५१३ | ३४७६०९ | २९९६६४ | ३७७६०८ | ३०७५७७ |

*स्रोतः प्रादेशिक आर्थिक सर्वेक्षण २०७९।८०, कोशी प्रदेश, आ.व. २०७९।८० को बजेट कार्यान्वयनको बार्षिक प्रतिवेद आर्थिक मामिला तथा योजना मन्त्रालय*

नोटः आ.व. २०७९।८० को वियोजित बजेट रु ३९ अर्ब ९२ करोड ७५ लाख भए तापनि संघ सशर्त अनुदानको रु २ अर्ब १६ करोड ६७ लाखको आयोजना तथा कार्यक्रम फिर्ता भएको हुँदा कायम बजेट ३७ अर्ब ७६ करोड ८ लाख रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ मा विनियोजनको ६८.२ प्रतिशत, आर्थिक वर्ष २०७७।७८ मा ६४.४ प्रतिशत र आर्थिक वर्ष २०७८।७९ मा विनियोजनको ८६.२ प्रतिशत खर्च भएको छ। यसले आवधिक योजनाको पहिलो वर्षमा भन्दा दोस्रो वर्षमा कुल खर्च र खर्च प्रतिशत दुवै कम भएको देखाउँदछ भने आवधिक योजनाको तेस्रो वर्षमा खर्च प्रतिशत बढेको छ। बजेटको आकारमा योजनाको पहिलो वर्ष ४३ अर्ब ७१ करोडको बजेट कार्यान्वयनमा ल्याईएकोमा योजनाको दोस्रो वर्षमा पनि करिब पहिलो वर्षको बराबर नै अर्थात ४३ अर्ब ४० करोडको बजेट प्रस्ताव भएको तर योजनाको तेस्रो वर्षमा बजेटको आकार उल्लेख्य घटाई ३४ अर्ब ७६करोड मात्र प्रस्ताव भएको छ। आर्थिक वर्ष २०७९।८० को कायम बजेट जम्मा ३७ अर्ब ७६ करोड छ।

**तालिका-१२ः प्रादेशिक बजेट र खर्चको स्थिति (रु. लाखमा)**

| शीर्षक र आर्थिक वर्ष | २०७५।७६ | २०७६।७७ | २०७७।२०७८ | २०७८।७९ | २०७९।८० |
|---|---|---|---|---|---|
| **कायम बजेट विनियोजन** | | | | | |
| **चालु** | १६६७२७ | १७८८९३ | १७६०६८ | १५९६९० | १६२८४४ |
| **पुँजीगत** | २१८१९९ (५६.६८) | २५७४८१(५८.९०) | २५७६१७ (५९.३५) | १८७६१९ (५३.९८) | २१४७६४ |
| **वित्तीय व्यवस्था** | ० | ८०० | ४०० | ३०० | ० |
| **जम्मा** | **३८४९२५** | **४३७१७३** | **४३४०८६** | **३४७६०९** | **३७७६०८** |
| **खर्च** | | | | | |
| **चालु** | ९७६४३ | ११९६६६ | १२०८५२ | १३१२७२ | १२६४५२ |
| **पुँजीगत** | ११४३८७ | १७८६६६ | १५८६६० | १६८३९२ | १८११२५ |
| **वित्तीय व्यवस्था** | ० | ० | ० | ० | ० |
| **जम्मा** | **२१२०२९** | **२९८३३२** | **२७९५१३** | **२९९६६४** | ३०७५७७ |
| **विनियोजनको तुलनामा** | | | | | |
| **चालु** | ५८.६ | ६६.९ | ६८.६ | ८२.२ | ७७.७ |
| **पुँजीगत** | ५२.४ | ६९.४ | ६१.६ | ८९.८ | ८४.३ |
| **जम्मा** | **५५.१** | **६८.२** | **६४.४** | **८६.२** | **८१.५** |
| **जम्मा बजेट खर्चको तुलनामा** | | | | | |
| **चालु खर्च** | **४६.०५** | **४०.११** | **४३.२४** | **४३.८१** | **४१.११** |
| **पुँजीगत खर्च** | **५३.९४** | **५९.८९** | **५६.७६** | **५६.१९** | **५८.८८** |

*स्रोतः प्रादेशिक आर्थिक सर्वेक्षण २०७९।८०, कोशी प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालय*

आवधिक योजना कार्यान्वयनको पहिलो आर्थिक वर्ष २०७६।७७ मा कुल बजेटमा ५८.९ प्रतिशत बजेट पुँजीगततर्फ विनियोजन गरिएकोमा त्यसको जम्मा ६९.४ प्रतिशत खर्च भएको थियो । जम्मा बजेट खर्चको तुलनामा पुँजीगत खर्च ५९.९ प्रतिशत मात्र हुन आउँछ । त्यस्तै आर्थिक वर्ष २०७७।७८ मा कुल बजेटको ५९.४ प्रतिशत बजेट पुँजीगततर्फ विनियोजन गरिएकोमा विनियोजित पुँजीगत बजेटको ६१.६ प्रतिशत र सो वर्षको कुल खर्चको ५६.८ प्रतिशत मात्र पुँजीगत खर्च भएको देखिन्छ । त्यस्तै आर्थिक वर्ष २०७८।७९ मा कुल बजेटको ५३.९८ प्रतिशत बजेट पुँजीगततर्फ विनियोजन गरिएकोमा विनियोजित मध्ये ८९.८ प्रतिशत र कुल बजेट खर्चमा ५६.२ प्रतिशत मात्र पुँजीगत खर्च भएको थियो । यसरी आवधिक योजना कार्यान्वयनका पहिलो तीन आर्थिक वर्षमा खर्च भएको बजेटमा पुँजीगत खर्चको अंश क्रमशः घट्दै गएको छ । तर विनियोजित पुँजीगत बजेटको भने आर्थिक वर्ष २०७८।७९ मा खर्च भण्डै ९० प्रतिशत पुगेको छ । एकाएक पुँजीगत विनियोजित मध्ये खर्चको उच्च वृद्धि हुनु तर कुल बजेटमा पुँजीगत खर्चको अंश घट्नुले खर्च अनुमानमा समस्या रहेको देखिन्छ । साथै आर्थिक वर्ष २०७९।८० मा चालु खर्च गएको आर्थिक वर्षमाभन्दा कम भई ८४.३ प्रतिशत भए तापनि यो खर्च निकै राम्रो हो । तर जम्मा बजेट खर्चका तुलनामा पुँजीगत खर्च खासै उच्च भने छैन । प्रदेशको चालु खर्चमा कमी आउँन सकेको छैन साथै योजनाको लक्ष्यबमोजिम प्रदेशको आन्तरिक राजस्व क्षमताले चालु खर्च धान्न सक्ने अवस्था समेत देखिदैन ।

वित्तीय व्यवस्थातर्फ आर्थिक वर्ष २०७६।७७ बाट बजेट विनियोजन गरिए तापनि कुनै पनि वर्षमा उक्त शीर्षकको रकम खर्च भएको छैन । वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानका लागि सङ्घबाट प्राप्त बजेट तथा प्रदेशले विनियोजन गरेको बजेट सबै खर्च हुन सकेको छैन । समपुरक बजेट खर्च नहुँदा प्रदेशलाई आर्थिक भार वृद्धि हुन जान्छ, सशर्त बजेट र विशेष अनुदानको उपयोग नहुँदा योजना अपुरो तथा अलपत्र रहने सम्भावना रहन्छ । त्यसैले विभिन्न शीर्षकका अनुदानमा सङ्घबाट प्राप्त रकम तथा प्रदेशले विनियोजन गरेको रकम खर्च गर्न सक्ने क्षमता प्रदेशले निर्माण गर्नु आवश्यक छ । प्रदेशले वैदेशिक सहायता परिचालन तथा आन्तरिक ऋण प्राप्तिको प्रक्षेपण पनि बजेटमार्फत गरेको देखिन्छ र आर्थिक वर्ष २०७८।७९ मा प्रदेशले द्धिपक्षिय बैदेशिक अनुदान अर्न्तगत ५ करोड ११ लाख सहयोग प्राप्त गरेको देखिन्छ ।

**तालिका-१३ः सार्वजनिक वित्तका परिसूचक (प्रादेशिक कुल गार्हस्थ उत्पादनको प्रतिशतमा)**

| शीर्षक र आर्थिक वर्ष | २०७५।७६ | २०७६।७७ | २०७७।७८ | २०७८।७९ |
|---|---|---|---|---|
| **चालु खर्च** | १.६३ | १.९४ | १.७४ | १.६८ |
| **पुँजीगत खर्च** | १.९१ | २.९० | २.२९ | २.१६ |

| | | | | |
|---|---|---|---|---|
| **प्रादेशिक खर्च** | ३.५४ | ४.८४ | ४.०३ | ३.८४ |
| **प्रादेशिक राजस्व** | १.५६ | १.७४ | १.९० | १.८६ |
| **आन्तरिक राजस्व** | ०.४२ | ०.४८ | ०.६१ | ०.५७ |
| **बाँडफाँटबाट प्राप्त राजस्व** | १.१५ | १.२६ | १.२९ | १.२८ |
| **सङ्घबाट भएको वित्तीय हस्तान्तरण** | ३.०९ | २.९२ | २.५४ | २.३६ |

*स्रोतः प्रादेशिक आर्थिक सर्वेक्षण २०७९।८०, कोशी प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालय*

पछिल्ला आर्थिक वर्षमा प्रादेशिक कुल गार्हस्थ उत्पादनमा पुँजीगत खर्चको अनुपात क्रमशः घट्दै गएको छ । प्रदेशको कुल गार्हस्थ उत्पादनको तुलनामा प्रादेशिक राजस्वमा सुरुका वर्षमा वृद्धि भए तापनि पछिल्लो आर्थिक वर्ष २०७८।७९ मा घट्न पुगेको छ । प्रदेशको गार्हस्थ उत्पादनमा आन्तरिक राजस्वको अंश सुरुका तीन वर्ष सीमान्त वृद्धि भएको र आर्थिक वर्ष २०७८।७९ मा घटेको छ । गार्हस्थ उत्पादनमा आन्तरिक राजस्वको अंश निकै कम हुनुले प्रदेशको स्रोत परिचालन क्षमतामा उल्लेख्य सुधारको आवश्यकता देखिन्छ । प्रदेशलाई सङ्घबाट प्राप्त हुने वित्तीय हस्तान्तरण गार्हस्थ उत्पादनको अनुपातमा निरन्तर घट्दै गएको छ र बाँडफाँटबाट प्राप्त राजस्वमा पनि सीमान्त वृद्धि मात्र देखिन्छ । यसबाट प्रदेशको आन्तरिक स्रोत वृद्धि हुन नसकेको र सङ्घबाट प्राप्त हुने सहयोग पनि घट्दै जानुले प्रदेशको समग्र  विकासमा स्रोतको न्यूनता बढ्दै जाने जोखिम देखिएको छ ।

### तालिका-१४: प्रादेशिक राजस्वको संरचना (प्रादेशिक राजस्वको प्रतिशतमा)

| शीर्षक र आर्थिक वर्ष | २०७५।७६ | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | २०७९।८० |
|---|---|---|---|---|---|
| **सङ्घीय राजस्व बाँडफाँटबाट प्राप्त ( मु.अ.कर, अन्तशुल्क र रोयल्टी)** | ७३.२९ | ७२.१२ | ६७.७५ | ६९.०९ | ७१.२६ |
| **प्रदेशको आन्तरिक राजस्व** | २६.७१ | २७.८८ | ३२.२५ | ३०.९१ | २८.७५ |
| **एकल कर प्रशासनको बाँडफाँटबाट प्राप्त** | १६.६८ | १०.६७ | १३.१५ | १३.३४ | ६.३८ |
| **सवारी साधन कर (प्रदेशले पाउने)** | ८.३२ | ७.३४ | ८.५५ | ८.२२ | ८.८२ |
| **गैरकर राजस्व** | ६.७१ | ९.८७ | १०.५५ | ९.३५ | १३.५४ |

*स्रोतः प्रादेशिक आर्थिक सर्वेक्षण २०७९।८०, कोशी प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालय*

कोशी प्रदेशको राजस्वको संरचना विश्लेषण गर्दा सङ्घीय राजस्व बाँडफाँटबाट प्राप्त स्रोत आर्थिक वर्ष २०७५।७६ मा ७३.२९ प्रतिशत, आर्थिक वर्ष २०७६।७७ मा घटेर ७२.१२ प्रतिशत, आर्थिक वर्ष २०७७।७८ मा पुनः घटेर ६७.७५ प्रतिशत र आर्थिक वर्ष २०७८।७९ मा केही वृद्धि भई ६९.०९ प्रतिशत र आर्थिक वर्ष २०७९।८० मा ७१.२६ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०७५।७६ मा भन्दा आर्थिक वर्ष २०७९।८० मा आईपुग्दा सङ्घीय राजस्वको अंश झन घट्न पुगेको छ । तर पनि सङ्घीय

राजस्व नै प्रदेशको राजस्व संरचनाको मुख्य स्रोत रहँदै आएको छ । यसले प्रदेशको सङ्घसँगको निर्भरता उजागर गर्दछ । प्रादेशिक राजस्वमा प्रदेशको आन्तरिक राजस्व आर्थिक वर्ष २०७७।७८ मा ३२.२५ प्रतिशतसम्म पुगेको छ । प्रदेशमा सवारी साधन करबाट प्राप्त हुने राजस्व राम्रो छ र यसको आर्थिक वर्ष २०७८।७९ भन्दा अन्य वर्षहरूमा सामान्य वृद्धि हुदै गएको छ । सवारी व्यवस्थापन ठिकसँग गर्न सकेमा यसबाट थप राजस्व प्राप्त हुन सक्ने आधार छन् । प्रदेशको गैरकर राजस्व क्रमशः वृद्धि हुदै गएको छ । सेवा विस्तार तथा सुदृढीकरणबाट गैरकर राजस्व वृद्धि हुने भए तापनि कर राजस्वको वृद्धितर्फ नै प्रदेशले आफ्नो ध्यान केन्द्रीत गर्नुपर्ने हुन्छ ।

अन्तर सरकारी वित्तीय हस्तान्तरणको व्यवस्थाबमोजिम प्रदेश सरकारले स्थानीय तहहरूलाई नियमित रूपमा नियम अनुसारको अनुदान हस्तान्तरण गर्दै आएको छ । आर्थिक वर्ष २०७५।७६ मा  जम्मा ३ अर्ब ६५ करोड ९१ लाख अनुदान हस्तान्तरण गरेको थियो । आर्थिक वर्ष २०७६।७७ मा ५ अर्ब ८२ करोड ४७ लाख, आर्थिक वर्ष २०७७।७८ मा २ अर्ब ९८ करोड ८० लाख र  आर्थिक वर्ष २०७८।७९ मा ३ अर्ब ९० करोड ५८ लाख अनुदान हस्तान्तरण गरेको थियो । प्रदेशको तर्फबाट स्थानीय तहमा हुँदै आएको अनुदान हस्तान्तरण घट्बढ् हुँदै आएको देखिन्छ ।

बेरुजुलाई स्रोत बाडफाँट र परिचालन तथा मितव्ययिता, पारदर्शिता र प्रभावकारिताको मापनको आधारका रूपमा हेर्ने गरिन्छ । बेरुजु अङ्क आर्थिक वर्ष २०७६।७७ मा केही कम भए तापनि अन्य वर्षहरुमा क्रमशः वृद्धि हुदै गएको छ । असुल गर्नुपर्ने बेरुजुको प्रतिशत तीव्र रूपमा वृद्धि भएको छ । यसले वित्तीय अनुशासनको गम्भिर उल्लङ्घन बढ्दै गएको प्रष्ट पार्दछ ।

**तालिका-१५: प्रदेशका निकायको अन्तिम लेखा परीक्षण बेरुजु विवरण (रु. लाखमा)**

| **शीर्षक र आर्थिक वर्ष** | २०७४।७५ | २०७५।७६ | २०७६।७७ | २०७७।७८ | २०७८।७९ |
|---|---|---|---|---|---|
| **लेखा परीक्षण अङ्क** | ६५६९ | ३४६६४९ | ४४५७०३ | ४५५९१८ | ४९०१९४ |
| **बेरुजु अङ्क** | २२३ | १६७३९ | १२६५२ | १६२८६ | १६४६३ |
| **बेरुजु प्रतिशत** | ३.४ | ४.८२ | २.८४ | ३.५६ | ३.३६ |
| **असुल गर्नुपर्ने** | ०.५ | ३.० | ५.० | ११.० | २१.० |
| **नियमित गर्नुपर्ने** | ९९.० | ४३.० | ८८.० | ८०.० | ७२.० |
| **पेश्की** | ०.५ | ५४.० | ७.० | ९.० | ७.० |
| **जम्मा** | १०० | १०० | १०० | १०० | १०० |

*स्रोतः प्रादेशिक आर्थिक सर्बेक्षण २०७९।८०, कोशी प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालय*

## ४.७. उपसंहार

उपलब्ध स्रोत साधनको अत्युत्तम उपयोगद्धारा उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने र यसरी प्राप्त प्रतिफलको समन्यायिक वितरण गरी समाजवाद्उन्मुख अर्थतन्त्र निर्माणमा योगदान गर्ने गरी कोशी प्रदेशको प्रथम आवधिक योजना कार्यान्वयनमा आएको छ। प्रदेशको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने गरी त्यस्तो उत्पादनमूलक क्षेत्रमा स्रोतको परिचालन वृद्धि गर्ने जसले रोजगारी बढाउन, गरिबी घटाउन तथा असमानताको अन्त्य गर्न मद्धत गर्न सकोस् भन्नेमा प्रथम योजना प्रष्ट देखिन्छ । यसबाट समाजवाद्उन्मुख सबल अर्थतन्त्र समुन्नत प्रदेश निर्माणमार्फत सामाजिक न्याय सहितको सबल अर्थतन्त्रको निर्माण गर्ने र त्यसैले आयको न्यायोचित वितरण गर्दै उच्च, दिगो तथा फराकिलो आर्थिक वृद्धि हासिल गर्ने उद्देश्य योजनाले बोकेको छ ।

आर्थिक उन्नयनमा सरकारी क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी संस्था नागरिक समाज, सामुदायिक सङ्घसंस्था र अन्य क्षेत्रको संलग्नता तथा साझेदारितालाई योजनाले उच्च महत्व दिएको छ । प्रदेशको गार्हस्थ उत्पादन क्रमशः वृद्धि हुदै गएको छ । कोशी प्रदेशको अर्थतन्त्र बागमती प्रदेश पछिको ठूलो हो । योजनाको अन्त्यसम्ममा प्रदेशको अर्थतन्त्रको आकार ८ खर्ब ३ अर्ब ५६ करोड पुऱ्याउने लक्ष्य लिएकोमा योजना कार्यान्वयनको चौथो वर्ष अर्थात आर्थिक वर्ष २०७९।८० मा नै गार्हस्थ उत्पादन ८ खर्ब ४९ अर्ब ६५ करोड पुगिसकेको छ । आवधिक योजनाले राखेको अधिकतम लक्ष्यसमेत एक वर्ष पहिला पूरा हुनुले अर्थतन्त्रको आकार वृद्धि गर्न आवधिक योजना पूर्णत सफल भएको पाईयो ।

प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औसतको तुलनामा राम्रो अवस्थामा रहे तापनि योजनाले राखेको आर्थिक वृद्धिदरको वार्षिक लक्ष्य र योजनाको अन्यमा प्राप्त हुने औसत ९.७ प्रतिशतको आर्थिकवृद्धि दर हासिल गर्ने अवस्था भने देखिदैन । योजना आरम्भ भएको पहिलो वर्ष आर्थिक वर्ष २०७६।७७ मा आर्थिक वृद्धिदर १.५३ प्रतिशतले ऋणात्मक हुन पुग्यो । वृद्धिदर उत्साहजनक रहेको आर्थिक वर्ष २०७८।७९ मा पनि जम्मा ५.१० प्रतिशत आर्थिक वृद्धि हासिल भएको छ । विगत वर्षहरूको आर्थिक वृद्धिदरको समीक्षा गर्दा योजनाले राखेको लक्ष्य हासिल हुने अवस्था देखिदैन । कोभिड-१९ को महामारीले अर्थतन्त्रलाई थला पारेको कारणले गर्दा आवधिक योजनाले लक्ष्य गरेबमोजिमको आर्थिक वृद्धिदर हासिल हुने अवस्था रहेन ।

गार्हस्थ उत्पादनको संरचनामा कृषिको योगदान घटाउने, उद्योगको योगदान बढाउने र सेवा क्षेत्रको योगदान सन्तुलनमा राख्ने लक्ष्य आवधिक योजनाले लिएको छ । कृषि क्षेत्रको योगदान घटाउँदै लगि योजनाको अन्तिम वर्षमा ३०.६९ प्रतिशतमा झार्ने, उद्योग क्षेत्रको योगदान बढाउँदै लगि २३.६१

प्रतिशत पुऱ्याउने र सेवा क्षेत्रको योगदानलाई निश्चित सीमाभन्दा माथि जान नदिने गरी ४५.६८ प्रतिशतमा सीमित राख्ने लक्ष्य राखेकोमा कृषिको योगदान आर्थिक वर्ष २०७९।८० मा ३३.६ प्रतिशत मात्र कायम भएको छ । यसले योजनाको अन्त्यसम्ममा कृषि क्षेत्रको गार्हस्थ उत्पादनमा योगदान घटाउने लक्ष्य हासिल हुने देखिदैन । त्यस्तै उद्योग क्षेत्रको योगदान गत आर्थिक वर्षसम्म आईपुग्दा खासै सुधार हुन नसकि १६.५ प्रतिशतमा अल्झिएको छ । यसबाट उद्योग क्षेत्रमा कुनै सुधार हुन नसकेको प्रष्ट हुन्छ । सेवा क्षेत्रको योगदान बढेर आर्थिक वर्ष २०७९।८० मा ५०.० प्रतिशत पुगेको छ । तसर्थ गार्हस्थ उत्पादनको संरचनामा आवधिक योजनाले ल्याउन खोजेको सुधारको लक्ष्य हासिल हुने अवस्था छैन । राष्ट्रिय उत्पादनमा कोशी प्रदेशको योगदान बागमती प्रदेशपछिको उच्च छ । कृषिमा कोशी प्रदेशको योगदान अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी छ ।

आवधिक योजनाले योजना अवधिमा १४ खर्ब ४२ अर्ब ८ करोड लगानी गर्ने लक्ष्य लिएकोमा निजी, सहकारी, सामुदायिक संलग्नतामा सो लक्ष्य पूरा गर्ने भने तापनि सार्वजनिक लगानीको लागि स्रोत नै लक्ष्यबमोजिम प्राप्त हुन सकेको छैन । निजी क्षेत्रको लगानी आकर्षित गर्ने ठोस नीति पनि योजनामा देखिदैन र निजी क्षेत्र उत्साहित भई लगानी बढाएको अवस्था पनि छैन । साथै निजी क्षेत्रको लगानीको वार्षिक अवस्था के कस्तो छ विवरण समेत प्राप्त हुन सकेन ।

आन्तरिक राजस्व परिचालनतर्फ प्रदेशले सामान्य मात्र प्रगति गर्न सकेको छ । तर योजनाले राखेको लक्ष्य भने हासिल हुने लक्षण देखिदैन । सङ्घबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम लक्ष्यबमोजिम प्राप्त नहुँदा लगानीमा स्रोतको अभाव हुने देखिन्छ । पुँजीगत र चालु खर्चको लागि बजेटले छुट्याएको रकम पनि कम मात्र खर्च भएको छ । अन्य प्रदेशसँगको तुलनामा पुँजीगत खर्चको अवस्था राम्रो भए तापनि प्रत्येक वर्ष पुँजीगत बजेट खर्च नभएर त्यसै रहन गएको छ । यसले कतै, स्रोतको अभाव हुने र कतै स्रोत खर्च नहुने अवस्था देखियो । पुँजीगत खर्च गर्ने क्षमता वृद्धि गर्नेतर्फ प्रदेशले जोड दिनु आवश्यक छ ।

कोशी प्रदेशले खर्चको प्रभावकारिता वृद्धि गर्ने, वित्तीय अनुशासन कायम गर्ने, खर्चको उपयोगलाई मितव्ययी एवम् विश्वसनीय बनाउनका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र यसै ऐनको नियमावली २०७९, सार्वजनिक खर्चको मापदण्ड र मितिव्ययितासम्बन्धी निर्देशिका, २०७९, प्रदेश समपुरक अनुदानसम्बन्धी कार्यविधि, २०७५, प्रदेश विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७५ तर्जुमा भई कार्यान्वयनमा रहेका छन् । योजना छनौटमा देखिएको समस्यालाई सम्बोधन गर्नका लागि आयोजना छनौट तथा वर्गीकरणसम्बन्धी कार्यविधि, २०८० र तयारी योजनाहरूलाई

प्राथमिकताका साथ कार्यान्वयनमा लैजान सहज बनाउने उद्देश्यले आयोजना बैङ्क व्यवस्थापन कार्यविधि, २०८० कार्यान्वयनमा रहेका छन् । यस्ता व्यवस्थाले वित्तीय अनुशासन कायम हुने, पारदर्शिता तथा मितव्ययिता सुनिश्चित हुनुका साथै योजना छनौट र कार्यान्वयनमा प्रभावकारिता वृद्धि हुने अपेक्षा गर्न सकिन्छ ।

# परिच्छेद-पाँच

# क्षेत्रगत समीक्षा

## ५.१. आर्थिक क्षेत्र

आवधिक योजनाले आर्थिक क्षेत्रमा कृषि, उद्योग र वनलाई समावेश गरेको छ । कृषिअर्न्तगत कृषि सहकारी तथा भूमि व्यवस्थापन, गुठी व्यवस्थापन, कृषि बाली उत्पादन र पशुपन्छी उत्पादन, खाद्य सुरक्षा तथा पोषण, सहकारी, उद्योगअन्तर्गत उद्योग, वाणिज्य, आपूर्ति तथा पर्यटन, खानी तथा खनिज सम्पदा र वनअन्तर्गत वन तथा जैविक विविधतालाई समावेश गरिएको छ। प्रत्येक क्षेत्रको अलगअलग अवस्था विश्लेषण गरी सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र अपेक्षित उपलब्धि समावेश गरिएको छ । योजनाले राखेका लक्ष्य, अपेक्षित उपलब्धि र हालसम्मका प्रयत्न र प्राप्त उपलब्धिको समीक्षा गरिने छ ।

### (क) कृषि

कृषि कोशी प्रदेशमा अर्थतन्त्रको मेरुदण्डको रूपमा रहँदै आएको छ। कृषि क्षेत्रबाट देशलाई सबैभन्दा बढी योगदान गर्ने प्रदेश कोशी हो । कृषिमा व्यवसायीकरण तथा आधुनिकीकरणमा यस प्रदेशको विशेष भूमिका छ । केही नगदे बालीमा यस प्रदेशले मात्र स्थान बनाउन सफल भएको देखिन्छ । प्रथम आवधिक योजनामा उल्लेख भए अनुसार योजनाको आधार वर्षमा देशको चिया उत्पादनको ९९.१७ प्रतिशत र अलैंचीको ९३.४७ प्रतिशत योगदान यस प्रदेशले गरेको थियो । त्यस्तै कतिपय मुख्य बालीहरूमा यो प्रदेशको राष्ट्रिय उत्पादनमा हिस्सा उल्लेख्य देखिन्छ जस्तै अदुवामा ३४.७२ प्रतिशत, आलुमा ३३.९३ प्रतिशत, मकैमा २८.७४ प्रतिशत, धानमा २०.७६ प्रतिशत योगदान रहेको थियो । त्यस्तै पशुपन्छीतर्फ दुधमा ३०.२३ प्रतिशत र मासुमा १९.२६ प्रतिशत हिस्सा राष्ट्रिय उत्पादनमा यस प्रदेशले ओगट्न सफल भएको थियो ।

आवधिक योजनाले कृषितर्फ **समुन्नत कृषि, सम्पन्न किसानः समृद्ध प्रदेश**को सोच राखेको छ भने कृषि क्षेत्रको गार्हस्थ उत्पादन वृद्धि हुने लक्ष्य राख्दै उक्त लक्ष्य हासिल गर्नका लागि तीन वटा उद्देश्य तय गरेको छ । विभिन्न रणनीति र कार्यनीति तथा कार्यक्रमहरू कार्यान्वयन गरेपश्चात योजनाको अन्त्यसम्ममा कृषि क्षेत्रको वार्षिक वृद्धिदर ५.६ प्रतिशत पुग्ने अपेक्षा योजनाले गरेको छ । त्यस्तै योजनाको अन्त्य सम्ममा Milk Holiday को अन्त्य हुने, धानको उत्पादकत्व ३.५ मे.टनबाट ५ मे.टन

प्रतिहेक्टर र मकैको उत्पादकत्व २.५ मे.टनबाट ४.२५ मे.टन प्रतिहेक्टर पुग्ने अपेक्षा गरिएको छ । योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ ।

| क्र.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | कृषि क्षेत्रको वार्षिक वृद्धिदर ५.६ प्रतिशत पुग्ने | विगत चार वर्षको औषत वृद्धिदर २.४३ पुगेको छ । | लक्ष्यबमोजिमको औषत वृद्धिदर हासिल हुन सक्ने देखिदैन । |
| २. | Milk Holiday को अन्त्य भएको हुने | समीक्षा अवधिमा दैनिक १ लाख लिटर भन्दा बढी दुध प्रशोधन क्षमता विस्तारका कारण मिल्क होलिडेको अवस्था नरहेको । | प्रदेशमा दैनिक ६० देखि ८० हजार लिटर दुध प्रशोधन हुने २ वटा धुलो दुध कारखाना र ९० वटाको हाराहारीमा छुर्पी उत्पादन गर्ने साना उद्योगबाट गरी दैनिक १ लाख लिटर भन्दा बढी दुध प्रशोधन क्षमता विस्तारका कारण मिल्क होलिडेको अवस्था नरहेको तर अन्य प्रदेश र विदेशबाट दुग्ध पदार्थको आयात भएमा मिल्क होलिडे हुन सक्नेछ । |
| ३. | धानको उत्पादकत्व ३.५ मे.टनबाट ५ मे.टन प्रतिहेक्टर पुगेको हुने | २०७८।७९ मा प्रतिहेक्टरमा धानको उत्पादन ३.६९ मे.ट. पुगेको छ । | उत्पादकत्वमा केही वृद्धि भएको छ तर लक्ष्य प्राप्त गर्न थप मेहनत आवश्यक छ । |

| | | | |
|---|---|---|---|
| ४. | मकैको उत्पादकत्व २.५ मे.टनबाट ४.२५ मे.टन प्रतिहेक्टर पुगेको हुने | २०७८।७९ मा प्रतिहेक्टरमा मकैको उत्पादन ३.२ मे.ट. पुगेको छ । | उत्पादकत्वमा वृद्धि भएको छ तर लक्ष्य हासिल गर्न अतिरिक्त प्रयत्न आवश्यक छ । |

आर्थिक वर्ष २०७९।८० सम्म कुल जनसङ्ख्याको ६२.७ प्रतिशत अर्थात ३१ लाख १० हजार ८ सय ५ जनसङ्ख्या कृषि क्षेत्रमा आवद्ध छन् । प्रदेशको कुल गार्हस्थ उत्पादनमा कृषिको योगदान ३३.२ प्रतिशत रहेको छ जब की यस्तो योगदान आर्थिक वर्ष २०७८।७९ मा ३३.९ प्रतिशत थियो । आर्थिक वर्ष २०७९।८० मा कृषि क्षेत्रको वृद्धिदर २.४९ प्रतिशत रह्यो जब की यस्तो वृद्धिदर अघिल्लो आर्थिक वर्ष २०७८।७९ मा २.१६ प्रतिशत थियो । प्रदेशको कुल भू–भागको ३१.९ प्रतिशत खेतियोग्य जमिन छ जसको ८६.४ प्रतिशतमा मात्र खेती भएको छ भने १३.६ प्रतिशत खेतीयोग्य जमिन बाँझो छ । प्रदेशले कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि कृषक पाठशाला सञ्चालनमा ल्याएको छ। देशको कुल धान उत्पादन क्षमतामा कोशी प्रदेशले २४.६३ प्रतिशत योगदान गरेको छ, त्यस्तै मकैमा २९.६३ प्रतिशत, कोदोमा २८.९९ प्रतिशत, चियामा ९९ प्रतिशत, जुटमा ९६.५२ प्रतिशत, अलैंचीमा ८७.७२ प्रतिशत र मासुमा १६.५२ प्रतिशत योगदान गरेको छ । योजनाले अपेक्षा गरे बमोजिम नै धान र मकैको उत्पादकत्व वृद्धि भएको छ तर लक्ष्य भने हासिल हुने अवस्था छैन । मिल्क होलिडेको समस्या तत्कालको लागि समाधान भई योजनाले लक्ष्य हासिल गरेको छ तर बाहिरबाट दुध तथा दुग्ध पदार्थ आयत भएमा फेरी समस्या दोहरिने जोखिम भने यथावत छ। राष्ट्रिय कृषि उत्पादनमा कोशी प्रदेशको योगदान अत्यन्त राम्रो रहेको देखिन्छ । कृषि बीमामा क्रमशः सुधार हुदै गएको छ भने पशु बीमामा पनि राम्रो प्रगति भएको छ । व्यवसायिक रुपमा कृषि तथा पशुपालन व्यवसायलाई अघि बढाउन कृषकहरूले आधुनिक प्रविधिको प्रयोग गर्ने, ऋण लिने तथा ठूलो परिमाणमा कृषि उद्यम गर्ने कार्यमा विस्तारै वृद्धि हुदै गएको पाईन्छ। कृषिमा उत्पादन र उत्पादकत्वमा केही वृद्धि भए तापनि लक्ष्यबमोजिम सफलता हासिल हुन सकेको छैन । कृषि उत्पादकत्व वृद्धिका लागि कृषि पूर्वाधारमा थप लगानी गर्ने र उत्पादन वृद्धिमा योगदान गर्नका लागि कृषकलाई आकर्षित गर्ने गरी कृषि अनुदान प्रवाह गर्नेतर्फ सरकारले जोड दिनुपर्दछ ।

**(ख) भूमि व्यवस्थापन**

भूमिको वैज्ञानिक र विवेकपूर्ण प्रयोग प्रदेशको समुन्नति र सामाजिक न्यायका लागि महत्वपूर्ण छ । नेपालले लामो समयदेखि बैज्ञानिक भूमि व्यवस्थापनको सबाल उठाउँदै आए तापनि सम्बोधन भने हुन सकेको छैन । लामो समयदेखि गिजोलिएर रहेको यो समस्याको सम्बोधन प्रदेशबाट हुन सक्छ भन्ने ठानेर संविधानले भूमि व्यवस्थापनको अधिकार प्रदेशलाई दिएको छ । कोशी प्रदेशमा करिब ६२.७ प्रतिशत नागरिक कृषिमा संलग्न हुनु तथा कृषिले अर्थतन्त्रको एक तिहाई अंश ओगटनुले पनि भूमिको व्यवस्थापनमा ध्यान दिनु आवश्यक छ । प्रदेशमा सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या लामो समयदेखि कायम नै रहेको छ । जमिनको वर्गीकरण, उपयोग, सार्वजनिक जमिनमा अतिक्रमण आदि दोहोरिदै आएका समस्याको रूपमा देखिन्छन् । प्रदेशले भूमिको वैज्ञानिक व्यवस्थापन तथा विवेकपूर्ण उपयोगको सोच लिएको छ । वैज्ञानिक भूमि व्यवस्थापनबाट कृषि, पर्यटन, उद्योग व्यापारको लागि समृद्ध आधार निर्माण हुने लक्ष्य राखेर र उक्त लक्ष्य हासिल गर्नका लागि भूमिको नक्साङ्कन तथा अभिलेख व्यवस्थित गर्ने र कृषियोग्य भूमि बाँझो राख्ने प्रवृत्ति र खण्डीकरणलाई निरुत्साहित गर्ने दुई उद्देश्य लिएको छ । योजना कार्यान्वयनबाट भू-उपयोग नीति कार्यान्वयन हुने, भूमि अभिलेख विद्युतीय सूचना प्रणालीमा आवद्ध भएको हुने, कृषियोग्य भूमिको खण्डीकरण रोकिने, भूमि बैङ्क स्थापना भई सहकारीमा आधारित करार खेती प्रणाली स्थापित हुने र अव्यवस्थित बस्तीको व्यवस्थापन हुने अपेक्षा राखेको छ ।

भूमि व्यवस्थापनको नीति तर्जुमा गरी भूमिको दीर्घकालीन व्यवस्थापन गर्न सकेमा प्रदेशले ठूलो उपलब्धि हासिल गर्ने देखिन्छ । वन जंगल तथा संरक्षित क्षेत्र, शहर वा बस्ती बस्ने स्थान र कृषि लगायतमा बर्गीकरण गरी भूमिको उचित व्यवस्थापनमा प्रदेशको भूमिका कमजोर देखिएको छ । भूमि व्यवस्थापन नेपालमा त्यसै पनि ढिला भई सकेको छ । एकपटक भूमिको अन्यत्र प्रयोग भएपछि यसको व्यवस्थापन गर्न नसकिने हुँदा यस्तो महत्वपूर्ण र दुर्लभ प्रकृतिको उपहार भूमि व्यवस्थापनको नीति प्रदेशलाई आवश्यक छ ।

**(ग) गुठी व्यवस्थापन**

सार्वजनिक सम्पत्तिको व्यवस्थापन, परम्परागत सम्पदा र संस्कृतिको संरक्षण तथा सामाजिकताको भावना जोगाई राख्नका लागि गुठी व्यवस्थापन प्रभावकारी हुँदै आएको छ । यो नेपालको मौलिक व्यवस्थापन हो र कोशी प्रदेशले पनि यसलाई प्राथमिकतामा राखेको छ । गुठीको तथ्याङ्क यकिन गर्न, गुठी सम्पदाको संरक्षण तथा व्यवस्थापन गर्ने जटिल कार्य भएकाले आवधिक योजनाले नै यसलाई

समावेश गरेको छ । **गुठी सम्पदाको संवर्द्धनः सम्पदा र सार्वजनिक सम्पत्तिको संरक्षण**लाई प्रदेशले आफ्नो सोचको रूपमा ग्रहण गरेको छ । प्रदेशले गुठी सम्पत्ति एवम् ऐतिहासिक सम्पदाको उचित व्यवस्थापन र संरक्षण हुने लक्ष्य राखेको छ। गुठी व्यवस्थापनका लागि सम्पत्तिको अतिक्रमण रोक्ने र यससँग सम्बन्धित सम्पदाको संरक्षण र संवर्द्धन गर्ने उद्देश्य लिएको छ। प्रदेश आवधिक योजनाले लिएका नीति, रणनीति र कार्यनीतिको कार्यान्वयनबाट प्रदेशमा गुठी सम्पत्तिको अभिलेखाङ्कन भई प्रभावकारी व्यवस्थापन हुने, गुठीसँग जोडिएका सम्पदाको संरक्षण हुने, गुठी व्यवस्थापनको नेपाली मौलिक परम्पराको संरक्षण हुने र गुठी सम्पत्तिको आय वृद्धि हुने अपेक्षा लिएको पाईन्छ ।

गुठी प्रदेशको महत्वपूर्ण सास्कृतिक सम्पदा हो । जमिनको पहिचान, संरक्षण र उचित उपभोगका लागि भएका प्रयासहरु सकारात्मक छन् । यसलाई अझ बढी प्रभावकारी ढंगबाट उपयोगमा ल्याउने तर्फ प्रदेश सरकारको ध्यान जानु पर्दछ ।

### (घ) खाद्य सुरक्षा तथा पोषण

संविधानले खाद्य सुरक्षालाई नागरिकको मौलिक हकको रूपमा स्वीकार गरेको छ। आवधिक योजनाले यसलाई आत्मसात गर्दै खाद्य सुरक्षा तथा पोषणका सबालमा प्रष्ट योजना प्रस्तुत गरेको छ। यसलाई उत्पादन, पहुँच, उपभोग प्रयोग र निरन्तरताको आयाममा हेर्नुपर्ने धारणा योजनाले राखेको छ । आवधिक योजनाको आधार वर्षमा प्रदेशको पोषणको स्थिति राष्ट्रिय अवस्थाको तुलनामा राम्रो देखिन्छ । उक्त समयमा प्रदेशमा न्यूनतम क्यालोरी प्राप्त जनसङ्ख्या ९१.९ प्रतिशत थियो, औसत क्यालोरिमा पहुँच पुगेको परिवार ६८ प्रतिशत र आधारभूत खाद्य सुरक्षा प्राप्त परिवार ५२.६ प्रतिशत थियो। खाद्य असुरक्षित परिवार ९.२ प्रतिशत थियो । त्यस्तै प्रतिव्यक्ति प्रतिवर्ष खाद्य उत्पादन २५६.२ किलोग्राम रहेको थियो । आवधिक योजनाले क्षेत्रगत सोचमा **खाद्य सुरक्षा तथा पोषणको सुनिश्चितताः स्वास्थ नागरिक, स्वस्थ प्रदेश** राखेको छ । त्यस्तै क्षेत्रगत लक्ष्य पोषणयुक्त खाद्यान्नमा दिगो पहुँच तथा उपभोग वृद्धिमार्फत खाद्य तथा पोषण सुरक्षा तय गरेको छ भने उक्त लक्ष्य पूरा गर्नका लागि खाद्य तथा पोषण सुरक्षा प्रदान गर्ने उद्देश्य राखेका छ।

आवधिक योजनाले योजना कार्यान्वयनपश्चात ९६ प्रतिशत जनसङ्ख्यामा न्यूनतम क्यालोरी पुगेको र ८० प्रतिशतमा औसत क्यालोरी पुगेको हुने परिकल्पना गरेको छ। त्यस्तै खाद्य असुरक्षित परिवार ९.२ प्रतिशतबाट घटेर ५ प्रतिशत पुग्ने अपेक्षा गरेको छ । प्रतिव्यक्ति खाद्यान्न उत्पादन २८० किलोग्राम पुगेको हुने, पुड्कोपना भएका पाँच वर्ष मुनिका बच्चाको सङ्ख्या घटेर २० प्रतिशत पुगेको

हुने, प्रजनन उमेरका महिलामा रक्त अल्पता घटेर ३० प्रतिशतमा झरेको हुने अपेक्षा गरेको छ । योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ ।

| क.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | खाद्य असुरक्षित परिवार ५ प्रतिशत पुग्ने | १३.१ प्रतिशत परिवार मध्यम वा गम्भिर खाद्य असुरक्षामा छन् । जब की १.६ प्रतिशत परिवार गम्भिर खाद्य असुरक्षामा छन् । | खाद्यान्नमा आत्म निर्भर भए तापनि खाद्य असुरक्षामा रहेका परिवारमा खासै सुधार हुन सकेको पाइएन । |
| २. | पुड्कोपना भएका पाँच वर्ष मुनिका बच्चाको सङ्ख्या घटेर २० प्रतिशत पुगेको हुने | पाँच वर्ष मुनिका पुड्कोपना भएका बच्चा २० प्रतिशत छन् , | तोकिएको समय भन्दा पहिले नै लक्ष्य हासिल हुन सफल । |
| ३. | प्रजनन उमेरका महिलामा रक्त अल्पता घटेर ३० प्रतिशतमा झरेको हुने | रक्त अल्पता ३४ प्रतिशत छ । | लक्ष्य हासिल गर्न थप मेहनत आवश्यक छ । |

प्रदेशमा खाद्य तथा पोषणको अवस्थामा क्रमशः सुधार हुदै गएको देखिन्छ । पुड्कोपना भएको बच्चाको सङ्ख्यामा आएको उल्लेख्य कमीले पोषणको क्षेत्रमा प्रदेशको प्रयास सकारात्मक देखिएको छ । तर कतिपय लक्ष्यहरू हासिल गर्न थप प्रयासको आवश्यकता देखिएको छ । खाद्यान्न वासलात हेर्दा सुनसरी जिल्ला बाहेक समग्र प्रदेश खाद्यान्नमा आत्मनिर्भर बनेको छ । खाद्य सुरक्षामा झापा जिल्ला सबैभन्दा मजबुद् रहेको छ । खाद्यान्न वासलातमा कोशी प्रदेश ४९९१४० मेट्रिक टनले बचतमा छ । यसलाई खाद्य सुरक्षा र पोषणका दृष्टिकोणले अत्यन्त सकारात्मक मान्न सकिन्छ तर उपलब्ध खाद्यान्नको वाडफाँट कसरी भएको छ र विकट बस्ती तथा विपन्न समुदायमा यसको आपुर्ति सुनिश्चितता कसरी गरिएको छ त्यसको भने समीक्षा हुनु पर्दछ । राष्ट्रिय स्तरमा धेरै योगदान गर्ने

तर मध्यम तथा उच्च खाद्य असुरक्षा र गम्भिर खाद्य असुरक्षामा रहेका परिवार राष्ट्रिय औषत भन्दा कोशी प्रदेशमा धेरै हुनुले वितरण प्रणालीमा गम्भिर समस्या रहेको देखिन्छ ।

**(ङ) सहकारी**

संविधानले सार्वजनिक, निजी र सहकारीलाई विकास तथा समृद्धिको आधारको रूपमा उल्लेख गरेको सन्दर्भमा सहकारीलाई विकासको मुख्य साझेदारको रूपमा आवधिक योजनाले आत्मसात गरेको छ । सर्वसाधारणलाई विकासको मूल प्रवाहमा ल्याउने तथा आर्थिक तथा सामाजिक रूपमा सशक्तिकरण गर्ने एक महत्वपूर्ण माध्यमको रूपमा सहकारी क्षेत्र विकास भएको छ । यसको प्रभाव दिन प्रतिदिन बढ्दै गई ग्रामीण तथा विपन्न समुदायमा लोकप्रिय बनेको छ । प्रदेशले सहकारीलाई आर्थिक विकासको एक महत्वपूर्ण खम्बाको रूपमा स्वीकार गरेको छ । प्रदेशको लगानीमा पनि सहकारीको उल्लेख्य अंश समावेश हुनुले पनि यसलाई महत्वपूर्ण विकास साझेदारको रूपमा लिईएको पाइन्छ । आवधिक योजना तयार पार्दाको अवस्थामा प्रदेशमा ५१४४ सहकारी  सञ्चालनमा थिए जसमा ८२५० जनाले रोजगारी पाएका थिए । ती संस्थाले २७ अर्ब बचत परिचालन गरेकोमा ३१ अर्ब ५३ करोड लगानी गरेका थिए ।

आवधिक योजनाले **सहकारिताको माध्यमबाटः समृद्धिको आधार तयार गर्ने** सोच लिएको छ । योजनाले सहकारी क्षेत्रको कुल गार्हस्थ उत्पादनमा योगदान बढाउने लक्ष्य लिएको छ भने सहकारी क्षेत्रको विकास एवम् प्रवर्द्धन गरी आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने उद्देश्य राखेको छ । सहकारी क्षेत्रको विकासबाट रोजगारी सिर्जना, गरिबी निवारणका अतिरिक्त उत्पादन वृद्धि हुने अपेक्षा समेत आवधिक योजनाले गरेको छ । योजनाको अन्त्यसम्ममा प्रदेशमा सहकारीको गार्हस्थ उत्पादनमा योगदान १ प्रतिशतबाट वृद्धि भै ५ प्रतिशत पुगेको हुने, यस क्षेत्रले १५ हजार व्यक्तिलाई रोजगार प्रदान गरेको हुने, निक्षेप र ऋण प्रवाह आधार वर्षको तुलनामा ४०० प्रतिशतले वृद्धि भएको हुने अपेक्षा गरेको छ । योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ ।

| क्र.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | | | सहकारीले उल्लेख्य सङ्ख्यामा रोजगारी सिर्जना गरेको छ । यो लक्ष्यको नजिक छ । |

| | | | |
|---|---|---|---|
| | सहकारीले १५ हजार व्यक्तिलाई रोजगार प्रदान गरेको हुने | सहकारीले १४ हजार २ सय ३५ जनालाई रोजगारी दिएको अवस्था छ । | तर यसको रोजगारीमा प्रत्यक्ष मात्र नभई अप्रत्यक्ष योगदानलाई समेत समेट्नु पर्दछ । |
| २. | निक्षेप र ऋण प्रवाह आधार वर्षको तुलनामा ४०० प्रतिशतले वृद्धि भएको हुने | जम्मा निक्षेप ९२ अर्ब र ऋण प्रवाह १ खर्ब १३ अर्ब रहेको छ । | निक्षेप संकलन र ऋण प्रवाहमा उल्लेख्य वृद्धि भएको अवस्था देखिन्छ । योजनाले लक्ष्य राखे बमोजिम नै करिब ४०० प्रतिशत वृद्धि भएको छ । |

छरिएर रहेको श्रम, पुँजी, प्रविधि तथा सीपलाई एकीकृत गर्दै आर्थिक तथा सामाजिक विकासमा उपयोग गर्न प्रदेश सहकारी ऐन, २०७६ जारी भएको छ । २०८० असारसम्म प्रदेशमा जम्मा १०७७ सहकारी दर्ता भएका छन् । जसमा ६ लाख १२ हजार ९३४ व्यक्ति आवद्ध भएकामा ५४ प्रतिशत महिला सदस्य छन् । स्थानीय तहले हेर्ने सहकारी ३८३६ छन् जसमा १५ लाख ५९ हजार ६८० सदस्य छन् । यसरी प्रदेशभरका सहकारीमा आवद्ध सदस्य संख्या २१ लाख ७२ हजार ६४४ जना रहेका छन् । सहकारीको निक्षेप संकलन ९२ अर्ब र ऋण प्रवाह १ खर्ब १३ अर्ब रहेको छ भने सहकारीले सिर्जना गरेको सम्पति १ खर्ब ४५ अर्ब पुगेको छ । निक्षेप र ऋण प्रवाहमा भएको वृद्धि करिव योजनाको लक्ष्य नजिक छ । सहकारीबाट कोशी प्रदेशमा १४ हजार २ सय ३५ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । सहकारीलाई प्रदेशमा क्षमता अभिवृद्धिमा व्यापक सहयोग र निरन्तर नियमन गरेको खण्डमा आर्थिक वृद्धि, रोजगारी सिर्जना, गरिबी निवारण र सामाजिक सशक्तिकरणमा राम्रो योगदान दिन सक्ने छ ।

**(च) उद्योग**

आर्थिक विकासको मेरुदण्डको रूपमा उद्योग क्षेत्रलाई लिने गरिन्छ । औद्योगिक क्रान्तिबाट मात्र दिगो, फराकिलो र उच्च आर्थिक विकास हासिल गर्न सकिन्छ । उद्योगलाई संविधानले एकल र सङ्घ

तथा प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ। व्यवसायिक उत्पादन, उत्पादनको प्रशोधन तथा अन्तराष्ट्रिय बजारमा बिक्री गर्ने सम्बन्धमा प्रदेशले विशिष्ट अनुभव हासिल गरेको सन्दर्भमा प्रदेशमा उद्योग प्रवर्द्धनका लागि आवधिक योजनाले विशेष महत्व दिएको छ। आवधिक योजना तर्जुमा गर्दा प्रदेशमा १६ हजार ५ सय १८ उद्योग थिए, प्रदेशको गार्हस्थ उत्पादनमा उद्योगको योगदान १९.०६ प्रतिशत थियो र यस क्षेत्रले १०१२९ जनालाई रोजगारी दिएको थियो। दिगो विकास लक्ष्य हासिल गर्न २०८७ सम्ममा प्रदेशले उद्योग क्षेत्रको योगदान गार्हस्थ उत्पादनमा २५ प्रतिशत पुऱ्याउनु पर्ने अनुमान छ।

**आर्थिक रूपान्तरणका लागि औद्योगीकरणः समृद्धिका लागि रोजगारी प्रवर्द्धन** गर्ने सोच योजनाले राखेको छ। प्रदेश गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान वृद्धि गर्ने लक्ष्य निर्धारण गरिएको छ। यसका लागि औद्योगिक लगानी आकर्षित गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, स्थानीय स्रोत, सीप र साधनमा आधारित उद्योग प्रवर्द्धन गर्दै रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्य योजनाले राखेको छ। उद्योग क्षेत्रको योगदान प्रदेशको अर्थतन्त्रमा बढाउँदै लगि २३.६१ प्रतिशत पुऱ्याउने लक्ष्यका साथ विभिन्न रणनीति, कार्यनीति तथा कार्यक्रमहरू योजनाले कार्यान्वयनमा ल्याएको छ। प्रथम योजनाको अन्त्यमा उद्योगमा २ लाख रोजगारी सिर्जना भएको हुने, प्रदेशमा थप ५ औद्योगिक करिडोर स्थापना भएको हुने अपेक्षा योजनाले गरेको छ। योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ।

| क्र.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | उद्योग क्षेत्रको योगदान प्रदेशको अर्थतन्त्रमा २३.६१ प्रतिशत पुगेको हुने | विगत चार वर्षमा उद्योग क्षेत्रको गार्हस्थ उत्पादनमा औषत योगदान १६.५७ प्रतिशत रहेको छ। | योजनाको अन्त्य सम्ममा प्राप्त गर्ने लक्ष्य हासिल हुने देखिंदैन। |
| २. | उद्योगमा २ लाख रोजगारी सिर्जना भएको हुने | प्रदेशमा सञ्चालन स्वीकृत उद्योगबाट ८६ हजार ४ सय ९९ जनाले रोजगारी पाउने अवस्था छ। | योजनाको लक्ष्य हासिल हुने अवस्था देखिएन। |

| | | | |
|---|---|---|---|
| ३. | प्रदेशमा थप ५ औद्योगिक करिडोर स्थापना भएको हुने | २ वटा औद्योगिक क्षेत्र ( धरान र धनकुटामा) स्थापना भएको । | सकारात्मक प्रयास आरम्भ भएको छ । |
| ३. | आवश्यकता अनुसार स्वदेशी तथा वैदेशिक लगानी बढेको हुने | लगानीमा वृद्धि भएको देखिन्छ । | निजी क्षेत्रसँग समन्वय गरी लगानीको अवस्था समय समयमा अध्यावधिक गर्न सकेमा राम्रो हुने । |

प्रदेशमा उद्योग क्षेत्रको कुल लगानी आर्थिक वर्ष २०७९।८० सम्म ६ खर्ब १९ अर्ब ४७ करोड पुगेको छ । यो गत वर्ष भन्दा ११.५ प्रतिशतले वृद्धि हो । नेपालमा उद्योग क्षेत्रको लगानीको २३.३ प्रतिशत कोशी प्रदेशले ओगट्दछ। पहिलो आवधिक योजना कार्यान्वयनमा आए पश्चात आर्थिक वर्ष २०७९।८० सम्ममा ४१ हजार नयाँ उद्यमी बजारमा थपिएका छन् । कोशीमा देशका ९.५ प्रतिशत उद्योग छन् जसले जम्मा उद्योग क्षेत्रको १२.९ प्रतिशत रोजगारी उपलब्ध गराएको छ । प्रदेशमा सञ्चालित स्वीकृत उद्योगबाट १ लाख १२ हजारजनाले रोजगारी पाउने अवस्था छ । विदेशी लगानी स्वीकृति पाएका उद्योग १४७ वटा छन् । २०७९ फागुनसम्म दर्ता भएका लघु, घरेलु तथा साना गरी कुल ६ लाख ७३ हजार उद्योग मध्ये सबैभन्दा बढी कोशी प्रदेशमा १४ प्रतिशत दर्ता भएका छन् । यसबाट ४ लाख ७३ हजारले रोजगारी पाएका छन् । उद्योगले प्रदेशको गार्हस्थ उत्पादनमा औषत १६.५७ प्रतिशत मात्र योगदान गर्नुले योजनाले राखेको २३.६१ प्रतिशतको योगदान हासिल हुने अवस्था पाईएन । विराटनगरमा विशेष आर्थिक क्षेत्र स्थापनाको लागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ भने झापामा सम्भाव्यता अध्ययनको काम भईरहेको छ । प्रदेशका १२ वटा औद्योगिक ग्राम स्थापना भई सञ्चालनमा रहेका छन् ।

**(छ) खानी तथा खनिज सम्पदा**

प्रदेशको आय वृद्धि तथा विकासको लागि खनिज सम्पदाको परिचालन उपयोगी हुने तथ्यलाई मनन गरी आवधिक योजनाले खानी तथा खनिज सम्पादको पहिचान तथा उत्खनन्मा विशेष जोड दिएको छ । कोशी प्रदेशमा तामा, अभ्रख, चुनढुङ्गा, खरी ढुङ्गा मार्वल, पेट्रोलियम, ग्यास, सुन, म्याग्नेसाइट आदिको खानी भएको विषय प्रारम्भिक अध्ययनहरूले देखाएको छ । अन्तर्राष्ट्रिय सीमा व्यापारमा सहज

स्थान रहेको र विकासको पथमा द्रुतताका साथ लम्किएको प्रदेश भएकाले व्यापार प्रवर्द्धन तथा विकास पूर्वाधार निर्माणमा यो क्षेत्रले राम्रो योगदान गर्न सक्नेछ । त्यसैले प्रदेश आवधिक योजनाले खानी र खनिज सम्पादको सन्दर्भमा **खनिज सम्पदाको उपयोगः समृद्धिको योजनामा सहयोग**को सोच राखेको छ । खानी र खनिज प्रदेशको विकासमा उपयोगी सिद्ध हुने विश्वास योजनाले लिएको छ । योजनाले प्रदेशको गार्हस्थ उत्पादनमा खानी तथा खनिज सम्पदाको योगदान बढाउने लक्ष्य लिएको छ। उपलब्ध खानी तथा खनिज सम्पदालाई सङ्घ सरकार र निजी क्षेत्रसँगको सहकार्यमा अन्वेषण र उत्खनन् गर्ने उद्देश्य राखेको छ । योजनामा राखिएका रणनीति र कार्यनीतिको कार्यान्वयनबाट खानी उत्खनन्मा आवश्यक नीतिगत, कानुनी एवम् संरचनागत व्यवस्था भएको हुने, अभ्रख, चुनढुङ्गा, खरी ढुङ्गा, मार्वल आदि खानीको व्यवसायिक उत्पादनका लागि खानी क्षेत्रको अध्ययन हुने, खानीसम्बन्धी दक्ष जनशक्तिको उपलब्धतामा वृद्धि हुने, आवश्यकता अनुसार स्वदेशी तथा वैदेशिक लगानी बढेको हुने अपेक्षा योजनाले लिएको छ। योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ ।

| क्र.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | अभ्रख, चुनढुङ्गा, खरी ढुङ्गा, मार्वल आदि खानीको व्यवसायिक उत्पादनका लागि खानी क्षेत्रको अध्ययन हुने | केही क्षेत्रमा अध्ययन आरम्भ गरिएको भए तापनि नतिजा हासिल नभएको । | लक्ष्य हासिल हुने अवस्था नरहेको । |

प्रदेशमा विविध प्रकारका महत्वपूर्ण खानीहरूको रहेको भए तापनि त्यसको अन्वेषण तथा उत्खनन्मा खासै प्रगति भएको छैन । मोरङ जिल्लामा पेट्रोलियम पदार्थको खानी रहेको सम्बन्धमा अन्वेषण जारी रहेको अवस्था छ भने खोटाङमा खानी जन्य उद्योग स्थापनाको लागि डोलोमाइट प्रवर्द्धनको कार्य भईरहेको छ ।

### (ज) वाणिज्य तथा आपूर्ति

समकालिन विश्वमा आर्थिक गतिविधिको मापन वाणिज्य तथा आपूर्तिको आधारमा गर्ने गरिन्छ । यसलाई समृद्धिको सबल सूचकको रूपमा लिईदै आएको छ । यसले उत्पादित वस्तु तथा सेवालाई उपभोक्तासमक्ष पुर्‍याई सहजता सिर्जना गर्ने हो । संविधानले प्रदेशभित्रको वाणिज्य तथा आपूर्तिको अधिकार प्रदेशको र अन्य व्यवस्थापन सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ। कोशी

प्रदेशमा देशका मुख्य व्यापारिक केन्द्र तथा आर्थिक एकाइहरू रहेका छन् । आवधिक योजनामा उल्लेख भए अनुसार योजनाको आधार वर्षमा प्रदेशमा १ लाख ६८ हजार ४ सय ३४ व्यापारिक संस्था रहेका थिए, वाणिज्य क्षेत्रको गार्हस्थ उत्पादनमा योगदान ९.१ प्रतिशत थियो । आर्थिक वर्ष २०७५।७६ मा ८५ अर्ब २ करोडको व्यापारिक कारोबार भएको थियो । आपूर्तिमा उपभोक्ता सन्तुष्टि सूचक ४.७० रहेको थियो ।

आवधिक योजनाले क्षेत्रगत सोचमा **सरलिकृत व्यापारः सम्वृद्धिको आधार** तय गरेको छ । योजनाले व्यापारिक गतिविधि वृद्धि गर्ने र सर्वसुलभ आपूर्ति प्रणाली स्थापित गर्ने उद्देश्य राखेको छ । योजनाको अन्त्यसम्ममा प्रदेशको गार्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान १५ प्रतिशत पुगेको हुने, आपूर्ति उपभोक्ता सन्तुष्टि सूचक ४.७० बाट वृद्धि भई ५.१ पुगेको हुने अपेक्षा राखिएको छ । कोशी प्रदेशमा रहेका भन्सारबाट देशको कुल भन्सार राजस्वको ११.७ प्रतिशत सम्म राजस्व सङ्कलन भएको पाईन्छ । कोशी प्रदेशस्थित भन्सार कार्यालयबाट कुल निर्यातको ३५ प्रतिशत र आयातको १५ प्रतिशत कारोबार हुने गरेको छ । योजना आरम्भ भएपश्चात करिव २७०० नयाँ फर्महरु थपिएको र हाल जम्मा १८ हजार २ सय ७२ फर्महरु सञ्चालनमा छन् । यस अवधिमा करिब ८ अर्ब लगानी थपिएको छ ।

**(झ) पर्यटन**

पर्यटन प्रदेश विकासको प्रमुख आधार हो । कोशी प्रदेशको पर्यटकीय सम्भावनाले नेपाललाई समृद्ध बनाउने क्षमता राख्दछ । देशलाई विश्वसमक्ष परिचित गराउने र लाखौँको सङ्ख्यामा पर्यटक भित्र्याउने क्षमता कोशी प्रदेशसँग छ । विद्यमान क्षमताको उपयोग गरी कोशीलाई पर्यटकीय केन्द्र बनाउन आवधिक योजनाले आवश्यक प्रयास थालेको छ । विश्वको सर्वोच्च शिखर सगरमाथा यसै प्रदेशमा पर्दछ । यहाँको प्राकृतिक सुन्दरता अद्भूत छ, संस्कृति तथा जैविक विविधतामा यो प्रदेश निकै सम्पन्न छ । यस्ता आधारले पनि पर्यटन विकासमा यस प्रदेशले फड्को मार्न सक्ने छ । प्रदेशको गार्हस्थ उत्पादनमा पर्यटनले १.९३ प्रतिशत योगदान गरेको थियो र यस क्षेत्रमा जम्मा ३२ हजारले रोजगारी प्राप्त गरेका थिए । पर्यटन गरिबी निवारण, रोजगारी सिर्जनाका साथै ग्रामीण र सहरी अर्थतन्त्र बिच अर्न्तसम्बन्ध स्थापित गर्नका लागि महत्वपूर्ण मानिएको छ ।

योजनामा **पर्यटन क्षेत्रको दिगो विकासः प्रदेश समृद्धिको आधार** भन्ने क्षेत्रगत सोच तय गरिएको छ । पर्यटन क्षेत्रको दिगो विकासद्धारा आय र रोजगारीका अवसर वृद्धि गर्ने लक्ष्य योजनाले लिएको छ । साथै पर्यटन क्षेत्रको विकासको लागि योजनाले प्रदेशलाई मुलुकको पर्यावरण अनुकूल प्रमुख पर्यटन

गन्तव्यको रूपमा विकास गर्ने, पर्यटकको सङ्ख्या, बसाई र क्रयदर वृद्धि गर्ने र पर्यटनलाई स्थानीय अर्थतन्त्र र रोजगारीसँग आवद्ध गर्ने उद्देश्यहरू निर्धारण गरेको छ। योजनाको कार्यान्वयनबाट आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्ने, पर्यटन क्षेत्रको योगदान प्रदेश अर्थतन्त्रमा ५ प्रतिशत पुगेको हुने, यस क्षेत्रले ६४ हजार रोजगारी सिर्जना गरेको हुने अपेक्षा योजनाले राखेको छ । योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ ।

| क.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | पर्यटन क्षेत्रको योगदान प्रदेश अर्थतन्त्रमा ५ प्रतिशत पुगेको हुने | २०७९।८० मा पर्यटन क्षेत्रको गार्हस्थ उत्पादनमा योगदान १.९ प्रतिशत र आर्थिक वर्ष २०७८।७९ मा १.६ प्रतिशत थियो । | पर्यटन क्षेत्रको गार्हस्थ उत्पादनमा योगदान वृद्धि भए तापनि यो वृद्धि क्षमताबमोजिम छैन भने यसले लक्ष्य समेत हासिल गर्ने अवस्था छैन । |
| २. | पर्यटन क्षेत्रले ६४ हजार रोजगारी सिर्जना गरेको हुने | ३० वटा पर्यटकीय गन्तव्य स्थापना भएकाले यसले समेत रोजगारी वृद्धिमा थप योगदान गरेको हुन सक्ने । | पर्यटन क्षेत्रले सिर्जना गरेको अप्रत्यक्ष तथा अनौपचारिक रोजगारीको गणना गर्ने प्रणाली विकास नभएको । योजनाले अपेक्षा गरे बमोजिम रोजगारी सिर्जना गर्न थप प्रयास गर्नु पर्ने देखिन्छ । |
| ३. | ५० वटा पर्यटकीय गन्तव्य स्थापना भएको हुने | ३० वटा पर्यटकीय गन्तव्य स्थापना भएको । | सबै लक्ष्य हासिल नहुने भएता पनि उपलब्धि |

| | | | |
|---|---|---|---|
| | | | सन्तोष जनक देखिन्छ । |

कोशी प्रदेशमा ८ हजार मिटर भन्दा अग्ला ५ वटा हिमाल पर्दछन् । प्रदेशमा अरुण उपत्यका, कोशिटापु वन्यजन्तु आरक्ष, चियाको राजधानी इलाम, बराह क्षेत्र, हलेसी, पाथीभरा जसता चर्चिर र आकर्षक स्थान छन् । प्रदेशमा १५ वटा विमानस्थल छन् जसले पर्यटन आगमनलाई सहज बनाएको छ । लुक्ला, तुम्लिङटार र सुकेटार विमानस्थलले हिमाल आरोहणमा प्रत्यक्ष योगदान गरेका छन् । नेपाल सरकारले पहिचान गरेका देशभरका १०० पर्यटकीय गन्तव्य मध्ये ३० वटा कोशी प्रदेशमा मात्र पर्दछन् । प्रदेशमा तारे होटल ११ वटा, पर्यटकीयस्तरका होटल ३३ वटा र ५६ वटा होमस्टे छन् । ४ स्थानमा जलयात्रा सञ्चालनमा छन् । सन् २०२२ मा मात्र पर्वतारोहणका लागि १ हजार १ सय १८ पर्यटक आएका थिए । विदेशी सहयोग समेत परिचालन गरी ८८ कि.मि. मुन्धुम पदमार्ग मध्ये ६६ कि.मि. पदमार्गको निर्माण सम्पन्न भएको छ । यस प्रदेशमा सुविधायुक्त होटल तथा लजहरू सञ्चालनमा छन् भने तारे होटलहरू निर्माण हुने क्रम चलिरहेको छ । यहाँका प्रमुख पर्यटकीय स्थलहरूको संक्षिप्त जानकारी प्रकाशन गरिएको छ । नेपालको सबैभन्दा होचो भू-भाग कचनकबल पनि यसै क्षेत्रमा पर्दछ । सूर्योदय र सूर्यअस्त हेर्ने आकर्षक स्थल छन् भने चिया बगान हेर्न आउनेको सङ्ख्या पनि उल्लेख्य रहन्छ । प्रदेश सरकारले पर्यटन क्षेत्रको विकासको लागि निरन्तर प्रयत्न गर्दै आएको छ ।

### (ञ) वन तथा जैविक विविधता

वन सम्पदा प्रदेशको ठूलो प्राकृतिक स्रोत हो र नागरिकको यस प्रतिको निर्भरता निकै उच्च छ । इन्धनको रुपमा प्रयोग गर्न, पशुपालनमा, घर गोठ लगायतका संरचना बनाउन, आयआर्जन गर्न तथा अन्य विभिन्न उद्देश्यका लागि प्रदेशबासीले वन सम्पदाको उपभोग गर्ने गर्दछन । कोशी प्रदेश जैविक विविधताले निकै सम्पन्न भूगोल हो । आधार वर्षमा प्रदेशको ११३३६ वर्ग कि.मि. अर्थात प्रदेशको कुल क्षेत्रफलको ४३.२४ प्रतिशत वन क्षेत्र थियो । स्वच्छ वातावरणलाई मौलिक हकको रूपमा लिइएको र त्यसको परिपुर्तिको लागि प्रदेश क्रियाशिल रहेकाले जैविक विविधताको संरक्षण प्रदेशको चासोको विषय हो । प्रदेशले **संरक्षित वन, जैविक विविधताः स्वच्छ र समृद्ध प्रदेश**को सोच लिएको छ । प्रदेशको गार्हस्थ उत्पादनमा वन क्षेत्रको योगदान वृद्धि गर्ने लक्ष्य लिएको छ । यसका लागि तीन वटा उद्देश्य र पाँच वटा रणनीति तय गरेको छ । योजनाको कार्यान्वयनबाट प्रदेशमा वनको क्षेत्रफल ४४.७४ प्रतिशत पुगेको हुने, प्रदेशका गार्हस्थ उत्पादनमा २ प्रतिशत योगदान पुगेको हुने, जनसहभागितात्मक

वन तथा जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन भएको हुने, पर्या-पर्यटनको विकास भएको हुने, उच्च मूल्यका गैरकाष्ठ जडिबुटीको विकास र निर्यात भएको हुने अपेक्षा गरिएको छ। योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ।

| क.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | प्रदेशमा वनको क्षेत्रफल ४४.७४ प्रतिशत पुगेको हुने | प्रदेशमा वनको क्षेत्रफल ४४.४४ प्रतिशत पुगेको छ। यसमा वुट्यान ४.५२ प्रतिशत जोड्दा वन क्षेत्र ४८.९६ प्रतिशत छ। | योजनाको लक्ष्य सहजै हासिल हुने अवस्था छ। |
| २. | प्रदेशका गार्हस्थ उत्पादनमा २ प्रतिशत योगदान पुगेको हुने | | विस्तारित वन क्षेत्रले यो लक्ष्य हासिल भएको अनुमान लगाउन सकिने। तर वनबाट रोजगारी सिर्जना तथा आय आर्जनमा प्रत्यक्ष लाभ लिने उपाय पहिचान गर्नु पर्ने। |
| ३. | जनसहभागितात्मक वन तथा जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन भएको हुने | प्रदेशमा सामुदायिक वन, कबुलियति वन, धार्मिक वन, साझेदारी वनहरु समुदायको संलग्नतामा संरक्षण र विकास गरिएको छ। | जनसहभागितामा वन तथा जैविक विविधताको संरक्षण निकै सफल देखिएको छ। |
| ४. | पर्या-पर्यटनको विकास भएको हुने | सकारात्मक प्रयासहरू भएका छन्। | राम्रो नतिजा हासिल भएको छ। |
| ५. | उच्च मूल्यका गैरकाष्ठ जडिबुटीको विकास र निर्यात भएको हुने | गैरकाष्ठ र जडिबुटी विकास का कार्यक्रम सञ्चालित छन्। | वनलाई व्यवसायिक फाइदाको लागि उपभोग भने गर्न |

| | | | |
|---|---|---|---|
| | | | सकेको अवस्था देखिदैन । |

प्रदेशको वन क्षेत्रमा उल्लेख्य वृद्धि भएको छ । यसले योजनाले राखेको लक्ष्य सहजै हासिल हुने देखाउँदछ । नेपालको कुल वन क्षेत्रमध्ये सबैभन्दा बढी अर्थात १८.८ प्रतिशत कोशी प्रदेशमा छ । प्रदेशले वन तथा जलाधारको संरक्षण, व्यवस्थापन र नियमन गर्न प्रदेश वन ऐन, २०७७ र वातावरण संरक्षण नियमावली, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। प्रदेशले प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम, प्रदेश हरित अभियान, जडिबुटी विकास कार्यक्रम, वन्यजन्तु तथा बासस्थान संरक्षण कार्यक्रम, भू तथा जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालनमा ल्याएको छ। यसले समग्र वन क्षेत्रको व्यवस्थापन, जीविकोपार्जनमा सुधार, जलाधार व्यवस्थापन, जलवायु अनुकूलन आदि कार्यमा सकाराररत्मक प्रभाव पारेको छ। वन पैदावरको बिक्रीबाट केही राजस्व समेत सङ्कलन भएको अवस्था छ तर वनलाई व्यवसायिक लाभ लिने दृष्टिबाट उपयोग गर्न भने सकिएको देखिदैन ।

## ५.२ सामाजिक क्षेत्र

विकासको परिभाषा निरन्तर फेरिदै आएको छ । पछिल्लो समय मानिसको जीवनस्तरमा आएको परिवर्तनका आधारमा विकासलाई मापन गर्न थालिएको छ। सङ्ख्यात्मक विकासबाट मानिसको ध्यान अहिले गुणात्मक विकासतर्फ तानिएको छ । सामाजिक क्षेत्र निकै फराकिलो छ र यसले व्यक्ति र समग्र समाजको विकास तथा उन्नतिको प्रतिनिधित्व गर्दछ । प्रदेशको प्रथम आवधिक योजनाले सामाजिक क्षेत्रको विकासलाई फराकिलो गरी परिभाषित गर्नुका साथै न्यायिक, सन्तुलित र समावेशी विकासको कोशेढुङ्गाको रूपमा सामाजिक क्षेत्रको विकास हो भन्ने निचोड निकालेको छ। यसअन्तर्गत धेरै क्षेत्रहरू भए तापनि शिक्षा, स्वास्थ्य तथा पोषण र खानेपानी तथा सरसफाई, जनसङ्ख्या तथा बसाईसराइ, लैङ्गिक समानता तथा महिला सशक्तिकरण, सामाजिक समावेशीकरण, सामाजिक सुरक्षा तथा संरक्षण, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा किशोर किशोरी, युवा तथा खेलकुद, भाषा तथा साहित्य, संस्कृति तथा सम्पदा संरक्षण, गैरसरकारी संस्था जस्ता विषयमा मात्र यहाँ समीक्षा गरिने छ ।

### (क) शिक्षा

शिक्षा मानव जीवनलाई समुन्नत बनाउनका लागि सबैभन्दा महत्वपूर्ण मानिने क्षेत्र हो । यसले मानवीय विकास, आर्थिक विकास, सामाजिक विकास र राजनैतिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । समयसापेक्ष तथा गुणस्तरीय शिक्षाले व्यक्तिमा अर्न्तनिहित प्रतिभाको प्रस्फुटन भई मुलुकको विकासमा विशेष योगदान पुग्दछ । नेपालको संविधानले आधारभूत शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ । शिक्षा मानव पुँजी निर्माणको महत्वपूर्ण आधार हो, त्यसैले शिक्षामा गरिएको खर्चलाई प्रतिफलयुक्त लगानीको रुपमा लिने गरिन्छ । आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क बनाईएको छ । शिक्षामा सबै तहका सरकारको जिम्मेवारी निर्धारण गरी आ-आफ्नो क्षमता अनुसार शैक्षिक विकासमा लाग्ने मार्ग प्रशस्त गरिएको छ । आर्थिक वर्ष २०७४।७५ मा प्रदेशमा बाल/पूर्व प्राथमिक शिक्षामा भर्नादर ९१.३ प्रतिशत थियो । योजना तर्जुमाको आधार वर्षमा आधारभूत तहमा विद्यार्थी टिकाउदर ८५ प्रतिशत रहेको थियो । प्रदेशको साक्षरता ७९.१ प्रतिशत थियो भने ११ जिल्ला पूर्णसाक्षर घोषणा भएका थिए ।

आवधिक योजनाले **शिक्षित नागरिकः मानव पुँजी सहितको उन्नत प्रदेश निर्माण** गर्ने सोच राखेको छ भने गुणस्तरीय शिक्षाद्धारा मानव विकास उच्च भई प्रदेशको समृद्धिमा योगदान पुऱ्याउने लक्ष्य राखेको छ । शिक्षातर्फ पूर्णसाक्षर प्रदेशको निर्माण गर्ने, आधारभूत तथा माध्यामिक तहमा विद्यालय उमेर समुहका सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने र शिक्षालाई गुणस्तरीय, जीवनउपयोगी र सीपमूलक बनाई रोजगारीसँग आवद्ध गर्ने तीन वटा उद्देश्य राखेको छ । प्रदेश सरकारले योजनाको अन्त्यमा प्रदेश पूर्णसाक्षर भएको हुने, कम्तिमा १५ प्रतिशत विद्यार्थीले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम हासिल गरेका हुने, खुद भर्नादर ९९ प्रतिशत पुगेको हुने जस्ता अपेक्षा पूरा हुने विश्वास लिएको छ । योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ ।

| क्र.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | योजनाको अन्त्यमा प्रदेश पूर्ण साक्षर भएको हुने | २०७९ भाद्र २३ गते प्रदेशका सबै जिल्ला साक्षर घोषणा भएका छन् । | योजनाले राखेको पाँच वर्षे लक्ष्य पहिले चार वर्षमा नै पूरा भएको छ । |

| | | | |
|---|---|---|---|
| २. | कम्तिमा १५ प्रतिशत विद्यार्थीले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम हासिल गरेका हुने | उच्च शिक्षामा भर्ना भएका मध्ये २५ प्रतिशत प्राविधिक शिक्षा तर्फ भर्ना भएका छन् । | समग्रमा लक्ष्य हासिल नभएता पनि प्राविधिक शिक्षा तर्फको आकर्षण बढ्दो छ । |
| ३. | खुद भर्नादर ९९ प्रतिशत पुगेको हुने | आधारभूत तह (१-८ कक्षा) तर्फको खुद भर्नादर ९५.९ प्रतिशत पुगेको छ । योजना तर्जुमा गर्दा बाल/प्राथमिक तहको भर्ना दर ९१ प्रतिशत मात्र थियो । यसमा प्रदेशले राम्रो उपलब्धि हासिल गरेको छ । | लक्ष्य हासिल गर्नका लागि प्रदेश सरकारले थप मेहनत गर्नु आवश्यक छ । |
| ४. | अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच ९५ प्रतिशत पुर्‍याउने | अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच ३० प्रतिशत पुगेको । | लक्ष्य भन्दा उपलब्धि धेरै कम भएका लक्ष्य हासिल गर्न विशेष हस्तक्षेपको आवश्यकता छ । |

प्रदेशमा ५ वर्ष वा सोभन्दा बढी उमेरका कुल जनसङ्ख्या साक्षरता दर ७९.७ प्रतिशत रहेको छ । पुरुष साक्षरता ८६.१ प्रतिशत र महिला साक्षरता ७३.६ प्रतिशत रहेको छ। तर साक्षरताको असमानता भने उच्च छ। जस्तै इलाममा साक्षरता ८३.४ प्रतिशत छ भने ओखलढुंगामा ७३.९ प्रतिशत मात्र छ । कुल साक्षर मध्ये २८.२ प्रतिशतले प्राथमिकता तह (१ देखि ५ सम्म) २०.१ प्रतिशतले निम्न माध्यामिक तह (६ देखि ८ सम्म) र एस.एल.सि. वा सो सरह उत्तीर्ण गर्ने ११.३ प्रतिशत छन् । आधारभूत तहमा विद्यार्थी टिकाउ दर ८५.७ प्रतिशत छ । आधारभूत तहको खुद भर्नादर ९५.९ प्रतिशत छ । प्रदेशमा स्नातक उत्तीर्ण गर्ने १ लाख २५ हजार ४८२ अर्थात कुल साक्षरको ३.४ प्रतिशत, स्नातकोत्तर गर्ने १.४ प्रतिशत । कोशी प्रदेशका १३७ स्थानीय तहमध्ये प्राविधिक धारका विद्यालय ९८ वटा स्थानीय तहमा छन् । सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम ३८ विद्यालयमा सञ्चालनमा छ । त्यस्तै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको आंगिक

शिक्षालय ७ वटा, साझेदारी १४ वटा र सम्बन्ध प्राप्त ५३ गरी २१० वटा प्राविधिक शिक्षालय छन् । यि शिक्षालयमा विद्यार्थीको आकर्षण विस्तारै वृद्धि हुदै गएको छ ।

प्रदेशमा बालविकास केन्द्र ७ हजार २९७ रहेको छ । यसलाई सुविधायुक्त बनाउनेतर्फ प्रयास हुदै आएका छन् । आजीवन सिकाईका क्रियाकलापमा केन्द्रित रहने गरी ३९३ वटा सामुदायिक सिकाई केन्द्र प्रदेशमा सञ्चालनमा छन् । प्रदेशमा मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ बमोजिम विश्वविद्यालय सञ्चालनमा छ । प्रदेशमा ७ वटा विश्वविद्यालय र एउटा स्वास्थ्य विज्ञान प्रतिष्ठान मार्फत उच्च शिक्षा प्रदान हुदै आएको छ । यि संस्थाअर्न्तगत १९८ वटा क्याम्पसहरू सञ्चालित छन् । प्रदेश पूर्णसाक्षर घोषणा भई सकेकाले प्रतिस्पर्धी जनशक्ति उत्पादनतर्फ अबको ध्यान केन्द्रित हुनु पर्दछ ।

**(ख) स्वास्थ्य तथा पोषण**

स्वास्थ्य मानव जीवनको अत्यन्त महत्वपूर्ण पक्ष हो । मानव विकास सूचकाङ्को गणना गर्दा पनि यो सूचकलाई समावेश गर्ने गरिन्छ । स्वस्थ नागरिकबाट मात्र विकासको अपेक्षा पूरा गर्न सकिने तथ्यलाई प्रदेश आवधिक योजनाले आत्मसात गरेको छ । आधारभूत स्वास्थ्य सेवा निःशुल्क हुने विषय संविधानमा उल्लेख छ । यसलाई व्यक्तिको नैसर्गिक अधिकारको रूपमा लिईएको छ । योजना तर्जुमाको आधार वर्षमा प्रदेशमा अपेक्षित आयु ७०.७ वर्ष, पुड्कोपना भएका बालबालिका ३२ प्रतिशत र अति पुड्कोपना भएका बालबालिका ९.३ प्रतिशत, कम तौल भएका बालबालिका २४.४ प्रतिशत, अतिकम तौल भएका बालबालिका ४.१ प्रतिशत, संस्थागत सुत्केरी गराउने गर्भवती महिला ६२ प्रतिशत र परिवार नियोजनका साधन प्रयोग गर्नेको सङ्ख्या ४० प्रतिशत थियो ।

आवधिक योजनाले स्वास्थ्य तथा पोषणलाई अलगै क्षेत्र मानेर **स्वस्थ नागरिक सक्षम प्रदेश**को सोच तय गरेको छ । साथै समतामूलक र गुणस्तरीय स्वास्थ्य तथा पोषण सेवा प्रणालीका माध्यमद्वारा नागरिकको स्वास्थ्यस्तर सुधार गर्ने लक्ष्य राखेको छ । उक्त सोच र लक्ष्य हासिल गर्नका लागि सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य तथा पोषण सेवामा समतामूलक पहुँच सुनिश्चित गर्ने उद्देश्य राखेको छ । योजना कार्यान्वयनपश्चात प्रदेशका नागरिकको अपेक्षित आयु ७३.१ वर्ष पुग्ने, आधा घण्टाको दूरीमा आधारभूत स्वास्थ्य सेवामा पहुँच पुगेका नागरिक ८० प्रतिशत पुगेको हुने, ९५ प्रतिशत बालबालिकाले पूर्णखोप प्राप्त गरेको हुने, सबै स्थानीय तहमा कम्तिमा १५ शैयाको अस्पताल सञ्चालनमा आएका हुने अपेक्षा आवधिक योजनाले राखेको छ । योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ ।

| क्र.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | प्रदेशका नागरिकको अपेक्षित आयु ७३.१ वर्ष पुग्ने | औषत आयु ७२ वर्ष पुगेको छ । | योजनाको अन्त्य सम्म लक्ष्य हासिल हुने बलियो सम्भावना रहेको पाईयो । |
| २. | आधा घण्टाको दूरीमा आधारभूत स्वास्थ्य सेवामा पहुँच पुगेका नागरिक ८० प्रतिशत पुगेको हुने | ६९ प्रतिशतमा यस्तो सेवा पुगेको छ । | आधारभूत स्वास्थ्य सेवा हरेक वार्डमा रहेको । सडक तथा यातायातको सुविधा विस्तार भएमा यो लक्ष्य हासिल गर्न सहज हुने । |
| ३. | ९५ प्रतिशत बालबालिकाले पूर्ण खोप प्राप्त गरेको हुने | ८१ प्रतिशत बालबालिकाले पूर्ण खोप प्राप्त गरेका छन् । | छुटेका बालबालिकामा पुग्नका लागि अलगै रणनीति बन्नु पर्ने । |
| ४. | सबै स्थानीय तहमा कम्तिमा १५ शैयाको अस्पताल सञ्चालनमा आएका हुने | यस्तो सुविधा विस्तार भएको देखिएन । | लक्ष्य हासिल गर्न थप लगानीको आवश्यकता रहेको । यसमा स्थानीय तहसँग सहकार्य गर्न उपयुक्त हुने । |

योजनाले राखेको अपेक्षित आयुको लक्ष्य हासिल हुने अवस्था । यसले स्वास्थ्य तथा पोषणसम्बन्धी धेरै सूचकहरू सकारात्मक बन्दै गएको पुष्टि हुन्छ । आधा घण्टाको दूरीमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि सरकारले स्वास्थ्य पूर्वाधारमा धेरै सुधार गर्नुपर्ने देखिन्छ । पूर्ण खोपतर्फ पनि राम्रो प्रगति छ तर यसलाई गुणस्तरिय र टिकाउ बनाउन विशेष पहल आवश्यक हुन्छ । प्रदेशका १४ वटै जिल्लामा कम्तीमा १ सरकारी अस्पताल रहेको छ । प्राथमिक स्वास्थ्य केन्द्र ३३ वटा रहेका छन् । प्रदेशमा नवजात शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा २० रहेको छ भने नेपालमा यस्तो सङ्ख्या २१ छ । नेपालको प्रतिलाख जीवित जन्ममा १५१ रहेको मातृ मृत्युदर कोशीमा १५७ छ । ५

वर्ष मुनिका बच्चामा ख्याउटेपना ३.८ प्रतिशत, कम तौल १३ प्रतिशत, परिवार नियोजनका साधनको प्रयोग दर ६१.५ प्रतिशत र १२-१३ महिनाका बालबालिकामा पूर्ण खोप ८१ प्रतिशत पुगेको छ । गर्भवती महिलाले आईरन चक्की खाने, नियमित स्वास्थ्य परीक्षण गराउने कार्यमा राम्रो प्रगति भएको छ । स्वास्थ्य संस्थमा सुत्केरी गराउन जाने ६८.८ प्रतिशत गर्भवतीलाई आधा घण्टाको समय लाग्दछ भने २ घण्टा भन्दा बढी समय लाग्ने ५.१ प्रतिशत छन् । कोशी प्रदेशमा संस्थागत सुत्केरी गराउने ८१.५ प्रतिशत छन् यो राष्ट्रिय औषत भन्दा निकै राम्रो हो । कोशी प्रदेशको मातृ मृत्युदर प्रतिलाख जीवित जन्ममा १५७ छ जुन राष्ट्रिय औषत १५१ भन्दा बढी हो । त्यसैले मातृ मृत्युदरमा कमि ल्याउनका लागि विशेष पहल आवश्यक छ । यसरी आधारभूत स्वास्थ्य तथा पोषणमा प्रदेशले राम्रो प्रगति गरेको छ र यसलाई टिकाउन र गुणस्तरीय बनाउन थप लगानी आवश्यक छ ।

### (ग) खानेपानी तथा सरसफाई

खानेपानी जीवनको आधारभूत आवश्यकता हो भने सरसफाई स्वस्थ र सम्मानित जीवनको आधार पनि हो । संविधानले  प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको सुनिश्चितता गरेको छ । आधार वर्षमा कोशी प्रदेशमा ९७ प्रतिशत जनसङ्ख्यालाई आधारभूत खानेपानी सुविधा पुगेको थियो, १५ प्रतिशत जनसङ्ख्यालाई सुरक्षित खानेपानी सुविधा उपलब्ध थियो, १२ जिल्ला खुला दिसामुक्त भएका थिए भने ६२ प्रतिशत घर परिवारमा शौचालय सुविधा पुगेको थियो ।

योजनाले **सचेत नागरिकको अगुवाईमा स्वच्छ खानेपानी र सरसफाई पुऱ्याउने** सोच बनाएको छ । योजना अवधिमा खानेपानी तथा सरसफाई सुविधामा नागरिकको पहुँच वृद्धि गर्ने लक्ष्य लिइएको छ । आवधिक योजनाको क्षेत्रगत लक्ष्य हासिल गर्नका लागि गुणस्तरीय पूर्वाधार विकास गरी खानेपानी तथा सरसफाई विस्तारको उद्देश्य लिएको छ । आवधिक योजना कार्यान्वयन भई सक्दा प्रदेशका ९९ प्रतिशत जनसङ्ख्याले आधारभुत खानेपानी सुविधा पाएका हुने, २५ प्रतिशत घरपरिवारमा सुरक्षित खानेपानी सुविधा पुगेको हुने र ८० प्रतिशत घरमा सरसफाई सुविधा पुगेको हुने अपेक्षा योजनाले राखेको छ । योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ ।

| क्र.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | ९९ प्रतिशत जनसङ्ख्याले आधारभुत खानेपानी सुविधा पाएका हुने | आर्थिक वर्ष २०७९।८० सम्म ९० प्रतिशत जनसङ्ख्यामा आधारभूत | आधारभूत खानेपानी सुविधा ९९ प्रतिशत जनसङ्ख्यामा |

| | | | |
|---|---|---|---|
| | | खानेपानी सुविधा पुगेको छ । | पुऱ्याउन निकै मेहनत गर्नुपर्ने छ किनकी सुविधा पुग्न बाँकी स्थानहरू निकै अप्ठ्यारा छन् । |
| २. | २५ प्रतिशत घरपरिवारमा सुरक्षित खानेपानी सुविधा पुगेको हुने | आर्थिक वर्ष २०७९।८० सम्म १९ प्रतिशत जनसङ्ख्यामा सुरक्षित खानेपानी सुविधा पुगेको छ । | २५ प्रतिशत घरपरिवारमा सुरक्षित खानेपानी पुऱ्याउन विशेष मेहनत गर्नुपर्ने हुन्छ । |
| ३. | ८० प्रतिशत घरमा सरसफाई सुविधा पुगेको हुने | आर्थिक वर्ष २०७९।८० सम्ममा ९० प्रतिशत जनसङ्ख्यामा आधारभूत सरसफाई सुविधा पुगेको छ । | अपेक्षा गरे भन्दा बढी उपलब्धि हासिल भएको छ । |

प्रदेशका कुल परिवार सङ्ख्या मध्ये ६१ प्रतिशतले फ्लस भएको शौचालय प्रयोग गरेका छन् भने ३.२ प्रतिशत (३७ हजार ५७६ परिवार) मा शौचालय सुविधा छैन । सरसफाईतर्फ उपलब्धि राम्रो रहेको छ तर यसमा नागरिकलाई पूर्णसरसफाईतर्फ अभिप्रेरित गर्नका लागि योजनावद्ध प्रयत्नको आवश्यकता पर्ने छ । लक्ष्यबमोजिम खानेपानी सुविधा विस्तार हुन सकेन त्यसमा पनि सुरक्षित खानेपानी पुगेको परिवार निकै कम छ । खानेपानी सुविधा पुग्न बाँकी स्थानहरू स्वभावतः सो सुविधा विस्तारका लागि अप्ठ्यारा स्थान भएकाले प्रदेशले अतिरिक्त मेहनत गरेर मात्र नागरिकमा आधारभूत खानेपानी सुविधा पुऱ्याउन सक्छ । सुरक्षित खानेपानी सुविधा विस्तारका लागि ठूलो स्रोतको खाँचोपर्ने भएकाले उक्त लक्ष्य हासिल गर्न पनि सहजता छैन । साना खानेपानी योजनाको जिम्मेवारी स्थानीय तहलाई दिने, सबै खानेपानी योजनाको मर्मत संभारको उचित प्रबन्ध मिलाउने र ग्रामीण प्राविधिकको सेवा निरन्तर दिने विधि अबलम्बन गर्नुपर्ने देखिन्छ । प्रदेशले आगामी योजनामा अध्यावधिक तथ्याङ्क सहित उच्च

प्राथमिकता दिएर यस क्षेत्रमा लगानी नगर्ने हो भने पहिलो योजनाको लक्ष्य दोस्रो योजनाले भेट्टाउन पनि कठिन हुनेछ ।

### (घ) जनसङ्ख्या तथा बसाइँसराइ

विकासको उपभोक्ता र बाहक नागरिक नै हो । उत्पादनमा सबैभन्दा अहम् भूमिका जनसङ्ख्याको रहन्छ । सबै प्रकारको न्यूनता परिपूर्ति गर्ने क्षमता यो उत्पादनको साधनसँग हुन्छ । यसैको क्रियाशिलतामा प्रदेशको विकासको आयाम तथा गति निर्धारण हुने हो । कोशी प्रदेशमा योजना तर्जुमाको आधार वर्षमा १५ देखि ६४ वर्ष उमेर समुहको जनसङ्ख्या ६१ प्रतिशत थियो । यस्तो बनौटले समुन्नतिको गतिलाई तिव्रता दिने क्षमता प्रदेशसँग पर्याप्त छ भन्ने जनाउँदछ । प्रदेशले जनसाङ्खिक लाभ लिने यो सुवर्ण अवसरलाई आत्मसात गरेर योजना बनाएको देखिन्छ । बसाइँसराई मूलत माथिल्लो पहाडी अर्थात विकटस्थलबाट समथर अर्थात बढी अवसर भएको स्थानमा हुदै आएको पाईन्छ । त्यसैले योजनाको आधार वर्षमा तराईका तीन जिल्लामा ५६ प्रतिशत, पहाडी जिल्लामा ३५.४ प्रतिशत र हिमाली जिल्लामा ८.६ प्रतिशत जनसङ्ख्या बसोबास गरेको पाईन्छ । जनसङ्ख्याको व्यवस्थापन, परिचालन र बसाइँसराइमा सन्तुलन ल्याउनेतर्फ प्रदेशको ध्यान गएको देखिन्छ ।

आवधिक योजनाले **व्यवस्थित बसोबास र उन्नतिको अवसरः आफ्नै थलोमा रमाउने रहर**लाई क्षेत्रगत सोचको रुपमा अङ्गिकार गरेको छ । जनसाङ्खिक लाभको उच्चतम उपयोग हुने लक्ष्य लिदै जनसङ्ख्या वृद्धि र रोजगारीका बीच अन्तरसम्बन्ध कायम गरी आन्तरिक बसाइँसराइ व्यवस्थित गर्ने र जनसाङ्खिक संरचनाको आर्थिक सामाजिक विकासमा उच्चतम उपयोग गर्ने उद्देश्य राखेको छ । आवधिक योजनाले लिएका रणनीति र कार्यनीति तथा कार्यक्रमहरूको कार्यान्वयनबाट प्रदेशले प्रजनन् दर प्रतिस्थापन तहमा आएको हुने, आन्तरिक बसाइँसराइ घटेको हुने, अन्तरसरकार समन्वय प्रभावकारी भएको हुने, जनसङ्ख्या र रोजगारी बीच तादात्म्य भएको हुने, जनसङ्ख्याको प्रभावकारी व्यवस्थापन भई यसका सूचकमा उल्लेखनीय सुधार भएको हुने अपेक्षा गरेको छ । योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ ।

| क्र.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | प्रदेशको प्रजनन् दर प्रतिस्थापन तहमा आएको हुने | जनसङ्ख्या वृद्धिदर प्रतिस्थापन दर भन्दा तल रहेको अवस्था छ । | |

| | | | |
|---|---|---|---|
| २. | आन्तरिक बसाइँसराइ घटेको हुने | हिमाली तथा पहाडी जिल्लाबाट तराई झर्ने दरमा वृद्धि भएको छ । | योजनाको लक्ष्य हासिल हुने अवस्था छैन । उच्च भेगमा नै नागरिकलाई टिकाउने विशेष योजना आवश्यक छ । |
| ३. | अन्तरसरकार समन्वय प्रभावकारी भएको हुने | जनसङ्ख्या व्यवस्थापनमा सरकारहरू बीचको समन्वय प्रभावकारी छैन । | सघन सहकार्य भएमा मात्र लक्ष्य हासिल हुन मद्धत पुग्छ । |
| ४. | जनसङ्ख्या र रोजगारी बीच तादात्म्य भएको हुने | योजनावद्ध तालमेल देखिदैन । | निजी क्षेत्र, शैक्षिक संस्था र सबै तहका सरकारका बीच सहकार्य भएमा मात्र यस्तो उपलब्धि हासिल हुन सक्छ । |
| ५. | जनसङ्ख्याको प्रभावकारी व्यवस्थापन भई यसका सूचकमा उल्लेखनीय सुधार भएको हुने | योजनावद्ध प्रयत्न नभएकाले लक्ष्य हासिल हुने अवस्था छैन । | जनसङ्ख्या व्यवस्थापन प्रदेशका कार्यक्रम कमजोर भएकाले लक्ष्य हासिल हुने अवस्था छैन । |

राष्ट्रिय जनगणना २०७८ बमोजिम कोशी प्रदेशको जनसङ्ख्या ४९ लाख ६१ हजार ४१२ छ जब कि अघिल्लो जनगणनामा यो ४५ लाख ३४ हजार ९४३ थियो । दस वर्षको अवधिमा जनसङ्ख्यामा त्यति ठूलो वृद्धि भएको छैन । प्रदेशको जनसङ्ख्या वृद्धिदर ०.८६ प्रतिशत मात्र रहेको छ र लैङ्गिक अनुपात ९५.०२ रहेको छ यस्तो अनुपातमा आधार वर्षमा भन्दा सामान्य सुधार भएको छ । सुगममा लैङ्गिक

अनुपात कम र दुर्गममा बढी हुनु आफैमा अनुसन्धानको विषय पनि हो। जनघनत्व १९२ जना प्रतिवर्ग किलोमिटर रहेको छ। काम गर्ने सक्रिय उमेर समूह (१५ देखि ५९ वर्ष) को जनसङ्ख्या ६२.८ प्रतिशत पुगेको छ जबकी २०६८ को जनगणनामा यो सङ्ख्या जम्मा ५८.५ प्रतिशत थियो। काम गर्न सक्ने उमेरका नागरिकको सङ्ख्यामा भएको यो उल्लेख्य वृद्धिलाई निकै सकारात्मक रूपमा लिनुपर्ने हुन्छ। तर यसको उचित परिचालन र व्यवस्थापन गर्न सकिएन भने एकातिर समृद्धिको सपना अपुरो रहने र अर्कोतर्फ अस्थिरता र नैराश्यता तथा पलायन बढ्ने जोखिम रहन्छ। जनसङ्ख्यामा मोरङ् जिल्लाको हिस्सा सबैभन्दा बढी (२३.१ प्रतिशत) छ भने तेह्रथुमको हिस्सा सबैभन्दा कम (१.८ प्रतिशत) छ। जनघनत्व सुनसरीमा बढी (७३७ जना प्रति व.कि.मि.) र ताप्लेजुङमा सबैभन्दा कम (३३ जना प्रति व.कि.मि.) रहेको छ। १४ जिल्ला मध्ये १० जिल्लाको जनसङ्ख्या ऋणात्मक हुनु आफैमा गम्भिर विषय हो। जब कि झापा, सुनसरी र मोरङ्को वृद्धिदर देशको औषत वृद्धिभन्दा बढी छ। त्यसमा पनि झापाको जनसङ्ख्या वृद्धिदर १.९७ प्रतिशत छ। प्रदेशमा नगरमा बस्ने जनसङ्ख्या ६१.९ प्रतिशत पुगेको छ। विविधतायुक्त समाज भएकाले यसको व्यवस्थापनमा प्रदेशले विशेष ध्यान दिनु आवश्यक भए तापनि उपलब्ध जनशक्ति परिचालन गर्ने तथा दीर्घकालीन जनसङ्ख्या व्यवस्थापनको योजना बनाउने कार्यमा प्रदेशको पर्याप्त ध्यान पुगेको छैन।

योजनाले राखेका समग्र लक्ष्य हासिल गर्न प्रदेशको जनसङ्ख्यालाई उचित तरिकाबाट परिचालन गर्नु पर्दछ। आर्थिक तथा सामाजिक क्षेत्रको उन्नयन र सुशासनमा सुधारका लागि पनि नागरिक क्रियाशिलता महत्वपूर्ण मानिन्छ। तर सरकारको तर्फबाट जनसाङ्खिक लाभ लिनका लागि विशेष योजना बनाएर काम गरेको पाउन सकिएन।

### (ङ) लैङ्गिक समानता तथा महिला सशक्तिकरण

लैङ्गिक समानता तथा महिला सशक्तिकरण विकासको एक मुख्य सबाल हो। महिला र पुरुष बीचको विभेदको अन्त्य गर्दै सन्तुलित, न्यायिक र समावेशी विकास मात्र दिगो हुन सक्छ भन्नेमा प्रदेश प्रष्ट देखिन्छ। प्रदेशमा २०७८ को जनगणना अनुसार ५१.३ प्रतिशत महिलाको जनसङ्ख्या छ। सदियौँ देखि पछाडि पारिएका महिलाको सशक्तिकरणले मात्र समृद्धि सम्भव भएकाले यस सबाललाई योजनाले विशेष महत्व दिएको छ। शिक्षा, स्वास्थ्य, निर्णय तह, सम्पत्तिमाथिको स्वामित्व आदि जस्ता प्रायः सबै क्षेत्रमा महिलाको अवस्था पुरुषको तुलनामा निकै कमजोर रहदै आएको छ। यस्तो असमानताको अन्त्य गर्नका लागि **लैङ्गिक समानताः प्रदेशको मान्यता** भन्ने सोच राखेर योजनाले लैङ्गिक

मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै महिला विकास सूचकाङ्कमा सुधार हने लक्ष्य लिएको छ। सोच पूरा गर्न तथा लक्ष्य हासिल गर्नका लागि तीन वटा उद्देश्य र चारवटा रणनीति योजनाले निर्धारण गरेको छ।

योजनाको अन्त्यसम्ममा लैङ्गिक विकास सूचकाङ्क ०.९६३ पुगेको हुने, लैङ्गिक सशक्तिकरण सुचकाङ्क ०.६९ पुगेको हुने, सामाजिक विकासमा महिलाको प्रतिनिधित्व वृद्धि भएको हुने, प्रत्यक्ष रुपले लैङ्गिक उत्तरदायी समाज निर्माण हुने, लैङ्गिक हिंसा न्यूनीकरण हुने, विभिन्न सामाजिक तथा सांस्कृतिक रुपमा हिंसा पीडित महिलाको उचित कानुनी संरक्षण तथा सामाजिक पुनर्स्थापना हुने, सम्पत्तिमाथिको स्वामित्व ४० प्रतिशत पुगेको हुने, आयको असमानता घटेको हुने, एकल महिला सुरक्षा कोष सबै स्थानीय तहमा स्थापना भएको हुने, मनोविमर्श सेवा हरेक जिल्लामा पुगेको हुने अपेक्षा गरिएको छ । योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ।

| क्र.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | लैङ्गिक विकास सूचकाङ्क ०.९६३ पुगेको हुने | | नेपालको ०.८८६ रहेको छ । तर प्रदेशले राखेको लक्ष्य हासिल हुने अवस्था देखिदैन । |
| २.. | सामाजिक विकासमा महिलाको प्रतिनिधित्व वृद्धि भएको हुने | स्थानीय तहमा ४१ प्रतिशत, प्रदेश सभामा ३५ प्रतिशत, निजामती सेवामा बढ्दो प्रवेश, घरमुली बढ्दो, सहकारीमा ५८.१ प्रतिशत सदस्य सङ्घ संस्थामा सहभागितामा राम्रो, वृद्धि छ । | महिला प्रतिनिधित्वमा राम्रो वृद्धि छ । तर दलित तथा सीमान्तकृत महिलाको संलग्नता कमजोर छ । |
| ३. | प्रत्यक्ष रुपले लैङ्गिक उत्तरदायी समाज निर्माण हुने | समाज त्यसतर्फ अग्रसर हुदै गरेको । | सकारात्मक परिवर्तन भए तापनि लक्ष्य |

| | | | |
|---|---|---|---|
| | | | हासिल गर्न धेरै काम गर्नुपर्ने देखिन्छ । |
| ४. | लैङ्गिक हिंसा न्यूनीकरण हुने | हिसांका घटनाहरु सार्वजनिक हुने क्रम बढ्दो छ । | महिला हिंसा घटाउनेतर्फ ध्यान दिने र हिंसा नसहने वातावरण बन्नु पर्दछ भने पीडितले न्याय पाउने अवस्था बनाउन विशेष पहल आवश्यक छ । |
| ५. | महिलाको सम्पत्तिमाथिको स्वामित्व ४० प्रतिशत पुगेको हुने | महिलाको सम्पत्ति माथिको स्वामित्व २८.४ प्रतिशत पुगेको छ । | राम्रो प्रगति भए तापनि लक्ष्य हासिल हुने देखिदैन । |
| ६. | आयको असमानता घटेको हुने | रोजगारीमा संलग्नता बढ्दो, सम्पत्तिको स्वामित्व बढ्दो, घरमूली हुने क्रम बढ्दो, शिक्षा र स्वास्थ्यमा सुधार हुँदा आय असमानता पनि घटेको अनुमान गर्न सकिने । | अझै पनि महिला र पुरुषका बीचमा ज्यालादरमा अन्तर कायम रहेको, स्रोत माथिको नियन्त्रमा महिलाको पहुँच कम रहेको । |
| ७. | एकल महिला सुरक्षा कोष सबै स्थानीय तहमा स्थापना भएको हुने | सबै स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोष स्थापना भएको छ । | प्रयास सकारात्मक दिशामा उन्मुख भएको तर एकल महिला सुरक्षा कोष नै स्थापना हुन आवश्यक रहेको । |

महिला समानता वृद्धि गर्ने दीर्घकालीन लक्ष्यका साथ प्रदेशले लैङ्गिक समानता नीति, २०७९ कार्यान्वयनमा ल्याएको छ । कोशी प्रदेशमा २८.४ प्रतिशत परिवारमा महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दुवै रहेको छ । कुल परिवार मध्ये ३०.९ प्रतिशत परिवारको घरमूली महिला रहेका छन् । साना तथा घरेलु व्यवसाय मध्ये ५३.५ प्रतिशत व्यवसाय महिलाले सञ्चालन गरेका छन् । नेपालको औषत महिला साक्षरताभन्दा कोशी प्रदेशको उच्च छ । तर, प्रदेशमा महिला र पुरुषको साक्षरतामा ठूलो अन्तर रहेको छ । विगतको तुलनमा विद्यालय जाने महिलाको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ । परिवार नियोजनाका साधन प्रयोग गर्ने महिलाको प्रतिशत ६१.५ प्रतिशत रहेको छ । यो राष्ट्रिय औषतभन्दा राम्रो हो । कोशी प्रदेशका महिला सबैभन्दा बढी अर्थात ६९.४ प्रतिशत कृषिमा संलग्न छन् तर अन्य क्षेत्रमा पनि महिलाको संलग्नता बढ्दो छ । वैदेशिक रोजगारमा नेपालबाट जाने महिला मध्ये ३०.७ प्रतिशत कोशी प्रदेशका रहेका छन् यसले महिला सशक्तिकरणको पाटोलाई उजागर गर्दछ । स्थानीय तहमा महिला प्रतिनिधित्व करिब ४१ प्रतिशत छ तर प्रमुख कार्यकारी पदमा निकै कम अवसर पाएका छन् । प्रदेश सभामा ३३ जना महिला प्रतिनिधित्व रहेको छ तर प्रत्यक्ष निर्वाचित जम्मा २ जना छन् । निजामती सेवामा महिलाको सहभागिता वृद्धि हुदै गएको छ । प्रदेशमा कायम उच्च महिला हिंसामा भने द्रुत सुधार आवश्यक छ । महिला सशक्तिकरण सबालमा प्रदेशले धेरै सूचकमा राम्रो प्रगति गरेको छ तर पनि कैयन गम्भिर सूचकहरूमा ठूलो सुधारको खाँचो देखिन्छ ।

**(च) सामाजिक समावेशीकरण**

कोशी प्रदेशको समाज विविधतायुक्त छ । संविधानको भावनाबमोजिम समावेशी समाजको निर्माण गर्ने, सबै प्रकारका विभेदको अन्त्य गर्ने तथा पिछडिएको वर्ग समुदायको उत्थानका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने विषयलाई योजनाले प्राथमिकतामा राखेको छ । समाजको विविधतालाई सम्पन्नताको आधारको रुपमा विकास गरी सवल र सक्षम प्रदेश निर्माण गर्ने धारणा योजनाको छ । सामाजिक, आर्थिक तथा सांस्कृतिक विकासमा पछाडि परेका समुदायलाई समावेशीकरणको माध्यमबाट प्रदेश विकासको मूलप्रवाहमा ल्याउने लक्ष्य योजनाले लिएको छ ।

योजनको कार्यान्वयनबाट प्रदेशमा उपलब्ध स्रोत साधनमा आदिवासी जनजाति, महिला, दलित, मधेशी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति एवम् पिछडा वर्गको पहुँच बढेको हुने, राज्य संरचनामा अर्थपूर्ण सहभागिता वृद्धि भएको हुने, लक्षित वर्गको रोजगारीमा पहुँच सिर्जना भई सामाजिक आर्थिक अवस्थामा सुधार हुने, राज्य संरचनाको विभिन्न क्षेत्रमा समानुपातिक प्रतिनिधित्व हुने, रुढिवादी अभ्यास

न्यूनीकरण भएको हुने, अन्तरसमुदाय सद्भाव वृद्धि भएको हुने अपेक्षा गरेको देखिन्छ। योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ।

| क.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | प्रदेशमा उपलब्ध स्रोत साधनमा आदिवासी जनजाति, महिला, दलित, मधेशी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति एवम् पिछडा वर्गको पहुँच बढेको हुने | योजना, बजेट तथा कार्यक्रमले लक्षित वर्ग उत्थानका लागि विभिन्न क्रियाकलापहरु तय गर्नुका साथै बजेट पनि विनियोजन गरेकाले स्रोत माथिको पहुँच बढदो छ। | समस्याको स्तर र लक्षित वर्गको सङ्ख्या अनुसारको पहुँच वृद्धि गर्नका लागि प्रभावकारी कानुनी व्यवस्थाका साथै सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्नुपर्ने। |
| २. | राज्य संरचनामा अर्थपूर्ण सहभागिता वृद्धि भएको हुने | महिला सहभागिता स्थानीय तहमा ४१ प्रतिशत, प्रदेश सभामा ३५ प्रतिशत लगायत नीति निर्माण र नेतृत्व गर्ने ठाउँमा संलग्नता बढ्दो छ। तर दलित, सीमान्तकृत र विपन्नको संलग्नता अत्यन्त न्यून छ। | सुधार भए तापनि धेरै असमानता कायम नै छ। |
| ३. | लक्षित वर्गको रोजगारीमा पहुँच सिर्जना भई सामाजिक आर्थिक अवस्थामा सुधार हुने | लक्षित वर्गको क्षमता विकासका कार्यक्रम हुने गरेका। रोजगारीमा आरक्षण प्रदान गरिएको। | आशातित रुपमा उपलब्धि हासिल भएको छैन। लक्षित वर्गको क्षमता विकासमा लगानी बढाउने र रोजगारीका अबसर पनि दिने। |

| | | | |
|---|---|---|---|
| ४. | राज्य संरचनाको विभिन्न क्षेत्रमा समानुपातिक प्रतिनिधित्व हुने | प्रतिनिधित्व बढ्दै गएको छ । | समानुपातिक प्रतिनिधित्व नै त छैन तर विस्तारै त्यस तर्फ समाज उन्मुख हुदै गएको । |
| ५. | रुढिवादी अभ्यास न्यूनीकरण भएको हुने | सामाजिक घुलमिल, हार्दिकता, सहकार्य बढ्दै गएको । | सुधारको गति ढिला भएकोले तीव्र प्रयास आवश्यक । |
| ६. | अन्तरसमुदाय सद्भाव वृद्धि भएको हुने | सामाजिक एकता र सद्भाव बढाउन पहल भएको देखिन्छ । | सोचे जस्तो उपलब्धि नभएकाले यसमा सुधारका लागि सामुहिक प्रयत्नको खाँचो रहेको । |

सामाजिक तथा सांस्कृतिक दृष्टिकोणबाट अत्यन्त विविधतायुक्त प्रदेश भएकाले सबैको समान विकास तथा सशक्तिकरणका लागि प्रदेशले विशेष ध्यान दिनुपर्ने अवस्था देखिन्छ । संविधानको मर्मबमोजिम पिछडिएको वर्ग समुदायलाई मूलधारमा ल्याउनका लागि विशेष पहल तथा सहयोगको आवश्यकता पर्दछ । त्यसका लागि प्रदेशले आवश्यक कानुन बनाई कार्यान्वयन गर्नु आवश्यक छ । कसैलाई पनि पछाडि नछोड्ने दिगो विकासको लक्ष्यबमोजिम प्रदेशले आफ्ना नीति, कार्यक्रम, बजेट तथा क्रियाकलापलाई यस क्षेत्रमा सघन रुपमा परिचालन गर्नु आवश्यक छ ।

**(छ) सामाजिक सुरक्षा तथा संरक्षण**

सामाजिक सुरक्षा सभ्य मुलुकको पहिचान हो । नेपालको संविधानले सामाजिक सुरक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ । अरु भन्दा भिन्न अवस्थामा जीवन बिताउनुपर्ने बाध्यतामा रहेका, आफ्नै क्षमताले सहजताका साथ जीवन बिताउन नसक्ने अवस्थाका नागरिकलाई राज्यले संरक्षण गर्नु पर्दछ भन्ने मान्यता विश्वव्यापी छ । नागरिकलाई आफू आधारभूत विषयमा राज्यकोतर्फबाट सधै सुरक्षित छु भन्ने आभाष भएमा आत्मविश्वासका साथ पूर्ण क्षमतामा काम गर्न सक्छ । यसले मात्र समाजमा शान्ति, सुव्यवस्था तथा समाजको विकास सम्भव हुन्छ । यसै वास्तविकतालाई आत्मसात

गरेर प्रदेशले पहिलो आवधिक योजनामा नै सामाजिक सुरक्षा तथा संरक्षणको विषयलाई विशेष स्थान दिएको छ ।

योजनाले सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमलाई गुणस्तरीय एवम् प्रभावकारी बनाई लोककल्याणकारी प्रदेश स्थापना गर्ने लक्ष्य लिएको छ। यसका लागि सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रममा पहुँच वृद्धि गर्नुलाई उद्देश्यको रुपमा अङ्गिकार गरिएको छ। योजनाले विभिन्न रणनीति र कार्यनीति कार्यान्वयनमा ल्याउने प्रतिवद्धता व्यक्त गरेको छ । यसबाट सामाजिक सुरक्षाको दायरा फराकिलो हुने, सामाजिक सुरक्षा प्रणालीको नीति निर्माण हुने, छरिएर रहेका कार्यक्रम एकीकृत भई व्यवस्थित रुपमा कार्यान्वयन हुने, समाजमा रहेको असमानता कम हुने, नागरिक सुरक्षामा टेवा पुगेको अवस्था परिकल्पना गरेको छ । योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ।

| क्र.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | सामाजिक सुरक्षाको दायरा फराकिलो हुने | सामाजिक सुरक्षाले २७ प्रतिशत नागरिकलाई समेटेको छ। | सामाजिक सुरक्षाको क्षेत्रमा तीव्र गतिमा काम भएको पाउन सकिन्छ। |
| २. | सामाजिक सुरक्षा प्रणालीको नीति निर्माण हुने | सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक कानुनहरू तर्जुमा भएका छन्। | लक्षित वर्गमा पुग्न विशेष नीति, कानुन र संरचनाहरू बनाउनुपर्ने। |
| ३. | छरिएर रहेका कार्यक्रम एकीकृत भई व्यवस्थित रुपमा कार्यान्वयन हुने | कार्यक्रमलाई एकीकृत गर्ने विषयमा छलफलहरू भएका । | एकीकृत र दोहोरो नपर्ने गरी कार्यक्रम कार्यान्वयन गर्न थप व्यवस्था मिलाउनुपर्ने । |
| ४. | समाजमा रहेको असमानता कम हुने | सामाजिक सुरक्षा र संरक्षणले असमानता कम गर्न मद्धत गरेको। | यस्तो संरक्षण सबैलाई भन्दा लक्षित वर्गमा मात्र उपलब्ध |

| | | | |
|---|---|---|---|
| | | | गराउँदा अझ समानता वृद्धि हुने भएकाले प्रदेशले त्यसतर्फ काम गर्नुपर्ने । |
| ५. | नागरिक सुरक्षामा टेवा पुगेको अवस्था हुने | कमजोर वर्ग तथा समुदायले आफु सुरक्षित भएको महसुस गरेका । | नागरिक सुख र सन्तुष्टिमा सुधार भएको । |

सामाजिक सुरक्षा तथा संरक्षणका लागि प्रदेशले ठूलो धनराशी खर्च गरेको देखिन्छ । सङ्घ सरकारले दिँदै आएको सुविधामा पनि प्रदेशको संलग्नता समेत देखिनुलाई स्रोतको दोहोरो प्रयोग जस्तो देखिए तापनि नागरिक सुरक्षाप्रति प्रदेश सरकारको संवेदनशिलताको मापकका रुपमा यसलाई लिनु पर्दछ । प्रदेशमा श्रमिक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय, विपन्न एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, दिवा खाजा, छात्रवृत्ति, तालिम, रोजगारी लगायतका सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालनमा छन् । प्रदेशमा सामाजिक सुरक्षा तथा संरक्षणको दायरा भित्र २७ प्रतिशत जनसङ्ख्या समेटिएका छन् । सामाजिक सुरक्षामा बढ्दो संलग्नतालाई सामाजिक न्यायका दृष्टिबाट अत्यन्त राम्रो मान्न सकिन्छ । यसको आयामलाई अझ फराकिलो पार्दै लानु सर्वथा उचित हुन्छ । तर सामाजिक सुरक्षा तथा संरक्षण जसका लागि आवश्यक छ उसले मात्र पाउने र त्यसको लागि स्रोत प्रदेश आफैले व्यवस्थापन गर्नेतर्फ गम्भिर भएर सोच्नु आवश्यक छ ।

### (ज) ज्येष्ठ नागरिक

ज्येष्ठ नागरिकलाई सम्मान गर्ने, उनिहरूसँग भएको अनुभव, ज्ञान तथा भोगाईबाट प्रदेशले लाभ लिने र ज्येष्ठ नागरिकको संरक्षण गर्नका लागि प्रदेशको प्रथम आवधिक योजनाले प्रष्ट अवधारणा प्रस्ताव गरेको छ । ज्येष्ठ नागरिकको अवस्थाले हाम्रो सभ्यताको पनि परिचय दिन्छ । त्यसैले सेवा सुविधामा पहुँच सुनिश्चित गरी ज्येष्ठ नागरिकलाई सुरक्षित र सम्मानित तुल्याउने लक्ष्य योजनाले लिएको छ ।

योजनाले लिएका रणनीति र कार्यनीतिको कार्यान्वयनबाट ज्येष्ठ नागरिकको सेवा सुविधामा पहुँच बढेको हुने, सबै स्थानीय तहमा दिवा सेवा केन्द्र स्थापना भएको हुने, सम्मानपूर्ण एवम् सुरक्षित जीवनयापन गर्नका लागि पालनपोषण तथा हेरचाहमा सहयोग पुगेको हुने, सुविधा सम्पन्न ज्येष्ठ नागरिक ग्राम निर्माण भई सञ्चालन हुने अपेक्षा गरिएको छ। योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ।

| क.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | सामाजिक सुरक्षाको दायरा फराकिलो हुने | ज्येष्ठ नागरिकले विगतमा भन्दा आफुलाई सुरक्षित ठानेका छन्। | राम्रो सुधार भएको तर थप सुधार र यो सेवाको विस्तार आवश्यक छ। |
| २. | सामाजिक सुरक्षा प्रणालीको नीति निर्माण हुने | विविध सेवाहरु प्रवाह गर्न नीतिगत व्यवस्थाहरु भएका। | नीतिमा एकरुपता ल्याई कार्यान्वयन प्रभावकारी बनाउन तीनै तहका सरकार बीच समन्वयको प्रयास हुनुपर्ने। |
| ३. | छरिएर रहेका कार्यक्रम एकीकृत भई व्यवस्थित रुपमा कार्यान्वयन हुने | छलफल भएको तर कार्यान्वयनमा नगएको। | थप प्रयत्न हुनुपर्ने। |
| ४. | समाजमा रहेको असमानता कम हुने | असमानता कम गर्न मद्धत गरेको। | विपन्न समुदायका र पूर्ण अशक्तलाई विशेष ध्यान दिने नीति लिनुपर्ने। |
| ५. | नागरिक सुरक्षामा टेवा पुगेको अवस्था हुने | नागरिक सुरक्षामा टेवा पुगेको। | सकारात्मक दिशा तर्फ गएको। |

प्रदेशमा ज्येष्ठ नागरिकको सङ्ख्या ११.२२ प्रतिशत रहेको छ। सामाजिक सुरक्षा भत्ता पाउने २ लाख ८१ हजार ८६ जना रहेका छन्। ज्येष्ठ नागरिक सेवा क्षेत्रको रूपमा बृद्धाश्रम १८ वटा र दिवा सेवा

केन्द्र ४७ वटा छन् । प्रदेशमा बृद्धाश्रम र दिवा सेवा तथा अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम सञ्चालनमा छन् । सामाजिक विकास मन्त्रालय अर्न्तगत नै ८ वटा बृद्धाश्रम दर्ता भएर सञ्चालनमा छन् ।

**(झ) अपाङ्गता भएका व्यक्ति**

विशेष क्षमता भएका व्यक्तिको सुरक्षा र संरक्षणमा विशेष पहल गर्ने गरी प्रदेशको पहिलो योजनाले यस विषयलाई उचित स्थान दिएको छ । **अपाङ्गता भएका व्यक्तिको सम्मानः समावेशी समाजको पहिचान**को सोच राखेर समाजको वास्तविक स्वरुपलाई गौरवसाथ स्वीकार गर्नुका साथै उनीहरूको सम्मानपूर्ण जीवनको लागि काम गर्ने प्रतिवद्धता समेत व्यक्त गरेको छ । योजनाले अपाङ्गता भएका व्यक्तिको आत्मनिर्भर, स्वावलम्बी र सम्मानजनक जीवनको लक्ष्य निर्धारण गरेको छ । योजनाको अन्त्यमा  प्रदेशमा अपाङ्गमैत्री कानुन निर्माण हुने, संस्थागत तथा भौतिक पूर्वाधारको विस्तार भई अपाङ्गमैत्री र अवरोधमुक्त समाजको निर्माण हुने, बौद्धिक अपाङ्गता, अटिजम, पूर्ण र अति अशक्त अपाङ्गता भएका बेवारिसे महिला, पुरुष, युवा, किशोर, किशोरी तथा बालबालिकाका लागि सामुदायिक, निजी तथा गैरसरकारी सङ्घ संस्थासमेतको साझेदारीमा पुनर्स्थापना कार्यक्रम सञ्चालन हुने तथा अपाङ्गता क्षेत्रमा विभिन्न ज्ञान सीप भएका जनशक्तिको विकास तथा अपाङ्गता भएका व्यक्तिको रोजगारी तथा स्वरोजगारीमा पहुँच स्थापित भई उनिहरुको सम्मानजनक जीवन जीउने अवस्थाको सिर्जना हुने अपेक्षा गरिएको छ ।

प्रदेशमा २.४ प्रतिशत नागरिक अपाङ्ग छन् । कोशी प्रदेशमा सबैभन्दा बढी अपाङ्गता भोजपुर र धनकुटामा रहेको छ भने सबैभन्दा कम सुनसरीमा रहेको छ । प्रदेशमा अपाङ्गता भएका बालबालिकाका लागि ७२ वटा स्रोत कक्षाहरू सञ्चालनमा रहेका छन् । प्रदेशमा लैङ्गिक अल्पसङ्ख्यकको यकिन तथ्याङ्ग उपलब्ध छैन तर विभिन्न संस्थाले यस क्षेत्रमा काम गर्दै आएका छन् । प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिलाई घरजग्गा रजिष्ट्रेसन शुल्कमा २५ प्रतिशत छुट दिने व्यवस्था गरेको छ । त्यस्तै अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सवारी साधन खरिदमा कर नलाग्ने व्यवस्था गरेको छ । प्रदेश सरकारको तर्फबाट अपाङ्गता भएका व्यक्तिको जीवन सहज बनाउनका लागि काम हुदै आएको भए तापनि पर्याप्त नीतिहरू निर्माण नभएका, प्रदेशका भौतिक पूर्वाधारका संरचना अपाङ्तामैत्री नभएका, सार्वजनिक निकायबाट सेवा लिनका लागि पनि यस्ता व्यक्तिहरूलाई सहज बनाउन विशेष पहल हुन नसकेको देखिन्छ । यस क्षेत्रमा प्रथम योजनाले राखेको

अधिकांश अपेक्षाहरू पूरा नहुने अवस्था छ। योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ।

| क्र.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | अपाङ्ता भएका व्यक्तिहरुको आत्मनिर्भर स्वावलम्बी र सम्मानजनक जीवनयापन गर्ने संख्या ६० प्रतिशत पुगेको हुने | अपाङ्ता भएका व्यक्तिहरुको आत्मनिर्भर स्वावलम्बी र सम्मानजनक जीवनयापन गर्ने संख्या १० प्रतिशत पुगेको छ। | लक्ष्य हासिल हुने सम्भावना छैन । नेपालको कानुन र अन्तर्राष्ट्रिय प्रतिवद्धता समेतलाई पुरा गर्न थप प्रयत्न आवश्यक छ। |

**(ञ) बालबालिका तथा किशोर किशोरी**

नेपालले बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्र संङ्घीय महासन्धी अनुमोदन गरेकाले बाल अधिकारका धेरै विषयहरू आन्तरिकीकरण भएका छन् । यसका अतिरिक्त बालबालिकासम्बन्धी अलगै कानुन निर्माण समेत भएको छ। प्रदेशले बालबालिकाको सर्वाङ्गिण विकासबाट मात्र समृद्धिको सपना साकार पार्न सकिने तथ्यलाई आत्मसात गरेर सोहीबमोजिम आवधिक योजनामा बालबालिका तथा किशोर किशोरीको चौतर्फी विकासको दृष्टिकोण प्रस्तुत गरेको छ।

योजनाले बाल बचावट, संरक्षण, सहभागिता र विकासका सबै पक्षमा विशेष पहलबाट बालबालिका तथा किशोर किशोरीमैत्री समाज निर्माण गर्ने लक्ष्य लिएको छ । प्रदेशमा १८ वर्ष मुनिका बालबालिकाको सङ्ख्या करिब १६ प्रतिशत छ। कुल जनसङ्ख्यामा सबैभन्दा बढी प्रतिशत बालबालिका खोटाङ्मा छन् भने सबैभन्दा कम ईलाममा छन्। प्रदेशमा बाल विवाह अझै ठूलो चुनौतीको रुपमा रहेको छ । सबैभन्दा बढी बाल विवाह पाँचथरमा रहेको छ भने यस्तो सङ्ख्या मोरङमा कम छ । समयमा जन्म दर्ता हुने बालबालिका जम्मा ७०.८५ प्रतिशत छन्। प्रदेशमा अनाथ बालबालिकाको हेरचाहका लागि १५ वटा बाल आश्रम रहेका छन्। प्रदेशमा बालश्रम ठूलो समस्याको रुपमा विद्यमान छ । ५ देखि १७ वर्ष उमेर समूहका बालबालिकामा २ लाख ३ हजार अर्थात १७.६ प्रतिशत बाल श्रममा छन् । प्रदेशमा बालबिज्याईमा परेका बालबालिकाका लागि बाल सुधार गृह बाल हेल्पलाईन तथा निशुल्क टेलिफोन सेवा सञ्चालनमा छन्। बालबालिका तथा किशोर किशोरी सम्बन्धी समस्याको

समाधानको लागि प्रदेशले गर्दै आएका प्रयासहरु सकारात्मक भए तापनि पर्याप्त नभएकाले यस तर्फ प्रदेशको विशेष पहल आवश्यक छ ।

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार कोशी प्रदेशमा ५ वर्ष वा सो भन्दा कम उमेरका कुल ४ लाख ७२ हजार ६ सय २५ जना बालबालिका मध्ये ७०.८ प्रतिशतको जन्मदर्ता गरेको देखिन्छ भने २९.२ प्रतिशतको जन्मदर्ता गरेको देखिदैन । जन्म दर्ता गरेको सङ्ख्यामध्ये बालकको सङ्ख्या बालिकाको सङ्ख्याभन्दा ०.९ प्रतिशत बिन्दुले बढी रहेको छ ।

बाल विवाह विरुद्धको प्रादेशिक रणनीति (२०७९।८०-२०८३।८४) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । बालविवाह विरुद्ध सचतनाका लागि किशोरी सशक्तिकरण कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ अनुसार कोशी प्रदेशका १३७ वटै पालिकामा कार्यक्रम संचालन भएको छ ।

| क.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | बाल श्रम २५ प्रतिशतमा झरेको हुने | बालश्रम ३७.४ प्रतिशतमा झरेको | लक्ष्य हासिल गर्न थप प्रयत्न आवश्यक रहेको । |

**(ट) युवा तथा खेलकुद**

विकासको मुख्य संवाहक युवालाई मान्न सकिन्छ । स्वस्थ तथा सक्षम युवाबाट मात्र मुलुकको रूपान्तरण सम्भव छ । कोशी प्रदेश युवा बहुल प्रदेश हो । युवा नीतिले १६ देखि ४० वर्ष उमेर समहका व्यक्तिलाई युवा मानेको छ । योजनाको आधार वर्षमा प्रदेशमा ४०.३ प्रतिशत युवा रहेका थिए । युवाको सर्वाङ्गिण विकासमा योजनाको ध्यान पुगेको छ । युवाको सिर्जनशीलता, आत्मविश्वास, साहस र लगनशीलताको उपयोग गर्दै प्रदेशलाई समृद्ध बनाउन योजनामा युवा विकासका विभिन्न कार्यक्रम प्रस्ताव गरिएको छ । खेलकुदमार्फत स्वस्थ, सिर्जनशील, अनुशासित र मर्यादित युवाशक्तिको

विकास गर्ने मनसाय योजनाले लिएको छ। सबै प्रकारका परम्परागत खेलको संरक्षण र संवर्द्धन गर्नुका साथै नयाँ खेलहरूको विकास र विस्तारमा पनि योजनाले जोड् दिएको छ। खेलकुदमार्फत प्रदेशको समृद्धिमा योगदान गर्ने योजना राखिएको छ।

आवधिक योजना कार्यान्वयनपश्चात तालिम प्राप्त उद्यमशील युवाको विकासबाट रोजगारी र स्वरोजगारको विस्तार भई आयआर्जनमा आभिवृद्धि हुनुका साथै जीवनस्तरमा सुधार आउने, सास्कृतिक तथा सामाजिक क्रियाकलापमा युवा परिचालन वृद्धि हुने, प्रादेशिक तहमा खेलकुद प्रतियोगिताको नियमित रुपमा आयोजना हुने अपेक्षा गरिएको छ। यस्ता अपेक्षा पुरा गर्नका लागि योजनाले उद्देश्य, रणनीति र कार्यनीतिहरू कार्यान्वयनमा ल्याएको छ। योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ।

| क.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | तालिम प्राप्त उद्यमशील युवाको विकासबाट रोजगारी र स्वरोजगारको विस्तार भई आय आर्जनमा आभिवृद्धि हुनुका साथै जीवनस्तरमा सुधार आउने | ३५.८ प्रतिशत युवा बेरोजगार छन् । तालिम तथा त्यस्तै अवसरबाट ठूलो सङ्ख्यामा युवा बञ्चित छन् । | तालिम, उद्यमशीलता, रोजगारी र स्वरोजागरिको क्षेत्रमा युवाले पर्याप्त अवसर पाएका छैनन् । यसको वृद्धिमा विशेष पहल नभए योजनाको लक्ष्य हासिल नहुने अवस्था छ। |
| २. | सांस्कृतिक तथा सामाजिक क्रियाकलापमा युवा परिचालन वृद्धि हुने | प्रदेशले विभिन्न कार्यक्रममा युवाहरुलाई प्राथमिकताका साथ संलग्न गराउने गरेको देखिन्छ। | युवाहरूको सक्रियता र संलग्नता वृद्धि हुँदा युवा उत्साह र सिर्जनशीलता बढेको देखिन्छ। |

| | | | |
|---|---|---|---|
| ३. | प्रादेशिक तहमा खेलकुद प्रतियोगिताको नियमित रूपमा आयोजना हुने | नियमित रूपमा खेलकुद प्रतियोगिताहरू आयोजना हुने गरेका । | खेलकुदका पूर्वाधार विकास, खेलाडी प्रोत्साहन तथा युवा सबलीकणमा राम्रो योगदान भएको । |

प्रदेशमा १६ देखि ४० वर्ष उमेर समूहका युवाहरू कुल जनसङ्ख्याको ४१.६७ प्रतिशत छन् । प्रदेशको अर्थतन्त्रमा युवाको योगदान ६४.२ प्रतिशत छ । युवा बेरोजगारी ३५.८ प्रतिशत अर्थात निकै उच्च छ । शिक्षा, तालिम र रोजगारीबाट बिमुख भएका युवा ३७.३ प्रतिशत छन् । खेलकुदको क्षेत्रमा २०७९ असोज-कार्तिकमा पोखरामा सम्पन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा कोशी प्रदेशले १० स्वर्ण, २३ रजत र ५३ कास्य पदक प्राप्त गरेको थियो । प्रदेमा १४ वटा खुला व्यायमशाला, स्थानीय तहमा ६१ वटा खेल मैदान, १२ वटा कभर्डहल निर्माण भएका छन् । खेलकुदको विकासका लागि प्रदेश खेलकुद विकास बोर्ड स्थापना भएको छ । यसले मुख्यमन्त्री राष्ट्रिय भलिबल प्रतियोगिता र विभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्नुका साथै समग्र खेलकुदको विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । युवाको उत्थान र खेलकुदको विकासमा प्रदेशले सकारात्मक पहल गर्दै आएको भए तापनि अपेक्षित लक्ष्य हासिल गर्नका लागि थप लगानीको आवश्यकता देखिन्छ ।

### (ठ) भाषा, कला, साहित्य,संस्कृति तथा सम्पदा संरक्षण

भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदाको दृष्टिबाट केशी प्रदेश अत्यन्त सम्पन्न छ, यसको हैसियत निकै उपल्लो छ । मौलिकताको संरक्षण तथा संवर्द्धन र पहिचान जोगाउन तथा बढाउनका लागि यस क्षेत्रको विकास अहम् हुने तथ्यलाई प्रदेशको प्रथम आवधिक योजनाले आत्मसात गरेको छ । यस प्रदेशमा १०० भन्दा बढी भाषा बोलिने, साहित्य र सिर्जनामा अब्बल भएकाले यस्ता **धरोहरूको संरक्षण गरी बहुल सांस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धनः सामाजिक न्यायपूर्ण प्रदेश**को सोच योजनाले अङ्गिकार गरेको छ । योजनाले मौलिक संस्कृति, धार्मिक, पुरातात्विक एवम् ऐतिहासिक सम्पदाको संरक्षण र संवर्द्धन गरी प्रदेशको चिनारी स्थापित गर्ने लक्ष्य लिएको छ । योजनाको कार्यान्वयनबाट प्रदेशमा धार्मिक, भाषिक र सांस्कृतिक एकता र सद्भाव कायम हुने लगायतका अपेक्षा योजनाले राखेको छ । यसमा योजनाले सन्तोषजनक सफलता हासिल गरे तापनि प्रदेशमा त्यस्ता विशिष्ट प्रयासहरू भने भएको पाईएन ।

### (ड) गैरसरकारी संस्था

सामाजिक सुधार, सशक्तिकरण, गरिबी निवारण, आर्थिक उन्नयन जस्ता सामाजिक र आर्थिक क्षेत्रमा काम गर्ने मनसायले खोलिएका गैरसरकारी संस्थाको प्रभाव विश्वभर बढ्दै गएको छ । गैरसरकारी संस्थाको प्रभाव अहिले राज्यको नीति निर्माण तहमा बाक्लिदै गएको छ । अहिले नेपालमा ५० हजार भन्दा बढी गैरसरकारी संस्था र करिब २५० अन्तर्राष्ट्रिय गैरसरकारी संस्था क्रियाशिल रहेको पाईन्छ । आवधिक योजनको आधार वर्षमा कोशी प्रदेशमा १०१८ गैर सरकारी संस्था र ४० भन्दा बढी अन्तर्राष्ट्रिय गैरसरकारी संस्था उपस्थिति रहेको उल्लेख हुनुले कोशी प्रदेशमा पनि गैरसरकारी संस्थाको बाक्लो उपस्थिति रहेको तथ्य पुष्टि हुन्छ । गैरसरकारी संस्था विकासका महत्वपूर्ण साझेदार हुन् यस्ता संस्थाको माध्यमबाट स्थानीय र अन्तर्राष्ट्रिय स्रोत, अनुभव तथा ज्ञानको सहयोग जुटाउन सजिलो हुने अनुभव सबैमा छ । कोशी प्रदेशले गैरसरकारी संस्थालाई प्राथमिकताका क्षेत्रमा परिचालन गर्ने नीति लिएको छ ।

योजनाले **गैरसरकारी संस्थाको परिचालनः सामाजिक रूपान्तरण**को सोच राखेको छ भने गैरसरकारी संस्थाको परिचालनले चेतनाको अभिवृद्धि भई आर्थिक-सामाजिक विकासको आधारशीला निर्माणमा सहयोग पु¥याउने लक्ष्य राखेको छ । योजना कार्यान्वयनबाट गैरसरकारी संस्थाका कार्यक्रम प्रदेश तथा स्थानीय तहका सरकारका प्राथमिकतामा आधारित भएको हुने र कार्यक्रम पुस्तिकामा समावेश भएको हुने, गैरसरकारी संस्थाको प्रभावकारी नियमन भएको हुने अपेक्षा गरिएको छ । योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ ।

| क.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | गैरसरकारी संस्थाका कार्यक्रम प्रदेश तथा स्थानीय तहका सरकारका प्राथमिकतामा आधारित भएको हुने | गैरसरकारी संस्थालाई सहजिकरण र नियमनको कार्य हुदै आएकाले यस्ता संस्थाका कार्यक्रमले सरकारका प्राथमिकताहरू पछ्याएको पाईन्छ । | सरकारका घोषित लक्ष्यहरू हासिल गर्न सहायक हुने । तर अन्तर्राष्ट्रिय संस्थाहरूबाट आफुखुसी कार्यक्रम सञ्चालन गर्ने क्रम कायम रहेकाले |

| | | | |
|---|---|---|---|
| | | | यसमा सुधार हुनुपर्ने । |
| २. | गैरसरकारी संस्थाका कार्यक्रमहरु कार्यक्रम पुस्तिकामा समावेश भएको हुने | गैरसरकारी संस्थाका कार्यक्रमहरु प्रदेशको कार्यक्रममा केही हदसम्म मूलप्रवाहीकरण हुने गरेका । | प्रदेश मन्त्रालयका कार्यक्रममा गैरसरकारी संस्थाका कार्यक्रम पूर्ण रूपमा संलग्न गर्ने परिपाटी विकास हुनुपर्ने । |
| ३. | गैरसरकारी संस्थाको प्रभावकारी नियमन भएको हुने | नियमन हुने गरेको । | यसले राम्रो नतिजा दिएको भएता पनि क्षमता अभिवृद्धि र नियमन सँगँगै लैजानुपर्ने । |

सरकारको पहुँच नभएका स्थान, वर्ग तथा समुदायको हितमा काम गर्न सक्ने र नागरिककै संलग्नतामा अत्यन्त कम लागतमा छिटो नतिजा दिन सक्ने क्षमता गैरसरकारी संस्थासँग हुने भएकाले यिनको लोकप्रियता संसारभर छ । त्यसमा पनि हाम्रो जस्तो कमजोर सरकारी संयन्त्र र साँघुरो पहुँच भएको स्थानमा गैरसरकारी संस्थाको भूमिका अत्यन्त महत्वपूर्ण रहन्छ । कोशी प्रदेशमा पनि ठूलो सङ्ख्यामा स्थानीय गैरसरकारी संस्था र उल्लेख्य सङ्ख्यामा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था कार्यरत छन् । यस्ता संस्थाको क्षमता अभिवृद्धिमा प्रदेश सरकारले मद्धत गर्ने, प्रदेश सरकारको स्रोत पनि यस्ता संस्थामार्फत परिचालन गर्ने र यी संस्थाहरूको स्रोत साधनलाई प्रदेशको वार्षिक कार्यक्रममा समाहित गरी प्रभावकारिता, पारदर्शिता तथा जवाफदेहिता वृद्धि गर्नेतर्फ थप प्रयास आवश्यक देखिन्छ ।

## ५.३ पूर्वाधार क्षेत्र

पूर्वाधारलाई विकासको आधारको रूपमा हेर्ने गरिन्छ । सामान्यतः नागरिकले भौतिक पूर्वाधारलाई नै विकास मान्ने गर्दछन । आवश्यकता र माग पनि पूर्वाधार क्षेत्रको नै धेरै आउने गर्दछ । सामाजिक विकासका लागि पनि पूर्वाधार विकास उत्तिकै महत्वपूर्ण रहने विषयलाई आवधिक योजनाले आत्मसात गरेको छ । त्यसैले प्रदेश आवधिक योजनाले पनि पूर्वाधार क्षेत्रको लागि धेरै बजेट प्रस्ताव गरेको छ

भने वार्षिक बजेटको ठूलो अंश पूर्वाधार क्षेत्रमा खर्च हुदै आएको छ । भौतिक पूर्वाधार निर्माण तथा त्यसको गुणस्तरीयता कायम गर्ने सबाल र यसको पहुँच सबैका बीचमा पुऱ्याउने विषय निकै चुनौतीपूर्ण रहेको छ । शहरीकरण, ग्रामीण विकास तथा बस्ती व्यवस्थापन, गुणस्तरीय सडक सुविधा सबै स्थानमा पुऱ्याउने, उर्जा उत्पादन र त्यसको प्रभावकारी वितरण सुनिश्चित गर्ने, गुणस्तरीय सिंचाई सुविधाको विस्तार, विज्ञान तथा प्रविधिको विकास र सूचना तथा सञ्चार प्रविधि जस्ता सूचकहरूलाई आधार मानेर पूर्वाधार क्षेत्रको समीक्षा गरिएको छ ।

**(क) शहरीकरण, ग्रामीण विकास तथा बस्ती व्यवस्थापन**

नेपालमा शहरीकरण क्रमशः वृद्धि हुदै गएको छ । शहरलाई आर्थिक केन्द्र, विकासको आधार तथा समृद्धिको सूचकको रुपमा पनि लिने गरिन्छ । विराटनगर नेपालको निकै पुरानो शहर हो अहिले यहाँ प्रदेश राजधानी रहेको छ र यहाँ महानगरपालिका स्थापना भएको छ । अवसरको खोजीमा मानिसहरु गाउँ पालिकाबाट नगरपालिकातर्फ वा ग्रामीण क्षेत्रबाट सहरतर्फ बसाइँसर्ने प्रवृति बढदै गएको छ । जनसंख्याको चाप बढदै जादा शहरमा विद्युत, पानी, ढल निकास, सरसफाई, शिक्षा, स्वास्थ्य, आवास, सडक तथा यातायात आदि जस्ता पूर्वाधारको विकास निकै खर्चिलो र जटिल हुने गर्दछ । यसै तथ्यलाई ध्यानमा राखी योजनाले सहरलाई व्यवस्थित बनाउने, सहरी सुविधा विस्तार गर्ने, अवसर सिर्जना गर्ने, सहरी सुन्दरता बढाउन धेरै योजना तथा कार्यक्रमहरू राखेको छ ।

ग्रामीण क्षेत्रको व्यवस्थापन पनि आफैमा सहज विषय होइन । सहरमा बस्ने जनतामा जस्तै ग्रामीण क्षेत्रमा बस्ने जनतामा पनि सहरी सुविधा प्रतिको आकर्षण उच्च देखिन्छ । नागरिकमा चेतना विस्तार हुँदै गएको छ, सूचना तथा सञ्चार प्रविधिका माध्यमबाट अन्यत्रका सेवा सुविधाहरू देख्ने तथा बुझ्ने अवसर मानिसले पाएका छन्, बढ्दो बैदेशिक रोजगारका कारण पनि विश्वमा भएका विकास तथा जीवनशैलीको जानकारी घरघरमा पुगेको छ । त्यसैले सडक, पानी, विद्युत लगायतका अन्य सुविधाको माग ग्रामीण क्षेत्रमा पनि तीव्र रूपले बढेको छ । छरिएर रहेका बस्तीमा सुविधा पुऱ्याउने कार्य अत्यन्त जटिल छ । गाउँ नै पछि विस्तारै सहरमा परिणत हुने हुँदा ग्रामीण क्षेत्रको विकास तथा व्यवस्थापन उचित रूपमा हुन सकेमा भविष्यमा बन्ने सहरहरू पनि व्यवस्थित हुनेछन् । त्यसैले ग्रामीण क्षेत्रको व्यवस्थापन प्रदेश सरकारको प्रमुख चासोको क्षेत्र हो । कतै विकट भूगोल तथा विपद् जोखिम क्षेत्र, कतै अत्यत्त घना बस्ती रहेको पाईन्छ । आवधिक योजनाले ती सबै पक्षमा सन्तुलन कायम गरेर काम गर्ने लक्ष्य लिएको छ ।

आवधिक योजनाले **मौलिक निर्माण, सामाजिक सम्पदाः व्यवस्थित सहर र गाउँ बीचको अन्तरनिर्भरता**को सोच राखेको छ । योजना कार्यान्वयनबाट बस्ती विकास, जग्गा विकास तथा व्यवस्थापन र आवास तथा भवन क्षेत्रमा योजना तर्जुमा, कार्यान्वयन, व्यवस्थापन र अनुगमनका निम्ति महत्वपूर्ण प्रादेशिक संस्थागत संरचना, प्राविधिक क्षमताको विकास, नीतिगत आधार र कानुनी संयन्त्र स्थापित भएको हुनेछ । प्रदेशभर चार वटा समूहीकृत क्षेत्र (क्लष्टर) पहिचान तथा योजना तर्जुमा भई कार्यान्वयन सुरु भएको हुने, सहरी तथा ग्रामीण जनता आवास कार्यक्रम परिस्कृत रूपमा कार्यान्वयनमा आएको हुने । बजार केन्द्रको एकीकृत विकासमा पूर्वाधार लगानीको थालनी भएको हुने, विराटनगर-धरान लगायतका सहरी करिडोर क्षेत्रका विकाससम्बन्धी परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन तथा डिजाईन प्रतिवेदन तयार भई कार्यान्वयनमा आएको हुने । मेचीनगर-इनरुवा लगायत सहरी करिडोरको पनि अध्ययन तथा योजना तर्जुमा भएको हुने, सहरी योजना, जग्गा विकास तथा व्यवस्थापन कार्यक्रम र मापदण्ड लागु हुने अपेक्षा राखिएको छ ।

गाउँबाट सहरतर्फको तीव्र बसाईसराईलाई ध्यानमा राखेर आधुनिक र सुविधायुक्त नयाँ सहर निर्माणको तयारी हुन सकेको छैन । सहरी सुविधाको विस्तार र व्यवस्थापनको प्रदेशस्तरीय मापदण्ड तयार हुन बाँकी नै छ । विराटनगर महानगरपालिका तथा अन्य नगरपालिकाहरूले आ-आफ्नै ढङ्गबाट सहरको व्यवस्थापन गर्ने प्रयत्न गरे तापनि प्रदेशस्तरबाट सहरी विकासको एकीकृत नमुना प्रस्तुत भएको छैन । शहरीकरण तथा बस्ती व्यवस्थापनको एक महत्वपूर्ण पक्ष फोहरमैलाको व्यवस्थापन हो । कोशी प्रदेश सरकारले हालसम्म ढल निकास तथा फोहरमैला व्यवस्थापन सम्बन्धी नीति तथा ऐन निर्माण गरेको छैन । त्रियुगा, काँकडभिट्टा, बेलबारी, दुहबी र विराटनगरको फोहरमैला प्रशोधन परियोजना अध्ययनको क्रममा छ । स्थानीय तहहरूले आ-आफ्नै ढङ्गबाट फोहरमैला व्यवस्थापनको कार्य गर्दै आएका छन् ।

### (ख) सिंचाई तथा जल उत्पन्न प्रकोप व्यवस्थापन

### सिंचाई

कोशी जलस्रोतमा सम्पन्न प्रदेश भएकाले यसको बहुउपयोग सुनिश्चित गरी नागरिकको आर्थिक र सामाजिक अवस्थामा सहजै सुधार गर्न सकिने सम्बन्धमा आवधिक योजना प्रष्ट छ । प्रदेशको गार्हस्थ उत्पादनमा कृषिको योगदान अझै पनि एक तिहाइको वरिपरी रहदै आएको र अधिकांश नागरिक कृषिमा नै आश्रिम भएको तथा देशको कृषि उत्पादनमा सबैभन्दा बढी योगदान कोशी प्रदेशको रहेको

सन्दर्भमा प्रदेशमा गरिबी निवारण, रोजगारी सिर्जना तथा उत्पादन अभिवृद्धिको सबैभन्दा सहज उपाय कृषिमा आधुनिकीकरण र व्यवसायिकरण नै हो । कृषिको सुधारका लागि सिंचाईलाई गुणस्तरीय बनाउनु आवश्यक छ । बाह्रै मास कृषियोग्य जमिनमा गुणस्तरीय सिंचाई हुन सकेमा उत्पादन र उत्पादकत्व वृद्धि भई कृषिमा ठूलो फड्को मार्न सक्ने अवस्था रहने विषयलाई आत्मसात गरी योजनाले सिंचाईको विकासलाई प्राथमिकतामा राखेको छ । योजनाको आधार वर्षमा प्रदेशमा भएको ७ लाख ८३ हजार ५ सय ९५ हेक्टर कृषियोग्य जमिन मध्ये ३ लाख २ हजार ४५८ हेक्टर जमिनमा मात्र सिंचाई सुविधा पुगेको थियो । प्रदेशमा उपलब्ध सिंचाई सुविधाको ५० प्रतिशत मात्र सिंचाई सुविधा उपयोग भएको विरोधाभाष पूर्ण अवस्था थियो ।

सिंचाईतर्फ **व्यवस्थित सिंचाई, उन्नत कृषिः समृद्ध प्रदेश सुखी प्रदेशबासी**को सोच आवधिक योजनाले तय गरेको छ । योजनाले कृषियोग्य भूमिमा दिगो र भरपर्दो सिंचाई सुविधाको विस्तार गर्ने लक्ष्य लिएको छ । सिंचाई क्षेत्रको विस्तार गर्ने, विद्यमान सिंचाई आयोजनाको पूर्ण उपयोग गर्ने, कृषक व्यवस्थित सिंचाई प्रणालीलाई सुदृढीकरण गर्ने उद्देश्य राखेको छ । योजनाको कार्यान्वयनपश्चात प्रदेशको कृषियोग्य भूमिको ४५ प्रतिशतमा सिंचाई सुविधा पुगेको हुने, सिंचित क्षेत्र विस्तार भई ३ लााख ४५ हजार हेक्टरमा पुगेको हुने, विद्यमान सिंचाई प्रणालीमा सुधार भई उपयोग ६० प्रतिशत पुगेको हुने तथा कृषक व्यवस्थित सिंचाई प्रणाली विस्तार भई २ लाख ६० हजार पुगेको अवस्था हने अपेक्षा योजनाले गरेको छ। योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ ।

| क्र.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | प्रदेशको ४५ प्रतिशत कृषि योग्य भूमिमा सिंचाई सुविधा पुगेको हुने | ४४.२ प्रतिशत कृषियोग्य भूमिमा सिंचाइए सूविधा पुगेको । | लक्ष्यको नजिक भएकाले योजनाको अन्त्य सम्ममा अपेक्षा पुरा हुने देखिन्छ । |
| २. | सिंचित क्षेत्र विस्तार भई ३ लाख ४५ हजार हेक्टरमा पुगेको हुने | सिंचित क्षेत्र विस्तार भई ३ लाख २७ हजार पुगेको । | योजनाको अन्त्य सम्ममा लक्ष्य हासिल हुने सम्भावना रहेको । |
| ३. | विद्यमान सिंचाई प्रणालीमा सुधार भई उपयोग ६० प्रतिशत पुगेको हुने | विवरण प्राप्त नभएको । | |

| | | | |
|---|---|---|---|
| ४. | कृषक व्यवस्थित सिंचाई प्रणाली विस्तार भई २ लाख ६० हजार पुगेको हुने | कृषक व्यवस्थित सिंचाई प्रणाली विस्तार भई २ लाख ६४ हजार पुगेको । | लक्ष्य हासिल भई सकेको । |

योजना कार्यान्वयनको चार वर्षमा करिब ५१ हजार हेक्टर थप जमिनमा सिंचाई सुविधा विस्तार भएको छ । कृषि योग्य भूमिको ४५ प्रतिशतमा सिंचाई सुविधा विस्तार गर्ने लक्ष्य राखिएकोमा योजनाको चौथो वर्ष सम्ममा ४४.२ प्रतिशत कृषि योग्य भूमिमा सिंचाई सुविधा विस्तार हुनुले लक्ष्य हासिल हुने सम्भावना रहेको । कोशी प्रदेशमा सङ्घको तर्फबाट मोरङ्ग सिंचाई आयोजनाबाट सुनसरीको ४० हजार हेक्टर र मोरङ्गको २८ हजार हेक्टर गरी कुल ६८ हजार हेक्टरमा सिंचाई भएको छ । आर्थिक वर्ष २०७९।८० पुषसम्ममा प्रदेशमा ५० हजार ९ सय ५४ हेक्टरमा सिंचाई भएको छ । साना सिंचाई कार्यक्रम (सन् २०२०-२०२४) ८ पहाडी जिल्लाका ५९ स्थानीय तहमा सञ्चालनमा छ । कृषक व्यवस्थित सिंचाई प्रणालीले लक्ष्य हासिल गरेको अवस्था छ । प्रदेशको कुल भूभागको ३१.९ प्रतिशत क्षेत्रफल खेतियोग्य रहेको छ । यस मध्ये ८६.४ प्रतिशतमा खेती भईरहेको छ । १३.६ प्रतिशत खेतीयोग्य जमिन बाझो छ । ओखलढुंगामा खेतीयोग्य जमिनको ६० प्रतिशत बाँझो छ जब की धनकुटामा खेतीयोग्य जमिनको जम्मा २ प्रतिशत बाझो छ । कृषिको आधुनिकीकरण र व्यवसायिकरण गुणस्तरीय सिंचाईको माध्यमबाट मात्र सम्भव हुने भएकाले गुणस्तरीय सिंचाई सुविधा विस्तारमा विशेष ध्यान दिनु आवश्यक छ ।

**जलउत्पन्न प्रकोप व्यवस्थापन**

प्रदेशको भूवनौट, प्राकृतिक विशिष्टता आदि जस्ता कारणले कोशी प्रदेशले जलउत्पन्न प्रकोपको निरन्तर सामना गर्नु परेको छ । हिमश्रृंखलामा आउने हिमपहिरो, पहाडी पहिरो, नदी सिर्जीत बाढी तथा डुबान आदिजस्ता जोखिमबाट निरन्तर कष्ट भोग्दै आएकाले आवधिक योजनाले यसको व्यवस्थापनलाई विशेष महत्व दिएको छ । प्रकोपबाट नागरिकको जीउधनको सुरक्षा, आर्थिक क्रियाकलाप तथा विकासका संरचनाहरुमा कमभन्दा कम क्षति हुने अवस्था सिर्जना गर्नका लागि विभिन्न कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको छ । योजनाको आधार वर्षमा प्रदेशमा जलउत्पन्न प्रकोपबाट वार्षिक ११७५ जना परिवार प्रभावित भएका थिए, प्रदेशमा जम्मा १६८ कि.मि. तटबन्ध भएको थियो, कोशी नदीमा बाढी सूचना प्रणाली जडान भएको थियो ।

आवधिक योजनाले जलउत्पन्न प्रकोप व्यवस्थापनका सम्बन्धमा **जल उत्पन्न जोखिम न्यूनीकरण, सुरक्षित जीवन**को सोच राखेको छ । योजनाले जल उत्पन्न प्रकोपजन्य धन जनको क्षति न्यूनिकरण गर्ने लक्ष्य लिएको छ। साथै जलउत्पन्न प्रकोप न्यूनिकरण गर्दै नदी कटान तथा बाढी पहिरोजन्य क्षति कम गर्ने उद्देश्य लिएको छ। योजना कार्यान्वयन सम्पन्न हुँदा जलउत्पन्न प्रकोप नियन्त्रण गुरुयोजना तयार भएको हुने, जल उत्पन्न प्रकोपबाट प्रभावित १६७५ परिवारको पुर्नस्थापना भएको हुने, प्रदेशमा ३०० कि.मि. तटबन्ध भएको हुने, ६ वटा नदीमा पूर्वसूचना प्रणाली स्थापना भएको हुने, नदीजन्य पदार्थको सङकलन र उपयोगसम्बन्धी कार्यविधि निर्माण भई कार्यान्वयनमा आएको हुने छ भन्ने अपेक्षा राखेको देखिन्छ। योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ ।

| क.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | ६ वटा नदीमा पूर्वसूचना प्रणाली स्थापना भएको हुने | कोशी र कन्काई नदीमा बाढी सूचना प्रणाली जडान गरिएको । | लक्ष्य हासिल नभए पनि आधुनिक प्रविधिको उपयोग आरम्भ भएको छ । |

कोशी र कन्काई नदीमा बाढी सूचना प्रणाली प्रयोगमा ल्याईएको छ। कोशी नदीको चतरा र कोशी व्यारेजमा बाढी सूचना प्रणाली सञ्चालनमा छ । यसले प्रदेशमा आधुनिक प्रविधिको प्रयोग बढ्दै गएको देखाउँछ। कोशी जलाधार क्षेत्रभित्र रहेका हिमताल मध्ये ४५ वटा हिमताल उच्च जोखिममा रहेका छन् । यसबाट बच्नका लागि पूर्वतयारीमा विशेष जोड दिइनु पर्दछ । जलउत्पन्न प्रकोपको जोखिममा रहेको प्रदेश भएकाले समयमा नै यसको व्यवस्थापन गर्ने दिशामा योजनाले ध्यान दिएको छ। तर प्रदेशको आफ्नो मात्र स्रोत साधनले प्रकोप नियन्त्रण गर्न कठिन हुने भएकाले सङ्घीय स्रोत साधन परिचालनतर्फ पनि ध्यान दिनु पर्दछ। प्रकोप नियन्त्रणमा आधुनिक प्रविधिको प्रयोगलाई बढाउदै लैजानु आवश्यक छ ।

**(ग) उर्जा**

**जलविद्युत**

नेपाल जलविद्युतमा प्रचुर सम्भावना भएको मुलुक हो । कोशी प्रदेशले पनि जलविद्युत उत्पादनको पर्याप्त सम्भावना बोकेको छ। यस प्रदेशले नेपालको जलस्रोतको जलाधार क्षेत्रको २८ प्रतिशत भन्दा

बढी क्षेत्र ओगटेको छ । नेपालबाट बग्ने वार्षिक औसत २२४ अर्ब घनमिटर जलमध्ये २२ प्रतिशत भन्दा बढी (४९.१३ अर्ब घनमिटर) पानी कोशी प्रदेशबाट बग्छ । यस प्रदेशले ३४००० मेगावाट विद्युत उत्पादन गर्ने क्षमता राख्ने तथ्य योजनामा उल्लेख छ । विद्युत उत्पादन तथा व्यापारको अधिकार सङ्घ सरकारसँग रहे तापनि सानो क्षमताका आयोजना सञ्चालन तथा विद्युत व्यवस्थापनको अधिकार प्रदेशलाई छ । यद्यपी विद्युतको विकास तथा विस्तारमा अनुकूल वातावरण बनाउने, गुणस्तरीय विद्युत प्रदेशका सबै भागमा पुऱ्याउने तथा विद्युतको अधिकाधिक उपयोग उत्पादनमूलक क्षेत्रमा गर्ने सबालमा योजनाले पर्याप्त महत्व दिएको छ । आवधिक योजनाको आधार वर्षमा प्रदेशमा ११ वटा प्लान्टबाट १२१ मे.वा. विद्युत उत्पादन हुदै थियो, सो उत्पादन उक्त समयमा प्रदेशको मागभन्दा १२९ मे.वा.ले कम थियो । उक्त समयमा ४० वटा आयोजना निर्माणाधिन थिए जसको क्षमता ११२० मे.वा. थियो, त्यस्तै ८६ वटा आयोजनाले सर्वेक्षण अनुमति पाएका थिए जसको क्षमता ४०६७ मे.वा. थियो । विद्युत सेवामा पहुँच पुगेको परिवार ९१.४ प्रतिशत थियो ।

आवधिक योजनाले जलविद्युततर्फ **प्रदेशको समृद्धिको आधारः जलविद्युतको विकास** भन्ने सोच राखेको छ । जलविद्युत उत्पादन र पहुँच वृद्धि गर्ने लक्ष्य लिएको छ भने प्रदेशमा विद्युत उत्पादन, प्रसारण र वितरण क्षमता वृद्धि गर्ने उद्देश्य योजनाले राखेको छ । आर्थिक वर्ष २०८०।८१ को अन्त्यसम्ममा प्रदेशमा २५०० मे.वा. विद्युत उत्पादन भएको हुने, शतप्रतिशत घरधुरीमा विद्युत सेवा पुगेको हुने, विद्युत वितरणको चुहावट १४ प्रतिशतमा सीमित भएको हुने र १० वटा जलविद्युत आयोजनाको निर्माण सुरु भएको हुने अपेक्षा गरिएको छ। योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ ।

| क्र.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | प्रदेशमा २५०० मे.वा. विद्युत उत्पादन भएको हुने | ४२ वटा जलविद्युत आयोजनाबाट ५१४.२ मे.वा. विद्युत उत्पादन भईरहेको छ । | लक्ष्य हासिल गर्न कठिन छ । |
| २. | शतप्रतिशत घरधुरीमा विद्युत सेवा पुगेको हुने | २०७९ फागुनसम्ममा ९७ प्रतिशत जनसङ्ख्यामा विद्युत पहुँच पुगेको छ , | योजनाको अन्त्य सम्ममा लक्ष्य हासिल हुने देखिन्छ । |

विद्युत पुगेको परिवार ९१.४ प्रतिशतबाट वृद्धि भएर ९७ प्रतिशत पुगेको छ। यसले योजनाको अन्त्य सम्ममा सबै घरपरिवारमा विद्युत सेवा पुऱ्याउने लक्ष्य हासिल हुने देखिन्छ । २०७९ चैत्रसम्ममा झापामा ९८.५ प्रतिशत जनतामा विद्युत पहुँच पुगेको छ भने भोजपुरमा ७०.२ प्रतिशतमा मात्र विद्युत पहुँच पुगेको छ। यसबाट विद्युत सुविधामा सबै नागरिकको समान पहुँच भने देखिदैन। खाना पकाउन ५३.३८ प्रतिशत दाउराको उपभोग हुने गरेको देखिन्छ भने खाना पकाउनका लागि बिजुलीको प्रयोग ०.५२ प्रतिशत मात्र भएको छ। उज्यालोको लागि ९३.७ प्रतिशत बिजुलीको प्रयोग र ५.०३ प्रतिशत सौर्य उर्जाको प्रयोग हुने गरेको छ। योजनाले विद्युत उत्पादन जम्मा २५०० पुऱ्याउने लक्ष्य लिएको तर हाल सम्मको उपलब्धि ५१४.२ मे.वा. ले विद्युत उत्पादनतर्फ राम्रो प्रगति भए तापनि योजनाको लक्ष्य भने हासिल हुने देखिदैन । अरुण तेस्रो जलविद्युत आयोजना ठूलो क्षमताको भएता पनि अन्य जलविद्युत आयोजनाहरु सानो आकारको भएकाले तत्काल विद्युतमा ठूलो फड्को मार्ने अवस्था समेत रहेको पाईएन ।

## सौर्य लगायतका अन्य नवीकरणीय उर्जा

स्वच्छ उर्जाको माग दिन प्रतिदिन बढ्दै छ । यो विश्वव्यापी सबाल बनेको सन्दर्भमा जलविद्युतका अतिरिक्त अन्य स्वच्छ उर्जाको खोजीमा कोशी प्रदेशले पनि पर्याप्त ध्यान पुऱ्याएको छ। जलविद्युतका अतिरिक्त नवीकरणीय उर्जा उत्पादनका अन्य स्रोतहरूको खोजी निरन्तर हुँदै आएको छ । कोशी प्रदेशमा जलविद्युत बाहेकको नवीकरणीय उर्जा उल्लेख रहेको अनुमान छ। कोशी प्रदेशको नवीकरणीय उर्जामा सौर्य उर्जा, वायु उर्जा, बायो ग्याँस आदि स्रोत प्रमुख छन् । उत्पादन, विकास र उपभोगमा यो उर्जा सहज, सुपथ र सुलभ हुने भएकाले आवधिक योजनाले यस्तो उर्जाको विकासलाई पर्याप्त महत्व दिएको छ । आवधिक योजनाको आधार वर्षमा प्रदेशमा खाना पकाउने इन्धनमा दाउराको प्रयोग ६७.५ प्रतिशत थियो, उर्जा उपयोगमा सौर्य तथा अन्य नवीकरणीय उर्जाको अनुपात २ प्रतिशत थियो, ९ हजार परिवारले नवीकरणीय उर्जाको उपयोग गर्ने गरेका थिए ।

आवधिक योजनाले स्वच्छ उर्जातर्फ राखेको सोच **स्वच्छ उर्जा सरल जीवनः उत्पादन वृद्धि वातावरण अनुकूलन** भन्ने छ । योजनाले सौर्य तथा अन्य नवीकरणीय उर्जाको विकासबाट उर्जा आपूर्तिमा योगदान वृद्धि हुने लक्ष्य लिएको छ । साथै विद्युत आपूर्तिमा अन्य नवीकरणीय उर्जामार्फत विद्युत पहुँच पुऱ्याउने उद्देश्य राखेको छ । यस क्षेत्रमा आवधिक योजनाको कार्यान्वयन समय सकिदै गर्दा करिब २९७०० घरधुरीमा बायोग्याँस प्लाण्ट जडान भएको हुने, सौर्य उर्जा तथा अन्य नवीकरणीय उर्जाको अनुपात ३ प्रतिशत पुगेको हुने, उर्जा उपभोगमा नवीकरणीय उर्जाको प्रयोग २८ प्रतिशत

वृद्धि भएको हुने, घरेलु सौर्य बत्तीको सङ्ख्या १६००० पुगेको हुने, सुधारिएको चुलोको सङ्ख्या २५५०० पुगेको हुने अपेक्षा राखिएको छ । योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ ।

| क.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | २९७०० घरधुरीमा बायोग्याँस प्लाण्ट जडान भएको हुने | ९१ हजार ५२६ गोबर ग्यास प्लान्ट प्रयोग भएको देखिन्छ । | एक घरमा एक प्लान्टको हिसाबले हेर्दा यो संख्या निकै उच्च देखिन्छ । |
| २. | सौर्य उर्जा तथा अन्य नवीकरणीय उर्जाको अनुपात ३ प्रतिशत पुगेको हुने | उर्जा उपभोगमा सौर्य तथा अन्य नवीकरणीय उर्जाको अनुपात २.७ प्रतिशत पुगेको छ । | जन आकर्षण राम्रो भएकाले यस्तो उर्जाको उत्पादन र उपभोग ले लक्ष्य हासिल गर्ने सम्भावना रहेको |
| ३. | घरेलु सौर्य बत्तीको सङ्ख्या १६००० पुगेको हुने | सौर्य उर्जा एकाई ६३ हजार ५६२ छन् । | यसको क्षमताले सौर्य बत्तीको सङ्ख्याको लक्ष्यलाई पुरा गरेको अनुमान लगाउन सकिन्छ । |
| ४. | सुधारिएको चुल्होको सङ्ख्या २५५०० पुगेको हुने | २ लाख ८० हजार ७५३ सुधारिएको चुल्हो प्रयोग भएको देखिन्छ । | लक्ष्य भन्दा धेरै माथि उपलब्धि हासिल भएको छ । |

दिगो र सन्तुलित विकासका लागि जलउर्जा बाहेकका अन्य नवीकरणीय उर्जाको महत्वलाई आत्मसात गरी प्रदेशले लगानी वृद्धिको अनुकूल वातावरण सिर्जना गरेको छ । गोबर ग्यास प्लान्टको सङ्ख्या, सौर्य उर्जा एकाई आदिको सङ्ख्यामा भएको तिव्र वृद्धिले नवीकरणीय उर्जाको क्षेत्रमा प्रदेशको प्रगति अत्यन्त सकारात्मक रहेको छ । सरकारको स्रोत भन्दा पनि यस क्षेत्रमा समुदाय तथा निजी क्षेत्रले विशेष ध्यान दिएको खण्डमा प्रदेशले नवीकरणीय उर्जामा उदाहरणीय स्थान हासिल गर्न सक्नेछ ।

### (घ) यातायात पूर्वाधार विकास तथा यातायात व्यवस्थापन

गुणस्तरीय, प्रभावकारी र सहज सार्वजनिक यातायातको प्रबन्ध राज्यको दायित्व हो । यातायातका दुईवटा पाटा हुन्छन यातायातको लागि पूर्वाधार निर्माण र यातायातको उचित व्यवस्थापन। यी दुवैमा राज्य बढी जिम्मेवार बन्नु पर्दछ। निजी क्षेत्रको पनि पूर्वाधार निर्माणमा केही र यातायात व्यवस्थापनमा उल्लेख्य सहभागिता रहेकाले राज्यले आफ्नो क्षमता पनि वृद्धि गर्ने र निजी क्षेत्रलाई राज्यको नीति भित्र नियमन गर्ने भूमिका निर्वाह गर्नु पर्दछ। तीन तहका सरकारबाट यातायातको पूर्वाधार बनाउन सबैभन्दा बढी लगानी हुदै आएको छ । राष्ट्रिय लोकमार्ग र ठूला आयोजनाहरू सङ्घ सरकारको, प्रादेशिक लोकमार्गहरू प्रदेश सरकारको र अन्य स्थानीय तहको जिम्मेवारीमा रहेता पनि कतिपय अवस्थामा सहकार्य तथा दोहोरोपना पनि देखिन्छ । अर्थात तीन तहका सरकारले नै यातायात पूर्वाधारमा विशेष चासो राख्दै आएका छन् । यातायातको क्षेत्रमा निजी क्षेत्रको बढ्दो संलग्नतालाई ध्यानमा राखी आवधिक योजनाले रणनीतिक व्यवस्था गरेको छ। यातायातको पूर्वाधार विकास तथा यातायात व्यवस्थापनमा आवधिक योजनाले पर्याप्त ध्यान दिएको छ। योजना तर्जुमाको आधार वर्षमा प्रदेशमा रणनीतिक सडक २३८९.०८ कि.मि., ग्रामीण सडक ६१२१.६४ कि.मि. गरी कुल १४२२६.१२ कि.मि. सडक सञ्जाल रहेको थियो । जसमध्ये १५४४.६६ कि.मि. कालोपत्रे, २९१७.६३ कि.मि. खण्डस्मिथ र ९७६३.८४ कि.मि. कच्चि सडक थियो । कालोपत्रे सडकको सडक घनत्व प्रति १०० वर्ग कि.मि. मा ६ कि.मि. रहेको थियो । झोलङ्गेपुलको सङ्ख्या १७१५ वटा थियो त्यो सङ्ख्या देशको २० प्रतिशत हुन आउँथ्यो ।

आवधिक योजनाले क्षेत्रगत सोचअन्तर्गत **प्रदेश समृद्धिको आधारः सबै पालिकामा यातायातको पूर्वाधार** भन्ने सोच अगाडि सारेको छ। सबै पालिका केन्द्रसम्म सर्वयाम सडक एवम् पर्यटकीयस्थलसम्म अन्य यातायात पूर्वाधार पुऱ्याउने लक्ष्य लिएको छ । यसका साथै सबै पालिकालाई गुणस्तरीय सर्वयाम सडकसँग आवद्ध गर्ने, विद्यमान सडकलाई स्तरोन्नति गरी सर्वयाम चल्ने बनाउने, यातायात व्यवस्थापन प्रणाली प्रभावकारी बनाउने, बैकल्पिक यातायातको विकास गर्ने उद्देश्य योजनाले दिएको छ। आर्थिक वर्ष २०८०।८१ मा योजनाको पाँच वर्षे अवधि सकिदै गर्दा यातायात गुरुयोजना निर्माण भई कार्यान्वयनमा आएको हुने, ५ हजार कि.मि. विद्यमान सडकको स्तरोन्नति भई सर्वयाम यातायात सञ्चालन हुने, वार्षिक मर्मत योजना बनेको हुने, सडक मापदण्ड बनेको हुने, १३२ पालिकामा सर्वयाम सडक सञ्जालमा जोडिएको हुने, ७ वटा प्रदुषण परीक्षण केन्द्र स्थापना भएको हुने, कालोपत्रे सडकको सडक घनत्व प्रति १०० वर्ग कि.मि.मा ११ कि.मि.पुगेको हुने अपेक्षा योजनाले गरेको छ ।

प्रदेशका सबै जिल्ला सदरमुकाम राष्ट्रिय सडक सञ्जालसँग जोडिएका छन् । राष्ट्रिय गौरवका आयोजनामा उत्तर दक्षिण कोशी करिडोर, मध्य पहाडी लोकमार्ग, पूर्व पश्चिम रेलवे,मदन भण्डारी लोकमार्ग, हुलाकी लोकमार्ग यस प्रदेशमा समेत पर्दछन् । देशको कुल सडकको २०.४३ प्रतिशत कोशी प्रदेशमा पर्दछ । प्रदेशमा सडक घनत्व ०.५२ प्रति वर्ग कि.मि. रहेको छ । यो देशको औसत घनत्व ०.४५ प्रति वर्ग कि.मि. भन्दा राम्रो हो । धुल/कच्ची ९९२३ कि.मि., ग्रावेल २६७१, कालोपत्रे ९०४ कि.मि. गरी जम्मा १३४९८ कि.मि. सडक सञ्जाल निर्माण भएको छ । यो सडक मध्ये प्रादेशिक सडक ६४४६ कि.मि. र स्थानीय सडक ७०५२ कि.मि. रहेको छ । प्रदेश सरकार गठन भए पश्चात आर्थिक वर्ष २०७९।८० चैत्र मसान्तसम्म ७६ वटा मोटरेवल पुल, १३८ वटा झोलुङ्गे पुल, १८१८.२८ कि.मि. ग्राभेल सडक, ५९४५.२६ कि.मि. कच्ची सडक, ५१२.६४ कि.मि. कालोपत्रे सडक निर्माण भएको छ । प्रदेशमा रहेका १५ वटा विमानस्थल मध्ये ११ वटा सचालनमा छन् साथै कोशी प्रदेशमा जलयात्रा र रेल परिवहनको पनि राम्रो सम्भावना छ । नेपालको पूर्व पश्चिम राजमार्गको १३ प्रतिशत खण्ड यसै प्रदेशमा पर्दछ, मध्य पहाडी राजमार्गको ३५.५ प्रतिशत र हुलाकी राजमार्गको १२.१ प्रतिशत अंश यस प्रदेशमा पर्दछ । त्यस्तै, सगरमाथा राजमार्गको ९२.३ प्रतिशत, मदन भण्डारी राजमार्गको १३.२ प्रतिशत खण्ड यसै प्रदेशमा पर्दछ । आर्थिक वर्ष २०७९।८० चैत्र मसान्त सम्म ३२ हजार ७७० सवारी साधन दर्ता भएका छन् । प्रदेशको राजस्वको मुख्य अंश यही क्षेत्रले ओगटदछ । त्यसैले नागरिकलाई सेवा प्रवाह पनि गर्ने र राजस्व संकलन वृद्धि पनि गर्ने उद्धेश्य सडक तथा यातायात व्यवस्थापनमा विशेष जोड दिनु आवश्यक छ ।

**(ङ) विज्ञान तथा प्रविधि**

आजको विश्वलाई विज्ञान प्रविधिले निर्देशित गरेको छ । वैज्ञानिक आविश्कारले नै हामीलाई आजको जस्तो सुविधा सम्पन्न युगमा ल्याईपुऱ्याएको हो । विज्ञान प्रविधिको विकासमा समृद्ध मुलुकहरुले ठूलो लगानी गर्दै आएका छन्, ठूला अनुसन्धान केन्द्रमा विशिष्ट विद्धान तथा नव प्रतिभाहरू नयाँ चमत्कारको खोजीमा समर्पित छन् । नेपालले पनि आफुलाई त्यस दिशातर्फ उभ्याउने प्रयास आरम्भ गरेको छ । कोशी प्रदेशले आवधिक योजनामा विज्ञान र प्रविधिको विकास र उपयोग विना समृद्धिको परिकल्पना गर्न नसकिने भन्दै यस क्षेत्रको विकासमा जोड दिएको छ ।

पहिलो आवधिक योजनाले **विज्ञान तथा प्रविधिको विकासः प्रदेशको समृद्धिमा योगदान** भन्ने सोच राखेको छ भने वैज्ञानिक अनुसन्धानमा शैक्षिक तथा अनुसन्धान केन्द्रसंग सहकार्य वृद्धि गर्ने लक्ष्य लिएको छ । आवधिक योजनाले विज्ञान प्रविधिको अनुसन्धान र विकासमा प्रदेश सरकारको लगानी

बढेको हुने, अनुसन्धान र विकास केन्द्रको स्थापना भएको हुने, रणनीति केन्द्रमा विज्ञान प्रविधि सम्बन्धी विद्यालय खुलेको हुने, विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना भएको हुने, विज्ञान शिक्षामा आकर्षण बढी हालको सङ्ख्यामा ५० प्रतिशत विद्यार्थी बढेको हुने, स्थानीय मौलिक प्रविधिको प्याटेन्ट राईटस् सुनिश्चित भएको हुने अपेक्षा गरेको छ ।

यस प्रदेशमा वैज्ञानिक अध्ययन अनुसन्धानमा नव प्रतिभावहरुको आकर्षण बढ्दै गएको छ । यसैको नतिजा स्वरुप यस प्रदेशमा उच्च शिक्षामा भर्ना हुने मध्ये करिब २० प्रतिशत विद्यार्थी विज्ञान तथा प्रविधि सङ्कायमा भर्ना हुने गरेका छन् । प्रदेशमा सञ्चालित ७ वटा विश्वविद्यालयका क्याम्पसहरू मध्ये ४ वटा विश्वविद्यालयका क्याम्पसमा विज्ञान र प्रविधि विषयमा अध्ययन अध्यापन हुने गरेको छ । प्रदेशमा सुनसरीको तरहरा, धनकुटाको पात्ले तथा पाखीबास कृषि अनुसन्धान केन्द्र सञ्चालनमा रहेका छन् । प्रदेशमा निर्माण हुने भौतिक पूर्वाधारको गुणस्तर परीक्षणका लागि प्रयोगशालाहरू स्थापना भएका छन् । खाद्य तथा गुण नियन्त्रणका लागि प्रदेशमा खाद्य तथा गुण नियन्त्रण कार्यालयहरू स्थापना भएका छन् । सीमित स्रोत साधका बावजुद पनि प्रदेशले विज्ञान र प्रविधिको क्षेत्रमा केही महत्वपूर्ण प्रयासहरू अघि बढाएको छ । तर, यसले मात्र आवधिक योजनाले राखेका लक्ष्यहरू भने हासिल हुने अवस्था छैन । आगामी दिनमा विश्वविद्यालय, निजी क्षेत्र, अन्तर्राष्ट्रिय साझेदार, स्थानीय तह र सङ्घ सरकारको संलग्नतामा विज्ञान र प्रविधको क्षेत्रमा ठूला प्रयासहरू अघि बढाउनु आवश्यक छ ।

### (च) सूचना तथा सञ्चार प्रविधि

विश्व सूचना प्रविधिको युगमा विचरण गर्दै छ । यसले संसारलाई एउटा सिङ्गो गाउँको रुपमा परिवर्तन गरेको छ । मानव जीवनलाई सहज बनाउनका लागि सूचना तथा सञ्चार प्रविधिको अतुलनीय योगदान रहेको छ । कोशी प्रदेशले सूचना तथा सञ्चार प्रविधिको यसै महत्वलाई आत्मसात गरी यस क्षेत्रको विकासमा विशेष ध्यान दिएको छ । योजनाले **आम नागरिकमा गुणस्तरीय तथा विश्वसनीय सूचना प्रविधिको पहुँच समृद्ध प्रदेशको आधार** भन्ने सोच राखेको छ । योजनाले प्रदेशको गार्हस्थ उत्पादनमा सूचना तथा सञ्चार प्रविधिको योगदान वृद्धि गर्ने लक्ष्य लिएको छ । उक्त लक्ष्य हासिल गर्नका लागि तीन वटा उद्देश्य र चारवटा रणनीति तथा विभिन्न कार्यनीति कार्यान्वयनमा ल्याएको छ । योजनाको अन्त्यसम्ममा सूचनाको हकसम्बन्धी प्रादेशिक ऐन, नियम तर्जुमा भई कार्यान्वयन भएको हुने, प्रदेशको आधिकारिक र दोहोरो संवाद पोर्टल स्थापना भएको हुने, आधुनिक सूचना प्रविधिबाट आम नागरिकले प्रशासनिक सेवा प्राप्त गरेको हुने, प्रदेशको कार्य सञ्चालनमा विद्युतीय प्रणालीको अवलम्बन भएको हुने, मुख्यमन्त्री ड्यासबोर्ड स्थापना भई सुचारु भएको हुने, सबै

पालिकासम्म अप्टिकल फाइबर विस्तार भएको हुने, सबै सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था भएको हुने अपेक्षा गरिएको पाईन्छ। योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ।

| क्र.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | प्रदेशको कार्यसञ्चालनमा विद्युतीय प्रणालीको अवलम्बन भएको हुने | केही कार्यालयहरूमा यसको अभ्यास भई विस्तार हुने क्रममा रहेको छ। | यसलाई पूर्ण विद्युतीय बनाउन थप समय र स्रोत आवश्यक भएको । |
| २. | मुख्यमन्त्री ड्यासबोर्ड स्थापना भई सुचारु भएको हुने | मुख्यमन्त्री ड्यासबोर्ड स्थापना भई सञ्चालनमा रहेको। | योजनाको लक्ष्य हासिल भएको । यसबाट योजना अनुगमन लगायतका कार्य बृद्धि भई योजना समयमा सम्पन्न हुन मद्धत पुग्ने। |
| ३. | सबै पालिकासम्म अप्टिकल फाइबर विस्तार भएको हुने | विवरण प्राप्त नभएको । | |
| ४. | सबै सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था भएको हुने | सबै सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था भएको। | योजनाको लक्ष्य हासिल भएको। |

सबै सार्वजनिक निकायमा सूचना अधिकारीको व्यवस्था भएको देखिन्छ। मुख्यमन्त्रीबाट अत्याधुनिक प्रविधिको प्रयोग गरी योजनाहरुको अनुगमन गर्ने र निर्देशन दिने कार्य हुदै आएको छ। यसले योजना समयमा सम्पन्न गर्न मद्धत पुऱ्याउने छ भने आमनागरिकले आफ्ना गुनासो सहजै मुख्यमन्त्रीसमक्ष पुऱ्याउन सक्ने वातावरण बनेको छ। कार्यसम्पादनमा प्रभावकारिता र पारदर्शीताकायम गर्नका लागि सार्वजनिक निकायमा विद्युतीय प्रणालीको प्रयोगलाई बढाउदै लगिएको छ। यसलाई सबै निकायमा विस्तार गर्न अझ समय लाग्ने देखिन्छ।

यस प्रदेशमा ४८८ वटा पत्रपत्रिका दर्ता भएका छन् जसमध्ये जम्मा १०६ वटा पत्रिकाको नियमित प्रकाशन हुने गरेको छ । कोशी प्रदेशमा १४५.२ प्रतिशत परिवारसंग सूचना तथा सञ्चारसम्बन्धी उपकरण उपलब्ध छ । सबैभन्दा बढी धनकुटामा १५९.१९ प्रतिशत परिवारसँग मोवाईल सुविधा छ । ३७.२ प्रतिशतसँग रेडियो सुविधा छ, ३८.१२ प्रतिशत परिवारमा इन्टरनेट सुविधा छ, ५४.५५ प्रतिशत परिवारसँग टेलिभिजन उपलब्ध छ र कम्प्युटरको उपलब्धता ११.८१ प्रतिशत परिवारसँग छ । ६७ वटा एफ.एम. रेडियो स्टेशन रहेका छन् । १८८ वटा विभिन्न तहका हुलाकहरु रहेका छन् । यसरी प्रदेशले आधुनिक सूचना प्रविधिमा फड्को मारेको छ भने पुराना सूचना तथा सञ्चारका माध्यमको विकासमा पनि उत्तिकै जोड दिएको छ । तर आधुनिक सूचना तथा सञ्चारको उपयोग अर्थोपार्जन, रोजगारी सिर्जना र गरिबी निवारणको क्षेत्रमा गर्नका लागि ठोस योजना भने पाउन सकिएन ।

## ५.४. सुशासन, अन्तर सम्बन्धित क्षेत्र तथा अन्य क्षेत्र

विकासका सवालहरू अर्न्तसम्बन्धित हुन्छन् । सामान्यत विभिन्न क्षेत्रसँग जोडिएका अर्थात विभिन्न क्षेत्रले योगदान गर्ने विकासका सबाललाई अर्न्तसम्बन्धित क्षेत्र भन्न सकिन्छ । यसमा कुनै एक क्षेत्र वा निकायको मात्र योगदान वा भूमिकाले अपेक्षित नतिजा हासिल गर्न सकिदैन । अर्न्तसम्बन्धित क्षेत्रको नतिजा हासिल गर्ने कार्य स्वभावैले जटिल हुने गर्दछ । कोशी प्रदेशले आवधिक योजना तर्जुमा गर्दै गर्दा गरिबी निवारण, श्रम तथा रोजगारी, वातावरण तथा जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई अर्न्तसम्बन्धित क्षेत्रको रूपमा समावेश गरेको छ । तर यस समीक्षामा सुशासन, मानव अधिकार, तथ्याङ्क प्रणाली, अनुगमन तथा मूल्याङ्कन, शान्ति सुरक्षा समेतलाई यसै शीर्षकमा राखिएको छ । यहाँ गरिबी निवारण र श्रम तथा रोजगार, सुशासन तथा क्षमता विकास, मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्था, वातावरण तथा जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र अनुगमन, मुल्याङ्कन तथा तथ्याङ्क प्रणालीका विषयमा सामान्य चर्चा गरिएको छ ।

### (क) सुशासन तथा क्षमता विकास

समग्र विकासको लागि सुशासन सबैभन्दा महत्वपूर्ण पक्ष हो भन्ने तथ्यलाई योजनाले आत्मसात गरेको छ । सुशासन प्रवर्द्धनका लागि नीतिगत, कानुनी, संरचनागत तथा प्रक्रियागत सुधारका लागि सबै क्षेत्रमा आवश्यक ध्यान दिइएको छ । आवधिक योजना लागु भएपछि सुशासनका क्षेत्रमा भएका उपलब्धिलाई यस खण्डमा केलाउने प्रयत्न गरिएको छ ।

प्रदेश सरकारले कानूनी शासन, जवाफदेहिता, पारदर्शिता, समावेशी सहभागितामूलक आर्थिक अनुशासन जस्ता सुशासनका अवयवलाई आत्मसात गरेको छ । प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ जारी गरी सो ऐनबमोजिम संस्था स्थापना भई काम हुदै आएको छ । प्रदेश निजामती सेवा ऐन, २०७९ जारी भएको छ । कर्मचारी छनौट, बढुवा तथा सिफारिस लगायतका काम प्रदेश लोक सेवा आयोगबाट हुँदै आएको छ। डिजिटल प्रदेशको अवधारणा अनुरुप कार्य सञ्चालन तथा सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आवद्ध गर्दै लगिएको छ। बजेट तथा कार्यक्रम कार्यान्वयनको अनुगमन गर्न मुख्यमन्त्री ड्यासबोर्ड निर्माण गरिएको छ। सेवा प्रवाह र विकास व्यवस्थापनको स्थिति पत्र २०७९ सार्वजनिक गरिएको छ । वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७९ तर्जुमा गरी कार्यान्वयनमा छ । २०८० वैशाख मसान्तसम्म ६४ वटा ऐन र ६८ वटा नियमावली तर्जुमा भएका छन् । सुशासनको क्षेत्रमा प्रदेशका प्रयासहरू सकारात्मक भए तापनि त्यो पर्याप्त नभएकाले त्यसतर्फ प्रदेश सरकारले विशेष ध्यान दिनु आवश्यक छ ।

### (ख) मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्था

मानव अधिकार प्रत्येक व्यक्तिको सरोकारको विषय हो । लोकतन्त्रमा सबै भन्दा बढी महत्व मानव अधिकारले पाउँछ । नेपालको संविधानले यस विषयलाई प्रत्याभूत गरेको छ । कोशी प्रदेशले पनि सुरक्षित एवम् मर्यादित जीवनका लागि मानव अधिकारको सोच राखेको छ । आवधिक योजनाले प्रभावकारी शान्ति सुरक्षा र सुव्यवस्थामार्फत मानव अधिकार सहितको सुरक्षित र मर्यादित जीवनको प्रत्याभूति गर्ने लक्ष्य लिएको छ ।

योजनाले प्रदेश सरकारको पाँच वर्षको कार्यकालमा प्रदेशमा शान्ति सुरक्षा, प्रहरी र अनुसन्धान ब्यूरोसम्बन्धी कानुन तर्जुमा भएको हुने, प्रदेश प्रहरी र अनुसन्धान ब्यूरोको गठन भएको हुने, सबै कारागारमा सीप तालिम सञ्चालन भएको हुने, सार्वजनिक सञ्चार माध्यमबाट नैतिक तथा कानुनी शिक्षा सम्बन्धी सामग्री प्रसार भएको हुने अपेक्षा राखेको छ ।

सङ्घीय कानुनको अभावमा प्रहरी प्रदेश मातहत नआएकाले कतिपय अपेक्षा पुरा हुने देखिदैन तर पनि मौजुदा प्रहरी परिचालन गरी प्रदेशमा शान्ति सुरक्षा कायम गर्नका लागि प्रदेश सरकारले आफ्नो क्षमताले भ्यायसम्म काम गर्दै आएको छ । आन्तरिक मामिला मन्त्रालय स्थापना गरेर त्यसै मार्फत यो जिम्मेवारी निर्वाह गरेको छ। प्रदेशमा दर्ता भएका अपराध उजुरी फर्स्यौट ६८.४८ प्रतिशत रहेको छ । सबै पालिकामा मानव अधिकारबादी सङ्घ संस्थासँगको सहकार्यमा कानुनी शिक्षा तथा मानव अधिकारको संरक्षणका अभियान नै सञ्चालन गरिएको छ। प्रदेश सरकारका तर्फबाट ७९ प्रहरी चौकी

भवन निर्माण सम्पन्न भएको र १८६ प्रहरी कार्यालयमा विभिन्न आधुनिक उपकरण वितरण भएको छ ।

कारागार व्यवस्थापन र कैदी बन्दीलाई सहयोग पुग्ने केही कार्यक्रम प्रदेशबाट हुदै आएको छ । प्रदेश सरकारले नैतिक तथा कानुनी शिक्षा सामग्री पर्याप्त मात्रामा तयार पारी सार्वजनिक सञ्चार माध्यमबाट प्रकाशन तथा प्रशारण गर्दै आएको छ । यसले प्रदेशमा सकारात्मक प्रभाव परेको पाउन सकिन्छ । प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्थाका लागि आवश्यक पर्ने ६६ ऐन, ६८ नियमावली, १३ निर्देशिका र ६२ कार्यविधि स्वीकृत गरेको छ ।

### (ग) वातावरण तथा जलवायु परिवर्तन

नेपालले दिगो विकासको विश्वव्यापी सिद्धान्तमा आफुलाई एकाकार गरेको छ । त्यसै बमोजिम पन्ध्रौ योजना तर्जुमा गर्नुका साथै सबै योजना र कार्यक्रममा दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिएको छ । कोशी प्रदेशले पनि दिगो विकास लक्ष्यलाई आमत्सात गर्दै गर्दा वातावरण तथा जलवायु परिवर्तको विषयलाई विशेष स्थान दिएको छ । कोशी प्रदेश विविधतायुक्त वातावरण भएको र जलवायु परिवर्तनको जोखिममा रहेको प्रदेश हो । त्यसैले प्रदेशले योजनामा नै यो विषयलाई उच्च महत्व दिएको छ । योजनाले वातावरणीय स्वच्छता सहितको दिगो विकासको सोच राखेर काम गरेको छ भने जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै अनुकुलन बनाउने गरी विकास कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिएको छ । योजना कार्यान्वयनबाट वातावरणीय सचेतना अभिवृद्धि भएको हुने, जलवायु परिवर्तनको जोखिम न्यूनीकरण भएको तथा अनुकुलन अभिवृद्धि भएको हुने, विकास आयोजनाको वातावरणीय जोखिम मूल्याङ्कन भएको हुने, मौसमको पूर्वसूचना प्रणाली भरपर्दो भएको हुने अपेक्षा गरेको छ ।

योजना कार्यान्वयनको चार वर्षमा प्रत्येक तह र तप्कामा वातावरणीय सचेतना अभिवृद्धि भएको छ । जसले गर्दा आम मानिसले समेत जलवायु परिवर्तनको जोखिम न्यूनीकरण गर्न तथा अनुकुलन क्षमता बढाउन प्रयास गरेका छन् । ठूला आयोजनामा वातावरणीय जोखिम मूल्यांङ्कनलाई अनिवार्य बनाईएको छ जसले गर्दा योजनाको दिगोपना वृद्धि हुनुका साथै लागत प्रभावकारी समेत बनेको छ । यसका अतिरिक्त प्रदेशले मौसमको पूर्वसूचना प्रणालीमा नयाँ प्रविधिहरू प्रयोगमा ल्याएको छ जसले जोखिमको पूर्व अनुमान गर्न र सजगता अपनाउन मद्धत गरेको छ । तर प्रदेशबाट भएका प्रयास र प्राप्त उपलब्धि यसको जोखिमभारको तुलनामा साङ्केतिक मात्र भएकाले यि कार्यहरुलाई द्रुतताकासाथ विस्तार गर्नु आवश्यक छ ।

### (घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

विपद्जन्य जोखिम कोशी प्रदेशको एक मुख्य समस्या हो । विपद्का घटनामा परी वर्षेनी मानवीय, आर्थिक, सामाजिक, वातावरणीय र भौतिक संरचनामा ठूलो क्षति हुने गरेको छ। विपद्को जोखिमबाट हुने क्षतिलाई न्यूनीकरण गर्नका लागि पूर्ण सुझबुझका साथ काम गर्ने गरी योजना तर्जुमा भएको छ । विपद् जोखिम व्यवस्थापन गर्न प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ पारित भई जारी भएको छ । आवधिक योजनामा **प्रकोपजन्य क्षतिमा न्यूनीकरण र प्रभावकारी प्रकोप व्यवस्थापनः प्रदेश समृद्धिमा योगदान**को सोच राखिएको छ । योजनाले प्रभावकारी रुपमा विपद् व्यवस्थापन गरी विपद् जोखिम न्यूनीकरण हुने लक्ष्य लिएको छ । उक्त लक्ष्य हासिल गर्नका लागि उद्देश्य, रणनीति, कार्यनीति तय गरेको छ । योजना कार्यान्वयन पश्चात पाँच वर्षमा नियमित रुपमा विपद् सचेतना सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने, हरेक स्थानीय तहमा विपद् पूर्वसूचना प्रणाली स्थापना भएको हुने, कम्तिमा ५ वटा जोखिममा परेका वस्ति स्थानान्तरण भएको हुने, प्रदेश स्तरीय विपद् व्यवस्थापन समितिको बैठक समय समयमा बसेको हुने, आवश्यक विपद् उद्धार सामग्रीको खरीद भएको हुने, स्थानीय अल्पकालीन कार्य सञ्चालन केन्द्रको स्थापना जस्ता उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ । योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ ।

| क.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | नियमित रुपमा विपद् सचेतनासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने | समय समयमा विपद् सचेतनासम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन हुने गरेका । | यस्ता कार्यक्रमलाई स्थानीय तहसँगको समन्वयमा व्यापकता दिनुपर्ने । |
| २. | हरेक स्थानीय तहमा विपद् पूर्वसूचना प्रणाली स्थापना भएको हुने | भएको पाईएन । | योजनाको अपेक्षा हासिल हुने अवस्था देखिएन । |
| ३. | कम्तिमा ५ वटा जोखिममा परेका बस्ति स्थानान्तरण भएको हुने | भएको पाईएन । | योजनाको अपेक्षा हासिल हुने अवस्था देखिएन । |

| | | | |
|---|---|---|---|
| ४. | आवश्यक विपद् उद्धार सामग्रीको खरीद भएको हुने | केही मात्रामा विपद् उद्धार सामग्री खरिद भई वितरण गरिएको देखिन्छ । | प्रदेशको विपद् जोखिमको तुलनामा उक्त प्रयास पर्याप्त नभएको । |
| ५. | स्थानीय अल्पकालीन कार्य सञ्चालन केन्द्रको स्थापना हुने | विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यका लागि प्रदेशमा १४ वटै जिल्लाका ११ स्थानीय तहमा मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र सञ्चालनमा ल्याईएको । | यसको प्रभावकारिता राम्रो भएमा सबै पालिकामा विस्तार गर्न उपयुक्त हुने वा यसै केन्द्रको क्षमता विकास गरी जिल्लाका सबै पालिकालाई सेवा दिन उपयुक्त हुने । |

प्रदेशले विपद् व्यवस्थापन नीति, २०७९ कार्यान्वयनमा ल्याएको छ । १३७ वटै स्थानीय तहमा विपद् सचेतना कार्यक्रम सञ्चालन भएको छ । प्रदेशमा विपद्बाट कुल गार्हस्थ उत्पादनमा वार्षिक औषत ०.८१ प्रतिशत क्षति हुने गरेको छ । आर्थिक वर्ष २०७८।७९ चैत्रसम्ममा विभिन्न विपद्बाट १९३ जनाको मृत्यु भएको थियो भने ६२ करोड सम्पतिको क्षति भएको थियो । विपद् व्यवस्थापनका लागि प्रदेश सरकारले ४ स्थानीय तहसँग एकीकृत विपद् व्यवस्थापन सेवा केन्द्र सञ्चालनको सम्झौता गरेको छ । प्रदेश विपद् जोखिमयुक्त भएकाले विपद् न्यूनीकरणका लागि थप कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ ।

### (ङ) तथ्याङ्क प्रणाली, अनुगमन तथा मूल्याङ्कन

वस्तुपरक योजना तर्जुमा, योजना कार्यान्वयनको प्रभावकारी मापन तथा सुधार र आवश्यक नीतिगत निर्णयका लागि अध्यावधिक र विश्वसनीय खण्डिकृत तथ्याङ्क अपरिहार्य हुने भएकाले आवधिक योजनाले तथ्याङ्क प्रणाली सुधारलाई उच्च महत्व दिएको छ । तथ्य र प्रमाणमा आधारित नीति निर्माण तथा निर्णय प्रक्रियालाई बलियो बनाउन पर्याप्त अध्यावधिक र खण्डिकृत तथ्याङ्कको आवश्यकता छ । तर प्रदेशस्तरीय तथ्याङ्क विकास गर्ने प्रणाली स्थापित हुन सकेको छैन । सङ्घीय

तहबाट प्राप्त हुने तथ्याङ्कमा अधिकतम भर पर्नु परेको र विस्तारै प्रदेशले पनि आफ्नै प्रयासबाट तथ्याङ्क सङ्कलन र प्रशोधन गर्ने कार्य आरम्भ गरेको छ । एकातिर भर्खर स्थापना भएको प्रदेश संरचनालाई नीति, योजना तथा कार्यक्रम बनाउन र निर्णय लिनका लागि अधिकतम तथ्याङ्क चाहिने अर्कोतर्फ आफैले तथ्याङ्क सङ्कलन र प्रशोधनको नियमित काम गर्ने संरचना खडा गर्न नसक्ने दोहोरो चेपुवामा प्रदेश पर्दै आएका छन् । त्यसैले आगामी दिनमा प्रदेशको आवश्यकताबमोजिमका अध्ययनहरू नियमित गरी प्रशोधित तथ्याङ्क सार्वजनिक गर्न सक्ने प्रदेश केन्द्रित तथ्याङ्क प्रणाली विकास गर्नु आवश्यक छ । योजना तर्जुमा व्यवस्थित र वस्तुपरक नहुदा नेपालको विकास प्रयासले आशातित सफलता हासिल गर्न नसकेको हो भन्ने तर्क गर्ने गरिन्छ । योजना तर्जुमा गर्ने, त्यसको उचित कार्यान्वयनमा ध्यान दिने र योजना कार्यान्वयन प्रभावकारी, गुणस्तरीय र दिगो बनाउन नियमित अनुगमन गर्नुका साथै मुल्याङ्कन गर्ने परिपाटी बसाल्नु आफैमा महत्वपूर्ण आवश्यकता हो । यसतर्फ कोशी प्रदेशको आवधिक योजनाले विशेष ध्यान दिएको छ ।

यथार्थपरक र नतिजामुखी योजना प्रणालीको विकास गर्ने सोच प्रदेशको छ। तथ्यमा आधारित योजना तर्जुमा कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गर्ने लक्ष्य योजनाले राखेको छ । यो लक्ष्य हासिल गर्नका लागि चार वटा उद्देश्य र पाँचवटा रणनीति कार्यान्वयनमा ल्याएको छ । योजना कार्यान्वयनमा पश्चात प्रदेश विकासको आवधिक योजना तर्जुमा भई कार्यान्वयनमा आएको हुने, प्रमुख क्षेत्रको दीर्घकालीन गुरुयोजना निर्माण भएको हुने, परियोजना बैंकको स्थापना भई विद्युतीय प्रणालीमा आवद्ध भएको हुने, प्राथमिकता प्राप्त योजनाको विस्तृत सर्वेक्षण सम्पन्न भई कार्यान्वयनमा आएको हुने, मध्यमकालीन खर्च संरचना निर्माण भएका हुने, प्रदेशले कार्यान्वयन गर्ने आयोजनाको मापदण्ड निर्माण भई कार्यान्वयनमा आएको हुने, अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत भएको हुने अपेक्षा गरिएको छ । योजनाले तय गरेको क्षेत्रगत अपेक्षा र प्राप्त उपलब्धिको समीक्षा तलको तालिकामा गरिएको छ ।

| क्र.सं. | अपेक्षित उपलब्धि | हालसम्मको उपलब्धि | समीक्षा |
|---|---|---|---|
| १. | प्रदेश विकासको आवधिक योजना तर्जुमा भई कार्यान्वयनमा आएको हुने | आवधिक योजना तर्जुमा भई कार्यान्वयनमा आएको छ । | यसले राम्रो नतिजा दिएको । |

| | | | |
|---|---|---|---|
| २. | प्रमुख क्षेत्रको दीर्घकालीन गुरुयोजना निर्माण भएको हुने | केही क्षेत्रको गुरुयोजना निर्माण भएको देखिन्छ । | सबै मुख्य क्षेत्रको गुरुयोजना बनाई कार्यान्वयनमा ल्याउन सके आवधिक योजनाको प्रभावकारिता वृद्धि हुने । |
| ३. | परियोजना बैङ्कको स्थापना भई विद्युतीय प्रणालीमा आवद्ध भएको हुने | अभ्यास आरम्भ भएको । | यसलाई पूर्ण प्रतिवद्धताका साथ कार्यान्वयनमा ल्याउनु पर्ने । |
| ४. | प्राथमिकता प्राप्त योजनाको विस्तृत सर्वेक्षण सम्पन्न भई कार्यान्वयनमा आएको हुने | विवरण तयार पार्ने प्रयास आरम्भ भएको छ । | मुख्य योजनाको विस्तृत विवरण निर्माण भई योजना कार्यान्वयनमा प्रभावकारिता वृद्धि हुनेछ । |
| ५. | मध्यमकालीन खर्च संरचना निर्माण भएका हुने | प्रत्येक आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना निर्माण हुदै आएको छ । | अध्यावधिक तथ्यांङ्को प्रयोगमा जोड दिने । मध्यमकालीन खर्च संरचनाको प्रक्षेपण अनुसार बजेट व्यवस्था गर्ने परिपाटी विकास गर्नु आवश्यक छ । |
| ६. | प्रदेशले कार्यान्वयन गर्ने आयोजनाको मापदण्ड निर्माण भई कार्यान्वयनमा आएको हुने | मापदण्डहरु तयार हुने र कार्यान्वयनमा आउने गरेका । | मापदण्डलाई दृढताका साथ कार्यान्वयनमा ल्याउन समस्या रहेको । |

| | | | |
|---|---|---|---|
| ७. | अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत भएको हुने | अनुगमन तथा मूल्याङ्कन हुने गरेको । | अनुगमन तथा मूल्याङ्कन संस्थागत हुन नसक्दा समग्र योजनाचक्र नै प्रभावित हुने गरेको । |

प्रदेशले कतिपय तथ्याङ्क वार्षिक रूपमा र कतिपय तथ्याङ्क आवधिक रूपमा अध्यावधिक गर्ने प्रणाली विकास गर्नु पर्दछ । प्रदेशको आफ्नै तथ्याङ्क भएका मात्र वस्तुपरक नीति तथा योजना बन्न सक्दछ । अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत गर्नु पर्दछ । अहिलेको अनुगमन परम्परागत मात्र छ यसले खासै सुधार गर्न सक्ने अवस्था छैन । अनुगमन र मूल्याङ्नमा आधुनिक प्रविधिको उपयोग बढाउदै लैजानु पर्दछ ।

**(च) गरिबी निवारण र रोजगारी**

नेपालमा आवधिक योजनाको प्रारम्भदेखि नै गरिबी निवारण र रोजगारीलाई उच्च प्राथमिकता दिईदै आएकोमा दसौँ आवधिक योजनाले गरिबी निवारणलाई विशेष स्थान दिएको थियो । त्यसैले दसौँ योजनालाई गरिबी निवारणको रणनीतिपत्र समेत भन्ने गरिन्छ । प्रदेशको आवधिक योजनाले गरिबी निवारणलाई अन्तरसम्बन्धित क्षेत्रको रूपमा स्वीकार गर्दै सबै क्रियाकलापको एक उद्देश्य गरिबी निवारण हो भन्ने मानेको छ । योजनाले गरिबीको रेखामुनी रहेको जनसङ्ख्यालाई योजनाको अन्त्यसम्ममा १२.४ प्रतिशतबाट ११ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ । मानव विकास सूचकाङ्कमा ०.६० को स्तरमा पुऱ्याउने लक्ष्य लिएको छ । राष्ट्रिय योजना आयोगबाट प्रकाशित नेपाल मानव विकास प्रतिवेदन, २०२० अनुसार कोशी प्रदेशको मानव विकास सूचकाङ्क ०.५८ रहेको छ । यो राष्ट्रिय औसत ०.६० भन्दा कमजोर हो । तर यो सूचकाङ्क योजनाको आधार वर्षमा ०.५० मात्र थियो । योजनाको अन्त्यसम्ममा मानव विकास सूचकाङ्कको लक्ष्य हासिल हुने बलियो सम्भावना छ । गरिबीको रेखामुनि रहेको जनसङ्ख्यामा उल्लेख्य सुधार हुन सकेको छैन आधार वर्षको जस्तै अहिले पनि निरपेक्ष गरिबीमा रहेका नागरिक १२.४ प्रतिशत छन् । बहुआयमिक गरिबी आधार वर्षमा १९.७ प्रतिशत थियो । यसलाई योजनाको अन्त्यसम्ममा १४ प्रतिशतमा झार्ने लक्ष्य लिएकोमा आर्थिक वर्ष २०७९।८० सम्ममा १४.२ प्रतिशतमा झरेको छ । बहुआयामिक गरिबी घटाउने कार्यमा प्रदेशले राम्रो प्रगति गरेको छ । कोभिड-१९ महामारीको समयमा पनि निरपेक्ष गरिबीलाई बढ्न नदिनु तथा

बहुआयामिक गरिबी घटाउन सक्नुलाई प्रदेशको गरिबी निवारणसम्बन्धी सफल प्रयत्नका रूपमा लिन सकिन्छ। गरिबी निवारणमा राष्ट्रिय नीति, स्थानीय तहको प्रयत्न, निजी क्षेत्र तथा समुदायको सक्रियता पनि महत्वपूर्ण छ । साथै वैदेशिक रोजगारले पनि कोशी प्रदेशको गरिबी घटाउनमा योगदान गरेको छ । कोभिड-१९ ले प्रदेशको गरिबीमा के कस्तो प्रभाव पार्‍यो भन्ने सम्बन्धमा अलगै अध्ययन नगराएकाले कोभिडपश्चात गरिबीको वास्तविक अवस्था कस्तो छ भनि एकिन गर्न सक्ने अवस्था देखिएन ।

नेपालको संविधानले रोजगारीलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । श्रमशक्तिको क्षमता अभिवृद्धि, सबै प्रकारका श्रम शोषणको अन्त्य, वैदेशिक रोजगारको व्यवस्थापन यसका प्रतिफलको उपयोग लगायतका विषयलाई राष्ट्रिय तहमा दिइएको महत्व जस्तै प्रदेशले पनि प्राथमिकताका साथ काम गर्दै आएको छ। दिगो विकास लक्ष्यले २०८७ सम्ममा बाल श्रमको पूर्ण उन्मूलन र अर्धबेरोजगारी दर १० प्रतिशत भन्दा तल झार्ने लक्ष्य लिएकोमा प्रदेशले त्यसलाई आन्तरिकीकरण गरी काम गर्दै आएको छ। नेपाल श्रमशक्ति सर्वेक्षण, २०१८ ले नेपालको बेरोजगारी दर ११.४ प्रतिशत देखाएकोमा कोशी प्रदेशको १०.२ प्रतिशत मात्र छ । नेपालको जनगणना २०७८ बमोजिम कोशी प्रदेशमा १० वर्ष माथिका ४१ लाख २७ हजार ९४ नागरिक मध्ये ४७.४ प्रतिशतले ६ महिना वा सोभन्दा बढी समय काम गरेका छन्। प्रदेशमा रहेका आर्थिक रूपले सक्रिय ७१ प्रतिशत र निष्कृय २८.९ प्रतिशत नागरिक छन् । जसमा अक्सर सक्रिय ७२.८ प्रतिशत, अक्सर रोजगार ९४.८ प्रतिशत र अक्सर बेरोजगार ५.२ प्रतिशत रहेका छन्। काम गर्नेहरू मध्ये सबैभन्दा बढी घरायसी क्षेत्रमा ६७.८ प्रतिशत, गैरवित्तीय संस्थामा २७.७ प्रतिशत र सबैभन्दा कम नाफा नकमाउने संस्थामा ०.३ प्रतिशत क्रियाशिल छन्। बैदेशिक रोजगारी कोशी प्रदेशको पनि रोजगारीको एक मुख्य आधार हो । प्रत्येक वर्ष हजारौँको सङ्ख्यामा युवाहरू वैदेशिक रोजगारमा जाने गर्दछन् । सन् २०१९।२० मा ६४ हजार १ सय ११ ले श्रम स्वीकृति लिएकोमा कोभिड-१९ को प्रकोप उच्च भएको अवस्था सन् २०२०।२१ मा यो सङ्ख्या १४ हजार ७ सय ७० मा झरेको र पुनः सन् २०२१।२२ मा बढेर ७० हजार ६ सय २३ पुगेको छ। प्रदेश सरकारले विकास निर्माणका क्रममा रोजगारी सिर्जनालाई विशेष महत्व दिँदै आएको छ। निजी क्षेत्र, सहकारी तथा समुदायलाई समेत रोजगारी सिर्जना गर्नका लागि प्रदेश सरकारले सहजिकरण गर्ने गरी कार्यक्रमहरू कार्यान्वयन गरेको छ । प्रदेशले हालसम्म प्राप्त गरेको उपलब्धिको आधारमा योजनाको अन्त्यसम्ममा बेरोजगारी दर ५.४ प्रतिशतमा झार्ने लक्ष्य हासिल गर्न भने सम्भव देखिदैन । साथै श्रम सहभागिता दर ६० प्रतिशत पुर्‍याउने लक्ष्य हासिल गर्न पनि कठिन छ। योजनाले राखेको अपेक्षा र हालसम्मको उपलब्धि तलको तालिकामा प्रस्तुत गरिएको छ।

| अपेक्षित उपलब्धि | हालसम्म प्राप्त उपलब्धि | समीक्षा |
|---|---|---|
| बहुआयामिक गरिबी १४ प्रतिशतमा झरेको हुने | बहुआयामिक गरिबी १४.२ प्रतिशतमा झरेको । | लक्ष्य बमोजिमको उपलब्धि हासिल हने अवस्था रहेको । |
| मानव विकास सूचकाङ्कमा बृद्धिभई ०.६०० पुगेको हुने | मानव विकास सूचकाङ्कमा बृद्धिभई ०.५८ पुगेको । | दुई वर्ष अघी प्रदेशले प्राप्त गरेको उपलब्धि नै लक्ष्य नजिक भएकाले योजनाको अन्त्य सम्ममा सहजै लक्ष्य हासिल हुने अनुमान गर्न सकिन्छ । |
| प्रतिव्यक्ति आय १६२० अमेरिकी डलर पुगेको हुने | प्रतिव्यक्ति आय १२९९ अमेरिकी डलर पुगेको । | प्रतिव्यक्ति आयको लक्ष्य हासिल गर्न थप प्रयत्न आवश्यक छ । |
| GINI सूचकाङ्क ०.३२ पुगेको हुने | GINI सूचकाङ्क ०.३१ पुगेको । | लक्ष्य हासिल हुने बलियो सम्भावना रहेको । |
| निरपेक्ष गरिबीको जनसङ्ख्या ११ प्रतिशतमा झरेको हुने | निरपेक्ष गरिबीको जनसङ्ख्या १२.४ प्रतिशतमा रहेको । | लक्ष्य फेला पार्न थप प्रयत्न आवश्यक रहेको । |

## ५.५. उपसंहार

- कोशी प्रदेश कृषि उत्पादनको दृष्टिबाट अत्यन्त सबल छ । प्रदेशको गार्हस्थ उत्पादनको ३३.२ प्रतिशत योगदान कृषिको छ । प्रदेशको ६२.७ प्रतिशत जनसङ्ख्या कृषिमा आवद्ध भएकाले कोशी प्रदेशलाई कृषिमा आधारित मान्न सकिन्छ ।
- कृषिको राष्ट्रिय उत्पादनमा कोशी प्रदेशको योगदान अन्य प्रदेशको तुलनामा उच्च छ । चिया र अलैचीको उत्पादनमा यस प्रदेशले एक प्रकारको एकाधिकार नै कायम राखेको छ । त्यस्तै अदुवा, आलु, मकै, धान, दुध, मासुको राष्ट्रिय उत्पादनमा पनि उल्लेख्य योगदान दिएको छ ।
- प्रदेशमा उत्पादित दुधको सहज बिक्रीको व्यवस्था मिलाउने र Mild Holiday अन्त्य गर्ने लक्ष्य योजनाले लिएकोमा यसमा सफलता हासिल भएको छ । तर यो उपलब्धिलाई दीर्घकालीन बनाउनका लागि आयात रोक्ने र दुध तथा दुग्ध पदार्थको गुणस्तर बढाउनेतर्फ ध्यान दिनु आवश्यक छ ।

- कृषिको वार्षिक वृद्धिदर आवधिक योजनाले अपेक्षा गरेभन्दा कम छ । कृषिमा उत्पादन र उत्पादकत्व वृद्धिको लक्ष्य राखिएकोमा उत्पादकत्व वृद्धिदर अपेक्षित छैन भने उत्पादनको वृद्धि पनि उत्साहजनक छैन ।
- खाद्य सुरक्षा र पोषणको स्थितिमा क्रमशः सुधार हुदै गएको छ । पुड्कोपना भएका बालबालिकाको सङ्ख्यामा उल्लेख्य सुधार भएको छ । प्रदेशमा खाद्यान्न उत्पादनको वासलात सकारात्मक भए तापनि प्रदेशमा १३.१ प्रतिशत परिवार मध्यम तथा उच्च खाद्य असुरक्षामा तथा १.६ प्रतिशत परिवार गम्भिर खाद्य असुरक्षामा रहनुले खाद्यान्न वितरणमा त्रुटी रहेको देखिन्छ ।
- गुठी पहिचान, संरक्षण र विकास गरी गुठी सम्पदा तथा संस्कृतिको संरक्षणमा प्रदेशको प्रयास राम्रो देखिन्छ । भूमि व्यवस्थापनको दिशामा भने पर्याप्त प्रयासहरू हुन नसक्दा भूमिको जथाभावी प्रयोग नियन्त्रण हुन सकेको छैन ।
- सहकारी क्षेत्रतर्फ २०८० असारसम्ममा प्रदेशमा जम्मा १०७७ सहकारी दर्ता भएका छन् जसमा ६ लाख १२ हजार ९३४ जना व्यक्ति आवद्ध छन् । स्थानीय तहले हेर्ने ३८३६ सहकारी छन् जसमा १५ लाख ५९ हजार ६८० सदस्य संलग्न छन् । सहकारीबाट १५ हजार रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएकोमा १४ हजार २ सय ३५ जनाले रोजगारी प्राप्त गरेका छन् । यसबाट योजनाको लक्ष्य सहजै हासिल हुने देखिन्छ ।
- प्रदेशले सहकारी ऐन, २०७६ जारी गरेको छ । यसै ऐनबमोजिम एकातिर सहकारीको क्षमता अभिवृद्धिमा प्रदेशले विशेष ध्यान दिने र अर्कोतर्फ सहकारीका माध्यमबाट ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाई गरिबी, बेरोजगारीको अन्त्यका लागि अभियान सञ्चालन गर्ने राम्रो अवसर प्रदेशलाई उपलब्ध छ ।
- प्रदेशको दिगो विकास लक्ष्य हासिल गर्नका लागि प्रदेशले २०८७ सम्ममा उद्योगको योगदान २५ प्रतिशत पुग्नु पर्दछ । आवधिक योजनाले २३.६१ प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोमा विगत चार वर्षको उपलब्धि औषत १६.५७ प्रतिशत मात्र रहनुले आवधिक योजनाको लक्ष्य सहजै प्राप्त हुने देखिदैन ।
- कोशी प्रदेशमा उद्योगको संख्या निरन्तर वृद्धि हुदै गएको छ । उद्योग क्षेत्रको कुल लगानी ६ खर्ब १९ अर्ब ४७ करोड पुगेको छ । यस क्षेत्रले ८६ हजार ४९९ जनाले रोजगारी पाएका छन् । उद्योग क्षेत्रमा निजी क्षेत्रको लगानी वृद्धि गर्नका लागि नीति, कानुन र प्रक्रियालाई थप सरल र प्रभावकारी बनाउनु आवश्यक छ ।

- प्रदेशमा व्यापारिक संस्थाको सङ्ख्या बढ्दै गएका छन् । यस प्रदेशमा देशका महत्वपूर्ण व्यापारिक केन्द्र तथा आर्थिक एकाईहरू रहेका छन् । यस्ता केन्द्रको उपयोग गरी प्रदेशले अन्तर्राष्ट्रिय बजारमा सहजै पहुँच स्थापित गर्न सक्कदछ ।
- कोशी प्रदेश उच्च पर्यटकीय सम्भावना भएको स्थान हो । देशको सर्वोच्च शिखर सगरमाथा लगायत ८ हजार मिटर अग्ला ५ वटा शिखर यस प्रदेशमा रहेका छन् । त्यस्तै नेपाल सरकारले पहिचान गरेका १०० वटा पर्यटकीय गन्तव्य मध्ये ३० वटा यसै प्रदेशमा मात्र पर्दछन् । प्राकृतिक सुन्दरता, विविधता आदिले यो प्रदेश प्रमुख पर्यटकीय गन्तव्य बन्न सक्छ । योजनाले पर्यटन क्षेत्रको योगदान कुल गार्हस्थ उत्पादनमा ५ प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोमा यस्तो योगदान १.९ प्रतिशत मात्र पुग्नुले घोषित लक्ष्य हासिल हुने देखिदैन ।
- प्रदेशले पर्यटकीय पूर्वाधार निर्माणमा लगानी बढाउनुपर्ने छ । प्रदेशले बाह्य स्रोत समेत परिचालन गरी ८८ कि.मि. लामो मुन्धुम पदमार्ग मध्ये ६६ कि.मि. निर्माण सम्पन्न गरी सकेको छ ।
- २०७९ भाद्र २३ गते प्रदेशका सबै जिल्ला साक्षर घोषणा गरिएको छ । प्रदेशको साक्षरता दर ७९.७ प्रतिशत छ । जसमा पुरुष साक्षरता ८६.१८ र महिला साक्षरता ७३.६ प्रतिशत छ । यसरी महिला र पुरुष बीचको साक्षरता दरको उच्च अन्तर घटाउनका लागि प्रदेशले किशोरी/महिला शिक्षामा विशेष ध्यान दिनु आवश्यक छ । त्यस्तै इलाम जिल्लाको साक्षरता ८३.४ प्रतिशत र ओखलढुङ्गा जिल्लाको साक्षरता ७३.९ प्रतिशत रहेको छ । जिल्लागत रूपमा पनि साक्षरता दरमा रहेको उच्च अन्तरले समावेशी, सन्तुलित र न्यायिक विकासमा प्रश्न सिर्जना गरेको छ ।
- प्रदेशमा साक्षरता दर वृद्धि हुदै गएको अवस्थामा आगामी दिनमा शिक्षाको गुणस्तर सुधारमा ध्यान दिनु आवश्यक छ । प्राविधिक शिक्षा तथा बजारमा प्रतिस्पर्धा गर्न सक्ने शिक्षा प्रदान गर्नेतर्फ जोड दिनु आवश्यक छ ।
- प्रदेशको स्वास्थ्य संरचनाहरुमा क्रमशः सुधार गर्दै लगेको पाईयो जसबाट केही सकारात्मक परिवर्तन पनि हासिल भएका छन् । नवजात शिशुमृत्युदर प्रतिहजार जीवित जन्ममा २० रहेको छ भने नेपालमा यस्तो सङ्ख्या २१ छ । त्यस्तै प्रतिलाख जीवित जन्ममा मातृ मृत्युदर १५७ छ भने नेपालमा १५१ छ । पूर्णखोप लगाउने बालबालिका ८१ प्रतिशत छन् । संस्थागत सुत्केरी गराउने ८१.५ प्रतिशत छन् यो राष्ट्रिय औषत भन्दा राम्रो हो ।
- खानेपानी तथा सरसफाईतर्फ ९० प्रतिशतले आधारभूत खानेपानी सुविधा प्राप्त गरेका छन् जबकी योजनाले ९९ प्रतिशत जनसङ्ख्यामा यस्तो सुविधा पुऱ्याउने लक्ष्य राखेको छ । अब आधारभूत

खानेपानी पुऱ्याउन बाँकी स्थानहरू तुलनात्मक रूपले जटिल भएकाले यस्ता नागरिकलाई आधारभूत खानेपानी सुविधा पुऱ्याउन अतिक्ति स्रोत साधन तथा चासोको आवश्यकता पर्दछ।

- सरसफाई सुविधा ९० प्रतिशत घर परिवारमा पुगेको छ। यसले योजनाको लक्ष्य पुरा गर्न सफल भएको छ । तर ३.२ प्रतिशत परिवारमा शौचालय सुविधा नपुग्नुले पूर्ण तथा गुणस्तरीय सरसफाईमा थप ध्यान दिनुपर्ने देखिन्छ।
- कोशी प्रदेशको कुल भूभागको ३१.९ प्रतिशत जमिन खेतियोग्य छ। जसमध्ये १३.६ प्रतिशत बाँझो रहेको छ। ओखल ढुङ्गामा कुल खेतीयोग्य जमिनको ६० प्रतिशत जमिन बाँझो छ भने धनकुटामा जम्मा २ प्रतिशत जमिन बाँझो छ। यस्तो प्रकारको धेरै जमिन बाँझो रहने अवस्थालाई आगामी दिनमा सम्बोधन गर्नु जरुरी छ।
- कृषिको अधिक सम्भावना भएको प्रदेश र व्यवसायिक रूपमा नगदे बाली विस्तार गर्दै लगेको प्रदेश भएकाले पनि सिंचाई पूर्वाधारमा व्यापक सुधार गरी कृषिको आधुनिकीकरण यही प्रदेशबाट आरम्भ गर्न सकिन्छ । प्रथम आवधिक योजनामा राखिएको सिंचाईको लक्ष्य भने हासिल भई सकेको अवस्था छ।
- प्रदेशमा ४४.४४ प्रतिशत वन क्षेत्र रहेको छ । वन क्षेत्रको विकास तथा विस्तार राम्रो भएकाले योजनाले राखेको लक्ष्य सहजै हासिल गर्ने अवस्था रहेको छ। तर उत्पादन, रोजगारी, आयआर्जन र गरिबी निवारणको क्षेत्रमा वन क्षेत्रको प्रयोग भने हुन सकेको पाईएन । प्रदेशले वन तथा जलाधारको संरक्षण, व्यवस्थापन र नियमन गर्न प्रदेश वन ऐन, २०७७ र वातावरण संरक्षण नियमावली, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।
- कोशी प्रदेश जलउत्पन्न प्रकोपको दृष्टिकोणबाट उच्च जोखिममा छ। प्रदेशकोतर्फबाट दिगो र सन्तुलित विकासको प्रयत्न हुदै आए तापनि प्रदेश एक्लैको आर्थिक तथा प्राविधिक क्षमताले प्रकोप नियन्त्रण तथा व्यवस्थापन सम्भव नहुने भएकाले सङ्घीय सरकार तथा विकास साझेदारको संलग्नता खोजिनु पर्दछ।
- नेपालको जलस्रोतको २८ प्रतिशत क्षेत्र कोशी प्रदेशले ओगट्दछ । उर्जा उत्पादनको पर्याप्त सम्भावना छ । करिब ३४ हजार मेगावाट उर्जा उत्पादनको सम्भावना योजनाको दस्तावेजले उजागर गरेको छ। तर योजनाको अन्त्यसम्म २५०० मेगावाट विद्युत उत्पादन गर्ने भनिएकोमा जम्मा ५१४.२ मेगावाट उत्पादन भएको छ।

- २०७९ फागुनसम्म ९७ प्रतिशत घरधुरीमा विद्युत सुविधा पुगेकाले योजनाको १०० प्रतिशत घरधुरीमा विद्युत सुविधा पुर्‍याउने लक्ष्य हासिल हुने देखिन्छ। ग्रामीण विद्युतीकरणको गुणस्तरमा सुधार तथा विद्युत उपभोग वृद्धिमा आगामी दिनमा जोड दिनु आवश्यक छ ।
- कोशी प्रदेशले देशको कुल सडकको २०.४३ प्रतिशत ओगटेको छ। प्रदेशको सडक घनत्व प्रति व.कि.मि. ०.५२ छ जब की राष्ट्रिय सडक घनत्व जम्मा ०.४५ प्रति व.कि.मि. छ।
- प्रदेशमा १३४९८ कि.मि. सडक निर्माण सम्पन्न भएको छ । तर प्रदेशले लक्ष्य गरे बमोजिम कालोपत्रे सडक विस्तार र गुणस्तरीय सडक सञ्जालको विस्तार हुन भने सकेको छैन ।
- प्रदेशको जनसङ्ख्या वृद्धिदर ०.८६ प्रतिशत छ जुन प्रतिस्थापन दर भन्दा कम हो। प्रदेशमा १० जिल्लाको जनसङ्ख्या वद्धिदर ऋणात्मक छ। १५ देखि ५९ वर्ष उमेर समूहका नागरिक ६२.८ प्रतिशत छ। यस्तो युवा जनशक्ति अघिल्लो जनगणनामा भन्दा उल्लेख्य वृद्धि हुनु सकारात्मक पक्ष हो। हिमाली तथा पहाडी जिल्लाबाट समथर भूभागमा बसाई सर्ने क्रम निकै उच्च देखिन्छ । जनसङ्ख्या व्यवस्थापन गर्ने तथा विकास जनसङ्ख्याका बीच अन्तरसम्बन्ध बढाउने तर्फ ठोस प्रयासहरू हुन सकेका छैनन् ।
- लैङ्गिक समानता तथा सशक्तिकरणका सन्दर्भमा प्रदेशले सकारात्मक प्रयासहरू अगाडि बढाएको छ। लैङ्गिक समानता नीति, २०७९ कार्यान्वयनमा ल्याईएको छ। समाजमा केही सकारात्मक परिवर्तन पनि आएका छन्। जस्तै २८.४ प्रतिशत महिलाको नाममा सम्पत्ति रहेको छ। ३०.९ प्रतिशत परिवारमा महिला घरमुली छन् । ५३.५ प्रतिशत साना तथा घरेलु उद्योग महिलाले सञ्चालन गरेका छन् ।
- निर्णय तहमा महिलाको सहभागिता उल्लेख्य वृद्धि भएको छ। स्थानीय तहमा महिला प्रतिनिधित्व ४१ प्रतिशत पुगेको छ। प्रदेश सभामा महिलाको सङ्ख्या ३५ प्रतिशत छ। सामुदायिक सङ्घ संस्थामा महिलाको नेतृत्वमा वृद्धि भएको छ।
- सामाजिक समावेशीकरणमा क्रमशः सुधार हुदै गएको छ। अन्तर समुदाय एकता बढ्दै गएको छ । तर प्रदेशमा आन्तरिक द्धन्द्धहरू पनि उत्पन्न हुने गरेका छन्। सामाजिक सद्भावकायम गर्नका लागि थप प्रयासहरू आवश्यक देखिन्छन्। सामाजिक सुरक्षाका कार्यक्रमबाट २७ प्रतिशत नागरिक लाभान्वित भएका छन् । सामाजिक न्यायकायम गर्नका लागि सामाजिक सुरक्षाका कार्यक्रम उपयोगी देखिएका छन्।

- ज्येष्ठ नागरिकको जीवनलाई मर्यादित र सुखद बनाउने, उनीहरूसँग रहेको अनुभव हस्तान्तरण गर्ने उद्देश्यले विभिन्न प्रयासहरू गरिएको छ। वृद्धाश्रम, दिवासेवा कार्यक्रम सञ्चालनमा छन् भने अन्तरपुस्ता सीप हस्तान्तरणको प्रयास भएको छ । यसका साथै विभिन्न सेवाहरू वृद्धवृद्धालाई प्रदान गरिएको देखिन्छ ।
- योजनाले फरक क्षमता भएका व्यक्तिको संरक्षण तथा उनीहरूको जीवनलाई सहज बनाउनका लागि ठोस कार्यक्रम प्रस्ताव गरेको छ । प्रदेशमा कुल जनसङ्ख्याको २.४ प्रतिशत नागरिक अपाङ्गता भएका छन् । अपाङ्ग बालबालिकाका लागि ७२ वटा स्रोत कक्षा सञ्चालनमा छन् । प्रदेशले अपाङ्गता भएका व्यक्तिलाई घर जग्गा रजिष्ट्रेसन शुल्कमा २५ प्रतिशत छुट दिएको छ । साथै अपाङ्ता भएका व्यक्तिले प्रयोग गर्ने यातायातको साधन खरिदमा कर छुटको व्यवस्था मिलाएको छ। तर सेवा प्रवाह र प्रदेशमा निर्माण हुने भौतिक पूर्वाधारलाई अपाङ्गमैत्री बनाउनका लागि ठोस प्रयास गरेको देखिएन ।
- प्रदेशमा १८ वर्ष मुनिका बालबालिकाको सङ्ख्या १६ प्रतिशत रहेको छ। बालबालिकाको सर्वाङ्गिण विकासका लागि विभिन्न कार्यक्रम योजनाले प्रस्ताव गरेको छ। प्रदेशमा समयमा जन्मदर्ता गर्ने बालबालिका जम्मा ७०.८५ प्रतित छन्। प्रदेशमा बाल विवाह र बालश्रम उच्च भएकाले यसको न्यूनीकरणका लागि थप प्रयास आवश्यक देखिन्छ।
- १६ देखि ४० वर्ष उमेर समुहका नागरिक प्रदेशमा ४१.६७ प्रतिशत छन् । युवाले प्रदेशको अर्थतन्त्रमा ६४.२ प्रतिशत योगदान गरेका छन्। प्रदेशमा ३५.८ प्रतिशत युवा वेरोजगार छन्। स्वस्थ र अनुशासित युवा निर्माणको लागि खेलकुदको महत्वपूर्ण भूमिका हुने भएकाले प्रदेशले खेलकुदमा विशेष जोड दिएको छ। खेलकुदका पूर्वाधारहरु निर्माण गरिएको छ, खेलाडीमा लगानी बढाइएको छ भने खेलको विकासका लागि प्रदेश खेलकुद विकास बोर्ड स्थापना गरिएको छ।
- प्रदेशमा गैरसरकारी संस्थाको भूमिका निरन्तर वृद्धि हुदै गएको छ । गैरसरकारी संस्थाको भूमिकालाई थप प्रभावकारी बनाउनका लागि योजनाले पर्याप्त ध्यान दिएको छ । गैरसरकारी संस्थाका कार्यक्रमलाई आन्तरिकीकरण गर्ने, प्रदेश सरकारका प्राथमिकताका क्षेत्रमा गैरसरकारी संस्थालाई काम गर्नका लागि प्रेरित गर्ने कार्य हुदै आएको छ । गैरसरकारी संस्थाको क्षमता अभिवृद्धि तथा नियमनमा अतिरिक्त प्रयासको आवश्यकता देखिन्छ।
- प्रदेशमा विज्ञान प्रविधितर्फको आकर्षण बढ्दो छ। उच्च शिक्षामा भर्ना हुने विद्यार्थी मध्ये २० प्रतिशत विज्ञान र प्रविधितर्फका छन्। प्रदेशले विज्ञान र प्रविधिको विकास तथा यसको प्रयोगका लागि विभिन्न कार्यक्रम गर्दै आएको छ । प्रदेशमा १४५.२ प्रतिशत परिवारसँग सूचना तथा

सञ्चारसम्बन्धी उपकरण छन् । ३८.२ प्रतिशत परिवारमा इन्टरनेट सुविधा छ, ५४.५५ प्रतिशत परिवारसंग टेलिभिजन सुविधा उपलब्ध छ । तर यस्ता सुविधालाई उत्पादन, आय आर्जन तथा रोजगारीसँग भने जोड्न सकिएको छैन ।

- प्रदेशको शान्ति सुरक्षा उच्च प्राथमिकतामा रहेको छ । आन्तरिक मामिला मन्त्रालय स्थापना गरेर नागरिकको जीउ धनको सुरक्षा सुनिश्चित गर्ने प्रयास हुदै आएको छ । नेपाल प्रहरीसंग सम्बन्धित पूर्वाधार विकास गर्ने, उपकरण उपलब्ध गराउने तथा अन्य सहजिकरण गर्ने काम हुदै आएको छ । प्रदेशमा अपराध उजुरीको ६८.४८ प्रतिशत फर्छ्यौट हुदै आएको छ ।
- प्रदेशका सबै तहमा वातावरणीय सचेतना अभिवृद्धि भएको छ । जलवायु परिवर्तनको जोखिम न्यूनीकरण गर्न तथा अनुकुलन क्षमता बढाउन निरन्तर प्रयास हुदै आएको छ । प्र्देशले सञ्चालन गर्ने ठूला आयोजनाको वातावरणीय जोखिम मूल्याङ्कनलाई अनिवार्य बनाइएको छ जसले दिगो र वातावरणमैत्री विकासमा योगदान गर्ने विश्वास गर्न सकिन्छ ।
- प्रदेशले निजामती सेवा ऐन, २०७९ जारी गरेको छ । सेवा प्रवाह र विकास व्यवस्थापनको स्थिति पत्र २०७९ सार्वजनिक गरेको छ । २०८० वैशाखसम्म प्रदेशले ६४ ऐन ६८ नियमावली तर्जुमा गरेको छ । यस्ता प्रयत्नले सुशासनको क्षेत्रमा प्रदेशले सक्दो प्रयत्न गरी केही सुधार पनि गरेको छ । तर सेवा प्रवाह, भ्रष्टाचार न्यूनीकरण तथा सुशासन प्रवर्द्धनमा प्रदेशले अझ धेरै मेहनत गर्नुपर्ने देखिन्छ ।
- तथ्यमा आधारित भएर नीति बनाउने, योजना तर्जुमा गर्ने र निर्णय लिने परिपाटी विकास गर्नको लागि प्रदेशसँग आवश्यकता अनुसार तथ्याङ्क सङ्कलन गर्ने, प्रशोधन गर्ने तथा विश्लेषण गरी प्रतिवेदन सार्वजनिक गर्ने निकायको आवश्यकता पर्दछ । त्यस्तो संरचना निर्माण नभएका कारण प्रदेशसँग पर्याप्त अध्यावधिक तथा खण्डिकृत तथ्याङ्क प्राप्त हुन सकेको देखिएन ।
- गरिबी निवारण तर्फ प्रदेशको उपलब्धि मिश्रित छ । निरपेक्ष गरिबीमा प्रदेशले तथ्यांक अध्यावधिक पनि गर्न सकेको छैन भने आधार वर्षको गरिबीलाई नै हाल सम्मको गरिबीको रुपमा स्वीकार गरेको छ । बहुआयामिक गरिबी तर्फ उल्लेख्य सुधार भएको छ । बहुआयामिक गरिबी १४.२ प्रतिशतमा ओर्लिएर लक्ष्य १४ प्रतिशतको नजिक आईपुग्नुले बहुआयामिक गरिबीमा प्रदेशले राम्रो सफलता हासिल गरेको छ । कोभिडको महामारिको  समयमा समेत निरपेक्ष गरिबी नवढनु र बहुआयामिक गरिबी घटनुलाई सकारात्मक उपलब्धि मान्नु पर्दछ ।

- रोजगारीको क्षेत्रमा प्रदेशले अपेक्षाकृत उपलब्धि हासिल गर्न सकेको छैन । श्रम सहभागिता दरमा पनि राम्रो सुधार हुन सकेन । वैदेशिक रोजगारमा जानेको सङ्ख्या उल्लेख्य देखिन्छ । आवधिक योजनाले निर्दिष्ट गरे अनुसार रोजगारमूलक क्षेत्रमा लगानी बढाउन सकेको देखिएन ।

# परिच्छेद-छ

## निष्कर्ष तथा सुझाव

### ६.१. निष्कर्ष

कोशी प्रदेशले प्रथम आवधिक योजना नेपालको संविधान, पन्ध्रौं आवधिक योजना र दिगो विकास लक्ष्यलाई समेत आधार मान्दै प्रदेशको आवश्यकता, सम्भावना र सामर्थ्यका आधारमा तर्जुमा गरी आर्थिक वर्ष २०७६।७७ बाट कार्यान्वयनमा ल्याएको छ। दीर्घकालीन सोच, लक्ष्य, समष्टिगत उद्देश्य, रणनीति तथा क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यानीति तथा त्यसको कार्यान्वयन व्यवस्थापनका साथै नतिजा खाका अनुगमन तथा मूल्याङ्कनको व्यवस्था मिलाई कार्यान्वयनमा ल्याएको चार वर्ष बितेको छ। दीर्घकालीन विकास सोच, दिगो विकास लक्ष्य हासिल गर्ने सबालमा मध्यमकालीन आर्थिक सोच र आवधिक योजनामार्फत अल्पकालीन विकास सोच यसै आवधिक योजनामार्फत प्रस्तुत भएको छ। स्वच्छता, सुखी र समुन्नतिलाई दीर्घकालीन सोच मानेको प्रदेशले स्वच्छता, सुखी र समुन्नतिका तीन वटै स्तम्भको ४/४ वटा गन्तव्य सूचक निर्धारण गरेको छ। साथै तीन वटै स्तम्भका गन्तव्य सूचकहरूको विभिन्न ६६ वटा सूचकहरू कायम गरी लक्ष्य किटान गरिएको छ। त्यस्तै आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, भौतिक क्षेत्र र शासकीय सुधारका २३ वटा मुख्य परिमाणात्मक सूचक तय गरिएको छ। यसले योजना कार्यान्वयनमा स्पष्टता आउनुका साथै उपलब्धि मापनमा पनि सहजता ल्याएको छ। १४ खर्ब ४२ अर्ब ८ करोड लगानीको प्रक्षेपण गरिएको यस योजनाले सार्वजनिक क्षेत्रको ३८.७ प्रतिशत लगानी, निजी क्षेत्रको ५३.८ प्रतिशत लगानी, सहकारी क्षेत्रको ५.५ प्रतिशत लगानी र सामुदायिक क्षेत्रको २ प्रतिशत लगानी जुटाउने व्यवस्था मिलाएको छ। यसबाट विकासमा सबै पक्षको संलग्नतालाई सुनिश्चित गर्न आवधिक योजना सफल भएको छ। सार्वजनिक स्रोतको व्यवस्थापन पनि अपेक्षा गरेबमोजिम जुटाउन नसकेको प्रदेशले निजी क्षेत्रबाट के कति लगानी गर्ने वातवारण बनायो खुलेको छैन भने सहकारी र समुदायको यथार्थ लगानी पनि प्राप्त हुन सकेको छैन। अर्थतन्त्रलाई चलायमान बनाउन तथा अन्य क्षेत्रलाई आकर्षित गर्न महत्वपूर्ण मानिने सार्वजनिक क्षेत्रको लगानी न्यूनताले अन्य क्षेत्रबाट अपेक्षित लगानी भित्रियो भन्न सकिने अवस्था छैन।

अत्यन्त उत्साहका साथ पहिलो आवधिक योजना कार्यान्वयनमा ल्याईएको र पर्याप्त तयारी सहित आवधिक योजनाले औसत ९.७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखेको छ। तर आवधिक योजनाको पहिलो आर्थिक वर्ष २०७६।७७ मा नै ऋृणात्मक आर्थिक वृद्धिदर (-१.५३) हासिल भई आर्थिक सङ्कुचनको अनपेक्षित अवस्थाको सामना गर्न प्रदेश बाध्य भयो। योजना कार्यान्वयनको चार

वर्ष बितेको अवस्था छ। गएका चार वर्षमध्ये तीन वर्षमा कोशी प्रदेशको आर्थिक वृद्धि राष्ट्रिय औसत भन्दा राम्रो छ तर पनि योजनाले अपेक्षा गरेबमोजिमको आर्थिक वृद्धि हासिल हुने कुनै सम्भावना छैन । कोभिड-१९ महामारिले योजनाको पहिलो वर्षमा आक्रमण गर्दा सम्पूर्ण आर्थिक गतिविधिहरू ठप्प बन्न पुगे, मानव जीवनमा अभूतपूर्व सङ्कट देखियो जसको प्रभाव लामो समयसम्म रहेका कारण भगिरथ प्रयत्न गरे तापनि योजनाले आफ्नो आर्थिक वृद्धि दरको लक्ष्य भेट्टाउन सक्ने अवस्था छैन ।

प्रदेशको कुल गार्हस्थ उत्पादनमा आवधिक योजनाले तय गरेको वार्षिक लक्ष्यभन्दा राम्रो उपलब्धि हासिल गरेको अवस्था छ । आवधिक योजनाको पाँचौं अर्थात अन्तिम आर्थिक वर्ष २०८०।८१ मा प्रदेशको कुल गार्हस्थ उत्पादन ८ खर्ब ३ अर्ब ५६ करोड पुऱ्याउने लक्ष्य राखेकोमा योजनाको चौंथो आर्थिक वर्ष २०७९।८० को प्रारम्भिक अनुमान नै ८ खर्ब ४९ अर्ब ६५ करोड अर्थात अन्तिम लक्ष्यभन्दा धेरै माथि पुगेको छ । कोभिडको त्यस्तो महामारीमा समेत अर्थतन्त्रको आकारलाई अपेक्षा गरेभन्दा छिटो बढाउन सक्नुलाई आवधिक योजनाको सफलता मान्न सकिन्छ । यसबाट अन्य आर्थिक सूचकहरूमा पनि सकारात्मक असर पर्ने सम्भावना रहन्छ । गार्हस्थ उत्पादनका क्षेत्रगत संरचनाले भने अपेक्षा अनुसार गति लिन सकेका छैनन् । प्रदेशको गार्हस्थ उत्पादनमा कृषिक्षेत्रको योगदानलाई ३६.७ प्रतिशतबाट घटाई ३०.६९ प्रतिशत पुऱ्याउने भनेकोमा आर्थिक वर्ष २०७९।८० अर्थात योजनाको चौंथो वर्षको अन्त्यमा जम्मा ३३.६ प्रतिशत कायम भएको छ । त्यस्तै उद्योगको योगदान गार्हस्थ उत्पादनमा बढाउँदै लगि १९.०६ प्रतिशतबाट २३.६१ प्रतिशत पुऱ्याउने भनिए तापनि योजना कार्यान्वयनको चौंथो वर्ष आर्थिक वर्ष २०७९।८० मा जम्मा १६.५ प्रतिशत भै आधार वर्षको भन्दा कमजोर हुन पुगेकाले लक्ष्य हासिल हुने सङ्केत देखिदैन । सेवा क्षेत्रलाई आधार वर्षबाट धेरै बढ्न नदिने गरी राखेको लक्ष्यको पनि त्यति प्रभावकारिता देखिएन ।

कोभिड महामारीले तहसनहस पारेको समयमा पनि बहुआयमिक गरिबी १९.७ प्रतिशतबाट घटेर १४.२ प्रतिशतमा झर्नुलाई सकारात्मक मान्न सकिन्छ। निरपेक्षा गरिबी वृद्धि नहुनु भनेको पनि यस्तो सङ्कटको घडीमा सकारात्मक उपलब्धिको रुपमा लिन सकिन्छ। योजनाले बहुआयामिक गरिबीलाई १४ प्रतिशतमा झार्ने लक्ष्य लिएकोमा सो लक्ष्य सहजै हासिल हुने देखिन्छ भने निरपेक्ष गरिबीलाई ११ प्रतिशतमा झार्ने गरी तय गरेको लक्ष्य हासिल हुन भने निकै मेहनत गर्नुपर्ने अवस्था छ । त्यस्तै मानव विकास सूचकाङ्क ०.५० बाट ०.५८ मा उक्लनु भनेको निकै राम्रो सफलता हो । यसले योजनाको अन्त्यसम्ममा योजनाको घोषित लक्ष्य हासिल हुन सक्ने सम्भावना उजागर भएको छ । कोशी प्रदेशको मानव विकास सूचकाङ्क बागमती र गण्डकी पछिको राम्रो हो । यसरी गार्हस्स्थ उत्पादन लक्ष्य भन्दा धेरै हुनु, मानव विकास सुचकाङ्कमा राम्रो वृद्धि हुनु र बहुआयमिक गरिबीमा

उल्लेख्य कमी आउनुले शिक्षा, स्वास्थ्य, अपेक्षित आयु, प्रतिव्यक्ति आम्दानी जस्ता पक्षमा सकारात्मक सुधार भएको अनुमान लगाउन सहज हुन्छ ।

प्रदेशको आन्तरिक राजस्व अपेक्षा अनुसार परिचालन हुन सकेको छैन, सङ्घीय अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त भएका रकम लक्ष्यबमोजिम छैनन् । पुँजीगत खर्च क्षमता अन्य प्रदेशको तुलनामा राम्रो र राष्ट्रिय औसतभन्दा माथि देखिए तापनि यसमा धेरै सुधार गर्नुपर्ने ठाउँ छ ।

प्रदेशको गार्हस्थ उत्पादनको ३३.२ प्रतिशत योगदान कृषि क्षेत्रको रहेको छ। कृषिको राष्ट्रिय उत्पादनमा कोशी प्रदेशको योगदान अन्य प्रदेशको तुलनामा उच्च छ। कृषिको वार्षिक वृद्धिदर आवधिक योजनाले राखेको लक्ष्यभन्दा कम छ। खाद्य सुरक्षा र पोषणको स्थितिमा क्रमशः सुधार हुँदै गएको छ। पुड्कोपना भएका बालबालिकाको सङ्ख्यामा उल्लेख्य सुधार भएको छ । प्रदेशमा मध्यम तथा उच्च खाद्य असुरक्षामा १३.१ प्रतिशत परिवार छन् भने १.६ प्रतिशत परिवार गम्भिर खाद्य असुरक्षामा छन् । यी दुवै विवरण राष्ट्रिय औषत भन्दा माथि भएकाले प्रदेशले यसलाई नीति तथा योजनामार्फत तत्काल सम्बोधन गर्नु पर्दछ ।

सहकारीबाट १५ हजार रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएकोमा १४ हजार २ सय ३५ जनाले रोजगारी प्राप्त गरेका छन् । आवधिक योजनाले उद्योग क्षेत्रको गार्हस्थ उत्पादनमा योगदान २३.६१ प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोमा विगत चार वर्षको उपलब्धि औषत १६.५७ प्रतिशत मात्र रहनुले आवधिक योजनाको लक्ष्य सहजै प्राप्त हुने देखिदैन । तर प्रदेशमा उद्योगको सङ्ख्या र लगानीमा भने निरन्तर वृद्धि हुदै आएको छ । त्यस्तै गरी वाणिज्यतर्फ पनि व्यवसायिक एकाईहरूको सङ्ख्या र लगानीमा क्रमशः वृद्धि भएको पाउन सकिन्छ । योजनाले पर्यटन क्षेत्रको योगदान कुल गार्हस्थ उत्पादनमा ५ प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोमा यस्तो योगदान १.९ प्रतिशत मात्र पुग्नुले घोषित लक्ष्य हासिल हुने देखिदैन ।

प्रदेशको साक्षरता दर ७९.७ प्रतिशत छ । जसमा पुरुष साक्षरता ८६.१८ र महिला साक्षरता ७३.६ प्रतिशत छ । यसरी महिला र पुरुष बीचको साक्षरता दरको उच्च अन्तर घटाउनका लागि प्रदेशले किशोरी/महिला शिक्षामा विशेष ध्यान दिनु आवश्यक छ । जिल्लागत रूपमा पनि साक्षरता दरमा रहेको उच्च अन्तरले समावेशी, सन्तुलित र न्यायिक विकासमा प्रश्न सिर्जना गरेको छ । खानेपानी तथा सरसफाईतर्फ ९० प्रतिशतले आधारभूत खानेपानी सुविधा प्राप्त गरेका छन् जब की योजनाले ९९ प्रतिशत जनसङ्ख्यामा यस्तो सुविधा पुऱ्याउने लक्ष्य राखेको छ । अब आधारभूत खानेपानी सेवा

पुऱ्याउन बाँकी स्थानहरू तुलनात्मक रूपले जटिल भएकाले यस्ता नागरिकलाई आधारभूत खानेपानी सुविधा पुऱ्याउन अतिरिक्त स्रोत साधन तथा चासोको आवश्यकता पर्दछ ।

सरसफाई सुविधा ९० प्रतिशत घर परिवारमा पुगेको छ । यसले योजनाले लक्ष्यलाई पुरा गर्न सफल भएको छ । नेपालको जलस्रोतको २८ प्रतिशत क्षेत्र कोशी प्रदेशले ओगट्दछ । योजनाको अन्त्यसम्म २५०० मेगावाट विद्युत उत्पादन गर्ने भनिएकोमा जम्मा ५१४.२ मेगावाट उत्पादन भएको छ । गोवर ग्यास प्लान्ट, सुधारिएको चुल्हो प्रयोग गर्नेको सङ्ख्या निकै उच्च रहेको र यसले योजनाको लक्ष्य समेत उछिनेको अवस्था छ । कोशी प्रदेशले देशको कुल सडकको २०.४३ प्रतिशत ओगटेको छ । प्रदेशको सडक घनत्व प्रति व.कि.मि. ०.५२ छ जबकी राष्ट्रिय सडक घनत्व जम्मा ०.४५ प्रति व.कि.मि. छ । समयमा जन्म दर्ता गर्ने बालबालिका जम्मा ७०.८५ प्रतिशत छन् । ५ देखि १७ वर्ष उमेर समुहका १७.६ प्रतिशत बालबालिका बाल श्रममा रहन बाध्य देखिन्छ । बाल विवाह पनि प्रदेशमा ठूलो समस्याको रुपमा रहदै आएको छ । त्यस्तै महिला हिंसाका घटना पनि उल्लेख्य देखिन्छन् । प्रदेशमा लैङ्गिक समानता नीति, २०७९ कार्यान्वयनमा रहेको छ । विपद्को क्षेत्रमा प्रदेशले लगानी वृद्धि गर्दै लगेको छ । प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ र विपद् व्यवस्थापन नीति, २०७९ कार्यान्वयनमा ल्याइएको छ । सेवा प्रवाहमा सुदृढिकरण तथा सुशासनका क्षेत्रमा महत्वपूर्ण प्रयासहरू भएका छन् ।

### ६.२. सुझाव

कोशी प्रदेशको प्रथम आवधिक योजना कार्यान्वयनमा आएको चार वर्ष बितेको अवस्था छ । आवधिक योजना कार्यान्वयनको अन्तिम वर्ष सञ्चालनमा छ । आगामी आर्थिक वर्षदेखि लागु हुने गरी प्रदेशले दोस्रो आवधिक योजना तर्जुमा गर्नुपर्ने छ । चालु आर्थिक वर्षमा पहिलो आवधिक योजनाको कार्यान्वयनमा ल्याउन सकिने प्रभावकारिता तथा दोसो आवधिक योजनालाई उपयोगी हुने गरी विगतको योजनाको न्यूनता समेत विश्लेषण गरेर सुझाव प्रस्ताव गरिएको छ ।

**सुझावहरू**

- आवधिक योजनामा राखिएको आर्थिक वृद्धिदरको लक्ष्य निकै उच्च रहेको र अन्य कतिपय लक्ष्यहरू हासिल गर्न नसकिने अवस्था देखिएकाले लक्ष्य निर्धारण गर्दा सामान्यतः त्यसको प्राप्तिका लागि आवश्यक पर्ने स्रोत साधन, क्षमता तथा सम्भावना समेतलाई आत्मसात गर्न उपयुक्त हुने ।

- प्रदेशको गार्हस्थ उत्पादनमा अपेक्षाभन्दा बढी उपलब्धि हासिल भएको, बैङ्क तथा वित्तीय संस्थाबाट पनि ठूलो स्रोत लगानीमा प्रयोग भएको, विविध आर्थिक क्रियाकलाप सञ्चालन भए तापनि त्यसले गरिबी निवारण, रोजगारी सिर्जना तथा आयआर्जनमा प्रभावकारी योगदान गर्न नसकेकाले त्यसमा सुधार हुने गरी लगानी परिचालन गर्ने नीति लिन उपयुक्त हुने ।
- आवधिक योजनाले तय गरेका लक्ष्य हासिल गर्न, प्रदेशको समग्र अर्थतन्त्रको नेतृत्व गर्न, वित्तीय स्थायित्व कायम गर्न तथा विकासको राष्ट्रिय लक्ष्यमा योगदान गर्नका लागि सार्वजनिक वित्तको व्यवस्थापनमा प्रदेश सरकारले विशेष ध्यान दिनुपर्ने ।
- प्रदेशको आन्तरिक राजस्वमा सामान्य वृद्धि हुदै गएको छ तर आवधिक योजनाले राखेको लक्ष्य भने भेट्टाउन सकेको छैन । आर्थिक वर्ष २०७६।७७ मा राजस्वको लक्ष्य र उपलब्धिका बिच निकै कम अन्तर छ तर त्यसपछि भने त्यस्तो अन्तर बढ्दै गएको छ । आन्तरिक स्रोत परिचालन क्षमता अभिवृद्धि गरी र आगामी दस वर्षमा कम्तीमा प्रदेशको चालु खर्च प्रदेश आफैले धान्न सक्ने अवस्था सिर्जना गर्ने ।
- आवधिक योजनाले सङ्घबाट प्राप्त गर्ने अपेक्षा गरेको अनुदान र वास्तवमा प्राप्त भएको अनुदानका बिचको अन्तर क्रमशः वृद्धि हुदै गएको छ । आर्थिक वर्ष २०७६।७७ मा अनुमान र प्राप्तिमा निकै कम अन्तर रहेकोमा आर्थिक वर्ष २०७९।८० मा आईपुग्दा करिब आधाको फरक पर्न गएको अवस्था छ । सङ्घ सरकारबाट थप अनुदान प्राप्तिमा पहल लिने तथा सङ्घीय सरकारबाट पाउने अनुदानको तथ्यपरक विश्लेषण गरी सोहीबमोजिम बजेट प्रक्षेपण र योजना तर्जुमा गर्ने परिपाटी विकास गरी स्रोतको अभावमा योजना अलपत्र पर्ने अवस्था अन्त्य गर्ने ।
- समपूरक बजेट खर्च नहुँदा प्रदेशलाई आर्थिक भार वृद्धि हुन जान्छ, सशर्त बजेट र विशेष अनुदानको उपयोग नहुँदा योजना अपुरो तथा अलपत्र रहने सम्भावना रहन्छ । त्यसैले विभिन्न शीर्षकका अनुदानमा सङ्घबाट प्राप्त रकम तथा प्रदेशले विनियोजन गरेको रकम खर्च गर्न सक्ने क्षमता निर्माण गर्ने तर्फ ध्यान दिनु पर्ने ।
- अन्य प्रदेशसँगको तुलनामा पुँजीगत खर्चको अवस्था राम्रो भए तापनि प्रत्येक वर्ष पुँजीगत बजेट खर्च नभएर त्यसै रहन गएको छ । यसले कतै, स्रोतको अभाव हुने र कतै स्रोत खर्च नहुने अवस्था देखियो । पुँजीगत खर्च गर्ने क्षमता वृद्धि गर्नेतर्फ प्रदेशले जोड दिनु आवश्यक छ भने स्रोतको बाडफाँटमा पनि कुशलता वृद्धि गर्नु आवश्यक छ ।

- योजनाले अर्थतन्त्रको संरचना परिवर्तन गर्ने प्रतिवद्धता व्यक्त गरे तापनि त्यसमा खासै सुधार भएको पाईएन । उद्योग क्षेत्रको विकासलाई विशेष प्राथमिकता दिनु आवश्यक छ । त्यस्तै कृषिको उत्पादकत्व वृद्धि गर्नका लागि कृषि पूर्वाधारमा सुधार र कृषि विकास नीतिमा परिमार्जन आवश्यक छ ।
- योजनाले निजी क्षेत्रको उल्लेख्य स्रोत परिचालन गर्ने अपेक्षा लिएको छ । तर निजी क्षेत्रलाई लगानीमा आकर्षित गर्नका लागि भने पर्याप्त आधार प्रस्ताव गरिएको देखिंदैन । निजी क्षेत्रको स्रोत लगानीमा ल्याउनका लागि निजी क्षेत्रमैत्री नीति, कानुन, संरचना र प्रकृयागत प्रबन्धका साथै विश्वासको वातावरण बनाउन विशेष जोड दिनु पर्दछ ।
- स्थानीय तहसँग ठूलो स्रोत परिचालनको क्षमता छ । प्रदेश र स्थानीय तहको विकासमा कैयन साझेदारीताको सम्भावना रहन्छ । त्यसैले योजनाले स्थानीय तहको विकास संलग्नताको महत्वलाई प्राथमिकतामा राख्नु पर्दछ ।
- आवधिक योजनाले पनि विकासका नागरिक संलग्नता अभिवृद्धिको ठोस आधार प्रस्तुत गर्नु पर्दछ । आवधिक योजनाले सीमान्तकृत समुदायको सर्वाङ्गिण विकासमा स्रोतको प्रबन्ध, क्षमता अभिवृद्धिका कार्यक्रम तथा मूलप्रवाहिकरणको आधार तयार पार्नु आवश्यक छ ।
- योजनाले उत्पादन र उत्पादकत्व वृद्धिको चर्चा गरेको छ तर त्यसको वैज्ञानिक तथा न्यायिक वितरणको पाटोमा उचित ध्यान दिएको अवस्था छैन । समाजवाद्उन्मुख अर्थतन्त्र निर्माण गर्नका लागि एकातिर उत्पादन र उत्पादकत्व वृद्धि महत्वपूर्ण छ भने अर्कोतर्फ त्यसको समन्यायिक वितरण अपरिहार्य हुन्छ, त्यसतर्फ योजनाले विशेष ध्यान दिनु पर्दछ ।
- बढ्दो सहरीकरण, केही क्षेत्रमा बढ्दै गएको बसाईसराई, जग्गाको अस्वभाविक कित्ताकाट र प्लटिङ्ग आदि जस्ता कारणबाट जमिनको खण्डिकरण बढ्दै गएको छ । जमिनको उपयोग ठिकसँग नभएमा त्यसको पुनः उचित व्यवस्थापन गर्न सकिदैन । त्यसैले भूमिको वैज्ञानिक व्यवस्थापनका लागि उचित नीति तथा कानुन बनाई कडाईका साथ कार्यान्वयन गरिनु पर्दछ ।
- सहकारीको क्षमता अभिवृद्धिको लागि विशेष ध्यान दिने, सहकारीमा नियमन बढाउने तथा सहकारीको स्रोतलाई ग्रामीण अर्थतन्त्र चलायमान बनाउन, गरिबी निवारण तथा रोजगारी सिर्जना र सामाजिक सशक्तिकरणमा उपयोग गर्नेतर्फ जोड दिनु पर्दछ ।

- गैरसरकारी संस्थाको सङ्ख्या र प्रभाव क्रमशः विस्तार हुदै गएको छ। प्रदेशको प्राथमिकताको क्षेत्रमा लगानी गर्ने, गैरसरकारी संस्थाका कार्यक्रमहरू प्रदेशको योजनामा आन्तरिकीकरण गर्नेतर्फ ध्यान दिनु पर्दछ। यसका लागि सबै गैरसरकारी संस्थाको विवरण अध्यावधिक गर्ने, क्षमता अभिवृद्धिमा मद्धत गर्ने तथा नियमन गर्नका लागि आवश्यक कानुन बनाई कार्यान्वियन गर्न उपयुक्त हुने छ।
- महिला सहभागिता र सशक्तिकरणमा उल्लेख्य सुधार हुदै गएको छ। स्थानीय तह, प्रदेश सभा, निजामती सेवा लगायतका क्षेत्रमा महिलाको सहभागिता बढ्दो छ। सामाजिक विकासका क्षेत्रमा महिला नेतृत्व र संलग्नतामा क्रमशः वृद्धि हुदै गएको छ। यस्ता उपलब्धिलाई संस्थागत गर्नमा जोड दिने र प्रदेशमा देखिएको महिला हिंसा, महिला माथिका विभिन्न प्रकारका विभेदहरुको अन्त्य गरी महिलालाई विकासको मूलप्रवाहमा ल्याउनका लागि ठोस प्रयत्नहरू गरिनुपर्ने छ।
- सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालनमा विभिन्न तहका सरकार बीच प्रतिस्पर्धा नै चलेको अवस्था छ। सामाजिक सुरक्षाको भार थेग्न प्रदेश सरकारलाई कठिन हुदै जाने भएकाले वास्तवमा सरकारले सहयोग गर्नुपर्ने नागरिकको पहिचान गरी त्यस्तो परिवार तथा व्यक्तिलाई मात्र सहयोग गर्ने नीति लिनु पर्दछ।
- शिक्षा तथा स्वास्थ्यका सूचकहरूमा विस्तारै तर सकारात्मक परिवर्तन भएको देखिन्छ। एकातिर सुधारको गतिमा वृद्धि आवश्यक छ भने अर्कोतर्फ शिक्षा र स्वास्थ्यको विकासमा ठूलो असमानता देखिएको छ। शिक्षा र स्वास्थ्यमा कुनै वर्ग, लिङ्ग, समुदाय तथा क्षेत्र अस्वभाविक रूपमा लाभान्वित हुने र अर्को छुट्ने अवस्था अन्त्य गर्ने गरी योजनाको कार्यान्वयन हुनु पर्दछ।
- आधुनिक सूचना तथा सञ्चार प्रविधिलाई आम्दानी, रोजगारी र गरिबी निवारणको क्षेत्रमा प्रयोग गर्ने गरी उपयोग गर्ने तर्फ ध्यान जानु आवश्यक छ।
- खानेपानी (र सरसफाई) तर्फ साना योजना स्थानीय तहलाई दिने, योजना सम्पन्न गर्न पर्याप्त स्रोतको प्रबन्ध गर्ने, नियमित मर्मत सम्भारका लागि कोषको व्यवस्था र तालिम प्राप्त जनशक्ति स्थानीय स्तरमा नै तयार पार्ने हो भने मात्र आधारभूत खानेपानी तर्फको लक्ष्य हासिल गर्नुका साथै सुरक्षित खानेपानी र पूर्ण सरसफाई तर्फको यात्रा सहज हुनेछ।

- अघिल्लो जनगणना र २०७८ को जनगणनको बीचमा हिमाली तथा पहाडी क्षेत्रमा जनसङ्ख्या घटेको देखिन्छ भने तराई क्षेत्रमा जनसङ्ख्या वृद्धिदर राष्ट्रिय औषत (०.९२ प्रतिशत) भन्दा बढी (१.८२ प्रतिशत) देखिन्छ । यसले हिमाल तथा पहाडबाट तराईतिर वसाई सर्ने क्रमलाई संकेत गर्दछ । यस्तो बढ्दो बसाईसराईलाई सन्तुलनमा राख्ने तथा १० जिल्लामा देखिएको ऋणात्मक जनसंख्या वृद्धिलाई सुधार्ने तर्फ प्रदेशको ध्यान जानु आवश्यक छ ।
- प्रदेशको सन्तुलनस्तर भन्दा न्यून जनसङ्ख्या वृद्धिदरमा सुधार, बढ्दो युवा जनशक्तिको परिचालन तथा समग्र जनसङ्ख्या व्यवस्थापन र जनसङ्ख्या र विकासको अन्तरसम्बन्ध स्थापना गर्ने तर्फ ठोस योजना तर्जुमा गरी कार्यान्वयन गर्नु आवश्यक छ ।
- कोशी प्रदेश देशको खाद्यान्न उत्पादनमा सबै भन्दा बढी योगदान गर्ने प्रदेश हो तर भोको पेट सुत्ने नागरिक (मध्यम तथा उच्च खाद्य असुरक्षा १३.१ प्रतिशत र गम्भिर खाद्य असुरक्षा १.६ प्रतिशत) उल्लेख्य भएकाले उत्पादनको न्यायोचित वितरण तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

**सन्दर्भ सामग्री**


- प्रादेशिक आर्थिक सर्वेक्षणका विभिन्न अङ्कहरू, आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश ।
- कोशी प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१), प्रदेश योजना आयोग, कोशी प्रदेश ।
- आर्थिक सर्वेक्षण २०७९।८०, अर्थ मन्त्रालय, काठमाडौँ
- मध्यमकालीन खर्च संरचनाका विभिन्न अङ्कहरू, योजना आयोग तथा आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश ।
- कोशी प्रदेशको सेवा प्रवाह र विकास व्यवस्थापनसम्बन्धी स्थितिपत्र, २०७९, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश ।
- प्रदेश सरकारको मध्यावधि समीक्षा (२०७४।७५-२०७६।७७), प्रदेश योजना आयोग तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश ।

- प्रदेश सरकारका दुई वर्ष-प्रमुख उपलब्धि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश ।
- प्रदेश सरकारको ३ वर्ष, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश ।
- वार्षिक प्रगति प्रतिवेदनहरू, कोशी प्रदेश सरकार ।
- प्रदेश सरकारको विभिन्न वर्षका वार्षिक नीति तथा कार्यक्रमहरू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश ।
- प्रदेश सरकारको विभिन्न वर्षका वार्षिक बजेट, आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश ।
- कोशी प्रदेशको पार्श्वचित्र २०८०, प्रदेश योजना आयोग ।